CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दैवी सम्पत्ति

एक परिशीलन



–खेमराज 'केशवशरण'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दैवीसम्पत्ति एक परिशीलन

लेखक द्वारा उपहार प्राप्त

– खेमराज 'केशवशरण'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक- रघुनाथ शर्मा

प्रथम संस्करण २०३६ श्रीकृष्णजन्माष्टमी – १००० प्रति

(सर्वाधिकार लेखकमा सुरक्षित)

मूल्य रू० २०।–

मुद्रक:– मातृभूमि प्रेस, घण्टाघर
फोन नं. १३५२०

आवरण सजावट – उदय खनाल 'उमेश'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

श्री खेमराज 'केशवशरण' ज्यूको प्रस्तुत ग्रन्थ 'दैवीसम्पत्ति एक परिशीलन' मैले पढें। 'श्रीमद्भगवद्गीता' को सोह्रौं अध्याय 'दैवासुरसम्पद्विभाग' का श्लोक १–३ मा चर्चित दैवीसम्पत्तिका २६ मर्यादा वा श्रेणीकै व्याख्यामा यो कृति केन्द्रित रहेको छ। त्यसो त यस पुस्तकमा २८ वटा निबन्धहरू छन्; तर ती २८ निबन्धमध्ये पहिलोचाहिं आमुखका रूपमा रहेको छ अनि अठ्ठाइसौंचाहिं उपसंहार हुन पुगेको छ र बीचका २६ निबन्धहरूले गीतामा चर्चित दैवीसम्पत्तिका २६ मर्यादा वा श्रेणीकै क्रमिक व्याख्या गरेका छन् ।

पहिलो हेराइमा यो ग्रन्थ सालाखाला ४–५ पृष्ठका २८ निबन्ध–हरूको संग्रह प्रतीत भए तापनि गहिरिएर हेर्दा चाहिं ती २८ निबन्धहरू दैवीसम्पद्का चर्चाका केन्द्रीय सूत्रमा उनिई योजनाबद्ध ग्रन्थका न छोटा न लामा मध्यमाकार २८ अध्यायतुल्य देखापर्छन् । त्यसैले यो ग्रन्थ २८ आध्यात्मिक निबन्धहरूको मुक्त मणिमाला पनि हो र २८ पत्रे आध्यात्मिक प्रबन्धकमल पनि हो । यसमा आध्यात्मिक प्रबन्धको ग्रन्थाकार सपूर्णता पनि छ र फुटकर आध्यात्मिक निबन्धहरूको उन्मुक्त आस्वाद पनि छ ।

नेपाली निबन्धपरम्पराको एउटा खास फाँट श्री केशवशरणज्यूले पैल्याउनुभएको छ र उहाँ त्यसमा उत्तरोत्तर केन्द्रित हुँदै आउनुभएको छ। आध्यात्मिक धार्मिक विषयवस्तु समाती भावमय र रमणीय पाराले अभि–व्यक्ति गर्ने कुशलता उहाँमा देखिन्छ । यो निबन्धकारिता उहाँको आफ्नै प्रकारको विशिष्ट योगदान हुन आएको छ। बौद्धिक पुट परेको तर भावुक अभिव्यक्तिको रमणीयताले ओतप्रोत यो सरस र ज्ञानवर्द्धक निबन्धकारिता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो विचारमा नेपाली निबन्धपरम्पराकै एक महत्वपूर्ण फाँट हुन आएको छ। यसमा उहाँ अद्वितीय हुनुहुन्छ।

श्री खेमराज 'केशवशरण' ज्यूका समष्टिव्यक्तित्वमा विद्वत्ता, कर्मठता र सृजनात्मकताको त्रिवेणी देखिन्छ। उहाँ साहित्यका साथै धार्मिक एवम् आध्यात्मिक क्षेत्रका अग्रणी विद्वान् हुनुहुन्छ। धार्मिक आध्यात्मिक क्षेत्रका संस्थागत सङ्गठन र आयोजनामा अनवरत रूपमा खट्ने कर्मठ कर्मयोगी पनि उहाँ हुनुहुन्छ। तर उपर्युक्त विद्वत्ता र कर्मठताकासाथै अर्को तेस्रो वेणी वा धारा पनि उहाँका व्यक्तित्वमा देखापर्छ र त्यो हो सृजनात्मकता। उहाँका भाषण-प्रवचनका साथै लेखनमा पनि त्यो सृजनात्मकता छचल्किएको पाइन्छ। वास्तवमा उहाँका वक्तृता र लेखन दुवैमा उहाँको धार्मिक आध्यात्मिक विद्वत्ताको पुट र कर्मठताप्रेरित प्रचार-प्रसारको प्रयोजनले उत्प्रेरित गरेको आकर्षक प्रभावकारिताका साथै सृजनात्मक प्रतिभाको ज्वार पनि प्रवाहित भएको म अनुभव गर्दछु। प्राज्ञिक पेशाले उहाँ साहित्यका प्राध्यापक हुनुहुन्छ तापनि साहित्यलाई नै उहाँले आफ्ना चिन्तन, क्रियाकलाप र सृजनाको मूल भूमि नबनाई धार्मिक-आध्यात्मिक जगत्लाई नै आफ्ना चिन्तन, कर्म र सृजनाको मूल थलो तुल्याएको पाइन्छ। यस परिप्रेक्ष्यमा उहाँको चेतनामा अन्तर्निहित साहित्यिकताले धार्मिक आध्यात्मिक प्रयोजनका निम्ति गरिएका लेखन र वक्तृतालाई प्रचुर रूपमा प्रभावित तुल्याई आफ्नो आत्मतुष्टि प्राप्त गरेको अनुभव हुन्छ। वास्तवमा उहाँका प्रवचन र निबन्ध-लेखन, दुवैमा धार्मिक-आध्यात्मिक विद्वत्ताको बुझिनसक्नु निसार्सिदो गहिराईभन्दा सर्वसाधारण जनतासम्म आफ्ना सन्देश पुऱ्याउने प्रचार-प्रसारात्मक जनशिक्षाको उत्कण्ठाको जोड बढी देखापर्छ र यी विद्वत्ता तथा जनशिक्षाका उत्कण्ठाका सन्तुलनमा चाहिं उहाँको सृजनात्मक साहित्यिक प्रतिभाले निर्णायक भूमिका खेलेको पाइन्छ।

श्री केशवशरणज्यू हाम्रो नेपाली समाजमा धार्मिक-आध्यात्मिक जागरणका महान् अभियानमा दत्तचित्त भई लागेका अग्रणी मनस्वीहरूका अग्रपङ्क्तिमा हुनुहुन्छ। विगत डेढ दशकका अवधिमा आफ्ना संस्थागत र व्यक्तिगत प्रयासद्वारा यस महत्वपूर्ण क्षेत्रमा उहाँले उल्लेखनीय योगदान गर्नु-भएको छ र उहाँ बहुचर्चित पनि हुनुहुन्छ। जुन प्रकारको सामाजिक र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सांस्कृतिक मूल्यसङ्कटका माझबाट आज हाम्रो समाज गुज्रिरहेको छ त्यंस परिप्रेक्ष्यमा रूढिमुक्त र उदात्तस्तरमा पूरा सचेतताका साथ हाम्रा आधारभूत धार्मिक-आध्यात्मिक मूल्यहरूको प्रचार-प्रसार र संरक्षणको ज्यादै ठूलो आवश्यकता छँदैछ । यस प्रयोजनका पूर्तिमा श्री केशवशरणज्यूको प्रबुद्ध कर्मठता उल्लेखनीय रहेको छ भने प्रवचनकर्ता वा प्रवक्ताका रूपमा चाहिं उहाँको प्रभावकारिता अतुलनीय जस्तै अनुभव हुन्छ । वास्तवमा त्यही उत्कृष्ट प्रवक्ता व्यक्तित्वको छाप उहाँका लेख-निबन्धहरूमा पनि पाइन्छ । शास्त्रीय उद्धरण, युग-सन्दर्भ र रोचक उपकथाको पनि प्रयोग गर्दै भावमय पाराले, सरस किसिमले र प्रवाहपूर्ण ढङ्गले सूक्ष्म विषयको विशद व्याख्या गर्ने प्रवचनकलाकै लेख्य रूपान्तरका रूपमा उहाँको निबन्ध-लेखन प्रकट भएको पाइन्छ र यही नै उहाँको मूल स्वरूपका साथै शक्ति-स्रोत पनि हो । उहाँका पूर्ववर्ती ग्रन्थ 'जीवन गङ्गाका केही तरङ्ग' 'स्वधर्म र स्वराष्ट्र' 'सत्य दर्शन' 'अन्तर्जगत्' 'आफैतिर नियाल्दा' आदिमा जस्तै प्रस्तुत ग्रन्थमा पनि उपर्युक्त गुणहरू छन् ।

प्रस्तुत ग्रन्थले 'श्रीमद्भगवद्गीता' को एक महत्वपूर्ण चिन्तनशृङ्खलालाई वेद र उपनिषद्का उद्धरण पनि दिंदै युगसन्दर्भमा अनेक रोचक प्रसङ्ग-सहित विशद रूपमा पेश गरेको छ। विषयगत केन्द्रीय शृङ्खलाले गर्दा यो ग्रन्थ श्री केशवशरणज्यूकै पूर्ववर्ती ग्रन्थहरूभन्दा पनि विशिष्ट र उसकै किसिमको नयाँ उपलब्धि हुन आएको छ । यो ग्रन्थ ज्यादै रोचक छ भने जति रोचक छ उत्तिकै शिक्षाप्रद र प्रेरणाप्रद पनि देखिन्छ । दैवीसम्पत्ति अन्तर्गतका २६ मर्यादा वा श्रेणी हाम्रा वैयक्तिक र सामाजिक जीवनका उच्चतर उन्नयनका क्रममा सीधै भूमिका खेल्ने महत्वपूर्ण मानवीय मूल्यहरू हुन् । यस ग्रन्थमा ती सार्वभौम आध्यात्मिक मूल्यहरूको प्रभावकारी व्याख्या गरिएको छ । अभय र आन्तरिक शुद्धिदेखि निरभिमानतासम्मका २६ दैवी प्रवृत्तिहरूको प्रस्तुत व्याख्या निकै नै हृदयस्पर्शी हुन आएको छ । प्रस्तुत महत्वपूर्ण ग्रन्थका निम्ति म श्री खेमराज 'केशवशरण' ज्यूलाई बधाई दिन्छु ।

श्री खेमराज 'केशवशरण' ज्यूमा राम्रा निबन्ध लेख्ने क्षमता देखिन्छ । धार्मिक-आध्यात्मिक प्रयोजनलाई ध्यानमा राखी लेखिएका लेख-निबन्धबाटै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि उहाँले नेपाली निबन्धपरम्परामा एउटा उज्ज्वल फाँट उघार्दै आउनु-भएको छ । तर सृजनात्मकतालाई नै केन्द्रीय लक्ष्य तुल्याई निबन्ध लेख्ने सक्रिय स्रष्टाका रूपमा उहाँबाट अझ बढी योगदान प्राप्त हुने संभाव्यताको भूमि भने अझै पनि अपेक्षानुरूप आबाद भइसकेको छैन । प्रतिभाशाली केशवशरणज्यूलाई सक्रिय निबन्धस्रष्टाका रूपमा पनि म देख्न चाहन्छु । उहाँ कटिबद्ध भई यस फाँटमा लागेमा निश्चय नैं नेपाली निबन्धको एक खास फाँट विशेष समृद्ध हुने कुरामा म विश्वस्त छु । उहाँका पूर्ववर्ती निबन्धसंग्रहहरूले यसको पूर्व लक्ष्य दिइसकेको कुरा म उल्लेख गर्न चाहन्छु ।

२०३९ साउन २६ **वासुदेव त्रिपाठी**

बानेश्वर, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दैवीसम्पत्तिलाई हेर्दा

आजको युग अर्थको युग हो भनिन्छ । मनुष्यका सुख सुविधाको निम्ति जति उपाय आज भइरहेछन्, त्यति उपाय अतीत युगमा शायदै भए होलान् । तैपनि मानिस त्यति सुखी आज छैन, जति सुखी त्यो हुनुपर्ने हो । आज यन्त्रले उपार्जन गरिरहेछन् र यन्त्रैले खाइरहेछन् । नयाँनयाँ प्रविधिले जति आवश्यकता पूर्ति गरिरहेछन्, त्यति नै आवश्यकता वढाइ पनि रहेछन् । प्राप्तिको निम्तिको दौडले प्राप्तिलाई छलिरहेछ । धर्तीमाताको जति दोहन हुँदैछ त्यत्ति नै वढी सन्तान तिनको छातीमा कङ्काल वन्दैछन् । अर्थशास्त्रीहरूका उत्तम चिन्तनहरू हारिरहेछन् । अर्थको मायाजालमा मानिस एक्लो वन्दैछ, परिवार र समाज टुट्तैछ– समाजशास्त्रीका उत्तम चिन्तनहरु पनि हारिरहेछन् । धर्तीलाई नै स्वर्ग बनाउन सक्षम यतिका साधन र चिन्तनहरू त्यसै खेर गईरहेछन् । किन यसो भइरहेछ ? हामी फूललाई सिंच्न छोडेर ढुङ्गालाई त सिंचिरहेका छैनौं ? वित्तको मूल्य बढाउन खोज्दा चित्तको मूल्य त घटाइरहेका छैनौं ? हो, हामीले मानवीय मूल्यको उपेक्षा गऱ्यौं । मानिस मनको कुवेर नवनीकन धनको कुवेर वन्दैन । हाम्रो मन शुष्क छ भने जति सुख सुविधा जुटाए पनि त्यो तृप्त हुन्न । ढुङ्गालाई पानीले सिंचेर के हुन्छ ? त्यसभित्र सरसता नै छैन । हाम्रो मन सरस छ भने सुखको सानै स्पर्शले पनि गद्गद् वन्छ– फूललाई पानीले सिंच्नासाथ त्यसमा श्री र शोभा खिल्न थाल्छ । हामीभित्र त्यस्तो निधि छ, त्यस्तो सम्पत्ति छ जो जति खर्च गरे पनि अक्षय्य नै रहन्छ । स्नेह, मैत्री, सेवा र करुणा, अहिंसा, सत्य, त्याग र शान्ति हाम्रा आन्तरिक यस्तै दैवीसम्पत्ति हुन् र ईश्वरीय वरदान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन् । यी ग्रान्तरिक सम्पत्तिलाई प्राप्त गर्न सक्यौं भने मात्र वाह्य सम्पत्ति सार्थक छन् । रूघा लागेको नाकले फूल सुंघ्दा वासना नै पाइन्न तर प्राणायाम गर्ने मानिसले फूल सुंघ्दा वासनामा दिव्यताको पनि ग्रनुभूति गर्छ । ग्राफूभित्र प्रेमको भावना मूर्च्छित भइसकेको मानिसले ग्रापना प्रेमीजनको प्रेमको पनि ग्रनुभूति गर्न सक्तैन । बाहिरी सम्पन्नता तब मात्र सार्थक हुन्छ जब ग्रान्तरिक सम्पन्नता प्राप्त गरिन्छ ।

'दैवीसम्पत्ति एक परिशीलन'मा ग्रक्षय सम्पत्तिको सुन्दर निरूपण पाइन्छ । यी सम्पत्ति हुन्-गीताको सोह्रौं ग्रध्यायमा वर्णित २६ प्रकारका दैवीसम्पत्ति। यी सम्पत्ति-हरू परिवेश, परिस्थिति र मनःस्थितिमाथि विजय गरेर ग्रार्जन गरिने ग्रात्मिक गुण हुन् । यी ग्रात्मकल्याणकारी र लोकमङ्गलकारी गुणको प्रस्फुटन र उद्‌घाटन-बाट व्यक्ति स्वयं निर्मित हुन्छ र समाजको निम्ति समर्पित हुन्छ । विद्वान् प्राध्यापक श्री खेमराज 'केशवशरण' जीले प्रवाहमय भाषाशैली, प्रभावकारी उदाहरण, प्रतिपाद्य विषयको विशद प्रतिपादनले गर्दा यस पुस्तकलाई समसामयिक सन्दर्भको निम्ति पनि ग्रत्यन्त उपयोगी बनाउनुभएको छ । 'दैवीसम्पद् विमोक्षाय' को मन्त्रमा ग्राधारित यस कृतिले ग्राजको युगको तनाववाट मुक्ति दिलाउनको साथै हाम्रो ग्रभ्यन्तरको ग्रनन्त ग्रानन्दको द्वार पनि उद्‌घाटित गर्नेछ ।

२६ श्रावन २०३९ — माधवप्रसाद घिमिरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निवेदन

आन्तरिक दृष्टिले नियालेर हेर्ने हो भने अहिले दैवीसम्पत्तिको ज्यादै आवश्यकता छ । यहाँ जति दुःख, दरिद्रता र अशान्ति आइपरेको छ त्यसको मूल कारण हो आसुरी सम्पत्तिको उर्लिदो भेल । यसै हुँदा श्रीमद्भगवद्गीताका सोह्र अध्यायमा ग्रहण गर्न दैवीसम्पत्तिको र त्याग्न आसुरी सम्पत्तिको वर्णन गरिएको छ । तर गीता नपढेका मानिसलाई यो रहस्य थाहा नभएकोले आसुरीतिर प्रवृत्त हुनु स्वाभाविक हो ।

वृहदारण्यक उपनिषद् १।३।१ को भाष्यमा भगवान् श्री शङ्कराचार्य लेख्नुहुन्छ– 'कहिले शास्त्रजनित कर्मज्ञानभावनारूप वृत्ति हुन्छ । यसलाई दैवी वृत्ति भन्छन् । त्यसको विपरीतलाई आसुरी वृत्ति भन्छन् ।' हाम्रो मनमा यी दुइ वृत्तिको सङ्घर्ष चलिरहन्छ, तर आसुरीलाई दबाउँदै दैवीलाई अपनाउनु हाम्रो पुरुषार्थ हो । सबभन्दा पहिलो सम्पत्ति हो अभय । द्वितीयाद् वै भयं भवति अर्थात् दोस्रो देखेपछि डर हुन्छ, तर एकात्मभावमा स्थित हुन सक्यौं भने बिलकुल डर हुँदैन । यसकालागि पहिले चित्त शुद्ध हुनुपर्छ । व्यवहारमा छलकपट गऱ्यो भने चित्त अशुद्ध हुन्छ । चित्त शुद्ध भए मात्र ज्ञान र योगमा स्थित हुन सकिन्छ । शास्त्र र आचार्यबाट आत्मा आदि पदार्थको स्वरूप थाहा पाउनु हो ज्ञान । कुरा बुझेर इन्द्रियहरूको उपसंहार गरी एकाग्र हुँदै आत्मासंग जोडिनु हो योग । दानदेखि नातिमानितासम्मका साधन यसैका सहयोगी हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संक्षेपमा भन्ने हो भने विषयाकार वृत्ति हो आसुरी सम्पत्ति, अनि आत्माकार वृत्ति हो दैवी सम्पत्ति । कविशिरोमणि श्री लेखनाथज्यूले तरुण-तपसीमा 'म खाउँ मै लाउँ' इत्यादि श्लोकबाट आसुरी वृत्तिको रूपरेखा खिच्नुभएको छ । तर त्यत्तिले मात्र जिज्ञासु साधकहरूको जिज्ञासापूर्ति नभएकोले विद्वद्वर श्री खेमराज 'केशवशरण'ज्यूले अभयदेखि लिएर निरभिमानतासम्मका दैवीसम्पत्ति-का अंशहरूको व्याख्या सरल रूपमा प्रस्तुत पुस्तकमा गर्नुभएकोले समयको मागको पूर्ति गरिदिनुभएको छ । यसै हुनाले उहाँलाई मुरीमुरी धन्यवाद चढाउँछु । सम्पत्तिको परिचय पाएको नेपाली जनताले दैवीसम्पत्ति कमाउन प्रयास गऱ्यो भने भौतिक सम्पत्ति पनि स्वतः प्राप्त हुनेछ र सुखशान्तिको शिखरमा पुग्नेछ भन्ने आशा पनि गर्छु ।

नक्साल, काठमाडौं

– बद्रीनाथ भट्टराई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय

धर्मका पवित्र मर्यादाहरूको समाजमा प्रतिष्ठापन हुनु अत्यन्त कल्याण-कारी हुन्छ । धर्मप्रतिको विश्वासले नै मनुष्यलाई मनुष्य बनेर बाँच्ने प्रेरणा दिन्छ । हामीलाई सधैं धर्मको उज्यालो चाहिन्छ "दैवीसम्पत्तिः एक अनुशीलन' मा समावेश भएका सबै लेखहरू विचारको दृष्टिले अत्यन्त माझिएका र भावनाको दृष्टिले ज्यादै प्रेरणादायी छन् । यस महत्वपूर्ण पुस्तकको प्रकाशकको रूपमा पूज्य गुरुवर आचार्य श्री खेमराज 'केशवशरण' ज्यूले मलाई निमित्त बन्ने अवसर प्रदान गर्नुभयो । म उहाँप्रति चिरकृतज्ञ छु । प्रस्तुत पुस्तकले पाठकवर्गको मनमा सार्थक र सरस जीवननिर्माणप्रति आवश्यक चेतना जगाउन महत्वपूर्ण सघाउ पुऱ्याउने छ भन्ने मलाई पूरा विश्वास छ । साथै पाठकवृन्दबाट यस पुस्तक-को स्वागत हुनेछ भन्ने पनि मैले आशा लिएको छु ।

रघुनाथ शर्मा
प्रकाशक

कालीमाटी, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखकका दुई शब्द

जीवन परमात्माको सर्वश्रेष्ठ वरदान हो । यस वरदानलाई साँच्चिकै वरदान बनाउन कसरी सम्भव होला भनेर चिन्तनको क्रममा भावजगत्मा विचरण गर्दै जाँदा मनमा फुरेका केही सन्दर्भहरू नै 'दैवीसम्पत्ति एक परिशीलन'' का आधार हुन् । यसलाई यसै रूपमा हाम्रा सहृदय पाठक महानुभावहरू समक्ष प्रस्तुत गर्न पाएकोमा अपार आनन्दको अनुभव भइरहेछ । रेडियो नेपालको धार्मिक कार्यक्रम अन्तर्गत लक्ष्यचिन्तनमा दैवीसम्पत्तिसम्बन्धी प्रवचनमाला प्रसारित भएदेखि नै श्रोतावर्गबाट यस्ता विषयहरूको एउटा पुस्तक प्रकाशित भइदिएहुन्थ्यो भन्ने माग बारम्बार आइ-रहेको थियो । अहिले भगवत्प्रेमी श्रीरघुनाथ शर्माज्यूको शुभेच्छाबाट यो पुस्तक यस रूपमा प्रकाशमा आउन सकेको हो । मनन एवं निदिध्यासन गरेमा व्यक्तिदेखि विश्वसम्म नै कल्याणकारी जीवनरचनामा सहायक हुने यी पवित्र दैवी मर्यादाहरूको सँगालो प्रकाशित गर्ने शुभेच्छासाथ आर्थिक सहयोग गर्नुहुने श्रीशर्माज्यू-प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । आफ्नो सरस एवं अर्थ-गम्भीर सम्मतिद्वारा उत्साहवर्धन गर्नुभएकोमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका उप-कुलपति समादरणीय कविवर श्रीमाधवप्रसाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घिमिरेज्यूमा हार्दिक रूपले कृतज्ञ छु । आफ्नो शुभाशीर्वचनद्वारा यस लघुकाय कृतिलाई पनि गौरवको पात्र बनाइदिनुभएकोमा अध्यात्मसाधनालीन श्रद्धेय प्रा० श्रीवदरीनाथ भट्टराईज्यूमा विनम्र आभार निवेदन गर्दछु । महत्वपूर्ण भूमिका लेखिदिनुभई लेखक-मा रहेका गुणका परमाणुलाई पनि विशाल बनाइदिनुभएर श्रेय दिनुहुने गुणदर्शी विद्वद्वर डा. वासुदेव त्रिपाठीज्यूमा शतशः आभार ज्ञापन गर्दछु । आवरणपृष्ठको सजावटमा निःशुल्क सहयोग गर्नुभएकोमा श्रीउदय खनाल 'उमेश' लाई सस्नेह शुभेच्छा अर्पिन्छु । प्रस्तुत पुस्तकबाट पाठकवर्गमा केही भावनात्मक जागरण उपलब्ध हुन सकेमा यो लेखनी चरितार्थ हुनेछ ।

- खेमराज केशवशरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-सूची

विषय	पृष्ठ
१. दैवीसम्पत्तिको अनुसरण–जीवननिर्माणको मूल आधार	१
२. अभय	६
३. आन्तरिक शुद्धि	११
४. ज्ञानयोगको दृढ स्थिति	१६
५. दान	२०
६. इन्द्रियविजय	२५
७. यज्ञभावना	२६
८. स्वाध्याय	३४
९. तपस्या	३६
१०. सरलता	४३
११. अहिंसा	४७
१२. सत्य	५४
१३. क्रोधमाथि विजय	६०
१४. त्याग	६६
१५. शान्ति	७३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६. अपैशुन (कसैको चुक्ली नगर्नु) ७८
१७. प्राणीमात्रमा दया ८२
१८. निर्लोभता ८७
१९. मृदुता ९१
२०. लोकलज्जाको परिपालन ९५
२१. चञ्चलताको परित्याग (अचापलम्) ९९
२२. तेजस्विता १०४
२३. क्षमाशीलता १०८
२४. धृति (धैर्य) ११३
२५. पवित्रता ११७
२६. प्राणीमात्रप्रति अद्रोह १२१
२७. निरभिमानता १२५
२८. शान्तिकोनिम्ति जीवन–दैवीसम्पत्तिको पावन प्रेरणा १३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दैवी सम्पत्तिको अनुसरण–जीवननिर्माणको मूल आधार

सम्पन्नताका तीन स्थिति हुन्छन् – श्रीले सम्पन्न हुनु, सम्पत्तिले सम्पन्न हुनु, अनि धनले, वित्तले वा अर्थले सम्पन्न हुनु । सम्पन्नताको सर्वोत्तम स्वरूप हो श्री । त्यसभन्दा तलको मध्यम रूप हो सम्पत्ति । त्यसभन्दा तलको स्थूल रूप हो धन, अर्थ वा वित्त । श्री भएको व्यक्ति वा परिवार सधैं सौभाग्यशाली हुन्छ । त्यहां अज्ञान हुँदैन, त्यहाँ दुर्भावना हुँदैन । त्यहां भगवद्भावनाको सधैं निवास हुन्छ । परमार्थको कार्यमा सम्पन्नताको सदुपयोग गरिन्छ । करूणा स्नेह, सेवा, जस्ता सद्गुणहरूले श्री भएको ठाउँमा नित्य निवास गर्दछन् । भावनात्मक सौन्दर्य पनि संगसंगै जगमगाएको हुन्छ श्री को निवास भए ठाउँमा । शक्तिस्वरूप पराम्वा दुर्गाको स्तुतिको क्रममा सप्तशतीमा सुकृतिहरूको घरमा भगवती श्री बनेर बस्ने कुरा वर्णित छ— "या श्री स्वयं सुकृतिनां भवनेषु" ऋग्वेदोक्त श्रीसूक्तमा मन्त्रद्रष्टा ऋषिले यिनै भौतिक र भावनात्मक दुवै शोभा र सौन्दर्य दिने श्रीलाई गुहारेको पाइन्छ– "श्रीः श्रयतां मयि ।" भनेर।

सम्पत्तिको कोटिमा आइपुग्दा यसका तीन रूप देखिन्छन् । श्री त सात्त्विक सम्पन्नताको सुन्दर स्वरूप हो । त्यो एउटै गौरवपूर्ण रूपमा विराजमान हुन्छ । तर सम्पत्ति चाहिं दैवी आसुरी तथा राक्षसी गरी तीन भावमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विभक्त बन्न पुग्दछ । मानवमात्रको निमित्त सर्वोत्तम साधनाशास्त्र मानिएको भगवद्गीताको सातौं अध्यायको पन्ध्रौं श्लोकमा र नवौं अध्यायको एघारौं-बाह्रौं श्लोकमा आसुरी र राक्षसी सम्पत्तिको चर्चा पाइन्छ । आसुरी तथा राक्षसी सम्पत्तिको संपर्क भए ठाउँ परमात्माप्रतिको आस्था र समष्टि जीवन-प्रतिको करूणाको अभाव रहने कुरा बताएको छ । अनि नवम् अध्यायकै चौधौं श्लोकमा चाहिं भगवद्भावनापूर्ण दैवी सम्पत्तिका अनुयायी महात्माहरूले समस्त प्राणीवर्गका परमकारण अविनाशी, शाश्वत सुखरूप संझेर परमात्माको सतत उपासना गर्ने कुरा बताइएको छ । यसरी आसुरी, राक्षसी र दैवी तीनथरी सम्पत्तिको विभाजन भगवद्गीतामा पाइन्छ ।

वास्तवमा सोच्दा सम्पत्ति शब्दको सोझो अर्थतिर दृष्टि दिने हो भने पनि यसलाई केवल साधन मात्र मान्नुपर्ने कुरा स्पष्ट हुन्छ । यसमा 'सं' छ अनि 'पत्ति' छ । 'सं' को अर्थ हुन्छ राम्रो, असल, सुन्दर, कल्याणकारी । त्यसमा 'पत्ति' गराइदिने अर्थात् पुर्‍याइदिनेको नाम हो संपत्ति । जसले असल, कल्याणकारी लक्ष्यमा पुर्‍याइदिन्छ त्यसैलाई सम्पत्ति भनिन्छ । यसबाट स्पष्ट हुन्छ यो साधन हो–साध्य त हो असल लक्ष्यको प्राप्ति । त्यो असल लक्ष्य हो जीवनको पूर्णताको प्राप्ति, परमात्माको प्राप्ति वा आत्म-लाभ । शब्द जुन प्रयोग गरौं मोक्ष भनौं, मुक्ति भनौं, निर्माण भनौं वा कैवल्य भनौं त्यस परमसाध्यको प्राप्तिमा जुन साधन सहयोगी हुन्छ त्यसैको नाम यथार्थमा सम्पत्ति हो । सम्पत्तिको नामबाटै यति स्पष्टतासाथ बोध हुने यसको अर्थबारे कुनै भ्रम त नहुनु पर्ने हो परन्तु मानवमा पाइने विभिन्न प्रकृति अनुसार सम्पत्तिको अर्जन र उपयोग पनि भिन्नाभिन्न स्थितिमा हुन पुग्ने हुँदा यसका तीन वर्ग बन्न पुग्दछन् । दैवी सम्पत्ति सात्त्विक हुन्छ त्यसैले यसमा संयम ज्ञान, योग, भक्ति जस्ता दिव्य भावहरू रहन्छन् । आसुरी सम्पत्ति राजस हुन्छ त्यसैले यसमा दम्भ, राग, विषयभोग, वासना आदि मनोभावहरू हुन्छन् अनि राक्षसी सम्पत्ति तामसी हुन्छ त्यसैले यसमा द्वेष, हिंसा, असहिष्णुता जस्ता मनोभावहरू सक्रिय हुन्छन् ।

धन वा वित्त सम्पत्तिकै स्थूल भौतिक स्वरूप हो। तर यसभित्र पनि अर्थ शब्द प्रयोग गरेर यो एउटा साधन मात्र हो भन्ने जनाइएको छ । अर्थ भनेको प्रयोजन हो । जीवनको उत्तम प्रयोजन पूरा गर्ने साधनलाई अर्थ भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी अर्थ त उपकरण मात्र हो साध्य त जीवनको सुन्दर लक्ष्यको प्राप्ति नै हो भन्ने यसबाट पनि स्पष्ट छ तर पनि प्रयोगकर्ताको प्रकृति अनुसार सम्पत्ति जस्तै यो पनि तीन भागमा बाँडिएको हुन्छ ।

पहिले यसरी तीन रूपमा विभक्त गरिएको सम्पत्तिलाई भगवद्‌गीताको सोह्रौं अध्यायमा मुख्य–मुख्य रूपमा विभाग गरेर दुइटै रूपमा उल्लेख गरिएको छ, दैवी सम्पत्ति र आसुरी सम्पत्ति । सम्पत्तिका यी दुइ रूपप्रति बढी दृष्टि दिदै विश्लेषणपूर्वक विशद निरूपण गरिएको अध्याय हुनाले यस अध्यायकै नाम 'दैवासुरसम्पद्‌विभागयोग' रहन गएको छ । भगवद्‌गीताको सोह्रौं अध्यायमा प्रतिपादन गरिए अनुसार जीवनमा मूल रूपमा अनुसरण गरिनुपर्ने २६ मर्यादाहरू छन्, जसलाई परिपालन गर्दा व्यक्ति, परिवार, समाज वा राष्ट्र सबैमा निर्भयतापूर्ण सुन्दर स्वस्थ स्थिति प्राप्त हुन्छ । अभयप्राप्ति जीवनको सर्वोत्तम साध्य हो र त्यही अभयबाट दैवी सम्पत्तिका यी २६ मर्यादाहरूको उपक्रम हुन्छ । जसरी उपनिषदमा आत्मदर्शन साध्य भएकोले त्यसको प्रमुख रूपमा बोध गराउन "आत्मा वाऽरे द्रष्टव्य: श्रोतव्यो मन्तव्यो निदिध्यासितव्य:" भनेर पहिले नै उल्लेख गरिएको छ– त्यसरी नै साध्य रूप अभयलाई यहाँ पनि दैवी सम्पत्तिको प्रारम्भमा नै लक्ष्यको रूपमा चिनाइएको छ । आध्यात्मिक साधनाको क्रममा पहिले श्रवण, मनन, निदिध्यासन गरेर अनि दर्शनको पालो आउँछ । दर्शन पाएपछि त अन्तिम उपलब्धि उपलब्ध भइसक्तछ । त्यो अन्तिम उपलब्धिलाई पहिले "द्रष्टव्य:" भनेर लक्ष्य बोध गराइएको छ त्यसैगरी यहाँ पनि दैवी सम्पत्तिका २६ मर्यादाहरूको यी सुन्दर साधनाका सीढीहरूको प्राप्तव्य स्थल चिनाइएको छ 'अभय' को पहिले उल्लेख गरेर । दैवी सम्पत्तिका ती २६ मर्यादाहरू हुन्– अभय, चित्तशुद्धि, ज्ञानयोगमा दृढ निष्ठा, दान, इन्द्रियसंयम, यज्ञभावना, स्वाध्यार्य, तपस्या, सरलता, अहिंसा, सत्य, अक्रोध, अनासक्ति, शान्ति, कसैको चुक्ली नगर्नु, प्राणीमात्रमा दया, निर्लोभता, कोमल व्यबहार, अनुचित कर्मदेखि सङ्कोच, स्थिरता, तेजस्विता, सहनशीलता, धैर्य, बाहिरी–भित्री पवित्रता, कसैप्रति द्रोह नगर्नु, अभिमानशून्यता यी यी २६ वटा मर्यादाहरू दैवी सम्पत्तिभित्र गणना गरिएका छन् ।

भगवद्‌गीताका यी परबन दैवी गुणहरूले धर्म वा अध्यात्म केवल चर्चा होइन, केवल परम्परा धनाई होइन यो त लक्ष्यनिष्ठ जीवनसाधना हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने सिद्ध गर्दछन् । हामीलाई पनि आज साधना नै चाहिएको छ । केवल जानकारीले हामी पुग्ने ठाउँमा पुग्न सक्तैनौं । पुग्नुपर्ने ठाउँको निम्ति हामीले कस्सिएर हिँड्नु नै पर्छ कुनै यान वा साधन पक्रेर अगि बढ्नु नै पर्दछ । विना साधना हामी केवल सतहमा विचरण गरिरहेका हुन्छौं । सतहमा केही पाइँदैन–गहिराईमा पुगेपछि नै हामीलाई जीवन समुद्रका अनमोल रत्नहरू फेला पर्दछन् । समुद्रमा बाहिर-बाहिर पौडी खेल्नेले सिपी र खबटे कीरा सिवाय केही पाइँदैन । तर गोताखोरले भित्र–भित्र डुबुल्की लगाएर मूल्यवान् पदार्थहरू निकाल्दछ । हामीले पहिले जान्नु छ दैवी सम्पत्तिका लक्षणहरू कुन हुन् : आसुरी सम्पत्तिका लक्षणहरू कुन हुन् ? अनि जानकारी प्राप्त गरेर साधना पनि गर्नु छ । साधनाद्वारा हामीमात्र सुखी र शान्त बन्दैनौं – सम्पूर्ण समाजलाई हाम्रो जीवनले सेवा पुऱ्याउन सक्तछ । हामीले दैवी सम्पत्तिका एक एक मर्यादाहरूलाई अलग अलग रूपले संझिनु छ । अनि तदनुकूल जीवन बनाउने प्रयत्न गरेर परमात्माको असीम कृपाफल प्राप्त गर्नुछ । दैवी सम्पत्तिले हामीलाई मुक्तितिर लैजान्छ र आसुरी सम्पत्तिद्वारा हामी बन्धनमा पर्छौं ।+

हामी नसोचौं हामी थोरैले मात्र केही गरी हेरेर के हुन्छ ? थोरै धेरैको प्रश्न छैन–जतिले संभव हुन्छ, जति संभव हुन्छ हामीले प्रयत्न गर्नुछ– 'स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात्' भनेर भगवान्ले हामीलाई आश्वस्त तुल्याउनुभएको छ । थोरै साधनाद्वारा पनि हामी धेरै भय र अशान्तिबाट बच्न र बचाउन सक्तछौं ।

वास्तवमा जो धर्मका, अध्यात्मका सच्चा साधकको रूपमा संसारमा आज पनि साधनामा लीन छन्, संसारलाई यो अशान्तिग्रस्त अवस्थामा पनि भावनात्मक पक्षबाट बाहिर नदेखिने तर भित्रभित्रैबाट क्रियाशील रहने असाधारण शक्ति संबल तिनैले जुटाइरहेका छन् । दैवी सम्पत्तिका यी दिव्य गुणहरू प्रकारान्तरले संसारका प्राय: प्रत्येक धर्ममा छरिएका छन् । मानवले कुनै न कुनै रूपमा यिनीहरूप्रति आफ्नो आस्था जीवित राख्न सकेको छ र नै आज पनि संसारमा यतिसम्म पनि शान्ति रहन सकेको छ । यदि

+ दैवी सम्पद् विमोक्षाय निबन्धायासुरी मता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आध्यात्मिक आस्थाले मानवको मनमस्तिष्कलाई पूरै छोडिदिने हो भने यो यो संसारमा एकदिनमै संहार लीला घट्न सक्नेछ ।

जसरी विद्युत्का तरङ्गहरू वरपर फैलिन्छन्, जसरी पानीका तरङ्गहरू वरपर छरिन्छन्, जसरी शब्द-तरङ्गहरूको गति क्रियाशील रहन्छ त्यसैगरी विचारका तरङ्गहरू पनि सक्रिय हुन्छन् । शान्ति साधकहरू, आध्यात्मिक साधकहरू जहाँ हुन्, जति हुन्, तिनका अन्तर्हृदयदेखि प्रस्फुटित हुने भावना र विचारहरूका तरङ्गले मात्र पनि विश्वको अस्तित्वको निश्चित पोषण दिइरहेका हुन्छन् । आओं भगवद्गीताका अमृतमय साधना सन्देशलाई हृदयङ्गम गरौं र आफ्ना दैवी सम्पत्तिका पावन मर्यादाहरूको एक एक गरेर चिन्तन प्रस्तुत गर्ने लक्ष्य राखी अब दैवी सम्पत्तिका ती २६ मर्यादाहरूलाई एक पटक भगवद्गीताकै श्लोकमा प्रस्तुत गरौं ।

अभयं सत्त्वसंशुद्धिः ज्ञानयोगव्यवस्थितिः
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम्
अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिरपैशुनम्
दया भूतेष्वलोलुप्त्वं मार्दवं ह्रीरचापलम्
तेजः क्षमा धृतिः शौचमद्रोहो नातिमानिता
भवन्ति संपदं दैवीमभिजातस्य भारत ॥

श्रीमद्भगवद्गीता १६।१–३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभय

दैवी सम्पत्तिका सर्यादाहरू अत्यन्त कल्याणकारी छन् । यिनको परिपालनबाट हामी व्यक्ति, समाज, राष्ट्र र अन्ततः सम्पूर्ण विश्वकै निम्ति कल्याणकारी जीवनरचना पूरा गर्न सक्तछौं । भौतिक दृष्टिले पनि समुन्नत र आध्यात्मिक दृष्टिबाट पनि शान्तिपूर्ण जीवनरचना पूरा गर्न दैवी सम्पत्तिका पवित्र मर्यादाहरूको अनुसरण नै सर्वभन्दा भरपर्दो उपाय बन्न सक्ने कुरामा कसैलाई सन्देहको स्थान रहन्न ।

यी मर्यादाहरूको परिपालन गर्ने मानिस के लौकिक के पारलौकिक, के भौतिक, के आध्यात्मिक दुवै पक्षमा सफलताको भागी बन्न सक्तछ । जीवनको सम्पूर्णता, पूर्णतम विकास यी मर्यादाहरूको परिपालनबाट प्राप्त हुन्छ । त्यसैले प्राचीन मूर्धन्य आचार्यहरूका साथै अर्वाचीन आत्मसाधक–हरूले समेत यी मर्यादाहरूलाई जीवनका आधारभूत मर्यादाको रूपमा लिएका छन् र लिन्छन् । गीतालाई सुगीता बनाउने भगवान् व्यासदेव स्वयंको पनि यतै संकेत छ । आऔं अब दैवी सम्पत्तिको पहिलो र मूलभुत मर्यादाको चर्चा गरौं ।

जसलाई दैवी सम्पत्ति अन्तर्गत साधन र साध्य दुबै रूपमा सर्वोपरि महत्त्व दिइएको छ त्यो मर्यादा हो अभय । यसलाई हामी निर्भयता पनि भन्न सक्तछौं र ठेट नेपालीमा भन्ने हो भने यसको अर्थ हुन्छ नीडरपना । हामीले नीडर बनेर जीवनमा व्यवहार गर्न सक्नु परेको छ र पूर्ण निर्भयतामा पुग्नु परेको छ । हामी आत्मवादको सुवर्णमय उज्यालोले आलोकित उप–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निषद्को अध्ययन गरौं त्यहाँ यत्रतत्र "अभीः" बन्ने–निर्भय बन्ने आह्वान पाइन्छ । उपनिषद्ले सर्वोच्च चेतनाको धनी बनेको मानिसको निम्ति निवास गर्न लायक सुन्दर लोकको कल्पना दिएको छ जसलाई स्वर्गलोक भनिएको छ, जहाँ न रत्तिभर डर हुन्छ न त्यहाँ तिमी न म भन्ने तिम्रो र मेरो भन्ने फरक छ, न यहाँ वृद्धावस्थाको डर छ न त्यहाँ भोक र प्रकोप छ । भोक प्यास मात्र होइन शोकबाट समेत पारि पुगेर परमानन्दको अनुभूति गर्न उपनिषद् आह्वान गर्दछ । उपनिषद्को त्यो स्वर्गलोक कहीं पर अन्तरिक्षमा रहेको कल्पित लोक होइन त्यो त यहीं यसै जीवनमा प्रत्यक्ष अनुभव गर्नुपर्ने र गर्न सकिने स्वर्गीयता हो जसको शुभारम्भ निर्भयताबाट हुन्छ । उपनिषद् भन्दछ—

स्वर्गे लोके न भयं किञ्चनास्ति
न तत्र त्वं न जरया बिभेति
उभे तीर्त्वा अशनाया पिपासे
शोकातिगो मोदते स्वर्गलोके ॥

उपनिषद्को आह्वान छ "इहैव" यहीं यसै जीवनमा । अन्त होइन । मुक्ति यसै जीवनमा, मोक्ष, कैवल्य, निर्माण यसै जीवनमा, स्वर्ग यसै जीवनमा 'इह चेत् अवेदीत् अथ सत्यमस्ति ।' यहीं जान्न सकेमा सत्य छ, प्राप्त हुन्छ । यदि यहीं यसै जीवनमा प्राप्त गर्न सकेन भने 'न चेद् इहावेदीत् महती विनष्टिः ।' 'महती विनष्टिः' ठूलो विनाश हुन्छ । ठूलो हानि हुन्छ । यहीं यसै जीवनमा भयरहित स्वर्गीय जीवन अवतरित गर्न उपनिषद्को आह्वान छ ।

यो भयरहितता, निर्भयता, नीडरपनाका दुइ रूप छन् लौकिक एवं पारमार्थिक । लौकिक निर्भयता पारमार्थिक निर्भयताको सहायक छ भने पारमार्थिक निर्भयता लौकिक जीवनको निम्ति सुख, शान्ति र कल्याणमा सतत पोषक बन्दछ । लौकिक निर्भयता अरूको जीवनमा हानि पुग्नेगरी अहितकर कार्य नगर्ने, अरूप्रति सधैं हित मात्र गर्ने प्रवृत्तिबाट, बानी बेहोराबाट सिर्जिन्छ । हामी कहीं पनि जाऔं नियमको, मर्यादाको उलङ्घन नगरेमा डराउनु पर्दैन । बाटामा हिंड्दादेखि लिएर जीवनमा यावत् कार्यहरूको निमित्त नियम छ, मर्यादा छ, अनुशासन छ त्यसको परिपालन गर्ने मानिस जीवनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आइपर्ने विभिन्न दुर्घटना र सङ्कटका स्थितिहरूको भयबाट बच्न सफल हुन्छ। 'नबिराउनु नडराउनु' भन्ने उक्तिले यस्तै स्थितितिर इङ्गित गर्दछ । जो बिराउँदैन त्यसले डराउनु पर्दैन जसले बिराउँछ त्यही डराउँछ । लौकिक दृष्टिबाट अनुशासनको पालन गर्दा लौकिक भयबाट मुक्त भइन्छ भने दैवी मर्यादाको पालन गर्दा आध्यात्मिक एवं आधिदैविक भयबाट बच्न सकिन्छ ।

पारमार्थिक निर्भयताको स्रोत परमात्मा हुन् । म शरीर होइन, आत्मा हूँ । म सर्वव्यापक अविनाशी परमात्मसत्ताको एउटा अंश हूँ । अमर आत्माको रूपमा मेरो अस्तित्व सधैं अखण्ड रूपले रहिरहन्छ । म एक्लो छैन, असहाय छैन । सर्वशक्तिमान्, सर्वेश्वर परमेश्वरको अनन्त शक्ति, अनन्त ज्ञान र असीम संरक्षण सदा मलाई प्राप्त छ भन्ने विश्वाससाथ जसले जीवनयापन गर्दछ त्यसलाई महान्भन्दा महान् सङ्कटले, विघ्नले, बाधाले, प्रलोभनले आशा र त्रासले समेत विचलित तुल्याउन सक्दैन । एउटा ऐतिहासिक प्रसङ्ग अत्यन्त प्रसिद्ध छ । यूनानका सम्राट् विश्वविजयाकांक्षी सिकन्दर महान् भारततिर आउन लाग्दा उनका गुरु अरिस्टोटलले भनेका थिए— "हिन्दूजगत्मा 'संन्यासी' नामले प्रसिद्ध एकथरी दार्शनिकहरू हुन्छन् । फर्केर आउँदा कुनै एउटा योग्य संन्यासीलाई ल्याउने काम नछुटोस् ।" सिकन्दरले स्वीकार गरेका थिए । भारतबाट फर्किन लाग्दा सिन्धु नदीको किनारमा साधनालीन एकजना संन्यासीलाई उनले देखे । सामान्य कौपीनमात्र लगाएका एउटा नाङ्गा शिलामा बसेका एकाध माटाका भाँडा साथमा राख्ने ती त्यागमूर्ति सन्यासीलाई देख्ता अलेक्जेण्डरले सोचे यी दरिद्रताबाट पीडित रहेछन् । आफ्नो सोचाई अनुसार नै उनले ग्रीस जान स्वीकार गरेमा उनलाई प्रशस्त सुवर्ण राशिका साथै असाधारण सम्मान प्रदान गरिने प्रलोभन देखाए । संन्यासीले प्रत्येक प्रलोभनलाई हाँसेर उपेक्षा गरिदिए। सम्राट् सिकन्दरको प्रत्येक प्रलोभनलाई उनले टुक्र्याइदिए । आशको हतियार विफल भएपछि सम्राट्ले त्रास देखाउँदै ग्रीस नगएमा मारिदिने धम्की ती संन्यासीलाई दिए । संन्यासीले अट्टहास गर्दै भने– "हेर बाबु ! तिमीले जिन्दगीमा यति झूठो कुरा आजसम्म बोलेनौ होला । हैं तिमी मलाई मार्छौ ? भौतिक संसारका सम्राट् ! तिमी मलाई के मारौला ? म त नजन्मिने, नमर्ने, अजन्मा, अजर, अमर आत्मा हूँ । मलाई कुन अस्त्रले काट्न सक्तछ ? व्यापक सत्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको अनन्त मेरो अस्तित्वलाई तिमो समाप्त गर्दछौ ? सक्छौ तिमी ? तिमी त सार॑ बालक रहेछौ ।" संन्यासी हाँसिरहेका थिए । विश्वविजयाकांक्षी सिकन्दर अवाक् भएर हेरिरहेका थिए । यो आत्मिक निर्भयता हो, पार-मार्थिक निर्भयता हो । साधनाको परिपक्वताले यो आत्मविश्वास, यो निर्भयता प्राप्त हुन्छ ।

हामीले व्यावहारिक जगत्‌बाट॑ साधना थाल्नुछ । हामी त्यहींबाट सोचौं, हामी विराउन कम गरौं, डराउन स्वत: कम हुनेछ । हामी निर्भयतातिर पाइला-पाइलामा अगि बढ्न सक्छौं । नविराउनको निमित्त आत्मबल चाहिन्छ । हामी भित्रबाट बलिया होऔं, हामीबाट नराम्रा काम हुन छोड्छन् नराम्रा काम हुन छोडेपछि हामीलाई डरले पनि छोड्छ । भगवद्‌गीताले हामीलाई पूर्ण निर्भयताको स्थितिमा पुग्न आह्वान गरेको छ । व्यक्ति निर्भय, परिवार निर्भय, समाज निर्भय, राष्ट्र निर्भय, सर्वत्र निर्भयता आउन सक्छ । आत्मबल जागृत भएमा विवेक जागृत हुन्छ, विवेक जागृत भएमा मानिस तमाम विकृतिहरूबाट, दुर्व्यसनहरूबाट बच्न सक्छ र अनेकौं संभावित विपत्तिहरूको भयबाट पहिल्य॑ आफ्नो बचाउ गर्न सक्छ । विवेक र परमात्माप्रतिको पवित्र विश्वास निर्भय जीवन यापन गर्ने उद्देश्यमा यिनै दुई कुराले सबैभन्दा बढी बल प्रदान गर्दछन् । विवेक जागृत भएमा हामी लौकिक भयबाट बच्न सक्छौं र परमात्माप्रति पूर्ण विश्वास जागृत भएमा हामी पारमार्थिक भयबाट मुक्त हुन सक्छौं । दैवी सम्पत्तिको अनुसरणमा मानव जति मात्रामा अगि बढ्न सक्छ, निर्भयता, मुक्ति, उसलाई त्यति मात्रामा प्राप्त हुन्छ ।

निर्भयबारे सोच्ता यो भ्रम पर्न दिनुहुन्न कि निर्भयता भनेको उद्दण्डता हो । जे पनि गर्न सकिन्छ, त्यसैले अरूलाई थिचोमिचो वा हानि-नोक्सानी जे भए पनि आफ्नो मतलबको काम गरौं । यो निर्भयताको लक्षण होइन । यो त उच्छृङ्खलता हो, उद्दण्डता हो । उच्छृङ्खलताभित्र निर्भयताको स्पर्श पनि हुँदैन । त्यो त अर्काले जवाफ दिन नसक्ताको एकपक्षीय दबाव मात्र हो । निर्भयतामा त पवित्रता रहन्छ । त्यहाँ कसैले चोर औंलो उठाएर देखाउने अवसर रहँदैन । मानिस निर्भयताको स्थितिमा त्यति पवित्र हुन्छ । भय कहाँबाट पैदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ ? भागवतको उद्घोष छ– "भयं द्वितीयाभिनिवेशतः स्यात् ।" अर्थात् परमात्मालाई विर्सेर जब अरूप्रति पराईपनको भावना राख्न थाल्दछ अनि मानिस विवेकहीन हुन्छ र अनर्थ गर्दछ । अनथको परिणाम नै भय हुन्छ । जहां परमात्माप्रति पवित्र आस्था रहन्छ त्यहाँ अरूप्रति गरिने अहितकर कार्यले आफैंलाई दुःखित तुल्याउने कुरा बोध हुन्छ । त्यस्तो अरूप्रतिको हितकल्याणद्वारा प्रेरित जीवन प्रवृत्तिले मात्र हामीलाई वास्तविक निर्भयतातिर अग्रसर तुल्याउँछ । हामीले निर्भय बन्नु छ, विवेकसम्पन्न बन्नु छ, परमात्माले दिएको प्रत्येक वरदानको सदुपयोग मात्र गर्नु छ र संभावित यावत् भयहरूबाट बच्ने साधना गर्नु छ । अरू त के कुरा हामी यदि परमात्माप्रतिको वास्तविक आस्था जागृत भएमा र दैवी सम्पत्तिको अनुसरणमा अगि बढ्न चाहेमा हामी मृत्युको समेत भयबाट मुक्त हुनसक्तछौं र अमृतका भागी बन्नसक्तछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आन्तरिक शुद्धि

देवी सम्पत्तिको दोस्रो मर्यादा हो सत्त्वसंशुद्धि । सत्त्वसंशुद्धिको अर्थ हो मनको शुद्धि । योगसाधनाको ध्यानप्रक्रिया अन्तर्गत चित्तलाई गोविन्दको मन्दिर मानिएको छ "चित्तं गोविन्दमन्दिरम्" भनेर । परन्तु हाम्रो सोचाइको मलिनताले गर्दा गोविन्दको मन्दिरमा अनेकौं थरी फोहोर मैलाहरू भेला हुन आइपुगेका छन् । आध्यात्मिक साधना अन्तर्गत राग, द्वेष, ईर्ष्या, असहिष्णुता, कामक्रोधादि ६ वटा विकारहरू चितका फोहोर मैला मानिएका छन् । यी फोहोर मैलाहरूले चित्तलाई जति मलिन बनाउँछन् हामी जीवनको फलप्राप्तिवाट त्यत्ति नै वञ्चित हुन्छौं । परमात्माको प्राप्ति, परमात्माको अंशको रूपमा आफ्नो अनुभूति, सच्चिदानन्दमय-को व्यापक सत्ताको एउटा सानो अङ्ग म हूँ भन्ने अनुभव हुन पाउँदैन किन कि अनुभव गर्ने केन्द्र नै, सोच्ने यन्त्र नै मलिन भइरहेछ । ऐना मलिन भएका वेला हामीले जति नै सुन्दर श्रृङ्गार र सजावट गरेका होऔं परन्तु त्यसवाट स्वच्छ प्रतिबिम्ब देख्न सक्तैनौं ! त्यस्तै मनको स्वच्छता विना त्यहीं भित्र विराजमान भएपनि परमात्माको सत्ता, गोविन्दको सत्ता, देखिदैन । श्रीमद्भागवतको वेदस्तुति-मा श्रुतिहरू भगवान्संग भन्दछन्– "यदि साधकले हृदयमा जम्मा हुन आएका स्थूल वासनाका जराहरूलाई पन्छाउन सक्तेन भने त्यसैले उ असज्जन हुनपुग्दछ र त्यस्ताको निमित्त भगवन्, तपाई दुर्लभ हुनुहुन्छ । छन त उसभित्र पनि हुनु-हुन्छ, यत्रतत्र सर्वत्र हुनुहुन्छ, परन्तु साधकले देख्न सक्तैन । कसरी ? जसरी कोही मानिस आफ्नै घाँटीमा पहिरेको मणिलाई पनि बिर्सेर खोजिरहेको हुन्छ ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदि न समुद्धरन्ति यतयो हृदि कामजटा
दुरधिगमोऽसतां हृदिगतोऽस्मृतकण्ठमणिः ॥

दैवी सम्पत्तिको साधनाले हामी यस व्यामोहबाट बच्न सक्छौं। यो व्यामोह अरूले हटाएर हट्दैन। यसको निमित्त आफैं तयार हुनु पर्दछ। आफैं आँखा उघार्नु पर्दछ। परमात्मा सर्वत्र छन्। हामीभित्र, बाहिर सर्वत्र परमात्मा छन्। हामी हाम्रो शरीररचनाभित्रको कुनै सानोभन्दा सानो अंशलाई पनि मैले बनाएको भन्न सक्दैनौं। एउटा रौंसम्म पनि हाम्रो सिर्जनाको रूपमा हाम्रो शरीरभित्र छैन। व्यवस्थाहरू हेर्‍यो भने शरीरभित्रै कलाकौशलको, बुद्धिमत्ताको एउटा बेजोड दृश्य त्यहाँ पाइन्छ। हेर्दै जाऔं शरीरभित्रका प्रत्येक अङ्गबाट एउटै साधनले अनेकौं साध्य पूरा गरेको सुन्दर सदुपयोग–सन्देश पाउन सकिन्छ। कुनै अंश यस्तो छैन, जो अनुपयोगी होस्, जसले एकभन्दा बढी उपयोगिता नराखोस्, मन, उही परमसत्ताबाट मननशक्ति सम्पन्न छ, बुद्धि उही परमात्मसत्ताबाट केही बोधशक्ति पाएर स्फुरित भइरहेको छ; चित्त भित्रभित्रै उही चेतनाशक्तिको केही कण प्राप्त गरेर अगि बढिरहेको छ। हामी उही अनन्त वायवीय सत्ताको सास फेर्छौं, उही परमसत्ताको सिर्जना पृथ्वीमाथि पाइला टेक्छौं, उही परमसत्ताले बालेका अखण्ड बत्तीको अर्थात् चन्द्र–सूर्य र अग्निको उज्यालोले आँखा हेर्छौं, उही परमसत्ताको स्नेहधाराको रूपमा प्रवाहित जलस्रोतहरूको आस्वादन गरेर प्यास मेटाउँछौं। उही परमसत्ताको शक्तिद्वारा सञ्चालित पोषण शक्तिरूप सोमले पुष्ट तुल्याएका अन्नादि र औषधिहरूबाट क्षुधा शान्त गर्दछौं। हेर्दै जाऔं त हामी परमात्मामा बाँचेका छौं। परमात्माकै सास फेरेका छौं, परमात्माकै सधैं आस्वादन गरेर जीवन धानेका छौं। भित्रबाहिर जे छौं, सबै परमात्मामय छौं। परन्तु हामीलाई चित्तको मलिनताले बाधा पुर्‍याएको छ। हाम्रो चित्त मलिन भएको छ। त्यही चित्त थियो परमार्थरूपमा गोविन्दको मन्दिर–परन्तु प्रमादवश त्यही अहिले मलिन बास्नाको गढ बन्न पुगेको छ। त्यसैले जसका अंश हौं, जसभित्र हामी अवस्थित छौं, त्यसैलाई चिन्न–देख्न नसक्ने भएका छौं; जसको परिणाम हामी अनन्तबाट खसेर क्षणिकमा पुगेका छौं, असीमबाट टुक्रिएर सीमितमा बाँधिन पुगेका छौं, अमृत तत्त्वको प्राप्तिबाट वञ्चित भएर मृत्युग्रस्त बन्न पुगेका छौं, प्रकाशबाट ठगिएर अन्धकारमा रुमल्लिन पुगेका छौं। त्यसैले अमृतवर्षिणी गीतामाता भन्छिन् "सत्त्वसंशुद्धिः।" मनको संशोधन गर, चित्तलाई माझ। बाहिर त्यसबेला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफैं ठीक हुन्छ जब तिमी भित्र ठीक पार्छौ । तिमी चालित छौ भित्रबाट । बाहिर चाहन्छौ ठीक पार्न, कहिल्यै सम्भव छैन । एकजना सज्जन डकुमेन्ट्री फिल्म हेरिरहेका थिए । पर्दामा प्रस्तुत भइरहेका दृश्यहरू उनलाई सारै मन नपर्दा लागे । उनी मनमनै उद्विग्न थिए । आखिरमा आवेशमा आएर उनी पर्दा भएतिर एक्कासी अगि बढे र त्यसलाई नै च्यातिदिने तरखर गर्न लागे । फिल्म प्रदर्शकले भने- "पख्नोस् पख्नोस् सारै मन परेन भने म अर्कै दृश्य देखाउँला । मूल कुरा त प्रोजेक्टरमा फीट गरेको फिल्म परिवर्तनमा पो छ त त्यो पर्दा च्यातेर के हुन्छ र ?" एकछिनपछि उनले प्रोजेक्टरमा सेट गरेको फिल्म परिवर्तित गरे, पर्दा त त्यही थियो तर दृश्य यस्ता आकर्षक, प्रेरक थिए कि ती सज्जन लगायत सबै दर्शक भावविभोर भए । उनीहरूले फिल्मप्रदर्शकलाई धन्यवाद दिन स्वतः प्रेरित हुनुपऱ्यो ।

बाहिर स्थिति खराब भयो भनेर बाहिरै मात्र प्रयास गरिहेर्ने आजको बाह्य दृष्टिमा भर पर्ने मानिसको स्वभाव सरह भइसकेको छ । तर स्थिति सम्हाल्ने हो भने मानिसलाई भित्रैबाट नबनाई हुँदैन । मनको प्रोजेक्टर-भित्र राम्रो चित्र राखिएको खण्डमा बाहिर व्यवहारको पर्दामा नराम्रो दृश्य देखिने प्रश्नै उठ्तैन । त्यसैले गीतामाताको उद्घोष छ 'सत्त्वसंशुद्धिः"- भित्रै राम्रो पार । आज संसारभरि नै आध्यात्मिकताको विकासको खाँचो छ र त्यो खाँचो अरू सबै कुराको भन्दा बढी छ किनभने मानिसलाई बाहिरबाट बनाइहेरेर हुँदैन भन्ने कुराको राम्रो बोध नहुँदा मानिसले आज आफैंले आफ्नो विनाशका उपायहरू गर्न लागिरहेको छ । यो सबैबाट सत्त्व-संशुद्धिको महत्व स्पष्ट हुन्छ । अब त्यसको उपायबारे सोचौं । उपनिषद्मा सत्त्वसंशुद्धिको उपाय स्पष्ट रूपमा बताइएको छ र त्यो हो "आहारशुद्धिः" आहार शब्दको अर्थ यहाँ खानपीनमात्र होइन । हामीले खाने कुरा मात्र आहार होइन । खानेकुरामा स्वच्छता, शुद्धता, सात्त्विकता संगसंगै हाम्रा अरूथरी आहारको शुद्धि पनि अत्यावश्यक छ । हामी प्रतिक्षण केही नसुनी बस्न सक्तैनौं सुन्नुले पनि हाम्रो सत्त्वमाथि, मनमाथि प्रभाव पार्छ । त्यसैले त्यो पनि एउटा महत्वपूर्ण आहार हो । हामी नित्यप्रति केही न केही हेरिरहेका हुन्छौं । हेर्नुले हाम्रो मानसिकतामा प्रभाव पारिरहेको हुन्छ । त्यसैले त्यो पनि आहार हो । हामी प्रतिक्षण केही न केही सोचिरहेका हुन्छौं, सोचाइले हाम्रो मन-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थितिलाई प्रभावित पारिरहेको हुन्छ । त्यसैले त्यो पनि आहार हो । उपनिषद्ले लिएको आहार शब्दले यी सबैलाई बोध गराउँछ । यी सबै कुरामा स्वच्छता, संशुद्धि आवश्यक छ । भगवद्गीताले उपनिषद्को संकेतलाई अझ स्पष्ट पार्दै आहार र विहार, खानपीन र व्यवहार, दुवैलाई युक्त बनाउने परामर्श दिएको छ । आहारविहारको स्वच्छता र सात्त्विकताले आन्तरिक निर्माणमा मद्दत दिन्छ । उपनिषद् भन्दछ– आहारशुद्धिले सत्त्वशुद्धि हुन्छ । अर्थात् मनको शुद्धि हुन्छ । मनको शुद्धिबाट आफ्नो जीवनको लक्ष्यस्मरण अखण्ड भइरहन्छ, लक्ष्यको अखण्ड स्मरण भएपछि एकदिन साधनाको पूर्णता पनि हुन्छ जहाँ गएर सबै ग्रन्थिहरू खुल्दछन् । समस्त बन्धनहरू, समस्त भय र अशान्तिहरूबाट मानव–आत्मा मुक्त हुन्छ । "आहारशुद्धौ सत्त्वशुद्धिः सत्त्वशुद्धौ ध्रुवा स्मृतिः स्मृतौ ध्रुवायां सर्वग्रन्थिविमोकः ।।" चित्त निर्मल भएमा कसैप्रति पनि अमङ्गल कल्पना आउँदैन । चित्त अमङ्गल कल्पनाबाट मुक्त हुने वित्तिकै प्रसन्नताको भाव स्थायी हुन्छ । अनि प्रसन्नता अथवा प्रसाद अखण्ड रूपले स्थायी भएपछि सबै दुःखहरू, अशान्तिहरू आफैं पन्छिदै जान्छन् । "प्रसादे सर्वदुःखानां हानिरस्योपजायते ।" यस प्रसादलाई पाएर जीवनलाई सदा सुखपूर्ण तुल्याउन चित्तको शुद्धि अत्यावश्यक छ ।

हामी व्यावहारिक जीवनमा देख्तछौं अरूप्रति कहिल्यै अहित नचिताउने मानिस सधैं शान्तिमा हुन्छ । उसलाई सबैले आदर गर्दछन् । सबैबाट प्रेम र सद्भाव पाउँछ । मनमा अशुद्ध विचारहरू, अरूप्रतिका अमङ्गल सोचाइहरू ल्याइरहने मानिस सधैं उद्विग्न, भयभीय र अशान्त बनिरहन्छ । किनकि हाम्रा प्रत्येक सोचाइका कुनै न कुनै रूपमा भावात्मक तरङ्गहरू यत्रतत्र छरिन्छन् र तिनले त्यस्तै भावहरू जसप्रति अमङ्गल चिताइएको हो त्यसमा पनि उमार्दछन् र त्यसको परिणामस्वरूप वातावरण नै दूषित बन्न जान्छ । सकिन्छ भने अरूलाई बनाइदिऔं, बिगार्ने काम चाहिं नहोस्, यो पवित्र विचार चित्तमा आउनु आवश्यक छ । हामी मनको निर्मलताले जगत्–देखि लिएर जगदीश्वरसम्मलाई रिझाउन सक्तछौं । परमात्मा त्यसैलाई प्राप्त हुन्छन्, जसको चित्त निर्मल छ । सबैको प्रेम पाउने सौभाग्य त्यसैलाई मिल्दछ जो सबैप्रति शुभेच्छा राख्तछ । जीवन–सफलताको निम्ति मनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वच्छता अमोघ वरदान हो । त्यसैले दैवी सम्पत्तिको दोस्रो मर्यादाको रूपमा "सत्त्वसंशुद्धिः" लाई राखिएको छ ।

चित्तको शुद्धि निम्ति हाम्रो आहारविहार, हाम्रो सुनाइ, हेराइ, सोचाइ सबैको शुद्धि परमावश्यक छ । तर यी सबैभन्दा पनि चित्तको शुद्धिको निम्ति परमात्माप्रतिको अनन्य आस्था सर्वोपरि सहायक छ । परमात्मा पावनभन्दा पावन छन् त्यसैले उनको स्मृति अखण्ड रूपले रहिरहेमा हामी उनैको मन्दिर मानिएको चित्तलाई पनि परम पावन बनाउन सक्छौं । जीवनमा प्राप्त हुने प्रत्येक वस्तुलाई परमात्माको प्रसाद मानी सदुपयोग गरेर सेवन गरौं । त्यस्तो कुनै आहार नलिऔं, जसलाई जुटाउन अरूलाई सताउनु परोस् । त्यस्तो कुनै दर्शन, श्रवण, मनन नगरौं जसले हाम्रो मानसिकता बिगारोस् । विश्वास गरौं हाम्रोसाथ अनन्त, असीम, विश्वात्मा प्रभुको वरद सान्निध्य छ । बलवान् बनौं आन्तरिक रूपले शुद्ध बनौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानयोगको दृढ़ स्थिति

अभय र सत्त्वसंशुद्धिपछि तेस्रो मर्यादा आउँछ "ज्ञानयोगव्यवस्थितिः" निरन्तर ज्ञानयोगमा लागिरहनु । जताबाट पनि ज्ञानकै वृद्धितिर लाग्नु । अज्ञान मृत्यु हो, ज्ञान नै साँचो जीवन हो । त्यो साँचो जीवनको खोजीमा सतत संलग्न रहिरहनु हो– "ज्ञानयोगव्यवस्थितिः ।'

हामी कर्मद्वारा पनि योग प्राप्त गर्न सक्तछौं, जब त्यो कर्म निष्कामतासाथ ईश्वरसेवाको रूपमा गरिन थाल्दछ । हामी भक्तिद्वारा पनि योग प्राप्त गर्न सक्तछौं । कुनै सांसारिक वाञ्छा वा एषणा विना, कुनै भौतिक माग विना अनन्यतासाथ, निष्ठासाथ, अर्पित हृदयले परमात्मालाई नै प्रसन्न तुल्याउने, उनैलाई प्राप्तव्य तुल्याउने दृढ निश्चयले गरिएको भक्ति-भक्तियोग बन्न सक्तछ । त्यसैगरी ज्ञानमात्र पर्याप्त छैन । ज्ञानयोग प्राप्त गर्नुपरेको छ र त्यसैमा सतत अवस्थित रहनु परेको छ। जबसम्म ज्ञान परमात्माको दृढ भरोसामा परिणत हुँदैन तबसम्म ज्ञान होला तर ज्ञानयोग बन्न सक्तैन । कर्मद्वारा भगनान्संग योग, भक्तिद्वारा भगवान्संग योग, ज्ञानद्वारा भगवान्संग योग । योगको अर्थ हुन्छ मिलन । हामी संसारमा रहन्छौं तापनि मिलन हुनसक्तछ भगवान्संग ।

हामी विद्यार्थी जीवनमा राजस्थानको यात्रामा थियौं । त्यहाँको जनजीवनको एउटा बिर्सिनसक्ने दृश्य अत्यन्त प्रेरणादायी थियो । राजस्थानका नारीहरू पानीको ज्यादै महङ्गाई हुने हुनाले टाढा–टाढासम्म गएर इनारबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठडो मिहिनतले पानी भरेर ल्याउने गर्दछन् । बारबार जाइरहनु सम्भव नहुने हुँदा एक पटक गएका वेला अनेकौं जलपात्रमा एकैचोटि पानी ल्याउँछन् । शिरमा पहिला सबैभन्दा ठूलो, अनि अलि सानो, अनि अझ सानो गर्दै ५–५ वटासम्म पानीका घैंटा शिरमा राखेर उनीहरू ओहोर दोहोर गरिरहेका देखिन्छन् । तर कुरा अनौठो कहाँनिर लाग्दछ भने त्यत्रो पानीका घैंटाको पंक्ति छ शिरमा तैपनि हातले थामेको हुँदैन । कुराकानी पनि चलिरहेको छ, हँसी–ठट्टा पनि चलिरहेको छ । पाइला पनि यथाक्रम निर्विघ्न रूपले अगि सरिरहेका छन् ।

त त्यसरी वाह्य व्यवहार यथावत् चलिरहेको छ तर तिनको मनमा यो होश प्रत्येक क्षण बनिरहन्छ– शिरका घड़ाहरूको सन्तुलन नगडबडियोस् । उनीहरूले यस्तो अभ्यास बनाइसकेका हुन्छन्. हातगोडाको चलाइ, कुराकानी, हँसी ठट्टा वा अरू जे जे चलोस् वाहिर तर मनचाहिं शिरका घडाको सन्तुलनमा सजग बनिरहेको हुन्छ । यस्तैगरी मानिस यस्तो जीवन जिउन सक्तछ कि व्यवहार गरोस् जगत्मा रहेर परन्तु मन रहोस् परमात्मामा, अनन्तमा, असीममा । "मेरो जिउनुको अर्थ नै परमात्मासित सम्वन्धित बन्नु हो" यो संदीप्त भावना मनमा बनिरहोस् अनि हामी प्रत्येक स्थितिमा 'योग' मा हुन्छौं । दैवी सम्पत्तिको तेस्रो मर्यादामा पनि ज्ञान नभनेर ज्ञानयोग भनिएको छ । यो कोरा ज्ञान होइन परमात्मासित सम्बन्धित ज्ञान अर्थात् परमात्माको सत्ताप्रति अनन्य निष्ठा राख्ने ज्ञान नै यहाँ ज्ञानयोग भनिएको छ । भगवद्-गीताको सातौं अध्यायको १९ सौं श्लोकमा भनिएको छ– "जब धेरै धेरै जन्म–पछि साधकको साधना पूरा हुन्छ ऊ ज्ञानवान् हुन्छ । जब ज्ञानवान् हुन्छ अनि उसले परमात्मालाई प्राप्त गर्दछ र परमात्मालाई प्राप्त गरेपछि उसलाई वोध हुन्छ सम्पूर्ण वासुदेवमय रहेछ भन्ने कुरा । त्यस्तो वोध भइसकेको महात्मा व्यक्ति दुर्लभ हुन्छ । यो पूर्णतम स्थितिमा पुग्ने साधक वहुतै कम हुन्छन् ।"

वहूनां जन्मनामन्ते ज्ञानवान् मां प्रपद्यते
वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥

भगवद्गीता ७।१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान के हो अज्ञान के हो त्यो गीताको तेह्रौं अध्यायमा स्पष्ट पारिएको छ। तेह्रौं अध्यायको आठौंदेखि बाह्रौं श्लोकसम्म पल्टाएर हेरेमा जसरी यहाँ सोह्रौं अध्यायमा दैवी सम्पत्ति र आसुरी सम्पत्तिका लक्षण आउँछन् त्यसैगरी त्यहाँ ज्ञानका लक्षणहरू प्रतिपादित छन् । ज्ञानका ती लक्षणबारे कुन क्रममा चर्चा गरौंला। आऔं ज्ञानयोगव्यवस्थितिमै केन्द्रित बनौं ।

श्रुतिको उद्घोष छ– "ऋते ज्ञानान्न मुक्तिः" अर्थात् ज्ञान प्राप्त नभैकन मुक्ति सम्भव छैन । हामी एकैछिन उदाहरणको रूपमा व्यवहार जगत्कै कुरा गरौं। संसारमा जहाँ जहाँ ज्ञानको उज्यालो छ त्यहीं मानिसले मुक्तिको अनुभव गर्न पाएको देखिन्छ। हामी रोगबाट मुक्ति लिऔं, भोकबाट मुक्ति लिऔं, सबै मुक्ति ज्ञानमा निर्भर छ । हामी रोगी भएर कसैको सामु जान किन बाध्य हुन्छौं ? किनकि हामीलाई स्वास्थ्यको ज्ञान छैन । कसरी स्वस्थ रहन सकिन्छ त्यसको ज्ञान नभएकोले नै हामी रोगले निन्याउरो बन्नुपर्ने बन्धनको स्थितिमा हुन्छौं । चिताएको काम गर्न रोगले दिदैन। बन्धन हुन्छ । यो रोगको बन्धन स्वास्थ्यको अज्ञानले हुन्छ। अज्ञान जति जम्मै बन्धनकारी हुन्छ । जब हामी स्वस्थ, सन्तुलित, सरल, सहज आहार विहारको ज्ञान सिक्छौं हामीलाई रोगको बन्धनबाट मुक्ति मिल्दछ। स्वस्थताको ज्ञान भयो, रोगबाट मुक्ति हुन्छ । हामी दरिद्रताको बन्धनमा हुन्छौं किन ? किनकि हामीलाई सम्पन्नताको बाटोतिर लाग्ने ज्ञान भएन । श्रमशक्तिको सदुपयोग गर्ने ज्ञान भएन, कुनै सीप, दक्षता, काम गर्ने कौशलको ज्ञान भएन। हामी उत्पादक जीवन बिताउने ज्ञान प्राप्त गरौं । हामी दरिद्रताको बन्धनबाट मुक्त हुन सक्छौं।

लक्ष्मी कहाँ आउँछिन् ? जहाँ उद्योग छ, क्षणक्षणको सदुपयोग छ, शिल्प छ, दक्षता छ, उत्पादक जीवन छ सम्पत्तिको बास त्यहीं हुन्छ। "उद्योगिनं पुरुषसिंहमुपैति लक्ष्मीः।" बिना कर्मठता भाग्यले दिन्छ भन्नेहरू त कातरहरू हुन्– "दैवेन देयमिति कापुरुषा वदन्ति।" परमात्माले मानवलाई जति शक्ति दिएका छन् त्यसको सयौं अंशमा एक अंश पनि उसले राम्ररी सदुपयोग गरोस् ऊ दरिद्रताबाट मुक्त हुन सक्छ । आखिर त्यहाँ पनि आवश्यक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ ज्ञान । शिल्पको ज्ञान होस्, दक्षताको ज्ञान होस्, काम गर्ने कलाको ज्ञान होस् । जताततै ज्ञानकै गरिमा छ । मुक्तिमात्र ज्ञानबाट संभव छ, बन्धनमात्र अज्ञानबाट पैदा हुन्छ । "ऋते ज्ञानात् न मुक्तिः" – ज्ञान नभई मुक्ति संभव छैन" यो मूलमन्त्र हो-के व्यावहारिक, के पारमार्थिक दुवै क्षेत्रमा ।

आध्यात्मिक जगत्मा त ज्ञान सर्वोपरि निधि हो । सर्वत्र, सर्वदा मुक्तिको स्थितिमा रहन सक्ने जीवात्मा अज्ञानले नै बन्धनमा परेको छ । जीवनको परम फल हो मुक्ति परन्तु ज्ञानको अभावले जीवले सर्वत्र बन्धन मात्र पाइरहन्छ । एकजना महान् तत्त्वचिन्तक भन्दछन्– "सांचो सार्थक जीवन प्रेमद्वारा अनुप्राणित र ज्ञानद्वारा आलोकित हुन्छ ।" जीवनमा यो स्थिति नआइकन हामी जीवनको पूर्णतामा पुग्न सक्तैनौं । भनौंला प्रेम त संसारभरका मानिसले गर्दछन् परन्तु ज्ञानद्वारा प्रकाशित प्रेममात्र वास्तवमा मुक्तिदायी हुन्छ । ज्ञानविनाका यावत् सम्बन्धहरू केवल बन्धनकारी हुन्छन् । प्रेम पनि जब ज्ञानद्वारा आलोकित हुन्छ, अनि ईश्वर उन्मुख हुन्छ र ईश्वरोन्मुख प्रेम नै मुक्ति हो । कसरी प्रेम गर्ने ? त्यसको पनि ज्ञान आवश्यक छ नत्र देखिन्छ प्रेम पनि घोर बन्धनमा परिणत भएको । ज्ञान, ज्ञान, ज्ञान, जीवन ज्ञानमा छ । अज्ञान नै वास्तवमा मृत्यु हो । त्यसैले गीतामाता हामीलाई आह्वान गर्दछिन् "ज्ञानयोगव्यवस्थितिः" भनेर । हामी ज्ञानद्वारा भौतिक समृद्धितिर लम्किन सक्तछौं र ज्ञानद्वारा नै आध्यात्मिक सिद्धि प्राप्त गर्न सक्तछौं । दुवै पक्षमा बाँडिएको हाम्रो सर्वाङ्गीण जीवन ज्ञानद्वारा नै पूर्णतामा पुग्न सफल हुनेछ । आऔं परमात्मासित पुकारौं । भगवन् ! हामीलाई भित्रभित्रैबाट खोक्रो तुल्याउने अकर्मण्यता, शिल्पशून्यता, आलस्य, प्रमाद र अन्ततः अज्ञानको सम्पूर्ण अन्धकारबाट क्षणक्षणको सदुपयोग, कर्मठता, समुत्थान र ज्ञान चेतनाको उज्यालोमा पुऱ्याइदिनोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दान

आऔं अब हामी दैवी सम्पत्तिको चौथो मर्यादा दानबारे विचार गरौं । दान जीवनमा परिपालन गर्नुपर्ने यस्तो नैतिक मूल्य हो जसबाट मानव अमृततत्त्वको भागी बन्न सक्तछ । दान कुन मन:स्थितिले गरिनु पर्दछ, कस्तो दान आत्मालाई बन्धनमुक्त गराउने हुन्छ त्यसबारे राम्ररी मनन गरौं ।

दान मानवीय चरित्रभित्रको कोमलतालाई व्यक्त गर्ने करुणालाई प्रस्फुटन दिने महत्तम मूल्य हो । व्यक्तिले समाजप्रति व्यक्त गर्ने सर्वोत्तम उपहार हो दानको भावना, केही न केही परहितको लागि अर्पित गर्ने भावना। संसारको सम्पूर्ण सृष्टिभरि अरूको हितको लागि विचारपूर्वक केही उत्सर्ग गर्ने प्राणी मानवमात्र पाइन्छ । त्यसैले मानवताका पोषक उदात्त मर्यादाहरूमा दानको भावनालाई सर्वोच्च रूपमा हेरिन्छ ।

सम्पूर्ण धर्मजगत् अनादिकालदेखि दानधर्मका अपरिमित उदाहरण-हरूबाट भरिएको छ । आफ्नो व्यक्तिगत हितको दृष्टिले राज्य, स्वर्ग, मोक्ष अनि समस्त उत्तमोत्तम सुखस्रोतहरूलाई छोडेर दीनदु:खीहरूको दु:खनिवारण-लाई नै परम सुखको आधार स्वीकार्ने महामानवहरूका पावन गाथाहरूले समस्त आर्य वाङ्मय नै भरिएको छ । महर्षि दधीचि, उशीनरनरेश शिबि, राजर्षि रन्तिदेव, धर्मप्राण महाराज रघु, शीलादित्य सम्राट् हर्षवर्धन जस्ता सर्वस्वदानीहरूका प्रेरणादायी जीवन प्रसङ्ग भएका असंख्य दानवीरहरूका गाथा अतीतकालदेखि आजसम्म पनि मानव जातिमा देखन, सुन्न, पढ्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाइँदै आएका छन् । वास्तवमा यस सृष्टिचक्रभित्र अर्काको निम्ति आफ्नो साधनबाट दान दिने दानशीलहरू पनि छन् र नै यो सृष्टि रसिलो छ, रमणीय छ । यो पृथ्वीलाई धारण गर्ने सात तत्त्वहरूको गणनाक्रममा दान-वीरहरूको पनि गणना गरिएको छ । सृष्टिको प्रत्येक अङ्गमा दानको प्रवाह वगेको पाइन्छ । वृक्षहरू फल दिन्छन्, फूल दिन्छन्, छाया दिन्छन्, लकडी दिन्छन् । नदीहरू पानी दिन्छन् र प्यास मेटाइदिन्छन्, धर्ती सिँचिदिन्छन्, विजुली उत्पन्न गर्दिन्छिन् । धर्तीका दानको त सीमै छैन । चन्द्र, सूर्य, आकाश, पवन, समुद्र, पर्वत, सर्वत्र दानको पावन धर्म वगिरहेको छ । प्राणीमात्र सृष्टिमा केही न केही दान दिएरै जान्छन् । तर यी सबै दानहरू स्वयंको चेतनाले नभएर प्रकृति-प्रेरणाले भएका हुन्छन् जबकि सर्वोच्च चेतनाको धनी मानिस सोचेर विचार गरेर सहानुभूतिसाथ दान दिने गर्दछ । अनन्त दानप्रवाह सृष्टि-भित्र छ तर मानवले गरेका दानको चाहिं महिमा गाइएको छ । महामानवका रूपमा दानवीरहरूका अमरगाथा गाइएका छन् । किन ? किनकि हृदयमा सद्भावना जमाएर चेतनापूर्वक, ज्ञानपूर्वक, सहानुभूतिपूर्वक गरिने दानको सर्वोपरि महत्व हुन्छ । सृष्टिभित्रका अरू प्राणीमा व्यक्तिने दानप्रवाहमा यो चेतना छैन, ज्ञान छैन, सहानुभूति छैन त्यो केवल प्रकृतिचालित छ ।

एकजना अर्वाचीन युगका सहृदय दानीको चर्चा यहाँ गरौं । वङ्गालमा ठूलो अनिकाल परेको थियो । मानिसहरू भोकले छटपटाएर आफ्नो गाउँघर केही नभनी भाग्न थालिसकेका थिए । जति मानिस देखिन्थे सबै याचक । मानिसहरू दुःखले रोइकराइ गरेर जीवन गुजारिरहेका देखिन्थे । यस्तैमा वर्दमान भन्ने ठाउँमा महामना ईश्वरचन्द्र विद्यासागरको सामु एउटा फाटेका चिथ्रा पहिरेको कतिदिनदेखि खान नपाएर दुव्लाएको वालक आइपुग्यो । आउनाको कारण सोद्धा उसले वडो विनयी भाषामा विद्यासागरसंग प्रार्थना गऱ्यो– "हजूर ! मेरी आमा र म आज कति दिनदेखि भोकै छौं । एक पैसा दिनुभए हामीले पेट भर्न पाउने थियौं ।" त्यसवेसाको एक पैसा आजको एक रूपैयाँभन्दा पनि वढी क्रयशक्ति राख्दथ्यो । ईश्वरचन्द्रले सोधे– "वाबु ! यदि मैले एक पैसाको सट्टा चार पैसा दिएँ भने तिमी के गर्छौ ?"

केटाले भन्यो– "के गर्थें हजूर ! दुइ पैसाले दुइ जनालाई खान पुग्छ बाँकी दुइ पैसा आमालाई दिन्छु ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"यदि दुइआना दिएँ भने नि !" विद्यासागरले सोधे । केटाले सोच्यो जिस्क्याउन पो लागेछन् । त्यसै फर्किन खोज्दै उसले भन्यो– "हजूर ! मजस्ता दरिद्रबालकसित परिहास गर्नु हजूरलाई सुहाउँदैन । बरू नदिनुभए जान्छु ।"

"मैले परिहास गरेको होइन बाबु ! मैले साँच्ची नै चारआना दिएँ भने तिमी के गर्छौ त ?" विद्यासागरले सोधे ।

"ओहो ! चारआना ?' बालकले गंभीर मुद्रमा सोचेर जवाफ दियो– 'हजूर ! त्यसोभए त मेरो जीविका नै चल्ने थियो । दुइआनाले राम्रोसंग आमाछोरालाई खान पुगिहाल्छ । दुइआनाका आँप लिन्छु र वेच्छु गुजारा चलिहाल्छ ।"

विद्यासागरले केटालाई एक रूपैयाँ दिए । केटाको उत्पादक सोचाइले उनलाई निक्कै प्रभावित तुल्याएको थियो । त्यो घटना घटेका दुइ तीनवर्ष बितेका थिए । विद्यासागरको त असहायहरूलाई मद्दत गर्ने नियम नै बनिसकेको थियो । उनलाई त्यो घटना उति याद पनि थिएन । एकदिन फेरि उनी वर्दमान गए । संयोगवश त्यसै ठाउंमा पुगेछन् जहाँ त्यो वालकले पसल थाप्दै थाप्दै निकै नै प्रगति गरिसकेको थियो । अब त ऊ ठूलो पनि भइसकेको थियो । एकजना युवकले आएर सादर प्रणाम गरेको ईश्वरचन्द्रले देखे । युवकले विनम्र स्वरमा आफ्नो पसलमा गइदिन प्रार्थना गऱ्यो । विद्यासागरले भने युवकलाई चिनेकै थिएनन् । उनले– "मैले तिमीलाई चिनिनँ त बाबु !" भन्दा त्यस युवकका आँखाबाट आँसु आए । उसले विद्यासागरवाट एक रूपैयाँ पाएर आफ्नो भविष्य बनाएको सम्पूर्ण प्रसङ्ग वेलिविस्तार लाएर सुनायो । एक रूपैयाँ पाएपछि उसले फेरीवाला पसलेको व्यवसाय शुरू गरेको थियो र अहिले त ऊ निकै रहरलाग्दो पसलको धनी नै भएको थियो । आफूले दिएको सानो दानले पनि कसैको भाग्य बनेको देखेर विद्यासागरलाई पनि असीम हर्ष भयो । त्यस युवकलाई उत्साहित तुल्याउन उनी कैयौं घण्टासम्म त्यस अतीतको स्नेहपात्रको पसलमा बसे ।

अरूको भविष्य बनाइदिन स्वयंको साधनबाट केही दान गर्ने यस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महामनाहरूका चरित्रले संसारमा मानवता सुरक्षित रहेको छ । मानवता सुरक्षित छ र नै कुनै पनि स्थितिमा धर्मको गौरव उज्ज्वल रूपमा रहिआएको छ। आफ्नो साधन र शक्तिलाई अरूको उत्थानमा सहयोगी भएमा नै सार्थक मान्ने यी मानवरत्नहरूका गाथाले दैवीसम्पत्तिको शाश्वत महिमा गाउँछन् ।

सज्जन को हो ? र खल को हो ? भन्ने कुरा छुट्याउनु पर्दा नीतिकारहरूले परिचयको एउटा सीमारेखा कोरेका छन् ।

त्यो सीमारेखाले भन्दछ– "खल त्यो हो जहाँ विद्या विवादको लागि, धन शेखीको लागि, शक्ति चाहिं अरूलाई सताउनको लागि हुन्छ। साधुको चाहिं यसको विल्कुल उल्टो हुन्छ । साधु को हो भन्दा जसको विद्या ज्ञानको लागि, धन दानको लागि र शक्ति चाहिं अरूलाई उठाउनको निमित हुन्छ ।

विद्या विवादाय धनं मदाय
शक्तिः परेषां परिपीडनाय ।
खलस्य साधोर्विपरीतमेत–
ज्ज्ञानाय दानाय च रक्षणाय ॥

आसुरी सम्पत्तिले खल बन्नपट्टि र दैवी सम्पत्तिले साधुतापट्टि लैजान्छ ।

दान कति प्रकारले गर्न सकिन्छ ? कुन स्थितिमा गर्न सकिन्छ ? के सम्पन्नता आवश्यक छ दानको लागि ? यी प्रश्न उठ्छन् । तर दान विभिन्न प्रकारले गर्न सकिन्छ । सम्पन्नतामा पनि दान हुन्छ, गरीबीमा पनि दान हुन्छ । ५ लाखमा पनि दान हुन्छ र ५ पैसामा पनि दान हुन्छ । अरूप्रतिको कल्याणकामनापूर्वक दिइएको एक पैसामा पनि निष्कामता र करुणाको भाव छ भने त्यो महादान हुन्छ । त्यसैले आफूसंग धेरै भए पो दान गर्नु, आफैंसंग नपुग भएपछि के दान गर्नु ? भन्ने भनाइ विल्कुलै स्वस्थ सोचाइको उपज होइन । दिन चाहने जुन स्थितिमा पनि सम्पन्न हुन्छ । अनि दिन नचाहने जुन स्थितिमा पनि गरीबै हुन्छ । अनि अर्को कुरा दान दिने र लिने यी दुइ कुरा सबैमा समान रूपले चलिरहनु पर्दछ । दिनेको वर्ग र लिनेको वर्ग बनेर लिनेलाई लिनेमात्र अधिकार, दिनेलाई दिनेमात्र कर्तव्य यस्तो वर्गगत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूढिग्रस्त रूप हुनुहुन्न । लिनुपर्छ तर दिनलाई । जसले दान पाएको छ, त्यसले पनि अरूलाई आवश्यक पर्दा सामर्थ्य अनुरुप त्यसैगरी दिनुपर्छ । अनि दैवी सम्पत्तिको अनुसरण हुन्छ, हामीसंग जे छ त्यो अरू निम्ति पनि पुग्नुपर्छ । धन होस्, बल होस्, बुद्धि होस्, भावना होस्, अरूको कल्याणको निम्ति त्यसको दान हुनु आवश्यक छ । अन्नदान, वस्त्रदान, बलदान, बुद्धिदान, विद्यादान, सेवादान । दानका अनेकौं रूप हुन्छन् र अनेकौं रूपबाट हामीले दानी बन्ने प्रयत्न गर्नु राम्रो छ । समाजमा बसेपछि हामी केही न केही त दिइरहेका हुन्छौं नै तर राम्रै कुरा दिन सक्ने कोशिश हाम्रो रहनुपर्छ, नराम्रो होइन । यसैलाई साधना भनिन्छ । राम्रो, राम्रो, राम्रो । हरेक कुरामा जब राम्रोपट्टि हाम्रो आकर्षण बढ्दछ अनि हामीलाई साधनाको दिशामा प्रगति गर्ने शक्ति प्राप्त हुन्छ। हामी दैवी सम्पत्तितिर अगि बढ्छौं । स्वयंप्रति राम्रो गरौं, अरूप्रति राम्रो दिऔं ।

दानमा प्रत्युपकारको भावना सबैभन्दा निकृष्ट मानिन्छ । अहिले यति दिंदा त्यसले मलाई के देला ? यो दान होइन सौदागिरी हो । भगवान्ले भगवद्गीताको एघारौं अध्यायमा "मलाई दानले पाउन सकिन्न" भन्नु भएको छ । त्यो यस्तै स्वार्थप्रेरित दानलाई लिएर भन्नु भएको हो । जुन दान निष्कामतासाथ गरिन्छ, फलाशा त्यागी प्रभुसेवाको भावनाले गरिन्छ त्यो दान त पावन छ । अठारौं अध्यायमा भगवान् नै भन्नु हुन्छ– "यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम् ।" पहिले मनीषी बनौं र दान दिऔं, बुझेर निष्कामतासाथ गरौं । हामी साँचो मानेमा बाँचिरहेका हुनेछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रियविजय

अब हाम्रो सामु दैवी सम्पत्तिको यस्तो मर्यादा उपस्थित छ जो आत्मविजयको रूपमा सम्मानित छ । जो इन्द्रियविजयी छ संसारमा मानव-मात्रको निमित्त प्रेरणादायी महान् कार्य गरेर जान सक्ने त्यही हुन्छ । महा-पुरुषहरू भन्दछन्– "जो आत्मविजयी छ त्यो संसारको सबैभन्दा ठूलो विजेता हो ।" आऔं व्यावहारिक तहमा इन्द्रिय संयमबारे केही चिन्तन गरौं ।

प्रायः प्रश्न गरेको सुनिन्छ गृहस्थजीवनमा पनि इन्द्रियसंयम संभव छ र ? संसारमा बाँच्नेले संसारी नै नबनी हुन्छ र ? आदि आदि । यो त मानिसको लक्ष्यनिष्ठा र साधनामा भर पर्दछ । मानिस केको लागि जिउँछ त्यसमा भर पर्दछ । यदि संसारका लागि जिउँछ भने संसारी नै बन्दछ त्यहाँ न संयम संभव छ न साधना । तर यदि मानव भगवान्को लागि जिउँछ भने, पूर्णताको लागि जिउँछ भने, आध्यात्मिक लक्ष्यप्राप्तिको लागि जिउँछ भने दम अर्थात् इन्द्रियसंयम अवश्य संभव छ । मानिसमा आत्मबल जागृत हुन्छ सङ्कल्पशक्तिबाट, सङ्कल्पशक्ति विकसित हुन्छ भग-वत्साधनाबाट, भगवत्साधनामा रुचि बढ्छ जीवनको सार्थकता, सफलता र पूर्णताप्रतिको अनुरागबाट । जो जीवनको पूर्ण सफलताप्रति जागरूक छ त्यो मर्यादित बन्न सक्तछ । जसमा यो जागरूकता छ त्यो प्रत्येक आश्रममा मर्यादित रहन्छ र जसमा यस जागरूकताको स्पर्श छैन, मानवको आध्यात्मिक सत्ताप्रति पूरै आँखा चिम्लेर केवल शरीर–मानव बनेर जिउँछ, त्यसले कुनै पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आश्रममा प्रवेश गरोस् मर्यादित बन्न गाह्रो हुन्छ । प्रश्न आश्रमको छैन प्रश्न छ लक्ष्यनिष्ठाको ।

गृहस्थाश्रममा प्रवेश गर्दैखेरि विवाहसंस्कारद्वारा प्रवेश गरिन्छ र पतिले एकपत्नीव्रत र पत्नीले पातिव्रत्यको परिपालनपूर्वक वैध रूपमा गर्ने मर्यादित विषयसेवनलाई शास्त्रले अनुमोदन गरेको छ । तर गृहस्थको विषय-सेवन प्रजाको लागि अर्थात् उत्कृष्ट सन्तति प्राप्त गर्नको लागि अनुमोदित गरिएको छ । केवल शारीरिक सुखको लागि होइन । पति–पत्नीको यो आश्रम–प्रवेश आध्यात्मिक लक्ष्यमा नै केन्द्रित छ भौतिक वासनाको परिपूर्तिमा होइन । गृहस्थजीवनलाई आश्रमशब्दले सम्बोधन गरिनुले र उत्तम सन्ततिहरूको निर्माणनिम्ति गरिएका शास्त्रीय विधि र प्रयोगहरूले यस कुरालाई प्रमाणित गर्दछन् । मूल कुरा उही हुन्छ हामी शरीरमानव बनेर बाँच्न चाहन्छौं कि आत्ममानव ? शरीरमानव त साधनानिरपेक्ष रहन सक्छ, संयमनिरपेक्ष रहन सक्छ तर आत्ममानव केवल शारीरिक सुखमा हराउन सक्तैन र चाहँदैन पनि । त्यस्तै आत्ममानवहरू संयमरूप दैवी सम्पत्तिको अनुसरण गरेर सच्चा धनी बन्दछन् र समाजका लागि वरदान बनेर बाँच्तछन् ।

आत्ममानवको रूपमा बाँच्ने रहर जागृत हुने बित्तिकै परमात्माको आकर्षणले तान्दछ । त्यसका लागि विषयसुखको आकर्षण त्यत्ति नै फीका हुन्छ जति मिश्रीमा औटाएको सुवासयुक्त दूध पिइरहेकाको लागि चिराइताको रस । एकजना भगवत्प्रेम–रस–निमग्न साधक भन्दछन्– "भगवन् ! अमृतको प्रवाह बग्ने तिम्रो चरणपङ्कजको कर्णिकामा आफ्नो आत्मालाई समर्पित गरिसकेको साधकले बाह्य सुखको इच्छा कसरी गरोस्, किन गरोस् ? भमरो कमलको फूलमा बसेर जब मकरन्द रसको पान गर्न थाल्दछ के त्यसलाई उखुको रसको खोजी बाँकी रहन्छ र ?

तवामृतस्यन्दिनि पादपङ्कजे निवेशितात्मा कथमन्यदिच्छति
स्थितोऽरविन्दे मकरन्दनिर्भरे मधुव्रतो नेक्षुरसं समीहते ॥

संयम त्यसै हुँदैन साधना त्यसै हुँदैन । कुनै न कुनै आन्तरिक आकर्षणले मानवलाई भित्रैदेखि आध्यात्मिक झुकाउ नदिइकन मानव न साधक बन्न सक्तछ न संयमी । संयमको प्रसङ्ग आउने बित्तिकै पूर्वाधारको रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आध्यात्मिक रुचि अपरिहार्य हुन आउँछ । अरू कुन प्रलोभनले मानिसलाई त्यति संयमी बनाउन सक्तैन जति आध्यात्मिक आस्थाले । भगवत्साधनाद्वारा आत्मविजयी बनिसकेका आत्मसुखमग्न एकजना भक्त साधकको इन्द्रियसंयमको चर्चा यहाँ गरौं । पन्ध्रौं शताब्दीतिरको कुरा हो–हरिदास नामका एकजना अनन्य भक्त बङ्गालको वनग्राम भन्ने ठाउँमा साधना गरेर बसेका थिए । उनको जन्म मुस्लिम परिवारमा भएको थियो तर भगवत्प्रेमले न जाति हेर्छ, न जन्म । श्री चैतन्यमहाप्रभुको सम्पर्कबाट बढिरहेको कृष्णप्रेमको प्रवाहमा उनी पनि प्रवाहित हुन पुगेका थिए र हरिनामको जपसाधनामा तल्लीन रहन्थे । एकदिन त्यहाँका जमीन्दारले भक्त हरिदासको साधनामा बाधा पार्न एउटी सुन्दरी वेश्या हरिदासछेउ पठाइदिए । वेश्या हरिदासको साधनाकुटीमा पुगी । हरिदास भगवन्नामसंकीर्तनमा लवलीन थिए । रातभर बसी, विविध चेष्टा र भावविलास गरी परन्तु साधनानिमग्न भक्तवर हरिदासको भगवत्प्रेममा विक्षोभ ल्याउने उसको कुचेष्टा विफल नै रह्यो । बिहान भएपछि हरिदास साधनाबाट उठे । वेश्यासंग क्षमा माग्दै भने– 'देवी, म त साधनामा थिएँ, फुर्सद मिलेन त्यसैले तिमीसंग केही कुरा हुनसकेन । मलाई क्षमा गर ।"

भोलिपल्ट, पर्सिपल्ट वेश्या उसैगरी आउँथी, रातभर बस्थी, बिहान भएपछि हरिदास स्नानादिमा लाग्दथे, ऊ लाचारीसाथ फर्केर जान्थी । चौथो दिन वेश्याको हृदय परिवर्तित भयो । ऊ हरिदासको पाउमा परी र आफूले साधनामा विघ्न पार्न खोजेकोमा पछुतो गर्दै क्षमायाचना गर्नलागी । प्रतिदिन रात-रातभर भगवन्नामध्वनि उसको कानमा परेको थियो । एउटा परम त्यागी साधकको सन्निधिमा रहँदा साधनाबाट तरङ्गित हुने भावतरङ्गहरूले उसको मन-प्राणलाई स्पर्श गरिसकेका थिए । उसले विचार गरी– "मेरो रूप–लावण्यले सामान्य मानव संमोहित हुन्छ । तर यी महात्मालाई यसको कुनै आकर्षण नै रहेन । पक्का पनि यी महात्माले आन्तरिक रूपबाट कुनै महान् तत्त्व फेला पारिसकेका छन् ।" उसले गद्‌गद्‌स्वरमा द्रवित हृदयले प्रार्थना गरी– "महात्मन् ! म घोर पापिनी रहेंछु । मेरो मूर्खतालाई क्षमा गरेर मेरो उद्धार गरिदिनुहोस् ।"

हरिदासले उसको कानमा हरिनाम सुनाइदिए र जपमाला दिएर भगवन्नाम–जपको साधना बताए । एउटा भगवत्साधकको इन्द्रियविजयले भट्किरहेको अन्धकारको बटुवालाई उज्यालो बाटो प्राप्त भयो । आफ्नो संगमा भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबै विलाससामग्री दरिद्रनारायणको सेवामा अर्पित गरेर वेश्या परममुक्त भई। भगवद्भक्तिको प्रसादले उसको उद्धार भयो। पापजनक अवैध वासनाबाट यसैगरी बच्नुपर्छ। आत्मसंयमका यस्ता असंख्य उदाहरण साधनाजगत्मा प्रवेश गर्दा फेला पर्दछन्। दम अर्थात् इन्द्रियविजयको प्रेरणा दिएर गीतामाताले हामीलाई यस्ता आत्मबलसम्पन्न शक्तिशाली जीवननिष्ठाप्रति अभिमुख बन्न आह्वान गरेकी छन्। वैवाहिक जीवनको मर्यादाभित्र रही पति तथा पत्नी दुवैले गृहस्थ जीवनमा पनि पूर्ण आत्मसंयम वर्तिन सक्तछन्। यदि जीवन सफल होस्, सन्तति असल होउन्, परिवारमा शान्ति र सुख होस् भन्ने इच्छा जागृत हुन्छ भने संयमभन्दा ठूलो सहयोग अरू कुराले दिँदैन। संयमी व्यक्ति शरीरबल, मनोबल, आत्मबल सबै दृष्टिले बलसम्पन्न हुन सक्तछ। संयमी व्यक्तिलाई सन्तान धेरै होलान् भन्ने पीर हुँदैन। सह्यार-संभार गर्न सकिने, योग्य बनाउन सकिने, चाहिए जति मात्र सन्तति प्राप्त गर्ने इच्छा पनि संयमी व्यक्तिले स्वयंको जागरूगताबाट पूरा गर्न सक्तछ। शारीरिक अस्वास्थ्य, मानसिक विकृतिजस्ता सङ्कटपूर्ण स्थिति सिर्जिने कुनै पनि कृत्रिम उपाय अपनाइरहनु पर्दैन यदि संयम साधनामा जागरूक रहेमा।

हामी कुनै नदीलाई हेरौं जहाँ पानी छरिएको छ त्यहाँ प्रवाह मन्द हुन्छ र त्यहाँ कुनै विद्युत्शक्तिको आविर्भाव हुने आशा गर्न सकिन्न। परन्तु जहाँ पानी एकै मुस्लो भएर बगिरहेको हुन्छ त्यहाँ गति तीव्र हुन्छ र त्यस्तै ठाउँबाट विद्युत्शक्ति पैदा हुन्छ। हाम्रो असंयमी प्रवृत्तिले हामीलाई छरिएको नदीजस्तै गतिहीन र शक्तिहीन तुल्याइरहेको हुन्छ। त्यसैले मानिस कुनै पनि आश्रमको होस्, संयम उसको लागि वरदान हुन्छ। संयमी व्यक्ति सामान्य आयुभन्दा बढी बाँचेका असंख्य उदाहरणहरू रातौंदिन सुन्दछौं, पढ्दछौं। शक्तिसंचयको सर्वोपरि साधन संयम नै हो। शक्तिहीनता र विपत्ति विलासिता र भोगका सहगामी छन् भने शक्तिसम्पन्नता र सम्पत्ति संयमका सहगामी छन्। छान्नु र लाग्नु मानिसको विवेकमा भर पर्दछ। हामी भगवान्का बनेर, आत्ममानव बनेर पूर्णताको जीवन जिउँछौं, कि संसारका बनेर शरीरमानव बनेर अपूर्णताको जीवन जिउँछौं त्यसैमा हाम्रो जीवननिर्माण भर पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यज्ञभावना

जीवनमा असंख्य कलाहरू हुन्छन् । ती कलाहरूलाई विकसित गरेर मानिस व्यावहारिक जीवनमा सुखी र सुव्यवस्थित हुन्छ । जीवनमा एउटा पारमार्थिक कला हुन्छ जसलाई मुक्तिकला भनिन्छ । जीवनमा सर्वप्रकारका आवश्यक साधनहरूले सम्पन्न बनेर पनि, रातदिन सक्रिय, कर्मठ एवं उद्योगशील रहेर पनि आसक्तिजन्य बन्धनबाट मुक्त बन्ने एउटा त्यस्तै कलाको पालो अब आइपुगेको छ ।

पालो छ यज्ञभावनाको । यो दैवी सम्पत्तिको छैटौं मर्यादा हो । यज्ञ भन्नाले हामीले झस्किनु पर्दैन । राजसूययज्ञ, वाजपेययज्ञ, सौत्रामणि यज्ञ, अश्वमेध यज्ञ जस्ता विशिष्ट विधिविधान र सामग्रीसाथ सम्पन्न गरिने विशाल यज्ञमात्र यज्ञ होइनन्, हामीसंग जे छ, जति छ त्यसैबाट गर्न सकिने कति सूक्ष्मातिसूक्ष्म यज्ञहरू पनि छन् जसको अनुष्ठान हामी प्राप्त साधनाले नै सजिलै गर्न सक्तछौं ।

भगवद्गीताको भाषामा भन्ने हो भने त जीवन नै यज्ञमय छ । सृष्टिको विधान नै यज्ञका साथसाथ भएको छ । भगवद्गीताको तेस्रो अध्याय राम्ररी पढेको खण्डमा वैदिक धर्मले जीवनको जुन सुन्दरतम व्याख्या दिएको छ त्यसलाई प्राप्त गर्न सकिन्छ । संझेर, बुझेर हामी जीवनयापन गरौं, हाम्रो जीवन नै यज्ञ बन्नेछ । हाम्रो घरगृहस्थी, हाम्रो खेतिपाती, हाम्रो बन्द–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्योपार, हामीले गर्ने यावत् व्यवसाय यज्ञरूप हुन सक्तछ । हामी सम्पूर्ण जीवन यज्ञको रूपमा परिणत गर्न सक्तछौं । केवल आवश्यक छ दृष्टिपरिवर्तन । हामी भौतिकसुखको लागि कर्म गर्न छोडेर आध्यात्मिक उन्नतिको लागि कर्म गर्न थालौं, त्यसै दिनदेखि हाम्रो जीवन यज्ञरूप बन्न थाल्नेछ । कुनै अतिरिक्त सामग्री जुटाइरहनु पर्दैन–यज्ञ गर्न । हामीसंग जे छ त्यो नै पर्याप्त हुन्छ । कुनै नयाँ ठाउँमा गइरहनु पर्दैन, हामी जहाँ छौं, त्यही थलो यज्ञभूमि बन्न सक्तछ ।

यज्ञका अनेकौं रूप छन् । विशेष गरी गृहस्थजीवनको निम्ति पाँच यज्ञको विधान गरिएको छ । गृहस्थजीवनमा खेतबारीमा जोतखन गर्दा, वृक्षलता आदिको छेदन गर्दा, अन्न कुट्दा र पिस्दा अनि यस्तै यस्तै असंख्य कार्यहरूमा जानी नजानी अनेकौं प्राणिहिंसा भएको हुन्छ, अरूको जीवनमा आघात पर्न गएको हुन्छ । त्यसले मानिसलाई पापको स्पर्श हुन्छ । त्यसबाट मुक्त भएर आत्मालाई पवित्र तुल्याउने सदुद्देश्यले गृहस्थजीवनको निम्ति देवयज्ञ, ऋषियज्ञ, पितृयज्ञ मनुष्ययज्ञ र भूतयज्ञ अर्थात् प्राणियज्ञ यी पाँच यज्ञहरूको विधान गरिएको छ । देवयज्ञ भन्नाले भगवान्का विभिन्न रूपमा गरिने आराधना सम्झनु पर्दछ । ऋषियज्ञ भन्नाले आध्यात्मिक ज्ञान बढाउने उत्तम ज्ञान–भक्तिवर्धक सत्शास्त्रहरूको अध्ययन सम्झनु पर्दछ । पितृयज्ञ पितृहरूको कल्याणकामनाले गरिने सत्कर्म हो, मनुष्ययज्ञ अतिथिसत्कार हो । त्यस्तै पशुपंक्षी कीटपतङ्गसम्मलाई पनि केही सेवा पुग्ने गरी गरिने उपकारको कार्य भूतयज्ञ कहलाउँछ । यी सबै महान् यज्ञ हुन् । यिनको अनुष्ठानबाट मानिस गृहस्थाश्रममै रहेर पनि पावन बन्न सक्तछ । भगवद्गीतामा द्रव्ययज्ञ, तपोयज्ञ, योगयज्ञ, स्वाध्याययज्ञ,ज्ञानयज्ञ, जपयज्ञ आदि यज्ञहरूको उल्लेख गरिएको छ । भगवान् भन्नुहुन्छ, "एवं बहुविधा यज्ञाः" यस्तै यस्तै असंख्य यज्ञहरू छन् र ती यज्ञहरू केबाट हुन्छन् भनेर नअलमलिए हुन्छ, सबै यज्ञ कर्ममय छन् । कर्मले नै कुनै पनि यज्ञ हुन्छ- "कर्मजान् विद्धि तान् सर्वान् ।" यी सबै यज्ञहरू कर्मबाट पैदा हुन्छन् ।"

हामीसंग कुनै पनि साधन छ–पैसा छ, अन्न छ, वस्त्र छ, हामीभन्दा पछि परेका प्रशस्त छन् तिनलाई केही दिन सक्तछौं भने दिऔं र दिऔं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवद्भावनाबाट, भगवत्सेवा संझेर । त्यो द्रव्ययज्ञ हुन्छ । हामी जीवनमा सहिष्णु बनेर बाँचौं, दुःख आओस् नआत्तिऔं, सुख आओस् नमात्तिऔं, सधैं "सुखदुःख त बाटाका घामछायाँ हुन्, म त भगवान्संग पुग्न आएको यात्री हूँ । भगवान्को सेवक हूँ उनलाई पाएर मात्र म मन्जिलमा पुग्न सक्तछु ।' भन्ने भाव लिएर बाँचौं । सबै पुरा भगवान्मा अर्पित होस्, त्यो तपोयज्ञ हुन्छ । हामी आत्मसंयमको निम्ति यमनियमादिको जति सकिन्छ साधना गरौं र त्यो सम्पूर्ण परमात्मामा चढाऔं योगयज्ञ हुन्छ । हामी सधैंभरि नियमित रूपले वेद, उपनिषद्, रामायण, महाभारत, श्रीमद्भागवत आदि आध्यात्मिक साधनाशास्त्रहरूको अध्ययन गर्ने गरौं र ईश्वरभावनाद्वारा भावित भएर गर्ने गरौं त्यो स्वाध्याययज्ञ हुन्छ । नित्यप्रति भगवन्नामजप, मन्त्रजप गर्ने गरौं जपसाधना अखण्ड चलोस् र त्यसलाई भगवद्-अर्पित भएर गर्ने गरौं त्यो जपयज्ञ हुन्छ । यसैगरी हामी ज्ञानयज्ञ गर्न सक्तछौं । यज्ञ गर्न कहाँ जानुपर्छ र के जुटाउनुपर्छ ? हामीसंगै यज्ञ छ, हामी सधैं यज्ञको अनुष्ठान गर्न सक्तछौं । न समयविशेष पर्खिरहनु परेको छ न सामग्री जुटाउने चिन्ता लिइरहनु परेको छ । जहाँ जीवन छ, त्यहीं यज्ञ छ । यज्ञ त साथी हो जीवनको । औपचारिक यज्ञ र अनौपचारिक यज्ञ दुइथरी यज्ञ हुन्छन् । समयविशेषमै मात्र, स्थानविशेषमै मात्र, सामग्रीविशेषले मात्र व्यक्तिविशेषले मात्र गर्न सकिने यज्ञ औपचारिक यज्ञ हुन् । सदा, सर्वत्र, सबैले गर्न सकिने यज्ञ अनौपचारिक यज्ञ हुन् । अनौपचारिक रूपमा सम्पूर्ण सृष्टिचक्र नै यज्ञरूप छ। सर्वशास्त्रमयी भगवती गीतामाताले हामीले जीवनमा यज्ञ गर्ने होइन जीवन नै यज्ञमय बनाउन आह्वान गरेकी छन् ।

हो, जीवन यज्ञमय बनाउन दुइटा तगारा छन् तिनलाई चाहिं छिचोल्नै पर्छ । ती दुइटा तगारा हुन् 'अहं' र 'मम' । म र मेरो । अनन्तकोटिब्रम्हाण्डनायक, अनन्तकोटिब्रम्हाण्डका, अनन्तकोटिजीवजगत्का अनन्तकोटि जीवन-आशाका पूरक, कणकणव्यापी, सर्वशक्तिवान्, सर्वाधिष्ठान, सर्वसाक्षी, सर्वाधार, सर्वनियन्ता परमेश्वरको अनन्तगरिमामय सत्ताको सामु 'म कर्ता' भन्ने अहं हुनु एउटा तगारो हो भने सर्वाधिकारी प्रभुका सामु यो मेरो भनेर उनको वस्तुलाई आफ्नो मान्नु अर्को तगारो हो । यी दुवैथरी तगाराबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[illegible] पर्छ । प्रत्येक कर्मलाई भगवद्–आराधनामा वदल्न, यज्ञमा वदल्न नदिने सधैं वन्धनमा राख्ने यी दुइटा तगाराले छेकुञ्जेल यज्ञभावनाले जीवनमा स्थान पाउन सक्तैन ।

प्रश्न उठ्तछ के त संसारमा जिउनले [illegible] नभनी काम चल्छ ? कसैले कुनै कुरा कसको हो भनेर सोद्धा [illegible] भनिहालेन भने भएको वस्तु गुम्दछ, त्यस्ता पनि स्थितिहरू हुन्छन् । फलानु को हो भनेर व्यवहारमा वरावर प्रश्न आउँछन् 'म हूँ" भनेर भनिनहाले कस्ताकस्ता अवसरहरूवाट वञ्चित हुनतुपर्छ । 'अहं र मम' म र मेरो त्यो त जीवनको अस्तित्वको लागि अपरिहार्य लाग्दछ यसलाई कसरी छोड्ने ? यो प्रश्न उठ्छ । तर त्यसको पीर नमाने पनि हुन्छ । मेरो त सेठले पनि भन्छ । काम चलाउनलाई मुनीमले पनि सेठको चीजलाई आफ्नै भन्नुपर्ने हुन्छ । तर मुनीमलाई राम्ररी थाहा हुन्छ "परचक्रीका सामु मैले सेठको प्रतिनिधि भएर यसलाई मेरो भनिदिएको मात्र हो वास्तवमा त यो सेठकै धन हो ।" वस, मुनीमजी सधैं मुक्त छन् । कति धन आउँछ कति जान्छ, सञ्चालन उनै गर्दछन् तर भित्र मनमा मुनीमजीको सधैं वनिरहन्छ 'इदं न मम' "यो मेरो होइन ।" त्यसैगरी संसारमा व्यवहार चलाउन म पनि भन्नुपर्ला, मेरो पनि भन्नुपर्ला, तर भित्र मनमा चाहिं भाव वनिरहोस् 'इदं न मम' "यो मेरो होइन, प्रभुको हो ।" अनि यसरी मुक्त रूपले भित्रबाट सम्पूर्ण जीवन, साधन सबै प्रभुको हो भन्ने अन्तर्दृष्टि खुलोस् त्यसपछि त "यद्यत् कर्म करोमि तत्तदखिलं शम्भो तवाराधनम्"। जे जे कर्म गरौं सबै प्रभुको आराधना वन्दछ, यज्ञरूप नै हुन्छ । नराम्रा कर्म कहिल्यै गरिन्नन्, नराम्रो परिणामको भय पनि रहन्न । भगवान् भन्नुहुन्छ– "मानिस वन्धनमा किन पर्दछ ? किनकि जीवनलाई कसरी यज्ञमय वनाउन सकिन्छ त्यो नै उसले वुझेको हुँदैन । परमात्माको वस्तुलाई ऊ मेरो भन्दछ, परिणामस्वरूप जे जे गर्दछ भगवान्को लागि भन्ने भावनै लिन जान्दैन, मेरो लागि भन्दछ । अनि यज्ञको भावनावाट वञ्चित हुन्छ । त्यसैले वन्धन हुन्छ–"यज्ञार्थात् कर्मणोऽन्यत्र लोकोऽयं कर्मवन्धनः ।" अनर्थको जड शुरू हुन्छ भगवान्को अनन्त–सृष्टिभित्र दुइदिनको निम्ति झुल्किनेले पनि हुँदै नभएको कुरा 'मेरो' भन्न थालेपछि । सोझै कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

छ संसारमा कसैले अरूका धन–मालमा अनधिकार दावी गरेर [illegible] शान्ति पाएको छ ?

प्रश्न फेरि उठ्छ त्यसो [illegible] भगवान्को भक्त त सम्पन्न नहुने नै रहेछ । आफ्नो [illegible] किन मरिमेट्ने ? भावै अर्के भएपछि कसरा [illegible] पीर नमाने हुन्छ । भगवान्को साँचो भक्त त झन् गरीव कहिल्यै हुन सक्तैन । सानोभन्दा सानोदेखि लिएर ठूलोभन्दा ठूलो कामसम्म पनि उसलाई भगवत्सेवा हुन्छ । "भगवान्को सेवा" यो भावना फुर्ने वित्तिकै उसको मनमा जुन उत्साह, जुन साहस, जुन कर्मठता जागृत हुन्छ त्यो वर्णनातीत छ । जहाँ योगेश्वर श्रीकृष्ण छन्, जहाँ धनुर्धर अर्जुन छन्, त्यहाँ त सधैं श्री हुन्छिन्, विजय हुन्छ, वैभव हुन्छ । जसका लागि जीवनको एक क्षण पनि दुरुपयोग गर्नु पाप हुन्छ, त्यो जीवनलाई नै वरदान मान्ने भगवद्-भक्त अनुत्पादक भएर कसरी रहला ? चिन्तै गर्न नपर्ने हुन्छ । मूल कुरा "म र मेरो" को बन्धनवाट माथि उठेर भगवत्समर्पणभाव राखेर हामी कर्ममा प्रवृत्त होऔं, हामी प्रत्येक कर्मद्वारा यज्ञ नै गरिरहेका हुन्छौं । जुन स्थितिमा होऔं जुन व्यवसायमा लागेका होऔं यदि भित्र मनमा परमात्माप्रतिको आस्थाले अनुप्राणित छौं भने हामी क्षणक्षण यज्ञसाधना गर्न सक्छौं । दैवीसम्पत्तिको यो पावन मर्यादाले हामीलाई जीवन नै भगवत्सेवा वनाउने शिक्षा दिन्छ । गृहस्थजीवन साँच्चि नै "आश्रम-जीवन" वन्दछ । वास्तवमा सोचौं त हामी अज्ञातरूपमा आयौं, अज्ञातरूपमा कसैका आमावाबु, कसैका दिदीवहिनी के के कस्ताकस्ता नातामा आवद्ध भएर हामी जीवन विताउँछौं । न कुनै पूर्व-योजना थियो यसको लागि न पूर्व-कल्पना । हामी जानी नजानी सबै प्रभु सेवा गर्दछौं । केवल मनको तहमा त्यसलाई वुझ्न र स्वीकार्न वाँकी हुन्छ । भोलि कहाँ कहाँ पुग्ने, देशका भावी कर्णधार वन्ने वालक सन्तानहरूलाई हामी गृहस्थजीवनमा स्नेहले सहारा दिएर ठूला बनाउँछौं । आखिर सबै यो भगवत्सेवा त हो नि । अलिकति दृष्टि फर्काए कुरा समाप्त हुन्छ । यावत् कुरा यज्ञरूप छ । कुरा नवुझेरै हामी अहंवद्ध वन्दछौं र अपवित्र हुन्छौं, तल झर्छौं, जीवनको दुरुपयोग गर्छौं । पतितपावन परमात्माको सेवाको, यज्ञको भावना उदाउनासाथ हाम्रो जीवन मुक्तितिर अगि वढ्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वाध्याय

दैवी सम्पत्तिका पवित्र मर्यादाहरूको चिन्तनक्रममा हामीले सूत्ररूपले यज्ञभावनासम्मको विचार गरिसक्यौं ।

अब आउँछ "स्वाध्याय"। वैदिक संकृतिमा ज्ञानको सर्वोपरि साधन मानिएको छ स्वाध्याय । श्रुतिको वचन छ- "स्वाध्यायान्न प्रमदितव्यम्" स्वाध्याय-बाट कहिल्यै वञ्चित हुनुहुन्न । राजर्षि मनु भन्दछन्– त्यस्तो वैभव, संपन्नता सबै नै परित्यागयोग्य हुन्छ जसले स्वाध्यायमा बाधा पार्दछ, "सर्वान् परि-त्यजेदर्थान् स्वाध्यायस्य विरोधिन: ।" भगवान् भगवद्गीतामा स्वाध्यायलाई यज्ञकै रूपमा गणना गर्नुहुन्छ । त्यही स्वाध्यायलाई दैवी सम्पत्तिको सातौं मर्यादाको रूपमा यहाँ स्मरण गरिएको छ ।

दैवी सम्पत्तिका यी मर्यादाहरू जाति, वर्ण, लिङ्ग आदि समस्त भेदभन्दा माथि मानवमात्रका लागि निर्देशित छन् । यिनको साधना गरेर कसैले पनि आफ्नो उद्धार गर्न सक्तछ । अब विचार गरौं– 'स्व' भनेको आफू । यहाँ 'स्व' शब्दले सर्वप्रथम जीवजगत्लाई, त्यसपछि मानवलाई र अन्तमा साधकव्यक्तिलाई स्पर्श गर्छ । सबैभन्दा पहिले स्वाध्यायभित्र परमात्माको अंशको रूपमा रहेको जीवात्माले कुन रूपमा रहनु पर्ने हो त्यसतर्फ इङ्गित गरिएको छ । त्यसपछि मानवले मानवताको पोषक बनेर बाँच्न के गर्नुपर्ने हो । त्यसको ज्ञानतिर यसले इङ्गित गर्दछ र अन्तमा साधक व्यक्तिले साधनाको सफलताको लागि कसरी अगि बढ्नु छ ? ऊ कुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थितिमा छ ? कति सफलता प्राप्त गरिसक्यो, अब कति साधना [illegible] छ जस्ता साधनारहस्यहरूको ज्ञानप्रति यसले लक्ष्य गर्दछ ।

स्वाध्यायको लागि चाहिने वाह्य [illegible]रणहरू हुन् सद्ग्रन्थहरू । वेद, उपनिषद्, भगवद्गीता [illegible] साधनाको उच्चतम निर्देशक ग्रन्थ-हरू [illegible] संभव हुन्छ आत्मसाधनाको अङ्गको रूपमा हुनु आवश्यक छ । स्वाध्यायको सर्वभन्दा ठूलो लक्ष्य हो आत्मपरिष्कृति, आत्म-विकास । प्रत्येक व्यक्ति संसारमा आउँदा एउटा आफ्नै 'स्व' लिएर आएको हुन्छ । आफ्नो त्यस विशिष्ट 'स्व' लाई लिएर नै उसको व्यक्तित्व उभि-एको हुन्छ । कोही कलाप्रेमी, सङ्गीतप्रेमी, दर्शनप्रेमी, सेवाप्रेमी हुन्छन्, कोही कृषिप्रेमी, उद्योगप्रेमी, विज्ञानप्रेमी आदि रूपमा सामु पर्दछन् । यो मूल प्रकृति-भिन्नताले नै व्यक्ति-व्यक्तिभित्रको त्यो 'स्व' व्यक्तिएको हुन्छ । त्यो आफ्नो मूलप्रकृति, मूलप्रवृत्तिलाई ठम्याएर अगि बढ्न सक्यो भने मानिस सिद्धिको शिखरमा पुग्नसक्तछ । यसैलाई मूलरूपमा "स्वधर्म" शब्दले स्पर्श गरि-एको छ । आफ्नो प्रकृति अनुसार साधना-क्षेत्र नपाउँदा वा लाग्न नपाउँदा मानिसले अपेक्षितमात्रामा आत्मविकास गर्न नसकेका अनेकौं उदाहरण पाइ-न्छन् । यसरी स्वाध्यायभित्र विशेषरूपमा व्यावहारिक जगत्को लागि आ-आफ्नो प्रकृति अनुकूल भिन्नाभिन्नै स्वाध्याय अपेक्षित हुन्छ तापनि पारमार्थिक दृष्टिले मानवमात्रको साझा साधना आध्यात्मिक स्वाध्यायको रूपमा एउटै हुन आउँछ । मानवमात्रले आफूलाई शरीरको रूपमा होइन आत्माको रूपमा चिन्नुपर्दछ । यो मूल स्वाध्याय हो । आफ्नै स्वरूपको परिचय गराउने यो स्वाध्यायविना अन्य यावत् ज्ञानहरू सारहीन र अपूर्ण बन्न जान्छन् । आज वास्तवमा यही भइरहेको देखिन्छ । के समाज, के राष्ट्र, के विश्व, आज सर्वत्र यदि कुनै विषयमा सर्वभन्दा उल्लेखनीय विकास र प्रगति भएको छ भने त्यो विषय हो शिक्षा । यो कुरा यत्रतत्र सर्वत्र मानिन्छ । विश्वमा विभिन्नथरी विश्वविद्यालयहरू, शिक्षाप्रसारका केन्द्रहरू सक्रिय छन् । परन्तु शिक्षाको मूल लक्ष्य मानवको 'स्व' लाई चिनाउने, मानवआत्माको अध्ययन गर्ने, आध्यात्मिक लक्ष्य प्राप्तितर्फ मानवलाई प्रगतिमुखी बनाउने कुनै भरपर्दो शिक्षाप्रसार योजना छैन । परिणामस्वरूप जसरी व्यक्ति अज्ञानजनित अहंमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...धिएको छ, त्यस्तै समाज बाँधिएको छ, त्यस्तै राष्ट्र बाँधिएको छ र अन्ततः [illegible] यही अहंको बन्धनग्रस्त मानव सम्पूर्ण मनुष्यजातिकै भाग्य-माथि खेलवाड गर्द[illegible] । शिक्षा र बौद्धिकताको विकासले उन्नतिको शिखर स्पर्श गर्न लागिरहेको [illegible]त्मकरूपले मानव शान्तिबाट झन्झन् टाढा जान लागिरहेको देखिन्छ । [illegible] छ ? स्वाध्यायको कमीले । मानिसभित्रको स्वको सही [illegible] हुन नसकेकाले नै यो सबै स्थिति भइरहेको छ। वास्तवमा यो विडम्बनापूर्ण स्थिति देख्ता मानवसमाजमा शिक्षाको विकास भएको छ भनेर मान्न गाह्रो पर्छ । जुन शिक्षाले मानवलाई शान्तिसाथ बाँच्ने रहर दिन सक्तैन र केवल भौतिक अहंको संघर्षतिर प्रेरित गर्दछ त्यसलाई वास्तविक शिक्षा कसरी भन्ने ?

मानिसलाई अन्तरिक्षको ज्ञान बढ्यो । ऊ सजिलै एक ग्रहबाट अर्को ग्रहमा जान सक्ने बन्यो । प्राविधिक ज्ञान अनिवार्य थियो, त्यसको क्षेत्रमा पनि असाधारण सफलता मानवले पायो । भौतिकपक्षबाट त्यो अत्यन्त उप-योगी सिद्ध भएको छ । परन्तु यी सबै उपलब्धिलाई निःसार बनाउँदै मानवमा आध्यात्मिक ज्ञानप्रति पराङ्मुख बनाउने जुन अहंले काम गरिरहेको छ त्यसले प्रमाणित गरिसकेको छ– अब एउटा विश्वव्यापी शान्तिमूलक स्वाध्याय मानवसमाजको लागि अनिवार्य भएको छ । सन्त सुकरातको जीवनको प्रसङ्ग याद आउँछ । उनी एथेन्स नगरीमा एउटा विशाल जनसमूहबीच जीवनको लक्ष्यबारे केही बताउने तरखरमा उभिएका थिए । त्यसबेला एथेन्समा 'शोफिष्ट' भनिने तर्कवादीहरूका रूखा तर्कजालले जनमानसलाई नै पथभ्रान्त बनाइरहेको थियो । सुकरात सोझो कुरा जीवनको बारेमा सिकाउँथे– "Know Yourself" तिमी आफूलाई जान । यही उनको मूल शिक्षा हुन्थ्यो । जनता उनको उपदेश सुन्न सधैं उत्सुक रहन्थे । एथेन्समा यसरी एकदिन उपदेश दिन लागिरहेका बेला जनसमुदायबाट एउटा प्रश्न सुकरातप्रति सोधियो— "भन्नुहोस्, सन्तजी ! जीवनको नबुझी नहुने कुरा के हो ?" त्यसदिन सुकरातले मानिसको एकोहोरो बौद्धिक विकास र भावनात्मक रिक्तताप्रति व्यङ्ग्य गर्दै भनेको त्यो वाक्य सारै उल्लेखनीय मानिएको छ । उनले जवाफ दिए– "म केही जान्दिनँ ।" श्रोतासमूहबाट फेरि आग्रह आयो– 'भन्नुहोस् सन्तजी !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपाईँजस्ताले जान्दिनँ भन्ने हो भने अरूले के जान्ने ? कृपयां भन्न ... के कुरा जीवरमा नजानी हुन्न ?" ज्यादै आग्रह आएपछि ... ।" सुकरातले जुवाफ दिए– "मैले आजसम्ममा एउटै कुरा ... छ र त्यो हो म केही पनि जान्दिनँ ।" सवै छक्क ... को स्पष्ट इशारा थियो वौद्धिक ... ले मानिस ... सम्म उसले आफ्नो जीवनको लक्ष्य चिन्दैन तवसम्म केही ... को हुँदैन । म जान्दछु भनेर त्यसवेलासम्म ऊ झूठ वोलिरहेको हुन्छ जवसम्म उसले आफैंलाई चिन्दैन । उपनिषद्मा त्यही आफूलाई आत्मतत्त्वको रूपमा जान्न प्रेरित गरिएको छ जसलाई जानेपछि सम्पूर्ण कुरा जानिसकिन्छ । मानिस शान्त हुन्छ, सुव्यवस्थित हुन्छ, समाजको निम्ति कल्याण–कारी हुन्छ । भगवद्गीताका जीवनको त्यो मूल सत्यलाई परम ज्ञान, ज्ञानको पनि उत्तम ज्ञान भनिएको छ र शरीरमानवभन्दा माथि उठेर आत्ममानव वनेर वाँचने प्रेरणा दिइएको छ । "यद् ज्ञात्वा नेह भूयोऽन्यज्ज्ञातव्यमवशिष्यते ।" जीवनको त्यस मूल आध्यात्मिक ज्ञानलाई ज्ञाप्त गरेपछि ससारमा अरूथोक जान्न पर्ने रहन्न । त्यसैलाई भगवान्ले अध्यात्मविद्या विद्यानाम्' भनेर अध्यात्म-ज्ञानलाई सर्वोपरि विद्याको रूपमा वताउनु भएको छ । स्वाध्यायले हामीलाई विद्याको त्यस सर्वोच्च रूपतिर वढाउँछ । स्वाध्यायले नै हामीलाई सच्चरित्र कल्याणकारी, शान्तिपोषक वनेर स्वयंको कल्याणका साथै सम्पूर्ण मानवसमाजको निम्ति शान्तिदायी वनेर वाँच्ने सौभाग्य प्राप्त हुन्छ ।

भगवद्गीताको परमकल्याणमय सन्देशवाट आज विश्वका चिन्तक-हरू किन प्रभावित छन् ? किनकि यसले एउटा विश्वजनीन शान्तिको स्रोत वन्नसक्ने सुन्दर जीवनसाधना प्रदान गर्दछ । सौभाग्यले हामीले त त्यसलाई आफ्नो सांस्कृतिक निधिको रूपमा पाएका हौं । सम्प्रदायनिरपेक्ष रूपमा यति माथिल्लो ज्ञान दिने अर्को कुनै पनि ग्रन्थ संसारमा साधनाजगत्मा उपलब्ध भएको छैन । हाम्रो आजको स्वाध्यायमा सवैभन्दा पहिलो पठनीय विषय भगवद्गीता नै हुनुपर्दछ । भगवद्गीताले वताएको दैवी सम्पत्तिको मात्र साधना समाजमा प्रतिष्ठापित हुने हो भने हाम्रो समाज सर्वाङ्गीण रूपले विकासको भागी वन्न सक्नेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामीलाई 'स्व' को पूर्ण विकासमा पुऱ्याउन नित्य सहयोगी बन्न स्वाध्याय [illegible] आवश्यक छ। यो जीवनको रसायन हो। टनिक हो। सानो स्वमा हराइरहेका [illegible] विशाल अनन्त स्वमा पुऱ्याइदिने यो स्वाध्यायलाई हामी जति रुचिसाथ अङ्गीकार [illegible] त्यति नै हामी स्वयंको र समाजको समेत समुत्थानमा माथि उठ्न र सहयोगी बन्न सत्त[illegible] हामीसंग जे छ [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपस्या

मानवलाई प्रत्येक क्षेत्रमा अभीष्ट प्राप्त गर्न जुन कुराको सबैभन्दा पहिले आवश्यकता पर्दछ त्यो हो तपस्या । तपस्वी मानिसमा दिव्य सम्पन्नताको उदय हुन्छ । तपस्याविना मानिस लक्ष्यसाधनामा सफल बन्न सक्दैन । सुख-दुःख, हानिलाभ, जय-पराजय जस्ता द्वन्द्वहरूलाई छिचोलेर आफ्नो लक्ष्यप्रति अटल रूपले समर्पित नबनुन्जेल मानिसलाई सिद्धिले वरण गर्दिनन् । यस्तै लक्ष्यसमर्पित अटलसाधनालाई तपस्या शब्दले इङ्गित गर्दछ ।

योगसाधनामा तपस्या, स्वाध्याय र ईश्वरप्रणिधानलाई सर्वोपरि सहायक मानिएको छ र सर्वप्रथम यिनको अवलम्बन लिनुपर्ने कुरा बताइएको छ । यी तीनमा पनि तपस्याको गणना पहिले गरिनुबाट स्पष्ट हुन्छ कुनै कुरामा पनि सिद्धिलाभ गर्न तपस्याको कति आवश्यकता रहन्छ भन्ने कुरा । जसले जीवनमा तपस्या गर्न सकेन त्यसले कुनै पनि क्षेत्रमा सफलता पाउन सक्तैन ।

तपस्या शब्दले धेरैलाई मुस्काउन सक्तछ । कति त तपस्या भन्ने बित्तिकै जटावल्कल धारण गरेर जङ्गलमा जानुपर्ने जस्ता कुरामै अल्मलिन पुग्दछन् । तर तपस्याको सोझो र सरल अर्थ लिने हो भने तपस्वी बन्न कुनै भेष धारण गरिरहनु पर्दैन, कुनै जङ्गलमा जाइरहनु पर्दैन । तपाईं जहाँ हुनुहुन्छ त्यहीं तपस्वी बन्न सक्नुहुन्छ । क्या हो त तपस्या भनेको ? सम्झौं, मनन गरौं । शरीर, इन्द्रिय र मनलाई कुनै असल लक्ष्यको प्राप्तिमा अनु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[illegible] सहयोगी तुल्याउने गरी नियमित राख्नु नै तपस्या हो। तपस्याले मानिसलाई [illegible] रूपमा [illegible] भोक-प्यास, सुख-दुःख, हर्ष-विषाद, मान-अपमान आदि द्वन्द्वात्मक स्थितिहरूमा [illegible] क्रम निर्विकार र शान्त एवं सुस्थिर रहेर आफ्नो लक्ष्यको साधनामा अडिग रहने शी[illegible] [illegible]न् यज्ञरूप जस्तो विषयतापूर्ण स्थितिमा पनि प्रसन्नतासाथ लक्ष्यनिष्ठ रहन सक्ने व्य[illegible]सीसंग जे छ त्यो न पर्याप्त [illegible] नगिच पुग्न सफल भएको र समाजका लागि केही उज्यालो छरेर बाँच्न सकेको देखिन्छ।

तपस्या सफलताको मूल सिंढी हो। श्रीमद्भागवतको द्वितीय स्कन्धमा एउटा प्रसङ्ग आउँछ। स्वयं जगत्स्रष्टा ब्रह्म मोहित हुन्छन्, आफ्नो कर्तव्यको बारेमा। म किन जन्में ? मेरो सृष्टि किन भयो ? मैले के गर्नुछ ? यो सम्झन नसकेर धेरै समयसम्म उनी अन्योलमा रहे। पछि उनलाई परमात्माको सङ्केत प्राप्त भयो। तपस्यामा संलग्न बन, सम्पूर्ण तत्त्वज्ञानका भागी हुनेछौं। भक्तिका स्वामी हुनेछौ। तिमीलाई समस्त ज्ञान स्वतः खुल्दै जानेछ। सङ्केत अनुसार स्रष्टा तपस्यामा संलग्न हुन्छन्। मनका समस्त संशयहरू हराउँछन्। लामो समयपछि परमात्माको साक्षात्कार उनलाई हुन्छ। जगत्स्रष्टा ब्रह्मालाई भगवान् भन्नुहुन्छ– "ब्रह्मन् ! तपस्या नै मेरो हृदय हो। म तपस्याकै स्वरूप हूँ। यो सम्पूर्ण संसारको सिर्जना म तपस्याद्वारा नै सम्पन्न गर्दछु र जब संहारको आवश्यकता हुन्छ तपस्या नै मेरो परमशक्ति बन्दछ।

तपो मे हृदयं साक्षादत्माहं तपोसोऽनघ
सृजामि तपसा विश्वं ग्रसामि तपसा पुनः
विभर्मि तपसा विश्वं वीर्यं मे दुश्चरं तपः ॥

श्रीमद्भा० २।९।२२–२३

तपस्याविना जगत्स्रष्टा पनि व्यामोहित हुन्छन् र तपस्याद्वारा नै उनी आफूलाई शक्तिमान् मान्दछन्। जीवनमा सानोभन्दा सानो क्षेत्रदेखि लिएर ठूलोभन्दा ठूलो क्षेत्रको सफलता तपस्याकै बलले मात्र सम्भव हुन्छ। विना तपस्या मानिस कहिल्यै उत्पादक बनेर, निर्माता बनेर बाँच्न सक्तैन। सुख-दुःख, हर्ष-शोक, अनुकूल–प्रतिकूल सबैमा प्रसन्नतासाथ समभावले रहेर आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लक्ष्यसाधनामा समर्पित बन्नेले आफ्नो तपस्याको शक्तिले सृष्टिको सम्पूर्ण प्र[illegible] कूलतालाई झुकाउन र सिद्धिको सर्वोच्च शिखर विजय गर्न स[illegible]।" तपस्याका तीन रूप छन् – शारीरिक तपस्या, मनको तपस्या र [illegible] तपस्या । शारीरिक तपस्यामा आहारविहारको [illegible]राइको उपयुक्तता, स्वप्न-जाग-[illegible] । जुन आहारले शारीरिक स्वास्थ्यको साथै मानसिक स्वास्[illegible] बढाउँछ, जुन आहार जुटाउन अरू प्राणीलाई सताउनु पर्दैन त्यस्तो शुद्ध, सुखद, निर्दोष आहार लिनु । आफ्नो नियमकर्मलाई, कर्तव्यलाई दृढनिष्ठासाथ सम्पन्न गर्न र शरीरै जीर्ण हुने गरी पनि होइन, मिहिनतै नगरी आलसी बन्ने गरी पनि होइन मध्यम मार्ग अनुसार आलस्य र अतिश्रम दुइटैबाट बची सन्तुलित रूपमा कर्म गर्नु, अनि ठीक समयमा सुत्नु, ठीक समयमा उठ्नु, न ज्यादा न थोरै सन्तुलित निद्रा लिनु यी शारीरिक शक्ति बढाउने तपस्याका अङ्ग हुन् । यिनको परिपालन जसले गर्दछ त्यसलाई शारीरिक शक्ति प्राप्त हुन्छ । यसैगरी वाणीको तपस्या छ– बोल्दाखेरि अरूलाई नबिझ्ने, साँचो- मीठो अनि अरूको हितमा सहयोगी पनि बन्ने बोली बोल्नु र असल प्रेरणा दिने विषयवस्तुको सत्शास्त्रहरूको अध्ययन गर्नु यी वाणीको तपस्याका अङ्ग हुन् । यिनलाई जसले पालना गर्दछ त्यसको वाणीमा शक्ति प्रकट हुन्छ । यसैगरी मानसिक तपस्या छ– मनमा प्रसन्नता राख्नु, कसैप्रति अहित कल्पना गर्ने अलिकति पनि भावना नै मनमा उठ्न नदिनु, स्थिरता राख्नु, आत्मसंयमको भाव सधैं कायम राख्नु यी मनको तपस्यामा पर्दछन् । भावनाको शुद्धता मानसिक तपस्याको सर्वस्व हो । जसले अरूप्रति शुद्धभाव राख्तछ र यिनको पालना गर्दछ त्यसलाई मानसिक शक्तिको अक्षय स्रोत प्राप्त हुन्छ । भगवद्गीताको सत्रौं अध्यायमा यी सबै दिव्यसाधनाहरूको निर्देश गरिएको छ । यसरी मन, वचन र शरीर तीनै तहमा जब हाम्रा जीवन तपस्यापूर्ण बन्दछ हामी सिद्धिको द्वारमा पुग्न सफल बन्दछौं । यसरी सबल शरीर, पवित्र बोली–वचन र स्वच्छ मनमस्तिष्क लिएर सार्थक एवं सफल जीवन जिउन गीतामाताले दैवी सम्पत्तिको रूपमा हामीलाई तपस्वी बन्न आह्वान गरेकी छन् ।

तपस्या तीन रूपबाट गरिन्छ । एउटा सात्त्विक हुन्छ, अर्को राजस र अनि तेस्रो चाहिं तामस हुन्छ । परमश्रद्धासाथ मन, वचन र कर्म तीनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथै पवित्रता वर्तेर, फलाशा त्यागेर लक्ष्यप्रति समर्पित बनेर गरिने तपस्या सात्त्विक तपस्या हुन्छ। यस्तो तपस्या उच्च कोटिको हुन्छ, सुस्थिर र असल परिणाम दिने तपस्या हुन्छ। कसैले मान गरिदेलान्, स... [illegible] ... भनेर दम्भपूर्वक गरिने तपस्या राजस तपस्या हो र त्यसको कुनै स्थिरता हुँदैन, ... [illegible] ... परिणाम पनि त्यसले दिन सक्तैन। अनि एकोहोरो ढिपीमाथि श... [illegible] ...मीसंग ज... छ ... रूपमा सताएर अरूलाई हानि पुऱ्याउने उद्देश्यले जुन तपस्या ... [illegible] ... तामस तपस्या कहलाउँछ। यस्तो तपस्याले न तप गर्नेलाई न समाजलाई कसैलाई पनि हित गर्न सक्तैन। तपस्याले भन्दैमा सबै तपस्याले सिद्धिमा पुऱ्याउंदैन। जो तपस्या आत्मनिष्ठ भएर, फलनिरपेक्ष भएर श्रद्धासाथ गरिन्छ त्यसले मात्र सिद्धिमा पुऱ्याउँछ।

जीवनको जुनसुकै क्षेत्रमा हेरौं। आज मानवले जे-जति सफलता पाएको छ, के भौतिक, के आध्यात्मिक जे-जति मानिसले उपलब्ध गर्न सकेको छ त्यसको पछाडि असंख्य तपस्वी साधकहरूको स्वाभिमानी, कर्मनिष्ठ अध्यवसायीहरूको अपरिमित तपस्याकै गरिमापूर्ण कथा गाँसिएको छ। सधैं गुलावको शय्यामा सुत्न चाहनेहरू स्वप्नसंसारमै हराउँछन्, काँडालाई पनि गुलावमा वदल्न सक्नेहरूले असंभव सपनालाई पनि विपनामा वदलिरहेका हुन्छन्। जीवन त परमात्माको अनमोल वरदान हो। यसलाई उपयुक्तरूपमा तपस्वी वनेर स्वीकार्नेहरूले अमृतैअमृतले भर्न सक्तछन्। तपस्वी वनेर वाँच्न सकेमा हामीलाई अक्षय दैवी सम्पत्ति प्राप्त हुन्छ। दैवी शक्तिको साधनाविना हामी रित्ता हुन्छौं, खोक्रा हुन्छौं, शक्तिहीन हुन्छौं, अनुत्पादक हुन्छौं। दैवी सम्पत्तिको चिन्तन, मनन र परिपालन हाम्रो समुन्नतिको सोपान हो, सिंढी हो। यसमा पाइला राख्ने गरौं, लम्किने गरौं। भगवद्गीतालाई परमपवित्र साधना–शास्त्रको रूपमा हेर्ने गरौं। संसारका असंख्य साधकहरूले सम्पूर्ण जीवन-निर्माणका अनमोल रत्नहरू यस दिव्यग्रन्थवाट झिकेका छन्। हामी पनि झिकौं र जीवनलाई सिंगारौं। हाम्रो गरीवी, अज्ञान, अशक्तता सबै दैवी सम्पत्तिको अनुसरणबाट मात्र हट्न सक्छन्। नत्र यिनीहरूसितको सङ्घर्षमा विजयी वन्न हामीलाई गाह्रो पर्नेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरलता

'सादा जीवन उच्च विचार, यो हो जीवनको श्रृङ्गार ।" आध्यात्मिक साधना संसारको अत्यन्त प्रेरक शिक्षा हो यो । "थोरै साधन पूर्ण तृप्ति" यो सुखद स्थितिको सिर्जना गर्नु छ भने सरलताको पवित्र शिक्षालाई जीवनमा ग्रहण गर्नु बाहेक अर्को उपाय रहँदैन ।

आत्रौं साधनासिन्धुमा डुबुल्की लगाएर जीवनोपयोगी भावनारत्नहरू बटुल्ने प्रयत्न गरौं । दैवी सम्पत्तिको चिन्तनक्रममा अब पालो छ सरलताको । सरलता दैवी सम्पत्तिको नवौं मर्यादा हो । यसलाई भगवद्‌गीताको भाषामा 'आर्जवम्' भनिएको छ । ऋजु शब्दबाट भावप्रत्यय भएर 'आर्जवम्' बनेको हो जसको अर्थ हुन्छ ऋजुता । सरलता । जब मानिसमा सरलता आउँछ ऊ सामान्य आत्माबाट महात्मा बन्न लाग्दछ । भनिन्छ परमात्मालाई प्राप्त गर्न बालकसमान निर्दोष र सरल बन्नु आवश्यक छ । मानिसमा सरलतालाई आउन नदिने दम्भ, दर्प, अभिमान र क्रोध नामका चार आन्तरिक विकृति छन् । यिनैले मानिसको मनमस्तिष्कमा मैमत्ताको भाव ल्याउँछन् र ऊ सरलता जस्ता दिव्यगुणहरूबाट पर पुग्दछ । दम्भादि यी चार सरलताबाधक तत्त्वहरू किन मानिसमा पस्दछन् ? यिनको प्रवेश भगवद्‌भक्तिको अभावमा हुन्छ । जसमा परमात्माको सर्वव्यापी सत्ताप्रति विश्वास छ त्यसमा देखावटीपन (दम्भ) को प्रवेश नै कहाँ सम्भव छ ? जसमा सर्वशक्तिमान्‌को कणकणव्यापी व्यवस्था

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र [illegible] ालनप्रति अन्तर्दृष्टि छ त्यसमा घमण्ड र अभिमान कहाँ सम्भव छ ? जसले प[illegible] विश्वकल्याणकारी स्वरूपप्रति आस्था जागरित तुल्याएर परमशान्ति प्राप्त गरिस[illegible] त्यसलाई क्रोधको आगोमा जल्ने स्थिति नै कहाँ आउँछ ? सरलताका विर[illegible] परमात्माप्रतिको साँचो विश्वासको अभावमा मानिसभित्र पस्दछन् र भी[illegible]पीसंग जे छ [illegible] अप्ठेरो वन्न पुग्दछ ।

मानिसले अज्ञानले गर्दा जीवनको लक्ष्य नै विर्सिएको हुन्छ । भौतिक पक्षलाई मात्र उसले जीवनको सर्वस्व सम्झिइरहेको हुन्छ । वाहिरी प्रदर्शनमात्र उसको निम्ति सवैभन्दा ठूलो कुरा वनिदिन्छ । भौतिक अस्तित्वभन्दा कति विशाल र कति शक्तिशाली आत्मिक अस्तित्व हुन्छ त्यो उसले बुझ्न पाएको हुँदैन। अनि भएभरको शक्ति लगाएर वाह्यप्रदर्शन गर्दछ । तडकभडक र प्रदर्शन नै सर्वथोक हो भन्ने ऊ ठान्न पुग्दछ । रहन-सहन ऊ सकेसम्म खर्चिलो देखाउन खोज्दछ । वोलीवचनमा सकेसम्म रवाफ प्रकट गर्ने उसको रहर हुन्छ । अरूप्रतिको व्यवहारमा पनि ऊ सकेसम्म आफ्नो अदव देखाउने प्रयत्न गर्दछ । यो सवै विकृतिग्रस्त अवस्था मानिसमा आध्यात्मिक जीवनको महत्वको ज्ञान नभएर प्रकट हुन्छ । जब मानिसले वुझ्दछ मानिस त अरू प्राणीभन्दा आन्तरिक रूपवाट भिन्न छ । अरू प्राणी शरीरमा मात्र वाँचेका हुन्छन् भने मानिस मन, वुद्धि र आत्मा हुँदै भिन्नभिन्नको सत्तामा झन्झन् विशाल, विशाल तर र विशालतम वन्दै प्रकट हुन्छ । आत्मा मनुष्यको सर्वोपरि विशाल सत्ता हो । यसैले मानिस पशुजगत्वाट माथि छ । यो सत्य जव मानिसको मनभा छर्लङ्ग हुन्छ र जव ऊ भौतिक भोकमात्रमा नभुली आध्यात्मिक भोकको अनुभव गर्न लाग्दछ र त्यसको तृप्तितर्फ अभिमुख वन्न लाग्दछ अनि उसको जीवनमा आर्जव अर्थात् ऋजुता-सरलता प्रकट हुन्छ । सरलता मानिसमा प्रकट हुने महत्वपूर्ण आध्यात्मिक गुण हो, दैवी सम्पत्ति हो । सरलताले वाह्यप्रदर्शनमा होइन आन्तरिकगुणको विकासमा प्रेरणा प्रदान गर्दछ ।

सरलतापूर्ण जीवन भएको मानिस रहन-सहनमा सादा विचार र व्यवहारमा उच्च वनिरहेको हुन्छ । ऊ थोरै साधनले धेरै सन्तुष्टि लिन सफल हुन्छ। तडकभडकप्रेमीले जहाँ वढीभन्दा वढी साधनमा पनि असन्तुष्टिको ज्वालामा पिल्सिन वाध्य वन्नु पर्दछ त्यहाँ सरलताको अभ्यास भएको मानिस थोरैभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

…रै साधनबीच पनि बढीभन्दा बढी सन्तोष र तृप्ति लिएर मुस्कुराइरहेको … …लताले मानिसलाई होशसाथ जीवन बिताउने प्ररणा … हुन्छ भने …सको अभावमा तडकभडक र प्रदर्शनले मानिस… कुन स्थितिमा छु र …मैले कतिंसम्म खर्चिलो व्यव… छ भन्ने सन्तुलन राख्ने समेत होश … …वश्यक चिन्ता र पीरमा पाक्न पुग्दछ । सरलता विवेकको बाटो हो ।

हाम्रो देश भौतिक दृष्टिले गरीब छ । नेपाली जनजीवनको ४० प्रतिशत अहिले पनि गरीबीको रेखामनि बाँचिरहेको छ, बिहान-बेलुकाको नियमित गाँस र वासको स्थिति पनि कतिको निम्ति ठूलो समस्या बनिरहेको वर्तमान हाम्रो समाजिक स्थिति छ । यो स्थितिमा हामीले सरलताको अभ्यास गर्नु कति आवश्यक छ भन्ने कुरा भनिरहनु पर्दैन । सादा सरल र सहज तरीकाले जिउन विलासिता र प्रदर्शन कम गर्नुका साथै थोरै साधनले धेरै सन्तुष्टि र तृप्ति लिन सिक्नु हाम्रा निम्ति वरदान बन्न सक्तछ । आज अनावश्यक तडकभडक र प्रदर्शनको बढ्दो भेलमा कति परिवारका निम्ति छोराछोरीको विहे एउटा ठूलो विपत्तिको प्रसङ्ग बनिरहेको देखिन्छ । आफूसंग नभए सर्वस्वै बेचेर पनि भड्लिको रूपमा साधन जुटाउन पर्ने मिथ्या प्रदर्शनप्रतिको मोहपूर्ण आसक्तिले गर्दा कतिलाई यस्ता अवसरले जीवनभरिको निम्ति चिन्ता र विषादको डढेलो तयार पारिरहेका हुन्छन् । सरलताको बाटो बिर्सेर हिंड्दा समाजबाट अब धर्म–संस्कृतिले निर्देश गरेअनुसारका पवित्र संकारात्मक अनुष्ठानहरू नै लुप्त हुन जाने भय पैदा भइरहेको छ । यो विषम स्थितिमा "सादा जीवन उच्च विचार" को अभ्यासतिर लाग्नु अनिवार्य हुन आएको स्पष्ट हुन्छ । भगवद्–गीताले दैवीसम्पत्तिको रूपमा सरलतालाई राखेर हाम्रो सामु कल्याणको आदर्श मार्ग राखिदिएको छ । यसको अनुसरण गरेर हामी जीवनका असंख्य संकट–हरूलाई पार गर्दै आफ्नो धर्मसंस्कृतिले बताएका पावन संस्कारहरूलाई सुगमता-साथ सेवन गर्न र समाजमा सुख र सुव्यवस्थाको सिर्जना गर्न सफल हुनेछौं ।

सरलतापूर्ण जीवन जिउन सिक्दा हामी जीवनका धेरै असजिलाहरू-लाई सजिलै पार गर्न सक्तछौं । अनावश्यक आर्थिक बोझबाट हामीलाई छुटकारा मिल्दछ । परिणामस्वरूप चिन्ता र मानसिक असन्तुलनको भयबाट हामी मुक्त हुन्छौं । हामीमात्र होइन हाम्रा सन्ततिहरूको जीवनमार्ग प्रशस्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

... । उनीहरूलाई पनि हामी संभावित अनेकौं सङ्कटहरूबाट सरलताको प्रेरणा दिए ... सक्तछौं । आज सरलताको यो दिव्य पाठ सर्वत्र आवश्यक छ। घरपा... पर्व, उत्सव, संस्कार, समारोहदेखि लिएर सामाजिक एवं राष्ट्रिय स्तरका समस्त ... हरूमा सरलता, सादापन उदाहरण बन्नु पर्दछ । विशेष गरी सामाजिकसँग ... छ ... राख्नेहरूका निम्ति त सरलता वा सादापन जीवनव्रत नै बन्नु आवश्यक छ । किनभने समाजमा विलासिता र रवाफको विस्तार गरेर होइन सन्तुलित र स्वस्थ-सरल जीवन जिउने प्रवृत्ति जगाएर नै हामी साँचो समाजकल्याण गर्न सक्तछौं । अनि औचित्यको दृष्टिले पनि असंख्य जनताको निम्ति छाकछाकको व्यवस्था सङ्कट बनिरहेको समाजका समाजसेवीहरूले आमोदप्रमोदमा खर्चिलो र भडकिलो बन्नु स्वयंमा ठूलो विडम्बना हुन्छ । त्यसैले समाजसेवाको क्षेत्र सरलता र सादापनको निर्वाहमा अग्रणी बन्नु पर्ने कुरा स्वतः स्पष्ट हुन्छ । सरलता दिव्यसम्पत्ति हो । हामीले यसको बढीभन्दा बढी अर्जन गर्नु छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिंसा

अहिंसा यस्तो जीवनमूल्य हो जसको परिपालनवाट व्यक्तिको त आध्यात्मिक कल्याण हुन्छ नै साथै परिपालन गर्ने साधकको सम्पर्कमा मात्र पुग्नेहरूको समेत परमकल्याण हुन्छ । अहिंसामा एउटा विलक्षण प्रभावकारिता हुन्छ । हृदयपरिवर्तनको अमोघ आधार हो अहिंसा । आऔं यस अमृतमय मर्यादालाई उदाहरणद्वारा विचार गरौं ।

शान्तिमूर्ति महर्षि वशिष्ठको ब्रह्मवलका सामु निःतेज वन्न विवश भएका महत्त्वाकांक्षी विश्वामित्रलाई आफू पनि तपस्याद्वारा ब्रह्मर्षि वनेर वशिष्ठले पाएको तेजस्वितालाई, प्रतिष्ठालाई प्राप्त गर्ने उद्दाम लालसा थियो । अव ब्रह्मर्षि कसरी वन्ने ? महर्षि वशिष्ठको सिद्धि कसरी प्राप्त गर्ने ? विश्वामित्रको मनमा यही एकमात्र साध्य थियो । उनले कठोरभन्दा कठोर तपस्या प्रारम्भ गरे । सयौं वर्षको तपस्यापछि लोकपितामह ब्रह्माले प्रकट भएर विश्वामित्रलाई वरदान दिए– "महर्षि वशिष्ठले स्वीकार गरेको दिन नै तिमी 'ब्रह्मर्षि' पदमा पुग्नेछौ । तवसम्म तिमीले साधना गर्नुपर्छ जवसम्म महर्षि वशिष्ठ तिनीलाई ब्रह्मर्षिको रूपमा स्वीकार्दैनन् ।"

विश्वामित्र यो वरदान सुनेर आशावान् वने । एकदिन त वशिष्ठले अवश्यै स्वीकार्नुपर्छ । विश्वामित्रको मनमा आउँथ्यो गएर प्रार्थना पो गरूँ कि वशिष्ठसामु । फेरि उनी सोच्दथे त्योभन्दा ठूलो अपमान मेरो लागि के हुन सक्ला ? उनी छट्पटिंदै फेरि तपस्यामा वस्दथे । केही कालको तपस्या–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...टेन जाँदा जवजव गयो महर्षि वशिष्ठ उनलाई "राजर्षि" भनेर संबोधन गरिदिनुहुन्थ्यो...वर जति तपस्या गर्दा पनि आफूलाई ब्रह्मर्षि पद प्रदान नगरिदिएको झोंकमा विश्वा... वशिष्ठका कट्टर शत्रु भए।

मानिस शत्रुलाई निर्मूल पार्न... ...सँग जे छ ...मा शत्रुता बढाउने जुन भयङ्कर विकृति आफैंभित्र हुन्छ त्यसलाई ... शत्रुलाई दुइप्रकारले जित्न सकिन्छ– तात्कालिक रूपले र सधैंको लागि। शारीरिक दण्ड, हिंसा तात्कालिक रूपमा सोच्नेहरूले अपनाउने एउटा क्षणिक साधन हो। तर शत्रुलाई आफ्ना असल गुणहरूले बौद्धिक एवं नैतिक बलले जित्नु शत्रुलाई सधैंको निमित्त अन्त गर्ने अर्को शाश्वत उपाय हो। प्राणदण्ड, शारीरिक यातना, हिंसाले जुन शक्ति, सिद्धि वा विजय प्राप्त गरिन्छ त्यसले शत्रुताको झन् विशाल भूमिका खडा गर्दछ र हिंसाले ल्याएको विजय केही दिनमै धराशायी हुन्छ। विश्वामित्रले रीसको झोंकमा वशिष्ठलाई मारेमा मात्र आफूलाई निष्कण्टक सिद्धिलाभ हुने देखे र एकदिन अस्त्रशस्त्रद्वारा सज्जित भएर वशिष्ठको आश्रमतर्फ लागे।

शान्त आश्रमको मनोहर वातावरण। जुनेली रात। संसारलाई उज्यालो शीतलता र आल्हाद सबैथोक दिने चाँदनी फैलाएर आकाशमा पूर्ण चन्द्र मण्डल झलमलाई रहेको थियो महर्षि वशिष्ठ पर्णकुटीको बाहिरी वेदीमा अरुन्धतीसंग कुराकानी गरेर बसिरहनु भएको थियो। विश्वामित्र केही पर लुकेर बसेका थिए। उचित अवसर पारेर अस्त्र प्रहार गर्ने उनको विचार थियो। अरुन्धतीले आकाशतिर हेरेर भनिन्–"अहा! कति रमाइलो जूनको टहक चारैतिर फैलिरहेको छ।"

महर्षि वशिष्ठले प्रशान्त गम्भीर मुद्रामा भन्नुभयो– "अरुन्धती! अहिले यो चाँदनीभन्दा पनि उज्यालो तेज महर्षि विश्वामित्रको चारैतिर फिंजिएको छ। वास्तवमा अरुन्धती! तपस्या होस् त विश्वामित्रको जस्तो लगनसाथ होस्। कत्रो तत्परता? कत्रो लक्ष्यनिष्ठा!"

अहिंसा र सहिष्णुताका प्रतिमूर्ति महर्षि वशिष्ठका यी वचन बाहिरबाट सुनिरहेका विश्वामित्रका कानमा परे। उनी मनमनै आफूलाई धिक्कार्न लागे। जसलाई मैले हिंसामा उतारू भएर यति पटक दुःख दिएँ भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न सकिन्न, जसका छोराहरू मारिदिने दुष्कृत्य समेत मवा[illegible] मप्रति महर्षि वशिष्ठको यो पवित्र भावना [illegible] प्रशंसा ? धन्य [illegible]व ! धन्य यो गुणग्राहिता ! धन्य यो स[illegible]

गद्गद[illegible] फालेर विश्वामित्र क्षमायाचना गर्दै महर्षि [illegible]र । महर्षि वशिष्ठले अङ्कमाल गरेर उठाउँदै भन्नु-भयो– "ब्रह्मर्षि ! उठ्नुहोस् । हिंसाको मार्ग त्यागेर शान्तिको पथ अँगाल्नु-भएकोले अब तपाईं अमर बन्नुभयो ।" विश्वामित्रको जीवनमा नयाँ प्रभातको उदय भयो ।

योगदर्शनमा आउँछ– "जहाँ अहिंसाको पूर्ण प्रतिष्ठा रहन्छ त्यहाँ समस्त वैरभावको, समस्त अशान्तिको अन्त हुन्छ । अहिंसाको परिपालन गर्ने व्यक्तिको नगिचमा मात्र पुग्दा पनि शान्ति आउँछ ।" अहिंसा-प्रतिष्ठायां तत्सन्निधौ वैरत्यागः । महर्षि वशिष्ठको गुणग्राहिताले, अहिंसा र सहिष्णुताले एउटा युग–युगदेखि भट्किरहेको अशान्त जीवनलाई सिद्धि र सफलताको चरम शिखरमा पुऱ्याइदियो । यसै सिद्धिलाभको फलस्वरूप महर्षि विश्वामित्र मर्यादापुरुषोत्तम भगवान् श्रीरामका समेत गुरु बन्न पुगेका थिए ।

मानिस आवेगमा आएर मूढेबलको भरमा हिंसामा उतारू हुन्छ । तर मानवको गरिमा शारीरिक मूढेबलमा होइन बौद्धिक एवं भावनात्मक उच्चतामा हुन्छ भन्ने ऊ बुझ्ने कोशिश गर्दैन । संसारको इतिहासले बताउँछ हिंसाबाट न कसैले कुनै समस्याको स्थायी समाधान पाउन सकेको छ न शान्ति र सुव्यवस्था । जहाँ-जहाँ र जहिले-जहिले मानवले हिंसाको उपायले सिद्धि र लक्ष्यप्राप्ति गरेको देखिन्छ त्यो हुरीमा उड्ने सिमलको भुवाझैं क्षणिक र अस्थायी सिद्ध भएको छ ।

मानिसको स्वतन्त्रता, शालीनता, शक्ति, सामर्थ्य सबैलाई दिगो राख्ने उपाय शान्ति, अहिंसा, धैर्य, सहिष्णुता, समझदारी जस्ता आध्यात्मिक गुणहरू नै हुन् । आक्रामक, हिंसक मनोवृत्ति श्रेष्ठ हुन्थ्यो भने संसारमा बाघ नै मानिसभन्दा श्रेष्ठ बन्ने थियो । अन्य हिंसक जनावरहरू नै मानिसभन्दा श्रेष्ठ मानिने थिए । तर आफ्नो आध्यात्मिकचेतना, बुद्धि, धैर्य, सहिष्णुता जस्ता सद्गुणको धनी भएकोले नै मानव संसारको सर्वश्रेष्ठ चेतनप्राणी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[illegible] । सभ्यता र संस्कृतिको, सुन्दरता र आदर्शको स्रष्टा वनेको छ। हामी आज [illegible]व्यवस्थित, शान्तिपूर्ण, सुन्दर समाजको निर्माणतर्फ अग्रसर वन्न खोज्दैछौं, राष्ट्रले [illegible] वशिष्ठक[illegible]सीदाट जुन महान् अपेक्षा राखेको छ त्यसको परिपूर्ति शान्तिपूर्ण, अहिंसक जीवन[illegible] सम्भव हुनेछ । त्यसैले आज [illegible] हामीले भौतिक दृष्टिले जति विकासमा[illegible]मा शत्रुता वढाउने [illegible] आध्यात्मिक चेतनाको विकासको आवश्यकता छ । हामी [illegible] होइनौं· आत्मा हौं भन्ने ठानी शरीर-वलमा नै सवैथोक नमानी, मनोवल, बुद्धिवल र आत्मवललाई हामीले उत्तरोत्तर महत्व दिन सिक्नु छ । आखिर जस्तो समाज वनाउन चाहन्छौं त्यो हामीमा नै निर्भर छ । हामी शान्त, सुव्य· वस्थित, सहिष्णु वन्न सकेमा नै लक्ष्य गरे अनुसार सुन्दर समाजको निर्माणमा सहयोगी वन्न सक्नेछौं । यसैमा हाम्रो शिक्षा, साधना, सवै फलवान् वन्नेछ ।

शत्रुमा पनि गुण देख्ने महर्षि वशिष्ठको त्यो महान् धैर्य, अहिंसा, सहिष्णुता र गुणग्राहितालाई हामी जीवनमा अवतरित गर्ने प्रयास गरौं। यस्तै अहिंसक उज्यालो जीवननिष्ठाले मात्र हामी निर्माणमा अगि वढ्न सफल हुनेछौं । मानवीय मर्यादाको चर्चा गर्‍यो कि सवैभन्दा पहिले संसारभरिका मानिसको मनमस्तिष्क मूर्धन्य मर्यादाको रूपमा जसलाई सम्झन पुग्दछ त्यो मर्यादा हो अहिंसा । योगसाधनाका आठ मर्यादाहरूको थालनीमा सर्वप्रथम यमनियमको क्रम आउँछ र पहिले यमसम्वन्धी ५ महाव्रतहरू पर्दछन् । तिनमा पहिलो महाव्रत अहिंसा पर्दछ । नेपालआमाका विश्ववन्द्य सुपुत्र करुणामूर्ति भगवान् वुद्धको शिक्षाभित्रको प्राणतत्त्व यही अहिंसा हो । यसैवाट पञ्च· शीलको प्रारम्भ हुन्छ । मनु आदि स्मृतिकारहरूले सवै वर्ग र आश्रमका निवासीले समान रूपमा परिपालन गर्नुपर्ने सार्ववर्णिक धर्मको उल्लेख जहाँ-जहाँ गरेका छन् अहिंसाले सर्वत्र प्रथम स्थान प्राप्त गरेको छ। सम्पूर्ण संसारका प्रायः सवै धर्मले कुनै न कुनै रूपमा अहिंसालाई सर्वप्रधान मर्यादाको रूपमा आदर गरेका छन् । वेददेखि लिएर आर्यधर्मपरिवारका यावत् धर्मग्रन्थले यस महान् मर्यादालाई अपरिहार्य वताएका छन् । मूर्धन्य मर्यादा तुल्याएका छन् । "अहिंसा परमो धर्मः" यो आर्यजगत्को समष्टि मान्यता नै वन्न गएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिंसालाई हामी सकारात्मक र नकारात्मक दुवै रूपमा [illegible] । सकारात्मक रूपमा प्रेम नै अहिंसा हो । सबैलाई [illegible]नु, माया गर्नु, श्रद्धा गर्नु, स्नेह गर्नु, वात्सल्यभाव [illegible] सकारात्मक अहिंसा हो । नकारात्मक रूपबाट [illegible]उनु, नमार्नु, दुःख नदिनु, कसैको [illegible] नु अहिंसा हो । कसैलाई पनि भन्नाले मानिस-लाई मात्र होइन कीटपतङ्ग, पशुपक्षीसम्मलाई पनि नसताउनु, नमार्नु, दुःख नदिनु ।

हिंसाका दुई भाग छन् स्थूल र सूक्ष्म । स्थूल हिंसा हो– कसैलाई मारिदिनु, शारीरिक कष्ट दिनु, अङ्गभङ्ग गरिदिनु, कसैको धनमाल हरण गरेर उसलाई यातना दिनु, अनि कसैलाई अपमानित गरिदिनु, कसैलाई गाली गर्नु, मनमा चोट पर्नेगरी व्यङ्ग्य गर्नु, मुड्की, लाठी, बन्दूक, तोप, बम आदि हिंसक शस्त्रास्त्रहरूको प्रहार गर्नु यी सबै स्थूल हिंसा हुन् । सूक्ष्म हिंसा हो कसैप्रति घृणाको भाव राख्नु, आफ्नो स्वार्थपूर्तिको निम्ति अरूलाई सताउने दुर्भाव मनमा राख्नु । मानसिक स्तरमा अरूप्रति राखिने तमाम दुर्भावहरू हिंसा हुन् । शरीर र बोलीले गरिने हिंसा स्थूल हिंसा हुन्छ र मनले गरिने हिंसा सूक्ष्म हिंसा हुन्छ । त्यसैले शरीर, बोली र मन तीनै स्तरबाट अरूप्रतिको दुर्व्यवहारबाट बच्नु अहिंसाको व्रत पूरा गर्न अति आव–श्यक छ । शरीरले कसैलाई कुटपीट गर्नु, ज्यान जोखिममा पारिदिनु, सताउनु आदि नगर्नु शारीरिक अहिंसा हो । बोलीले कसैलाई नबिझाउनु,अपमानित नगर्नु, कसैलाई कटु व्यङ्ग्य नगर्नु, कसैको अहित हुने कुरा नबोल्नु यो वचनको अहिंसा हो । मनले समेत कसैप्रति नराम्रो नसोच्नु, कसैको हानि गर्ने कुरा मनमा पनि आउन नदिनु यो मनको अहिंसा हो । यसरी शरीर, वचन र मनले तीनै स्तरबाट अहिंसा पूर्ण भएपछि मात्र वास्तविक अहिंसा हुन्छ ।

हेर्दा त लाग्दछ के यत्रो कठोर मर्यादा पालन गर्न सकिएला र ? अहिंसा त सारै गाह्रो रहेछ– यो लाग्दछ मनमा । तर यौटा कुरा नसम्झी हुँदैन, चाहे जति गाह्रो होस् यदि व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वको नै साँचो कल्याण गर्नुछ भने, विश्वमानवलाई शान्ति, निर्भयता र सुव्यवस्थासाथ जीवित रहन दिने हो भने अहिंसाकै शरणमा नगई कल्याण छैन । वैरभावबाट अशान्ति, घृणा, द्वेष, असहिष्णुता, कलह, सङ्घर्ष पैदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ [illegible] सबै घातक विकृतिहरूको उत्पत्तिस्थान हो वैरभाव । वैरभाव-लाई समाप्त [illegible] यी भयावह स्थितिहरूको अन्त हुँदैन । त्यो अनर्थको मूल वैरभावलाई निर्मूल [illegible] पाय के छ त ? एउटै महौषध छ वैरभावलाई शान्त पार्ने, त्यो हो अहिंसाको [illegible] विकता के छ त भने आज-सम्म यतिको युद्ध–सम्भावना चर्किंदा–चर्किंदै भीमंग ज छ [illegible] मानवले अनुभव गर्न पाइरहेको छ त्यो अहिंसाप्रतिको [illegible] नमा जे–जति आस्था छ त्यसैको सुफलको रूपमा पाइरहेको छ । अरूलाई सताउन्नु पाप हो भन्ने अलिकति समझदारी मानिसले आज पनि राख्न सकेको छ, अहिंसा-प्रति धेरथोर आदर–आस्था आज पनि मानव–मनमस्तिष्कमा जीवित छ । त्यसैको सत्परिणामस्वरूप मानवजाति यत्रायत्रा युद्ध–विभीषिका बीच पनि केही शान्तिको साथ जिन सफल भइरहेको छ । आज पनि जति अहिंसा-साधक महामानवहरू, सन्तजनहरू जीवित छन्, तिनैको तपस्याको फलस्वरूप मानवलाई यो सौभाग्य प्राप्त छ । सोच्नु छ जुन महामर्यादाप्रति जानि–नजानी रहेको आस्थाले यति सहारा मानवसमाजलाई दिइरहेको छ त्यसको मानवसमाजमा समझदारीसाथ परिपालन हुने स्थिति आएमा कति कल्याण होला ? विश्वमानवको अस्तित्व कति दिगो होला ? त्यसैले यो महामन्त्रलाई आज संसारभरि पुऱ्याउने वेला आएको छ– "अहिंसा परमो धर्मः ।"

हामी अहिंसाको परिपालन व्यक्तिगत स्तरबाटै गर्न सक्तछौं र मानवसमाजलाई बनाउने प्रथम थालनी पनि व्यक्तिबाटै हुन्छ र हुनुपर्छ । विश्व जति ठूलो होस् र व्यक्ति त्यसको तुलनामा जति सानो होस्, निर्माणको थालनी व्यक्तिबाटै हुनुपर्छ र हुन्छ पनि । व्यक्तिहरू बने, समाज बन्यो । व्यक्तिहरू बिग्रिए, समाज बिग्रियो । हामी घर–परिवारमा रहन्छौं । त्यहाँ विभिन्न सदस्यहरूबीच हामीले रहनुपर्दछ । अहिंसाको थालनी त्यहाँबाट हुन्छ । अरूलाई प्रेम गर्नु, नसताउनु, कष्ट नपुऱ्याउनु जस्ता मर्यादित आचरणहरूको अभ्यास हामी घरपरिवारबाटै गर्न सक्तछौं । अनि विस्तारै समाज र राष्ट्र हुँदै हामी विश्वभरि नै अहिंसाको आचरण गर्न सक्तछौं । आफ्नोलाई माया गर्नु, नसताउनु त सहज छ, तर पराइलाई, अरूलाई पनि त्यस भावनाभित्र समावेश गर्नु केही टाढाको कुरा लाग्दछ पहिले–पहिले । तर एउटा भाव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनमा विकसित गर्न सकेमा पराइपनका सारा बाधाहरू हट्न सक्तछन् । [illegible] सम्पूर्ण प्राणी एउटै परमपिता परमात्माका सन्तान हुन् । हामी [illegible] पूर्णमानवको मूल एउटै हो । हामी एक हौं विश्व एक [illegible] परिवार हो, हामी सबै भाइभाइ हौं । यो भावना [illegible] नु छ । "ईशावास्यमिदं सर्वम्" [illegible], यो भावलाई हृदयस्थित गर्न सक्नु पर्दछ । हामी सम्पूर्ण संसारप्रति हिंसामुक्त हुन्छौं, सम्पूर्ण मानवसमुदाय हिंसामुक्त हुन्छ । "तत्र को मोहः कः शोकः एकत्वमनुपश्यतः ।" जहाँ सबै आफन्त बन्दछन् त्यहाँ कसले कसलाई मारोस् ? कसले कसलाई दुःख देओस् ? रङ्गको आधारमा, जातिको आधारमा आज जति हिंसा भएका छन् सबैको निवारण गर्ने एउटै उपाय छ, अहिंसा "अहिंसाप्रतिष्ठायां तत्सन्निधौ वैरत्यागः ।" भगवद्गीताले हामीलाई प्याएको दैवीसम्पत्तिको यो अमृतलाई हामी श्रद्धासाथ पिऔं र अमृतका सन्तान भनेर वेदले हामीलाई पुकारेको सार्थक तुल्याऔं । शान्तिक्षेत्रका निवासी बन्ने सौभाग्य पाएका हामी, अहिंसामूर्ति बुद्धको भूमिका सन्तान बन्ने सौभाग्य पाएका हामी अहिंसाको उज्यालोलाई जीवनमा वरण गर्न सकौं र यो शिवदेश संसारको निम्ति शान्तिभूमि बन्न सकोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्य

'अहिंसा' नामक दशौं दैवीसम्पत्तिपछि अब पालो छ सत्यको। सत्य नै संसारको मूल आधार हो । परमात्मा स्वयं सत्यस्वरूप छन् । संसारका यावत् साधनाहरू सत्यको अन्वेषणतर्फ प्रवृत्त भएर नै परिपूर्ण बन्दछन् । धर्म स्वयं सत्यसंग एक भएर सांचो धर्म बन्दछ । अध्यात्मको प्राणतत्त्व नै सत्य हो । विज्ञान त्यसैवेला पूर्णविज्ञान बन्दछ जब त्यसले सत्यको खोजी गर्ने साधनाक्रममा प्रवेश गर्दछ ।

परमात्माको स्वरूपवर्णन गर्दा अध्यात्मजगत्मा सत्यकै रूपमा उनलाई प्रतिपादन गरिएको छ । परमात्माको सङ्कल्प सत्य छ, परमात्मा सत्यको निम्ति नै यावत् चेष्टा गर्दछन्, तीनै कालमा अबाधित सत्यको रूपमा परमात्मा छन् । अन्य यावत् सत्यमूलक व्यवहार र मर्यादाहरूका परमकारण परमात्मा हुन् । उनी सत्यमा नै अवस्थित छन् । सत्यका पनि सत्य हुन् उनी। यावत् सत्यव्यवहारहरूभित्र उनकै अस्तित्व प्रकट भइरहेको हुन्छ । ऋत र सत्य दुइ आँखाले उनी हेर्दछन् । त्यस्ता परमसत्यरूप परमात्मालाई साधना संसारमा सर्वोत्तम ध्येयको रूपमा राखिएको छ ।

सत्यव्रतं सत्यपरं त्रिसत्यं सत्यस्य योनिं निहितञ्च सत्ये
सत्यस्य सत्यमृतसत्यनेत्रं सत्यात्मकं त्वां शरणं प्रपन्नाः ॥

श्रीमद्भागवत १०।२।२६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमात्मा सत्यरूप छन् । उनको सम्पूर्ण सृष्टिविधान सत्यमा अव[illegible]लम्बित छ । सृष्टिको प्रत्येक अङ्गले सत्यको नियामकता [illegible] आधार बताइरहेको हुन्छ । जस्तो कारण छ त्यस्तै कार्य [illegible] जस्तो बीज छ त्यस्तै फल, जस्तो कार्य छ त्यस्तै परिणाम [illegible] संसारभित्रका कार्यकारणहरूले सत्यकै अनन्तमहिमा [illegible] छन् ? संसार सत्यबाट प्रकट भएको छ, सत्यको आधारमा [illegible], आखिरमा पुनः सत्यकै अवलम्बन लिएर परमात्मामा विलीन बन्दछ ।

दैवीसम्पत्तिभित्र सत्यको नाम उल्लेख हुनुको तात्पर्य हो सत्यरूप परमात्माको प्राप्तिको निमित्त, जीवनलाई सफल सुन्दर जीवन बनाउनको निमित्त सत्यको परिपालन अनिवार्य छ । झूठो व्यवहार र अविश्वसनीय चरित्र उँभो उठ्न चाहनेको निम्ति तगारो हो । जीवनको फलदायी स्वरूप बनाउनमा सबैभन्दा ठूलो बाधक बन्दछ असत्य । त्यसैले भगवद्गीताको साधनाक्रममा मनले असत्य कल्पना नगर्नु, बोलीले असत्यलाई नअँगाल्नु. व्यवहारमा पनि विश्वास गर्न नमिल्ने स्थिति आउन नदिनु, यी मर्यादाहरूलाई एउटै शब्दभित्र गाभेर 'सत्य' को उल्लेख गरिएको छ । जहाँ सत्यनिष्ठाप्रति मनमा विश्वास जाग्यो मानिस सम्पूर्ण संशयात्मक स्थितिबाट मुक्त हुन्छ, दुविधाबाट मुक्त हुन्छ । सत्यको परिपालनले मानिसलाई आत्मविश्वासी बनाउँछ । असत्य–भित्र आत्मग्लानि हुन्छ, संशय हुन्छ, भय हुन्छ, आत्मिक दुर्बलता हुन्छ । सत्यमा यी सबै विकृतिबाट मानिस मुक्त हुन सक्तछ । मानिसले एउटा असत्य कुरा बोलोस्, एउटा असत्य कुरा सोचोस् वा व्यवहार गरोस्, त्यस एउटा असत्यलाई बचाउन, छिपाउन, अरू कति कति असत्यको आश्रय लिनुपर्दछ। एउटा असत्यको आवरणको लागि, ढाकछोपको लागि अनेकौं असत्य चाहिन्छन् र ती असत्यहरूको पोल खुल्ला भनेर मानिस क्षणक्षण काँपरहेको हुन्छ, पछुतो गरिरहेको हुन्छ । अशान्तिको शिकार बनिरहेको हुन्छ । सारांशमा भन्ने हो भने असत्यको अवलम्बनले मानिसलाई घोर बन्धनमा पार्दछ । मानिस भय र आशंकामा बाँधिन्छ, अशान्त बन्दछ । अब सत्यतिर हेरौं, सत्य त धर्तीको विशाल काख हो । धर्तीमा आराम गर्नेले लड्ला भन्ने डर लिन पर्दैन । जसले कृत्रिम रूपमा माथि माथि बनाएको कल्पनाको मचानलाई अवलम्बन तुल्याउँछन्, लड्ने डर तिनैलाई हुन्छ । जो धर्तीमाताको काखमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[illegible]दाएका छन् तिनलाई लड्ने केको डर ? सत्य त्यस्तै भरपर्दो आधार हो, अवल [illegible] हो ।

स[illegible]य हो उभि[illegible] खुला आकाश सत्य हो
साँचो जीवनको वत्ती उज्या[illegible]न यश[illegible]त्य हो ॥
ऐंजेरू जति नै लागोस्‌ंग [illegible]निर्भ्दैन क्यै गरी[illegible]
प्रहार जति नै वर्ष्योस् सत्य मर्दन क्यै गरी ॥

अँध्यारो वीच वल्दिन्छ सत्य बत्ती वले सरी
असत्य सत्यको सामु सधैं काँप्दछ थर्थरी ॥
सत्य हो वीरको आशा कर्मशक्ति सपूतको
सत्य हो ढाल योद्धाको शूरको तरवार हो ॥

सत्यले मानिसलाई निर्भयता, आत्मविश्वास र विश्वसनीयतातिर, प्रामाणिकतातिर अगि बढाउँछ । साँचो वोल्ने, अरूप्रति साँचो व्यवहार गर्ने मानिस समाजमा ठूलो प्रतिष्ठासाथ गौरवपूर्ण जीवन जिउन सक्तछ । झुठो वोली झुठो व्यवहारले मानिसलाई खोक्रो तुल्याउँछ, दुर्वल र अविश्वसनीय तुल्याउँछ। त्यसैले सत्यभन्दा ठूलो सहयोगी मानिसको व्यक्तित्वनिर्माणमा अरू केही छैन। हो, सत्यलाई पनि मीठो रूपमा राखिदिने अर्को कला पनि यसमा आवश्यक छ त्यो चाहिं विर्सिनुहुँदैन । साँचो होस्, मीठो पनि होस्, मीठो होस्, साँचो पनि होस् । यो चाहिं शाश्वत आवश्यकताको विषय हुन्छ । साँचो र मीठोको यो सन्तुलन मिलाउन नसक्ता कति ठाउँमा सत्य वोल्नेले पनि कटु वन्नु पर्ने र अनादरको पात्र वन्नु पर्ने स्थिति आइरहने गर्दछ । मीठो मात्र वोले पनि उपेक्षणीय हुन्छ । यस असन्तुलनवाट वच्नुपर्दछ ।

साँचो वन्नु मानिसको निम्ति पहिलो पुरुषार्थ हो । तर गल्तीले अरूलाई झुक्याउनमा मानिस पुरुषार्थ मान्दछ । त्यो आफैंप्रतिको धोका हो । अरूलाई झुक्याउन–छक्याउन; कुनै गाह्रो छैन । तर त्यसो गर्दा आफ्नो आत्मविकासमा आघात यति पर्दछ त्यो स्वयं आत्मसमुत्थानप्रेमीले वुझ्न सकिने कुरा हो । अरूलाई छक्याएर मानिस एकछिन विनोदसुख लिन सफल होला तर त्यसले उसलाई नै छकयाइरहेको हुन्छ । यो कुरा साधनाको गहिराईमा मात्र वुझ्न सकिन्छ। त्यसैले महापुरुषहरू भन्दछन्– "मानव ! तिमी अरू प्राणीलाई सताएर दङ्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्दछौ तर संझ त्यो तिमीले अरूलाई सताएको होइन त्यो तिमीले आफैंलाई सताएको हो । त्यसैले कुनै प्राणीलाई नसताउने गर यही परमधर्म हो ।"

पुरिसा तुमंसि नांम सच्चेव पं हन्तवन्ति मन्नसि
सव्वे पाणा णहन्तव्वा एव धम्मे धुवे णिइए शासए ॥

–महावीर

यो शाश्वत धर्म हो, सत्य धर्म हो, चिरस्थायी साधना हो । सत्य र अहिंसा, संहगामी हुनुपर्छ । यो अर्को विचारणीय पक्ष छ । सत्यको पालन छ तर हिंसा छ भने त्यो सत्यभन्दा अहिंसा नै ठूलो हुन्छ । सत्य र अहिंसा संगै हुनुपर्दछ । सत्यको सहाराले हामी आफैलाई उठाइरहेका हुन्छौं भने झूठको सहाराले हामीलाई नै आघात पारिरहेको हुन्छ । आज जसले अरूको निम्ति छक्याउने काम गर्दछ त्यसले त्यो छक्याइको परिणाम एकदिन त्योभन्दा ठूलो छक्याइको शिकार भएर भोग्नै पर्दछ । किनकि संसार त सत्यको राज्य हो । यहाँ रोपेको बाहेक टिप्न पाइन्न । विउ छर्ने एक थोकको फल टिप्ने अर्कै थोकको यो यहाँ सम्भव छैन । राम्रो रोपाई, राम्रो गोडमेल, राम्रै फलको आश्वासन । राम्रैबाट राम्रो प्राप्त हुन्छ । त्यसैले उपनिषद् भन्दछ– "जसलाई आफ्नै प्राप्ति गर्नु छ, आत्मलाभको सफल प्राप्त गरेर शाश्वत आनन्द भोग्नुछ उसले सत्यको र तपस्याको नै आश्रय लिनुपर्दछ । 'सत्येन लभ्यस्तपसा ह्येष आत्मा ।"

सत्यको परिपालन वास्तवमा गाह्रो अवश्य लाग्ला तर यो जति गाह्रो छ पालना गरेमा त्यति नै सुखद परिणाम यसले दिन्छ ।

सत्यको परिपालनको निमित्त जीवनसर्वस्व चढाइदिने महामानवहरूका अमर गाथा हामी अति प्राचीनकालदेखि नै मानवमात्रको निम्ति श्रवणीय र पठनीय भएको देख्तछौं । जति कठोर स्थितिमा पनि अडिग वनेर सत्यको परिपालन गर्ने तिनै अमर कथाहरू आजसम्म पनि मानिसको निम्ति जीवनयात्राको उज्यालो बनिरहेका छन् । सत्यप्रतिको आस्थाले नै मानिसलाई उँभो उचालेको यत्रतत्र पाइन्छ ।

कक्षा ७ मा पढ्ने एउटा बालचर (स्काउटको तालीम लिएको विद्यार्थी) को प्रेरक प्रसङ्गको यहाँ चर्चा गरौं । स्कूलको आन्तरिक परीक्षा चलिरहेको थियो । गणितको प्रश्न ज्यादै कठिन भएको सबै परीक्षार्थीले अनुभव गरिरहेका थिए । एउटा परीक्षार्थीले प्रश्नपत्र बाहिर हुत्याएर साथीहरूको सहयोग लिने विचार गऱ्यो । प्रश्नपत्र बाहिर पुगेपछि उसको मित्रले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्नको समाधान लेखेर पठाइदियो । प्रश्नपत्रमा लेखिएका उत्तरहरू एकएक गरी अरू परीक्षार्थीहरूले पनि नक्कल गरेर उतारे । त्यसै कोठामा एउटा स्काउट केटो पनि थियो । हूलमूलमा परेर परीक्षामा पास भइएला भन्ने लोभले उसले पनि त्यो चोरीको उत्तर आफ्नो कापीमा सार्‍यो । स्काउट केटाले त्यसवेला त सन्तोष नै मानेको थियो । तर राती ऊ जब सुत्न भनेर ओछ्यानमा पुग्यो, स्काउटहरूको निमित्त निर्धारित गरिएका ईश्वरको प्रार्थना मानिने अनुशासनका कुरा उसलाई स्मरण भए । उसलाई यस्तो छट्पटी नै लाग्यो कि उसका आँखा तिरमिराए । सत्यको परिपालन गर्ने प्रतिज्ञा, त्यो पनि ईश्वरको नाममा । अनि व्यवहार चाहिँ त्यस्तो ? पश्चात्तापले जलेको मन लिएर ऊ प्रधानाध्यापक छेऊ पुग्यो र आफूले गरेको चोरीको सारा किस्सा सुनाउँदै क्षमा माग्न लाग्यो। उसले आफूले गरेको अपराध स्वीकार मात्र गरेन दण्डको माग समेत गर्‍यो। त्यस वालचरको सरल स्वभाव र ईमानदारीवाट प्रभावित प्रधानाध्यापकले उसलाई भने– "पश्चात्तापले नै दण्ड तिमीलाई भइसक्यो । जाऊ फेरि यस्तो नगर्नु ।" त्यो स्काउट केटाले राम्ररी पढेर फेरि परीक्षा दियो र राम्रा अङ्क लिएर उत्तीर्ण गर्‍यो । माथिल्ला कक्षाहरूमा सत्यतासाथ लगनसाथ पढ्दै गई ऊ राम्राराम्रा अङ्क ल्याएर उत्तीर्ण हुँदै गयो ; ऊ कक्षामा सधैं पुरस्कार पाउँथ्यो। सत्य त छिप्न सक्तै नथ्यो । सबै चोरी गर्नेहरूको वानी झनझन विग्रिदै गयो र उनीहरू पछि छुट्तै गए । त्यो स्काउट केटाले एस. एल. सी. उत्तीर्ण गरिसक्दा अरूलाई कनिकुथी ८ कक्षामा पुग्न पनि धौ धौ परिरहेको थियो ।

मानिलिऔं, सफलता छलले कपटले पनि त पाइन्छ । परन्तु आत्मसाधनाले, सचाइले, योग्यताले प्राप्त गरिने सफलता र छलले, कपटले, छक्याइले पाइने क्षणिक सफलता एउटै हुन सक्तछन् र ? एउटाले सधैं आत्मविश्वास र गौरवको सन्तुष्टितिर लम्काउँदै उत्तरोतर आत्मविकासमा पुर्‍याउँछ भने अर्कोले व्यक्तिलाई सधैंको अविश्वसनीय दुर्वल, खोक्रो तुल्याउँदै उत्तरोत्तर परमुखापेक्षी वन्न विवश तुल्याउँछ । परमुखापेक्षी व्यक्ति कहिल्यै पनि आफ्नो निर्णयले काम गर्न सक्तैन । असत्य, अर्काको सहारा, झूठो व्यवहार उसका यिनै आधार हुन्छन् ।

सत्यको अनुसरण परमधर्म हो । जहाँ सत्यको परिपालन छ, सत्यसङ्कल्प ईश्वरको निवास, अभिव्यक्ति, कृपा सवैथोक त्यहीं जुट्तछन् । सत्यनिष्ठा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको मानिस कुनै गलत काममा प्रवृत्त हुँदैन । एक पटक गल्ती भइहाले पनि सत्यप्रतिको आस्थाले उसलाई गलत प्रवृत्तिबाट बचाउँछ । सत्यको निष्ठा थोरै धेरै मात्रामा सबैभित्र हुन्छ । तर सङ्गतको प्रभावले त्यसलाई केको के पारिदिन्छ । अनि सत्यप्रतिको आस्था मनमा रहँदा रहँदै पनि मानिस त्यस-लाई विकसित पार्न र सत्यको उज्यालोमा हिड्न नसक्ने हुन्छ ।

भौतिक समृद्धिको सर्वाधिक आकर्षण राख्ने वर्तमान विश्वप्रवाहमा सत्य धर्मप्रतिको निष्ठामा ह्रास हुँदै गएको अनुभव हुन्छ । असत्यै भए पनि भौतिक समृद्धि प्रइन्छ भने मानिस त्यसैको अनुसरण गर्न तत्पर देखिन्छ र क्षणिक रूपमा केही उपलब्धि असत्यबाटै पनि गर्न ऊ तम्सिन्छ । तर असत्यको स्वयं आधार हुँदैन । सत्यले नै त्यो असत्यलाई पनि केहीछिन अड्ने ठाउँ दिएको मात्र हो । आखिर सत्यको सामु असत्यको क्षणिक सिद्धि, नश्वर सफलता बालुवाको भित्तो समान छिनमै अस्तित्वहीन बन्न पुग्दछ । सत्यको सहारा लिने तपस्वीलाई जो शाश्वत आनन्द, अक्षुण्ण प्रसन्नता प्राप्त हुन्छ, त्यो असत्यको भरमा लम्किनेलाई कहाँ प्राप्त होओस् ? सत्यको अनुसरण फूलको शय्या होइन । कठोर परीक्षण र तपस्यामा खारिन सक्ने बलियो मनःस्थितिले मात्र यो सत्यको परिपालन गर्न सम्भव हुन्छ र संसारमा यस्तै साधकले आत्मलाभ गर्दछन् । आज पनि संसारमा मानवता जतिमात्रामा जीवित छ त्यसको पछिल्तिर सत्यकै प्रेरणा छ ।

सत्यप्रतिको आस्थाले नै हामी सच्चाइसाथ सबैको हितेच्छा र शुभा-शीर्वाद लिएर सबैका सद्भावपात्र बनेर बाँच्न सक्नेछौं । स्वयं बन्न र समाजलाई बनाउन सक्नेछौं । सत्यस्वरूप परमात्मामा पुग्ने एक मात्र राजमार्ग हो सत्यको अनुसरण । मानिसले चरित्रवान् बनेर बाँच्नु छ भने सबैभन्दा पहिले ध्यान दिने कुरा सत्यनिष्ठा नै हो । जुन परिवारमा अभिभावकहरू सत्यमा विश्वास राख्तछन्, तदनुकूल व्यवहार गर्दछन्, तिनका सन्तानमा सहजै सच्चरित्रताको अभिव्यक्ति पाउन सकिन्छ । यसको विपरीत जहाँ झूठ, कृत्रिमता बालकले देख्तछन्, अभिभावकहरू नै झूठ सिकाउने स्थितिमा हुन्छन् त्यहाँ सन्तानको चारित्रिक निर्माणको सम्भावना नै रहन्न । अनि परिवार–परिवार बन्दै सम्पूर्ण समाजमा वातावरण नै दूषित बन्न पुग्दछ । सत्यको परिपालन, सत्यवचन पहिलो जग हो चरित्रनिर्माणको । त्यसैले दैवीसम्पत्तिमा यस दिव्य मर्यादाको गणना गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रोधमाथि विजय

बाह्रौं दैवीसम्पत्तिको चिन्तनक्रममा एकदिन साधनाजगत्मा प्रवेश गरौं । भगवान्को अमृतमय आह्वानले हामीलाई बोलाइरहेको छ । अक्रोध अर्थात् क्रोधमाथि विजय प्राप्त गर्नु दैवीसम्पत्ति हो । जो क्रोधमाथि विजयी बन्दछ उसको जीवनमा विलक्षण दैवीशक्ति अवतरित हुन्छ । जीवनमा शान्तिको अनुभूति प्राप्त गर्न क्रोधमाथि विजयी बन्नु आवश्यक छ । क्रोधी मानिस कहिल्यै शान्त रहन सक्तैन। क्रोधको डढेलो जहाँ सल्किन्छ अशान्तिको कहिल्यै ननिभ्ने ज्वाला त्यहीं फैलि रहेको हुन्छ। मानिस क्रोधी स्वभावले गर्दा नपर्नु पर्ने तापमा पर्दछ, नसल्किनु पर्ने ज्वालामा सल्किन्छ ।

कति कति जीवनप्रसङ्गहरू पढ्न, सुन्न पाइन्छन् जहाँ मानिस एउटा मामूली स्थितिमा पनि क्रोधको कारणले गर्दा स्वयं र अर्काको समेत घर बरबाद गर्न पुग्दछ । कति मुद्दामामिलाले कति कलहझगडाले समाजमा सिर्फ क्रोधले गर्दा खपिनसक्नु स्थितिमा पुगेर मानिसको जीवन नै सङ्कट- मय बनाइदिन्छन् । तिनको यसो कारण खोजिहेर्दा त्यो कलहको थालनी यति सानो निहुले भएको हुन्छ कल्पना पनि गर्न गाह्रो पर्दछ । क्रोधले गर्दा नै मानिस सामान्य निहुलाई कहिल्यै ननिभ्ने कलहको डढेलो सल्काउने भयङ्कर ज्वाला बनाउन पुग्दछ । भगवद्गीतामा तीन प्रकारका मनःस्थितिलाई नरकको द्वार बताइएको छ र तिनमा दोस्रो मनःस्थिति क्रोध मानिएको छ । काम, क्रोध र लोभ यी नरकका द्वार मानिएका छन् र यिनबाट बच्ने सल्लाह दिइएको छ । अतिभोगलिप्सा नै काम हो र काम नै क्रोध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र लोभको बाबु हो । 'कामात् क्रोधोऽभिजायते" । जब मानिस अति भोग-लिप्सु हुन्छ अनि त्यसैबाट उससाई क्रोधी स्वभावले छुन्छ । त्यसैले क्रोधको आगो सिर्जिने हुन्छ अति भोगसिप्साबाट बच्न सदैव अनासक्त रहने, भोगबाट सकेसम्म निरपेक्ष बन्ने प्रेरणा साधनाशास्त्रहरूले दिंदै आएका छन् । जति आसक्ति, त्यति अतृप्ति, अनि जति अतृप्ति त्यत्ति क्रोधको वृद्धि यो चक्र चलिरहन्छ । मानिस जब क्रोधको वशमा हुन थाल्दछ त्यसबेला उसको मनमा मात्र अशान्ति हुने होइन उसको सम्पूर्ण शारीरिक रचना नै विषाक्त बन्न पुग्दछ । सम्पूर्ण रक्तसञ्चार नै दूषित बन्न पुग्दछ । वैज्ञानिकहरूले प्रयोगद्वारा प्रमाणित गरेका छन् क्रोधले अन्ध बनेको मानिसको रगत यदि एउटा सामान्य इन्जेक्सनद्वारा कुनै प्राणीमा सञ्चारित गरिदिने हो भने त्यो प्राणी मूर्छित हुन्छ । क्रोधले वशीभूत तुल्याएको मानिस सम्मोहमा पर्दछ, सम्मोहबाट स्मृति नष्ट हुन्छ । स्मृति नष्ट भएपछि बुद्धिको नाश हुन्छ अनि बुद्धिनाशपछि त सर्वनाशै हुन्छ । "बुद्धिनाशात् प्रणश्यति ।"

क्रोधको दुष्परिणाम कहिलेकहीं यति भयङ्कर बन्न पुग्दछ कि त्यसले मानिसको वायुको तापक्रम बढ्दछ र पागलपन वा पक्षाघात जस्ता घातक स्थितिमा मानिस पुग्दछ । क्रोधले भावनात्मक र शारीरिक दुवै पक्षमा सारै नराम्रो असर पर्दछ । त्यसैले सम्पूर्ण अध्यात्मसाधनामा क्रोधलाई जित्ने सल्लाह दिइएको पाइन्छ ।

मानिस छिनछिनमा आवेशमा आएर,उत्तेजित भएर, अरूलाई दबाउन, सताउन पाउँदा आफ्नो विजय भएको मान्दछ । परन्तु क्रोधजस्तो अन्तर्विकृतिले उसको आफ्नै जीवनमा, आफ्नै स्वास्थ्यमा कस्तो दुष्परिणाम छोडिरहेको हुन्छ त्यो सम्झिने शक्ति उसमा रहँदैन । आवेशमा मानिसमा केवल अन्धो जोश हुन्छ होशको प्रकाश उसलाई मिल्दैन । क्रोधी स्वभावले मानिसलाई सामाजिक एक्लोपनको शिकार बनाउँछ । छिनछिनमा रिसाउनेदेखि सबै परपर भाग्दछन् । यस्तो एक्लोपनले उसको व्यक्तित्वको विकासमा ठूलो अवरोध खडा गरिरहेको हुन्छ भने अर्कोतिर उसको स्मृति, बुद्धि सबैलाई सखाप पारेर जीवन नै नीरस, उल्लासहीन र अशान्त तुल्याइदिन्छ ।

त्यसैले जीवनमा सफलताको शिखरतिर लम्कन चाहने व्यक्तिले बाहिर जत्ति सावधान हुनु आवश्यक हुन्छ त्यत्ति नै भित्र पसेर आफ्नो जीवन खोक्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुंल्याउने क्रोधजस्ता अन्तर्विकृतिमाथि विजय पाउने प्रयत्न सतत गर्दै रहनुपर्दछ । अरूलाई जित्नु ठूलो कुरा हो तर त्योभन्दा सयौंगुणा ठूलो कुरा आफैंलाई जित्नु हो । यो सारै गाह्रो छ । वास्तवमा धर्मले, अध्यात्मले, भगवत्साधनाले सिकाउने सारभूत वस्तु यही आफूलाई जित्ने कला हो । प्रश्न उठ्दछ के जीवनमा कहिल्यै रिसाउँदै नरिसाई काम चल्दछ र ? कसैलाई केही काम अह्रायो समयमा भनेको वेलामा उसले गरिदिंदैन । आफूले एकथोक सोचेको हुन्छ परिणाम अर्कैथोक भइदिन्छ । कसरी संह्माल्नु क्रोधलाई ? यस्ता अप्ठेरा स्थितिहरू जीवनमा आउँछन् र व्यवहारमा कहिलेकहीं क्रोध आवश्यक नै बन्न आएजस्तो हुन्छ पनि । परन्तु क्रोध दुइ स्थितिमा हुन्छ । एउटा क्रोध गरिन्छ । अर्को क्रोध हुन्छ । हुने क्रोध खतरनाक हुन्छ गरिने चाहिं क्रोध उपयोगी हुन्छ । तात्पर्य के भने मानिसले सामान्य स्थितिमा सोचेर व्यवहारको कार्य चलाउन विवेक र धैर्यसाथ क्रोध गर्नुपर्दछ । पानीमाथि नाउ ठीक छ तर नाउमाथि पानी हुनुहुन्न । क्रोधको वशमा आफू परेर होइन आफ्नो वशमा क्रोधलाई राखेर रिसाउनुपर्छ । मौकामा मानिसलाई बाहिरबाट वज्रभन्दा कठोर तर भित्रबाट कमलभन्दा कोमल बन्नुपर्ने वेला आउँछ । त्यस्तो वेलामा विवेकलाई गुम्न नदिई कडा पनि हुनुपर्दछ तर क्रोधलाई आफूमाथि हावी हुनचाहिं दिनुहुँदैन । यो कुरा आध्यात्मिक साधनाबाट मात्र सम्भव हुन्छ । आन्तरिक जागरूकता नआइकन अन्तर्विकृतिहरूमाथि विजयी बन्नै यो दिव्यशक्ति मानिसमा आउन सक्तैन । त्यसैले दैवीसम्पत्तिमा एउटा महान् आध्यात्मिक मूल्यको रूपमा अक्रोधलाई गणना गरिएको छ ।

क्रोधलाई जित्नु महान् पुरुषार्थ हो । भगवान् बुद्ध भन्नुहुन्छ- "जसले मनमा सल्किरहेको क्रोधका ज्वालालाई आफैं स्वविवेकले शमन गर्न सक्तछ त्यही सच्चा सारथि हो । अरू त केवल लगाम थाम्नेसम्म मात्र हुन् ।" क्रोधलाई सफलतासाथ शमन गर्नाले साधकहरू आफू त शान्त बन्न सफल हुन्छन् नै अरूलाई पनि क्रोधको डढेलोबाट बचाउन सफल बन्दछन् । वि. सं. १९४७ सालतिरको कुरा हो । स्वामी विवेकानन्द सम्पूर्ण भारतवर्षमा हिन्दुधर्मको विजयवैजयन्ती फहराउने र समाजमा स्वधर्मनिष्ठाको महान् व्रत जागृत गराउने लक्ष्यले भारतका कुनाकुनासम्म भ्रमण गर्ने क्रममा एकपटक रेलको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यात्रामा हुनुहुन्थ्यो । उहाँ जुन डब्बामा हुनुहुन्थ्यो त्यसैमा स्वामीजीको हिन्दुत्व जागरणप्रति असहिष्णु बनेका दुइजना अंग्रेजहरू पनि बसेका थिए । उनीहरूले स्वामी विवेकानन्दको व्यापक सोचाई, विलक्षण वक्तृत्व, शक्तिशाली व्यक्तित्व र महत्वपूर्ण जागरण–अभियानबाट हिन्दुजगत्मा ब्यूँझिरहेको नवचेतना बारे त धेरै सुनिसकेका थिए तर उहाँलाई चिन्नचाहिं पाएका थिएनन् । कुरै कुरामा उनीहरू स्वामीजीको आलोचना गर्न थाले । बीचबीचमा उनीहरू स्वामीजीमाथि कठोर लान्छना पनि लगाउँथे । स्वामीजी सुनेर गंभीर एवं प्रशान्त मुद्रामा बसिरहनुभएको थियो । गाडीको केही बेरको दौडाइपछि स्टेशन आयो । गर्मीको याम थियो । ती दुइजना अंग्रेज यात्रीहरूलाई प्यास लाग्यो । उनीहरू पानीको खोजीमा चिन्तित मुद्रामा यताउता हेर्न थाले । स्वामीजी आफ्नो जलपात्र लिएर स्टेशनमा ओर्लनुभयो र पानी लिएर आउनुभयो । ती अंग्रेजहरूले सोचेका पनि थिएनन् । स्वामीजीले तिनलाई त्यो पानी खान दिनुभयो । पानी खाइसकेपछि धन्यवाद दिंदै तिनीहरूले यसरी आफैं कष्ट गरेर हामीलाई प्यासबाट बचाउने यी सन्त को रहेछन् भनेर जान्न खोजे । परिचयको क्रममा ती अंग्रेजहरू स्वामीजीको महान् व्यक्तित्वबाट अभिभूत भए । "जसको यत्तिका बेरदेखि हामी दशथरी दोषारोपण र आलोचना गरिरहेका थियौं तिनै स्वामीजी रिसाउनु त कहाँकहाँ उल्टै हाम्रै प्यासप्रति सहानुभूति लिएर पानी ख्वाउन पुग्नुभयो । तब न स्वामी विवेकानन्द ! कत्रो सहनशीलता ! कत्रो अक्रोध ! अनि यस्ता महान् आत्माबाट धार्मिक आध्यात्मिक पुनर्जागरण नभए कसबाट होला त ?" यस्तै यस्तै सोचेर उनीहरूले स्वामीजीको सम्बन्धमा रहेको आफ्नो गलत धारणाबारे मनमनै पछुतो गर्दै उहाँलाई नचिनीकन उहाँबारे दशथरी प्रलाप गरेकोमा स्वामीजीसग क्षमा याचना गरे । स्वामीजीले मुस्कुराएर शिर हल्लाइदिनुभयो ।

पछि चर्चापरिचर्चाको क्रममा स्वामीजीको अद्भुत गांभीर्य, विशाल दृष्टिकोण एवं जीवनसम्बन्धी तलस्पर्शी अभिव्यक्तिबाट हृदयतः प्रभावित भएर ती दुवै अंग्रेजहरू स्वामीजीका भावी कार्यक्रमहरूमा सदासदाको लागि सहयोगी भए । स्वामी विवेकानन्दको अक्रोधको प्रभावले दुइजना प्रतिपक्षीको हृदय सदाको निम्ति परिवर्तित भयो । हामी कल्पना गर्न सक्छौं, यदि स्वामीजीले क्रोधमाथि नियन्त्रण नराख्नुभएको भए त्यसको परिणाम कति उल्टो, कति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अप्रिय र कति विषैलो हुन सक्तथ्यो ! तर अक्रोधबाट एउटा अमृतको धारा प्रवाहित भयो जसले विषाक्त हृदयलाई पनि अमृतमय बनाइदियो । क्रोध-माथि विजयी बनेका यस्ता महामानवहरूका अमर प्रेरणाहरूले नै हिन्दूअध्यात्म-जगत्लाई अमृतदायी बनाएका छन्, संसारका तापतप्त आत्माहरूको शान्ति-स्थल बनाएका छन् ।

सन्तहरूका, महामानवहरूका यस्ता असंख्य जीवनगाथाहरू हामी पढ्न, सुन्न पाउँछौं जसले जीवनको वास्तविक सुन्दरता बताउँछन् । विजयको वास्तविक मार्ग निर्देश गर्दछन् । यस्तै आत्मविजयको बाटो पैल्याउनुको नाम हो धर्म, अध्यात्म, भगवत्साधना । ईश्वरप्रतिको आस्थाको वास्तविक आनन्द यसैमा छ । जब मानिस भित्रैबाट स्वयं आफ्नो जीवननिर्माणप्रति सजग बन्दछ त्यसैबेला ईश्वर–विश्वासको मधुर फल प्रकट हुन थाल्दछ । महर्षि वेदव्यासको उद्घोष छ– "जसको पुरुषोत्तममा विश्वास छ, भक्ति छ तिनमा क्रोध हुँदैन, अरूको उन्नतिप्रति ईर्ष्या हुँदैन, लोभ हुँदैन र अशुभ बुद्धि हुँदैन। जो यी विकृतिबाट मुक्त हुन्छन्, परमात्माका सच्चा भक्त पनि तिनै हुन्छन् ।

न क्रोधो न च मात्सर्यं न लोभो नाशुभा मतिः ।
भवन्ति कृतपुण्यानां भक्तानां पुरुषोत्तमे ॥

श्रीमद्भगवद्गीताको दोस्रो अध्यायमा मानिसको ओरालो लाग्ने क्रम कसरी शुरू हुन्छ भन्ने कुरा बताइएको छ । भगवान् भन्नुहुन्छ– "मानिस जब शारीरिक सुखका साधनहरूको निरन्तर चिन्तन गर्न थाल्दछ उसको तिनमा आसक्ति हुन्छ । आसक्तिबाट वासना पैदा हुन्छ । वासनापछि त्यसको परिपूर्ति नहुँदा क्रोध पैदा हुन्छ ।"

ध्यायतो विषयान् पुंसः सङ्गस्तेषूपजायते
सङ्गात् सञ्जायते कामः कामात्क्रोधोऽभिजायते ॥

क्रोधको उत्पत्तिसम्म पुग्नलाई यो कारणपरम्परा भयो । अब क्रोधपछिको परिणामबारे विचार गरौं । भगवान् भन्नुहुन्छ– "क्रोध भएपछि मानिस सम्मोहमा पर्दछ । सम्मोह भनेको कर्तव्याकर्तव्यको विवेकबाट मानिसलाई वञ्चित तुल्याउने व्यामोहको स्थिति हो । यो सम्मोह भएपछि मानिसको स्मरणशक्ति खल्बलिन पुग्दछ । स्मरणशक्ति खल्बलिएपछि बुद्धिको नाश हुन्छ । बुद्धिको नाश भएपछि मानिस पूरै बिग्रिन्छ र नाशको भागी हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रोधाद् भवति सम्मोहः सम्मोहात् स्मृतिविभ्रमः
स्मृतिभ्रंशाद् बुद्धिनाशो बुद्धिनाशात् प्रणश्यति ॥

गीताको तेस्रो अध्यायमा भगवान् भन्नुहुन्छ– "काम र क्रोध यी दुई मनःस्थितिहरू रजोगुणवाट उत्पन्न हुन्छन् र जति खाए पनि नअघाउने र महापापरूप हुन्छन् । यी दुवैलाई साधकले शत्रुसमान मान्नुपर्दछ ।

काम एष क्रोध एष रजोगुणसमुद्भवः
महाशनो महापाप्मा विद्ध्येनमिह वैरिणम् ॥

पाँचौं अध्यायमा भगवान्को अमृतवचन छ– काम र क्रोधवाट मुक्त, मनलाई वशमा राखेको, आत्मज्ञानसम्पन्न संयमी साधकका निमित्त चारैं दिशा ब्रह्मनिर्वाणमय हुन्छन् ।

कामक्रोधवियुक्तानां यतीनां यतचेतसाम्
अभितो ब्रह्मनिर्वाणं वर्तते विदितात्मनाम् ॥

त्यसैले मानवलाई मुक्तिमय, शान्तिमय, आनन्दमय जीवनको भागी वन्न क्रोधमाथि विजयी वन्नु परमावश्यक छ । क्रोधमाथिको विजय दैवीसम्पत्ति हो । त्यसैले यहाँ यसको विशेषरूपले गणना गरिएको छ । क्रोधमाथि विजय प्राप्त गर्ने मानिस नै अमृतको भागी वन्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्याग

अब पालो छ त्यागको । यो तेह्रौं दैवीसम्पत्ति हो। त्यागबारे सोच्ता अत्यन्त गंभीर वनेर सोच्नु आवश्यक हुन्छ । त्याग भन्नाले कतिलाई कतिथरी भ्रम पर्ने गरेको पनि पाइन्छ। केको त्याग ? घरपरिवारको ? होइन । केको त ? धन दौलतको? होइन । अनि आफन्त बन्धुजनहरूको त्याग गर्ने त ? त्यो पनि होइन। त्यसोभए त्यागले केलाई लक्ष्य गर्दछ त ? बुझ्नुपर्ने कुरा छ। कति अध-कल्चाहरू विना समझ, विना विवेक, त्यागको नाममा आवेशमा घरपरिवार छोडिदिनुलाई नै, धनदौलत छोडिदिनुलाई नै त्याग सम्झिन पुग्छन् र केवल वाहिरी छोडाइको भरमा भित्रको अपरिपक्वताले गर्दा पछि पहिलेकोभन्दा ठूलो वन्धन, पहिलेकोभन्दा ठूलो आसक्तिको चक्रमा पिस्सिएर विपत्तिमा छट्पटाउनु परेको दृश्य यत्रयत्र प्रस्तुत गरिरहेका हुन्छन् । त्यागको पहिलो विशेषता मानिसमा मुक्तिको रूपमा प्रकट हुन्छ । जसले मुक्तितिर, स्वावलम्वनतिर, आत्मनिर्भरतातिर डोर्‍याउँछ त्यो मात्र त्याग हुन्छ । जसले भित्रका वन्धन छुटाउँछ त्यही साँचो त्याग हुन्छ ।

वाहिरवाट त सोचौं, हामी एकैछिनमा साधु वन्न सक्तछौं। यदि साधुतालाई वाहिरवाट मात्र मान्ने हो भने मानिस उही, स्वभाव उही, वाहिरको खोल वदलिदियो तयार भइहाल्दछ साधुपन कतिवेर लाग्दछ ? हामी विद्यार्थी जीवन-मा वनारसमा छँदाको कुरो हो अपरिपक्व अवस्थामै विनाज्ञान; विनाभक्ति, विना-साधना केवल वाहिरवाट वावा वन्नेहरूको चित्रण गर्ने एउटा कथन सुन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दथ्यौं त्यहाँ : "एक पैसे की तिलकविभूति दो पैसे की माला। तीन पैसे में भए बाबाजी चल दिए धरमशाला।" बाहिरबाट त तुरुन्तै त्यागी बन्न सकिन्छ, एउटा आवेश आयो कि काम तमाम भइहाल्दछ। तर दैवीसम्पत्तिमा गनिएको यो त्याग त्यत्ति बाहिरिया खालको होइन, यो त मानिसको स्वभावमा नै परिष्कार ल्याउने शाश्वत मर्यादाको रूपमा स्वीकारिएको त्याग हो।

त्यागको सोझो अर्थ लिऔं। त्याग भनेको छोड्नु हो। त्यागको उल्टो अर्को कुरा छ संग्रह वा परिग्रह। छोड्नुको उल्टो हुन्छ बटुल्नु। त्यसले धेरै बटल्ने प्रवृत्ति, धेरै कुरा समाउने प्रवृत्तिलाई छोडेर मर्यादित हुन, अति आवश्यक चाहिं मात्र साथमा रहोस्, यो त नभए पनि हुन्छ भन्न सकिने जत्तिलाई पन्छाउन सकियोस्, त्यो साँचो त्याग हुन्छ। त्यागको स्थितिमा पुग्न विवेकलाई पूर्णरूपले जागृत तुल्याउनु आवश्यक हुन्छ।

अनि जस्तो बाहिरिया मात्र, बनावटी मात्र त्याग त्याग हुँदैन त्यस्तै भित्री भित्री बनेर बाहिरचाहिं केही पनि गर्दै नगर्नु, केही खराब आदत छन् तिनलाई पनि नछोड्नु, त्यत्ति अप्ठेरो भित्री त्याग पनि त्याग हुँदैन। बाहिर पनि यति बाहिर नहोस् कि त्यो केवल देखावटी बनोस्, भित्री पनि यत्ति भित्री नबनोस् कि बाहिर आदर्शको रूपमा केही देखिनै नपाइयोस्। त्यस्तो त्याग पनि त्याग हुँदैन।

मादक पदार्थको व्यसन बढ्दो छ, सारा समाजशास्त्रीहरू चिन्तित छन्। मानिस आवेशी, उन्मादी, वासनामग्न बन्ने विकृतिपूर्ण मनःस्थिति-तिर धकेलिंदै जाँदैछ। युवापींढी, भोलिको राष्ट्रको के विश्वकै भनौं आशास्तम्भ, स्वयं विकृतिग्रस्त बन्ने भय व्याप्त छ। सम्पूर्ण स्वास्थ्यजगत्को एउटै स्वरमा पुकार छ मानवसमाजप्रति–धूमपान छोड्न, धूवाँ पिउने प्रवृत्ति कम गर्न। तर समाजमा यी विकृतिहरूप्रति सजग गराउने जसमा जिम्मेदारी छ त्यो स्वयं अलमलमा छ। कति ठाउँमा त जवाब आउँछ– 'अ......बाहिरबाट छोड्नै किन पर्‍यो ? भित्रबाट छोडे भइहाल्छ नि !" के हो त्यो भित्र भनेको ? छोड्नुपर्ने जत्ति कुरा सबै बाहिर थुप्रिएका छन्, भित्र के छोड्नु ? अनि अर्को कुरा के पनि हो भने जो बाहिर केही गर्न सक्तैन त्यसले भित्र गरेको छु भन्नु स्वयं आधारहीन बन्दछ। भित्र केही भइरहेको छ भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमाण दिने ठाउँ नै बाहिरै हुन्छ । भित्र सन्तोष उदायो बाहिर प्रसन्नता झल्किन्छ, भित्र मन रोयो बाहिर विषाद र आँसु देखिन्छन् । भित्र सफाईको चेतना जाग्यो बाहिर स्वच्छता प्रारम्भ हुन्छ । बाहिरसंग सम्बन्ध नभएको भित्र भन्ने ठाउँ नै मानिसमा छैन । त्यसैले त हाम्रा संस्कारसम्बन्धी विधानहरूमा, व्यवस्थाहरूमा पवित्र बन्नु पर्दा, शुचि बन्नु पर्दा 'बाह्याभ्यन्तरः शुचिः' बाहिर र भित्र दुवैतिर पवित्र हुनु अनिवार्य बताइएको छ । त्यसैले त्याग पनि बाहिर र भित्र दुवै स्थानको स्पर्श गर्ने हुनुपर्दछ । बाहिर घट्ने कुनै घटनाले मानिस भित्र हर्षित वा विषादयुक्त बन्दछ । भित्र हुने परिवर्तनले मानिसलाई बाहिरबाट परिवर्तित गर्दछ । मानिसको जीवन नै भित्र र बाहिर बाँडिएको छ । त्यसैले भित्र पनि ठीक बाहिर पनि ठीक दुवैतिर ठीक चाहिन्छ । कुनै एक पक्ष मात्र बेठीक बन्यो भने त्याग मात्र होइन सबै कुरा एकाङ्गी हुन्छ ।

अब त्याग केदेःको गर्ने त्यसतर्फ विचार गरौं । गभीर विचार गर्दा चार कुरा त्याग्न सकेमा मानिसले त्यागको पूर्णफल स्वयंलाई र समाजलाई समेत प्रदान गर्न सक्तछ । ती चार कुरा हुन्– पहिलो अहंकारको त्याग, दोस्रो खराब आदतको त्याग, तेस्रो दुर्व्यसनहरूको त्याग र अन्तिम हो स्वार्थको त्याग । पहिले अहंकारको त्यागबारे सोचौं । सबै अनर्थको मूल साधनाशास्त्रहरूमा यसैलाई मानिएको छ । यसैले मानिस विमूढात्मा बन्दछ । अहंकारको आवरणले छोपिएको मानिस सत्य कुराको दर्शन वा ज्ञान गर्न असमर्थ हुन्छ । संसार ईश्वरसञ्चालित छ, हामी त्यस संचालनक्रियाका उपकरण मात्र हौं भन्ने सत्य नबुझ्दा मानिस स्वयं सर्वेथोक हूँ भन्न थाल्दछ र यहींबाट वातावरण क्षुब्ध र विकृत बन्न थाल्दछ । मानिस सोच्दछ जे काम पनि हामी नै गर्दछौं, जुन अभियान पनि हामी नै चलाउँछौं, परिणाम पनि हामीलाई नै प्राप्त हुन्छ । ईश्वरले के गर्दछन् ? उनको के आवश्यकता छ यहाँ ? उसका आँखै खुल्दैनन्, सोच्नुपर्ने कुरा अर्कै छ । आखिर मानिस कोही कुनै धाराबाट कोही कुनै पक्षबाट कार्य गर्न संलग्न हुन्छन् किन ? त्यसको पछाडि नियामक के छ ? व्यवस्थापक के छ ? अमृतको बोट पनि धर्तीमै उम्रिन्छ, विषको बोट पनि धर्तीमै उम्रिन्छ । धर्ती त्यही हो तर अमृतको बोटमा अमृतै अमृत जम्मा हुन पुग्दछ, विषको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बोटमा विषैविष सोहोरिएर पुग्दछ । त्यो केले भएको ? अमृतको बोट वा विषको बोटको पात्रताले भएको हो । जसमा जे ग्रहण गर्ने क्षमता छ, धर्तीको काखबाट त्यसमा त्यही आउँछ । मूल कुरा पात्रता हो । त्यस्तै हामी पनि जस्ता बन्न सक्तछौं, त्यस्तै पक्षले त्यस्तै धाराले हामीलाई तानि-रहेको हुन्छ । म हूँ सबैथोक गर्ने भन्छौं मात्र । संचालन चाहिं हामीलाई ईश्वरीय व्यवस्था अन्तर्गत प्रकृतिले गरिरहेकी हुन्छिन् । ती प्रकृति र तिनका स्वामी परमात्मालाई नचिनीकन हामी जीवनको पूर्ण अर्थ लगाउन सक्तैनौं । प्रकृति र परमात्माको विश्वसञ्चालनव्यवस्थामा हामी उपकरण बनिरहन्छौं । आफ्नै पात्रता अनुसार–कोही शुभ धाराबाट, कोही अशुभ धाराबाट । यो सत्यलाई बुझेपछि अहंकारको त्याग सम्भव हुन्छ । यो सबैभन्दा माथिल्लो त्याग हो । यसको त्याग हुन सकेमा मानिसबाट गलत कुरा, अमङ्गल कुरा जीवनमा हुन छोड्दछन् । दोस्रो त्याग खराब आदतको त्याग हो । अरू-प्रतिको वर्तावमा, तीतोपन, कटुता सिर्जिने, नराम्रो बोली, छिनछिनमा रिसाउने प्रवृत्ति, जथाभावी फोहोर गर्ने बानी जस्ता मानिसका वेहोरासंग सम्बन्धित कुराहरू खराब आदतभित्र पर्दछन् । यिनको त्याग गर्न सके जीवन साह्रै कल्याणकारी बन्न सक्तछ । तेस्रो त्याग हो दुर्व्यसनको त्याग । हामीभन्दा पछिका राष्ट्रका आशादीपहरूलाई उज्यालो बनेर बाँच्न प्रेरणा दिने जीवन-पथ हामीले नै बनाएर छोड्नु आवश्यक छ। त्यो सच्चा राष्ट्रसेवा हुनेछ । यसको लागि मादक पदार्थ, धूमपान, यस्तै अरू दुर्व्यसनबाट छुट्कारा पाएको स्वस्थ समाज निर्माण गर्न सक्यौं भने मात्र भोलिको निम्ति हामीले केही गरेको ठहर्नेछ । समाजलाई बनाउन चाहनेले पहिले स्वयं बन्नु आवश्यक हुन्छ । स्वयं दुर्बल छौं भने त्यो कुरा हामी अरूबाट केही आशा राख्न सक्तैनौं । त्यसैले सङ्कल्पबल जुटाएर हामीले दुर्व्यसनबाट मुक्ति पाउन स्वयं जागरूक बन्नुपरेको छ । हामी राष्ट्रका भावी सन्ततिहरूलाई कस्तो वातावरणमा हुर्केको देख्न चाहन्छौं, कसरी जीवनयापन गरेको देख्न चाहन्छौं, त्यसको थालनी सजगतासाथ हामीले नै गर्नुछ । चौथो र अन्तिम त्याग हो स्वार्थको त्याग । सारै गाह्रो र सारै महत्वपूर्ण कुरा हो यो । मानिस सम्पूर्ण संसारको निम्ति प्रकाशपुञ्ज बनेर बाँच्न सक्तछ । तर स्वार्थको सानो घेरामा थुनिएर ऊ जीवनलाई नगण्य बनाउछ पुग्दछ। स्वार्थान्धताले गर्दा मानिस न्याय अन्याय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबै बिर्सिन्छ, कृत्य–अकृत्य सबै बिर्सिन्छ, जसरी पनि आफ्नो हित हुन्छ भने अरूको जति नै अहित भए पनि ऊ पर्वाह गर्दैन । मेरो समाज छ, राष्ट्र छ, मेरो बाँच्ने विश्व छ त्यसनिम्ति केही दिनु छ भन्ने बिर्सन्छ। यो स्वार्थान्ध प्रवृत्तिले गर्दा नै कलह र अशान्तिको भयावह स्थिति समाजमा पैदा भइरहन्छ। त्यसैले स्वयं बाँचौं, अरूलाई बचाउँन, स्वयं उठौं अरूलाई उठाउन । यो पवित्र भावनाको विकास आवश्यक छ। यो सम्भव छ स्वार्थको त्याग गर्ने पवित्र प्रेरणाबाट ।

त्यागको भावना जागृत भएमा मात्र मानवमा ईमानदारी, व्यावहारिक प्रामाणिकता जस्ता दिव्य गुणको विकास हुन्छ । मानिस अरूप्रति सच्चाइको वर्ताव गर्ने बनोस् । यो बिना त्याग सम्भव हुँदैन । आऔं एउटी त्याग र ईमानदारीको उदाहरण बनेकी वृद्ध महिलाको प्रेरक जीवनप्रसङ्गको चर्चा यहाँ गरौं। एउटा धमरायण समाजसेवी थिए । उनलाई सधैं आध्यात्मिक जिज्ञासा बनिरहन्थ्यो । त्याग र ईमानदारीका उनी ज्यादै प्रेमी थिए । त्याग र ईमानदारीबिना जनजीवन उँभो लाग्दैन भन्ने उनको दृढ विश्वास थियो। एक पटक उनी एकजना सन्तको सम्पर्कमा पुगे । त्याग र ईमानदारीको उच्च आदर्शबारे उनले जिज्ञासा गर्दा सन्तले "हकको रोटी मात्र लिनु ठूलो त्याग हो र ईमानदारी हो" भनेर हकको रोटीको प्रसङ्गमा एउटी वृद्धाको कुटिया भएको ठाउँमा गएर तिनैबाट यसको पूरा अर्थ बुझ्न समाजसेवीलाई भने । सन्तको कथन अनुसार उनी वृद्धाको कुटीमा पुगे । वृद्धालाई संबोधन गरेर समाजसेवीले भने– "आमै ! तपाईंसंग हकको रोटी छ रे ! दिनुहुन्थ्यो कि भनेर आएको ।" वृद्धाले भनिन्–"ठीकै हो बाबु म हकको रोटी मात्र बनाउने र खाने गर्दछु । आफ्नो हकभन्दा परको अरूका हकको रोटी खाँदा बुद्धि बिग्रिन्छ । त्यसैले मैले नियम गरेकी छु म आफ्नो हकको रोटी मात्र लिने गर्दछु। तर बाबु ! अहिले मसंग पूरा हकको रोटी छैन ।"

समाजसेवीलाई अचम्म झैं लाग्यो । पूरा हकको रोटी आज किन भएन ? उनको जिज्ञासाप्रति उत्तर दिंदै वृद्धाले भनिन्– "बाबु ! आज त्यस्तै पर्‍यो । कताई–बुनाईको मेरो जीविका छ । सधैं त म आफ्नै बत्तीमा कताईबुनाईको काम गर्दथें र त्यसबाट पूरा हकको रोटी तयार हुन्थ्यो । तर आज त्यसो हुन सकेन । आजको आधा कताई पहिल्यै सकिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो । आधा कताई साँझ बितेपछि मात्र सम्भव भयो । आजै मेरो बत्तीमा तेल सकिएकोले मैले बाल्न सकेकी थिइनँ । साँझतिर एउटा जुलूस यहीबाट पार भयो । त्यसमा केही बत्तीहरू पनि बलिरहेका थिए । तिनैको प्रकाशमा धागो कातेर त्यस कताईको आधारमा यो रोटी तयार भएको छ । त्यसैले यो रोटी आधा हकको भो आधा बेहकको । मलाई लागिरहेछ म यो रोटी कसरी खाउँ ?" हकको रोटीको अर्थसंगै त्याग र ईमानदारीको आदर्श उदाहरण समेत प्राप्त गरेर प्रसन्न बनेका ती समाजसेवी वृद्धालाई नमस्कार गरेर त्यहाँबाट हिँडे ।

यस ईमानदारीलाई हामी सोचौं । त्यागवृत्ति नै यसको मूलमा पाइने छ । मानिस त्यागमा पछि परेकोले आज कल, छल, बल, जसरी पनि अरूको स्वत्वलाई, अरूको वस्तुलाई समेत हड्पिन खोज्दछ र यसबाट उँभो लाग्ने आशा राख्तछ । तर संसारले जहिले पनि भोगीलाई होइन त्यागीलाई सम्मान दिएको छ– संग्रह गर्नेलाई होइन अरूको निमित्त उत्सर्ग गर्नेलाई श्रद्धा-समादर दिएको छ । हामी रामायणमा पढ्दछौं । आफ्नो राज्याभिषेक हुन लाग्दा "भाइलाई दिलाउन पाए हुन्थ्यो" भन्ने स्वार्थत्यागी श्रीराम, स्वतःप्राप्त राजवैभवलाई पितृवचनको सत्यतानिम्ति उत्सर्ग गर्ने ईमानदारीका प्रतिमूर्ति श्रीराम, विनाप्रयास आइलागेको राज्य–ऐश्वर्यलाई दाजुको निम्ति परित्याग गर्ने त्यागमूर्ति भाइ भरतको चरित्र त्यहाँ अङ्कित छ । अनि महाभारत एवं भागवतमा आफ्नै सत्प्रयत्नले सबै कुरा सम्पन्न गरेर पनि राजकीय सत्ता स्वीकार्नभन्दा राजपाट अरूलाइनै दिएर सामान्य जनसेवी बन्नमा रुचि लिने त्याग र बलिदानका प्रतिमूर्ति योगेश्वर श्रीकृष्णको प्रेरक प्रसङ्ग आउँछ । हिन्दूसंस्कृतिमा यस्तै असंख्य प्रसङ्ग छन् जसले त्याग र बलिदानका अमर प्रकाशस्तम्भ दिएका छन् । उपनिषद्को सार्वभौम उद्घोष छ– "केवल कर्मले मात्र होइन, केवल सन्तानले मात्र पनि होइन, केवल सम्पत्तिले मात्र पनि होइन, त्यागले चाहिं केही साधकहरूले अमृतत्व पाएका छन्, अमरत्व भेटेका छन् ।"

न कर्मणा न प्रजया धनेन
त्यागेनैके अमृतत्वमानशुः ॥

सम्झौं त्यागका ४ पक्षलाई । अहङ्कारको त्याग, खराब आदतको त्याग, दुर्व्यसनहरूको त्याग, अनि सबभन्दा ठूलो स्वार्थत्याग । त्याग भन्ने बित्तिकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वैभन्दा वढी मनमा स्पर्श गर्ने कुरा हुन्छ– समाजको निम्ति हामीले के गऱ्यौं? राष्ट्रको निम्ति हामीले के गऱ्यौं ? साधनको केही अंश, श्रमको केही अंश, बुद्धिको र चिन्तनको केही अंश, समयको केही अंश, के यी कुरा हामीले प्रतिदिन देशको निम्ति भनेर, समाजको निम्ति भनेर छुटयाउने वानी गरेका छौं ? हाम्रो जीवनबाट समष्टिकल्याणको निम्ति केही न केही छुट्टिनु पर्छ– "तेन त्यक्तेन भुञ्जीथाः" परमात्माको लागि केही त्याग गरेर भोग गर, विश्वहितको निम्ति केही छुटयाएर उपभोग गर । यही त्यागको मूलभूत तत्त्व हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शान्ति

चिन्तनको क्रममा दैवीसम्पत्तिवारे विचार गर्दै अव हामी एउटा यस्तो विषयमा आइपुगेका छौं जो व्यक्ति, समाज, राष्ट्र र विश्वकै जीवनको सर्वोत्तम उपलब्धि मानिन्छ । यसलाई दैवीसम्पत्तिको चौधौं रत्न मानिएको छ । त्यागपछि उल्लेख गरिएको त्यो महान् मर्यादा हो शान्ति । जीवनमा सवैथोक प्राप्त भयो, अपरिमित वैभव, असंख्य उपभोग सामग्री, अतुल वल, पराक्रम, अनुपम रूपराशि, सुदीर्घ जीवन, सवैथोक प्राप्त छ तर शान्ति छैन भने सवै हुनु नहुनुमा परिणत हुन्छ । मानिस सुखका चाहे जति साधन थुपारोस् शान्तिको प्रसाद प्राप्त नहुञ्जेल त्यहाँ सुख आइपुग्न सक्तैन । "अशान्तस्य कुतः सुखम् ।" अशान्ति विपत्तिको निदान हो र शान्ति सुखको निधान हो । मानिसलाई शान्ति- स्थापनाविना सुखी तुल्याउन खोज्नु विउ नै नरोपी फल टिप्ने आशा राख्नु जस्तै हो।

शान्ति मानव- आत्माको सर्वोपरि प्राप्ति हो । सुख त्यहीं हुन्छ जहाँ शान्ति छ, निर्माण त्यहीं हुन्छ जहाँ शान्ति छ, विकास त्यहीं हुन्छ जहाँ शान्ति छ । शान्ति, शान्ति, शान्ति । व्यक्तिकल्याणको लागि शान्ति, समाजको समुत्थानको लागि शान्ति, राष्ट्रिय सुव्यवस्थाको लागि शान्ति, विश्वमानवको सच्चा हितको लागि शान्ति । शान्ति सर्वोत्तम निधि हो विश्व-जीवनको । शान्तिसंगै विश्वको अस्तित्व गाँसिएको छ । आजको लक्ष्यचिन्तनमा त्यही शान्तितत्त्ववारे मनन गर्नुछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वमा, राष्ट्रमा, समाजमा वा परिवारमा जहाँ सोचौं, जस्तोसुकै ठूलो वा जस्तोसुकै सानो क्षेत्र लिग्रौं शान्तिस्थापनाको निम्ति चारवटा मुख्य आधार सामु पर्दछन् । यदि यिनमा सन्तुलित स्थिति कायम गर्न सक्ने हो भने के व्यष्टि के समष्टि सर्वत्र शाश्वत शान्तिको सिर्जना गर्न सकिन्छ । ती चार कुरा हुन्– पहिलो भावनात्मक विशालता अर्को शब्दमा हामी यसैलाई साम्प्रदायिक सद्भाव भन्न सक्तछौं । दोस्रो सामाजिक न्याय, तेस्रो आर्थिक न्याय, चौथो हो अधिकार र कर्तव्य बीचको सन्तुलित दृष्टिकोण। यदि यी चार कुरामा मानिस सुव्यवस्थित हुने हो भने संसारमा शान्ति स्थायी बन्न सक्तछ ।

हामीलाई धर्म र संस्कृतिको रूपमा जीवनको सुन्दर मार्ग प्रदान गर्ने प्रातःस्मरणीय तपोधन ऋषिहरूको परमकल्याणकारी चिन्तनले ती चार पक्षको सुन्दर समन्वयलाई नै धर्म भनेर मान्न सिकाएको छ । यी अहिले चर्चा गरिएका चारवटा कुराको सन्तुलित रूपविना न धर्म धर्म रहन्छ, न संस्कृति पूर्ण संस्कृति बन्दछ । सम्पूर्ण विश्वलाई, सम्पूर्ण भू-मण्डललाई, धर्मले धारण गरेको मान्ने आर्ष– चिन्तनले हामीलाई सम्प्रदायमा होइन सन्तुलित दृष्टि-सम्पन्न बनेर सत्यधर्ममा अगि बढ्न आह्वान गरेको छ । आग्रौं शान्ति स्थापनाका अहिले बताइएका चार पक्ष– 'साम्प्रदायिक सद्भाव, सामाजिक न्याय, आर्थिक न्याय एवं कर्तव्य र अधिकारको बीच सन्तुलित दृष्टिकोणबारे हामी-लाई हाम्रो राष्ट्रिय आस्थाले के सिकाइआएको छ, यस राष्ट्रिय आस्थाको आधारमा हामीले शान्तिस्थापनाको दिशामा के उपलब्धि प्राप्त गरेका छौं, यसमा कुन पक्षको न्यूनता रहेको छ, अबका हाम्रा कदम कुन रूपमा अगि बढ्नु वान्छनीय हुन्छ त्यसबारे केही चिन्तन गरौं । एउटा कुरा यहाँ नबिसौं । सामाजिक वा राष्ट्रिय प्रश्न खडा हुँदा धर्म– संस्कृतिजस्ता शुद्ध भावना पक्षका कुराबाट के मद्दत पुग्दछ ? भन्ने संझिनु दृष्टिको न्यूनता हुनेछ । समाज हजारौं हजारवर्षदेखि जुन भावनात्मक मूल्यहरूप्रति आबद्ध रहिआएको छ, तिनीहरूप्रति पूर्ण उपेक्षा गरेर चालिने कुनै पनि कदम प्रभावकारी र स्थायी दुवै हुँदैन । सुधार ल्याउनु छ भने पनि, विकास ल्याउनु छ भने पनि सामाजिक मूल्यहरूप्रतिको सम्बन्ध नतोडिकन ल्याउनुपर्दछ । त्यस प्रकारको सुधार र त्यस प्रकारको विकास सार्थक, आधारपूर्ण र स्थायी हुन्छ । सामा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जिक, सांस्कृतिक मूल्यहरूको युगौंयुगदेखिको पृष्ठभूमिलाई बिर्सेर धर्म केही होइन वा संस्कृति केही होइन भन्ने अनुत्तरदायी एकाङ्गी सोचाइले एकठिनलाई उत्तेजक वातावरणको सिर्जना गर्नसक्ला तर समाज र राष्ट्रको सुदृढ अस्तित्व निर्माण गर्न सहयोगी बन्न सक्तैन । आओौं यी तथ्यलाई दृष्टिगत गरी हाम्रो राष्ट्रले युगौंदेखि सञ्चालिआएको आस्थाको उज्यालोमा हामीले प्राप्त गरेका र गर्न सकिने उपलब्धिको सम्बन्धमा केही चिन्तन गरौं ।

सबैभन्दा पहिले भावनात्मक विशालता वा साम्प्रदायिक सद्भावबारे चर्चा गरौं । यस पक्षबाट नेपालीले गर्नुसम्म श्रेयस्कर कार्य गर्न सकेको रहेछ भन्ने तथ्य अन्तर्राष्ट्रिय धर्मजगत्‌को अनुभवबाट स्पष्ट हुन्छ । चार वर्ष जति अघिको कुरा हो । काठमाडौंमा एशियाका मुख्यमुख्य धर्मका विद्वान्हरूको एउटा गोष्ठी भएको थियो । त्यहाँ जापानबाट विश्वभ्रातृत्व सङ्घ 'ओमोतो' नामक आध्यात्मिक संस्थाका विद्वान् प्रतिनिधिहरूले नेपालमा एउटै देवताको उपासना विभिन्न सम्प्रदायावलम्बीहरूले गरेको देखेर नेपालले आध्यात्मिक समन्वय र साम्प्रदायिक सद्भावको असाधारण निधि कायम राख्न सकेकोमा आश्चर्यपूर्ण धन्यवाद प्रकट गर्नुभएको थियो । आर्यधर्मावलम्बी हिन्दू अधिराज्य नेपालका राष्ट्रदेव भगवान् श्री पशुपतिनाथको प्रवेशद्वारले हिन्दू आस्थाका विभिन्न पक्ष वैदिक, बौद्ध, जैन, सिक्ख यी सबै आर्यधर्महरूलाई संयोजित गरेर आफूभित्र समस्त हिन्दू अधिराज्यको परिकल्पनामा निहित भावनात्मक विशालता अथवा साम्प्रदायिक सद्भावको सुन्दरतम व्याख्या दिइआएको छ । "एउटै सत्यलाई तत्त्वदर्शीहरूले विभिन्न रूपमा प्रतिपादन गर्दछन्" भन्ने विशाल मान्यतामा आधारित वैदिक दर्शनले सबैलाई मित्रताको आँखाले हेर्ने जुन पावन जीवनदर्शन दिएको छ त्यसैलाई अहिंसामूर्ति भगवान् बुद्धका अहिंसा, करुणा, मैत्री जस्ता पवित्र प्रेरणाहरूले पुष्ट तुल्याएका छन् र मुख्य मुख्य रूपले वैदिक तथा प्रमुख सहयोगीको रूपमा बौद्ध प्रेरणाबाट बनेको समष्टि संस्कृतिमा हुर्केको नेपाली जनजीवनले धर्मजगत्‌का सबै सम्प्रदायप्रति सद्भावको दृष्टि बनाउन सफलता पाएको छ । हिन्दूधर्मको मूल प्रेरणामा निहित विशाल मान्यताले यो सहज रूपमा सम्भव भएको छ । त्यसैले नेपालबारे अभिव्यक्ति दिंदा 'नेपाल एउटा हिन्दू अधिराज्य हो तापनि यहाँ सबै सम्प्रदायहरू मिलेर बसेका छन्' जस्तो 'तापनि' लाएर आश्चर्यको कुरा बनाइरहनुपर्ने कुरै रहँदैन । हिन्दू अधिराज्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएकोले नै नेपालमा हिन्दूदर्शनको विशाल मान्यता अनुरूप यो सम्भव भएको हो । यसमा 'तापनि' लाइरहनु पर्दैन । एउटै धर्म विभिन्न राष्ट्रले आ-आफ्नो परिवेशभित्र आ-आफ्नै ढङ्गले स्वीकारेझैं नेपालले हिन्दूधर्मको विशाल मान्यतालाई आधार मानेर आफ्नै पाराले स्वीकारिआएको छ । यसमा बाहिरको उदाहरण दिएर केही भनिरहनु पर्ने स्थिति रहन्न । हिन्दूधर्म र दर्शनको यही विशालपृष्ठभूमिमा नेपालको धर्ममूलक राजमुकुट एकता, अखण्डता र सार्वभौमसत्ताको प्रतीकको रूपमा अवस्थित छ जसले यस राष्ट्रको शान्तिपूर्ण अविभाज्य सत्ताको अक्षुण्ण रूपमा संरक्षण गरिआएको छ । हामीले हाम्रो राष्ट्रको शान्तिपूर्ण सत्ता कायम राख्नमा जे जति योगदान पुऱ्याउन सक्तछौं अन्ततः त्यो सम्पूर्ण मानवजातिकै निम्ति योगदान बन्दछ किनकि सानैबाट ठूलो कुरा प्राप्त गर्न सकिन्छ । लिच्छविकाल होस्, मल्लकाल होस् वा राष्ट्रिय एकीकरणपछिको होस् वा शाहकालपछिको होस् नेपालको इतिहास साम्प्रदायिक सद्भावको, हिन्दूदर्शननिर्दिष्ट विशाल मान्यताको निर्वाहक रही आएको छ । सामाजिक न्यायबारे सोचौं– 'तिम्रा खलाहरूमा सबैको निम्ति अन्नको भाग होस्, सबैको साझा पनेरो होस्, तिमीहरू एक अर्काप्रति त्यसरी नै हितकर बन जसरी रथको धुरामा वरपरका सबै अङ्गहरू एक भएर जुट्तछन्" भन्ने जस्तो पवित्र शिक्षा दिएर वेदले समाजमा कसैले पनि विषमताको अनुभूति गर्नु नपरोस् भन्ने सामाजिक कल्याणकारिताको मार्गदर्शन गरेको छ । सम्पूर्ण समाजलाई ईश्वरको एउटै विराट्स्वरूपभित्र अवस्थित विभिन्न अवयवको रूपमा समान सुखदुःखका भागी बन्ने पवित्र भावना हाम्रो पावन आस्थाले सिकाउँछ । समाजको तल्लोभन्दा तल्लो तहदेखि लिएर माथिल्लोभन्दा माथिल्लो तहसम्म एउटै आत्मसत्ता व्याप्त रहेको, उनै सुखदुःखका समान आकांक्षा क्रियाशील रहेको अनुभव गर्न सिकाउने हिन्दू आध्यात्मिक दर्शनले समाजमा कसैप्रति अन्याय, थिचोमिचो हुन नपाओस् भनेर सदैव आत्मवादी बन्दै करुणा, सेवा, मैत्रीसाथ जीवन बिताउन प्रेरित गरेको छ ।

यस पवित्र प्रेरणालाई हामीले दृढतासाथ ग्रहण गर्नुपर्दछ । आर्थिक दृष्टिले "दरिद्रान् भर"– गरीबहरूलाई उठाओ भन्ने करुणामूलक शिक्षा हिन्दूधर्मसंस्कृतिले दिएको छ । मानिस सामाजिक जीवनको अङ्ग बनेर जिउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अङ्गले अङ्गीप्रति राख्नुपर्ने सहयोगी भावनालाई मानिसले आत्मसात् गर्न सकेमा ऊ कर्तव्य र अधिकारको मर्म बुझ्न समर्थ हुन्छ । सेवाभावना र सहयोग विना समाजमा व्यक्तिले जिउने आधिकारिक हक पाउँदैन । सय हातले लिएकोलाई हजार हातले दिनुछ । यो शान्तिको लागि सर्वोपरि सहयोगी भावना हो । यी सबै कुरामा ध्यान पुऱ्याई हामीले शान्तिको निमित्त जिउने उज्ज्वल सङ्कल्प मनमा जगाउनु छ । व्यक्ति, समाज र राष्ट्र हुँदै उठेको शान्तिप्रेमले नै विश्वमा शान्तिस्थापनामा मद्दत पुऱ्याउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपैशुन (चुक्ली नगर्नु)

मनमा अहित कल्पना राखेर कसैप्रति कसैको चुक्ली नलगाउनु अपैशुन कहलाउँछ। जो यस पवित्र मर्यादाको परिपालन गर्दछ त्यो सबैको विश्वास र आत्मीयताको पात्र हुन्छ ।

दैवीसम्पत्तिका शाश्वत एवं सार्वभौम मर्यादाहरूको चिन्तनक्रममा हामी शान्तिसम्म पुगेका थियौं । अब पालो छ "अपैशुनको" । अपैशुन भनेको कसैको चुक्ली, पोल कसैप्रति नगर्नु । पोल लगाएर अरूप्रति दुर्भाव प्रकट गर्नु, अरूको अहित साध्ने दुश्चेष्टा गर्नु यो आसुरी वृत्तिमा पर्दछ। अनि यो चुक्लीखोरको आदत छोड्नु दैवी सम्पत्तिमा पर्दछ । पिशुन शब्द पोल्याहाको वाचक हो। त्यसमा भाव प्रत्यय भएर पैशुन शब्द बन्दछ र त्यसको अभावलाई अपैशुन भनिन्छ । हामी पिशुनता अर्थात् चुक्लीखोरीको कारणतिर दृष्टि दिऔं । मानिस अरूको चियो-चर्चो, चुक्ली-पोल किन गर्दछ ? यसको पछिल्तिर कुन मनःस्थितिले काम गरिरहेको हुन्छ गम्भीरतासाथ सोचौं ।

निन्दाको भाव नआई चुक्ली हुदैन र निन्दाको भाव पछाडि ईर्ष्या हुन्छ। मानिस जब अरूको उन्नति देख्न नसक्ने दुर्बल मनःस्थितिमा हुन्छ अनि ईर्ष्या गर्न थाल्दछ। ईर्ष्या एउटा मानसिक अस्वस्थताको रूपमा हुन्छ र यसैबाट चुक्ली लगाउने, अरूलाई यस्तो उस्तो भनेर अरूप्रति कुरा लाउने गर्न थाल्दछ । यसले मानिसलाई अरूको दोष देख्ने बानीहरू बढाउँछ र दोष देख्ता देख्ता, सोच्ता सोच्ता दोषैमात्र देखिने भएर गुणपट्टि आँखै नपर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थितिमा पुऱ्याउँछ। अझ यो रोग विकसित बन्दै जाँदा गुणलाई पनि प्रकारान्तरले बङ्ग्याएर दोषमा परिणत गर्ने दूषित मनःस्थिति पैदा हुन्छ। यस्तै स्थितितिर इशारा गर्दै भनिएको छ– कसैमा दोष रहेनछ नै भने पनि दोषैदोषले भरिएको चित्त जसको हुन्छ त्यस्ताले दोष देख्तछन्– 'दोषो ह्यविद्यमानोऽपि तच्चित्तानां प्रकाशते ।" यसरी गुणमा पनि दोष देख्ने स्थितिमा पुग्न थालेपछि व्यक्ति परिवारको निमित्त कचकचे बन्नथाल्दछ, समाजको निम्ति पोल्याहा सावित हुन्छ, राष्ट्रको निम्ति पनि एउटा अविश्वसनीय अप्रामाणिक व्यक्तिको रूपमा चिनिन्छ। मतलब जीवन नै दोषपूर्ण बन्न पुग्दछ। थालेको थियो अरूको दोष देख्ने स्थितिबाट तर टुङ्गिन आयो आफ्नै दोषपूर्ण जीवनमा।

त्यसैले यो पोल्याहापन आसुरी वृत्ति मानिएको छ। पोल्याहापनले असुरहरूलाई खुबै मद्दत मिल्दछ। तर परमात्माको सेवामा अगि बढ्न चाहने भगवान्‌को कार्य गरेर बाँच्न चाहनेको निमित्त जीवनमा उत्थानको तगारो बन्ने अनेकौं विकृतिहरूमध्ये पोल्याहापन पनि एउटा हो । अरूका दोष देख्ता देख्दा मानिसलाई गुणपट्टि पूरै विमुख तुल्याएर, एकदिन भित्रभित्रै खोक्रो तुल्याएर छोडिदिन्छ पिशुन– वृत्तिले, पोल्याहा बानीले । त्यसैले परमकरुणामय भगवान् यस्तो कमजोरी र खोक्रोपनको दिशामा व्यक्तिलाई डोऱ्याउने यस आन्तरिक विकृतिलाई जितेर 'अपैशुन' लाई अपनाउने आह्वान गर्नुहुन्छ।

हिन्दू आध्यात्मिकजगत्‌का महान् विभूति स्वामी विवेकानन्द सामाजिक स्तरमा सेवा पुऱ्याउन चाहने सफल कार्यकर्ताको स्वभाव कस्तो हुनुपर्दछ भन्नेबारे एउटा अनमोल सुझाउ दिनुहुन्छ। उहाँ भन्नुहुन्छ– "तिमी अरूको एकोहोरो आलोचना नगर्ने गर। यदि तिम्रो सम्पर्कमा आएको बेला संझाउन सक्छौ भने जे संझाउनु छ संझाउ। आफ्नो तर्फको सुझाउ के छ देउ। भन्नुपर्ने कुरा के छ सकारात्मक रूपबाट भन। त्यसपछि रोक! बाँकी भगवान्‌मा छोडिदेउ।" स्वामी विवेकानन्दको यो उक्तिमा साधकको मार्गदर्शन छ।

फूलको निमित्त संसारै फूलैफूलको देखिन्छ। काँडाको निम्ति यहाँ काँडैकाँडा सिवाय केही छैन। काँडा बनेर बाँच्न खोज्ने हो कि फूल बनेर? साधकले आफैं ठहर गर्नुपर्दछ। मानिस आफू जस्तो स्थितिमा हुन्छ अरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यःतै देख्तछ उसले । आफैंमा छैन भने अरूमा देख्न पाउने त आशै गर्नु पर्दैन । संसारभर खोजौं सुन्दर कहाँ छ भनेर, संसारका अङ्ग अङ्ग चहारों तर सुन्दरता आफैंभित्र छैन भने कहीं पनि पाइने छैन, कसैमा पनि भेटिने छैन ।

संसार एउटा ऐना हो । मानिसले यहाँ जे पाउँछ आफ्नै प्रतिच्छाया पाउँछ । मानिसले आफैंभित्र सत्यको, शिवको र सुन्दरको अस्तित्व खडा गर्नु पर्दछ अनि मात्र अरूबाट त्यो पाइन्छ । अरूको दोष देखेर, अरूका दोषको पोल लगाएर मानिसले आफू बन्ने एउटा सुनौलो अवसर गुमाइरहेको हुन्छ । त्यसैले अपैशुनलाई, पिशुनवृत्तिको त्यागलाई दैवीसम्पत्तिमा गनिएको छ ।

ईर्ष्यापूर्वक चुक्ली लगाएर अरूलाई गिराउन पाउँदा मानिस भित्र-भित्रै दङ्ग परिरहेको हुन्छ । तर त्यस दङ्गपराइभित्र जीवन नै खोक्रो स्वत्वहीन बनाउने जुन धमिरो लागिरहेको हुन्छ त्यो उसलाई थाहा हुँदैन । ईर्ष्या एउटा ठूलो मानसिक रोग हो । त्यसले मानिसलाई अरूको उन्नति-प्रति असहिष्णुता सिर्जिन्छ, डाढेपन सिर्जिन्छ । त्यसैले मानिस पिशुनवृत्तिमा चुक्लीखोरीमा प्रवृत्त हुन्छ । त्यसो हुनाले यस विकृतिको निदानचिकित्सा गर्ने हो भने ईर्ष्यालु प्रवृत्तिमाथि नै संशोधन गर्नुपर्दछ । ईर्ष्याले पाकुन्जेल मानिस यस दिव्यसम्पत्तिलाई, अपैशुनलाई प्राप्त गर्न सक्तैन । चुक्ली-पोलको बानीबाट माथि नउठी मानिसको गुणात्मक विकास असंभव हुन्छ ।

ईर्ष्यामाथि विजय पाउन दृष्टिकोणमा नै परिवर्तन चाहिन्छ । अरूको उन्नतिमा तगारो बन्ने होइन सहयोगी बन्ने आवश्यकता छ । कोही उन्नत भएर हाम्रो शक्ति,हाम्रो सामर्थ्य,हाम्रो उपलब्धिमा के बिगार्छ र ? हाम्रो उपलब्धिको दानादाना हाम्रै सामर्थ्यबाट हुन्छ, उसको कमाई उसकै सामर्थ्यबाट भएको हुन्छ भने हामीले डाढ गरेर उसको के जान्छ ? र हामीले के पाउँछौं ? संसारमा स्वयंभित्रको खूबीविना कोही पनि उँभो लाग्न सक्तैन, डाढ गर्नु आफैंलाई व्यर्थमा सुकाउनु मात्र हुन्छ । कसैको उपलब्धि एकैछिनको निम्ति पनि कसैले हरण गरेर लिन सक्तैन । न हाम्रो अरूले लिन सक्तछन् न अरूको हामीले नै लिन सक्तछौं । अनि अरूको डाह किन ? अरूको चुक्ली किन ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईर्ष्याप्रेरित यी सम्पूर्ण मनोवृत्तिहरू अज्ञानका उपज हुन् । कमजोर मनःस्थितिका परिचायक हुन् र आसुरी सम्पत्तिका पोषक हुन् । यिनीहरूबाट मुक्त भएर गुणात्मक दृष्टिको विकासद्वारा उँभो उठ्नु छ भने हामीले अपैशुनको स्थितिमा पुग्नुपर्दछ । भगवद्गीता हाम्रो जीवनको शाश्वत आचारसंहिता बन्नुपर्दछ । हामी गम्भीरतासाथ अध्ययन गरौं । दैवीसम्पत्तिका गुणहरूको विकास नभई हाम्रो वास्तविक विकास हुन सक्तैन । व्यक्तिगत, समाजगत वा राष्ट्रगत कुनै पनि विकासको निम्ति दैवी सम्पत्तिका पावन मर्यादाहरूको परिपालन अनिवार्य छ । स्वयं बनेर नै हामी परिवार, समाज र राष्ट्रलाई केही सेवा अर्पण गर्न सक्तछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राणीमात्रमा दया

हृदयमा जब दयाको दिव्यभावना जागृत रहन्छ, मानिस प्राणीमात्रप्रति सहानुभूति र करुणाले भरिएको हुन्छ। प्राचीन आश्रमहरूमा ऋषिमुनिहरूले प्राणीमात्रप्रति स्नेह र आत्मीयता व्यक्त गरेका जुन हृदयस्पर्शी प्रसङ्गहरू पढ्न सुन्न पाइन्छन् तिनीहरूभित्र यही दयाको पवित्र भावना प्रेरक आधार रहेको पाइन्छ। अर्वाचीन युगका एकजना ऋषिकल्प समाजसेवी विद्वान्को प्रेरणादायी प्रसङ्गको चर्चा यहाँ गरौं। महामना पण्डित मदनमोहन मालवीय एकदिन गङ्गास्नानको निमित्त प्रयागको त्रिवेणीसङ्गमतर्फ जाँदै हुनुहुन्थ्यो। बाटाको एक किनारामा एउटा कुकुर ठूलो घाउको पीडाले छट्पटाइरहेको थियो। कानको छेउमा एउटा डरलाग्दो घाउ थियो। झिंगाले वारम्बार बसेर हैरान गरिरहेका थिए। घाउको दुखाई अलग थियो। त्यसको दयनीय स्थितिप्रति पण्डित मालवीयलाई सहानुभूति र करुणा जागृत भयो। "शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः" भन्ने भगवद्गीताको शिक्षा त्यहाँ चरितार्थ हुन गयो।

स्नान गरेर संक्षिप्त रूपमा आफ्नो नित्य नियम सम्पन्न गरी उहाँ हतार हतार प्रयागका एकजना वैद्यको घरमा जानुभयो। वैद्यले पनि पण्डितजी आइपुग्नुभएकोमा ठूलो प्रसन्नता प्रकट गरे। मालवीयजीले भन्नुभयो– "वैद्यराज! आज म न आफ्नो न आफ्नो परिवारको कसैको पनि बिरामीको प्रसङ्ग लिएर आएको हैन। आज त म एउटा कुकुरको घाउको पीडा देख्न नसकी त्यसको इलाजको निमित्त सहयोग माग्न आएको। कानको छेउमा बढ्दै गएको घाउले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एउटा कुकुर छट्पटाइरहेको छ । कृपया कुनै प्रभावकारी औषधि दिनुहोस् । म आज त्यसको पीडा केही शान्त गरेर मात्र घर फर्किने निधो गरेर आएको छु ।"

पण्डितजीका कुरा सुनेर वैद्य हाँसे । उनले डाक्टरको समेत राय लिएर लगाउने सल्लाह दिंदै एउटा अंग्रेजी दवाईको सुझाव थिए । पण्डितजी डाक्टरकहाँ पुग्नुभयो । पण्डितजीका कुरा सुनेर डाक्टर पनि हाँसे । तर हाँस्ने हाँसिरहन्छन् । जसलाई आध्यात्मिक अनुभूतिको उच्च मनःस्थिति छ, जस–लाई सर्वात्मा हरिको सेवाप्रति भावना जागृत छ ऊ दुनियाँको परिहासलाई परवाह गर्दैन । पण्डित मदनमोहन मालवीय दवाई लिएर कुकुर भएठाउँ जानु-भयो र एउटा बाँसको टुप्पामा कपडा बाँधेर त्यसमा दवाई लगाउनुभयो अनि त्यस बाँसको लग्गीले कुकुरको घाउमा दवाई लगाइदिन लाग्नुभयो । लग्गीले छोयँपिच्छे कुकुर भुक्तथ्यो, ङुर्रङुर्र गर्दथ्यो, कम्पिन खोज्दथ्यो । तर मालवीयजी धैर्यसाथ आफ्ना हरिको सेवामा संलग्न हुनुहुन्थ्यो । केहीबेर दवाई लगाएपछि त्यसको असरले घाउको पीडा केही कम भयो । कुकुर शान्त भएर वस्यो र केही वेरपछि शान्तिसाथ निदायो । "विचरो कैयौं दिनदेखि पीडाले गर्दा सुत्न पनि सकेको थिएन होला । भगवान्‌ले आज यसलाई यति सुविस्ता पुर्‍याउने सुअवसर मलाई दिनुभयो ।" भन्दै मनमनै सन्तोष अनुभव गर्दै र विश्वात्मा भगवान्प्रति कृतज्ञता निवेदन गर्दै पण्डितजी घर-तर्फ लाग्नुभयो ।

सडकमा भट्किरहेको एउटा कुकुरको पीडाप्रति पनि जसमा यस्तो विलक्षण सहानुभूति र सेवाको भावना जागृत हुन्थ्यो ती महामनाको हृदयमा दीनदुःखी मनुष्यहरूलाई देखेर, रोगी र विपत्तिमा परेकाहरूका अश्रुपूर्ण नेत्र देखेर हृदयमा कति करुणा प्रकट हुँदो हो ? ईश्वरीयसेवाको पवित्र भाव जसको जीवनमा जागृत हुन्छ तिनीहरूमा यस्तै भावात्मक तरलता हुन्छ । करुणा र दया, सेवा र सहानुभूतिको दिव्य आभाले उनीहरूको जीवन उज्यालो हुन्छ । दयाभाव दैवीसम्पत्ति हो यसको जागरण जसमा भयो त्यसको जीवन धन्य हुन्छ ।

अ......कुकुर जस्तो निम्नकोटिको प्राणीलाई बचाएर कुन ठूलो कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयो र ? जस्तो सोचाइ पनि कहिलेकहीं नम्राउने होइन । परन्तु मानवमा दयाको भावना जब जागृत हुन्छ त्यसले प्राणी निम्नकोटिको हो कि उच्च- कोटिको हो हेरिरहँदैन । जसरी पनि विपत्तिमा परेकालाई बचाउन- पाउनु स्वयंमा महान् कार्य हुन्छ। संसारका समस्त धर्महरूले दया र पर- सेवाको भावनालाई सर्वोत्तम भावनाको रूपमा लिएका छन् । यदि धर्मजगत्‌बाट दयाको भावलाई निष्कासित गरिदिने हो भने धर्म एउटा प्राणहीन थोत्रो र ढवुढी मात्र रहन जानेछ । दया छ त्यसैले धर्म भन्ने कुरा मूल्यवान् वनेको छ। धर्मको सर्वस्व वनेको यही दयानामक तत्त्वको प्रेरणाबाट संसारमा असंख्य परोपकारका कार्यहरू व्यक्तिगत र संस्थागत दुवै स्तरमा विश्वभरि नै सञ्चालित हुँदै आएका छन् । दयाको भावनाले नै मानवतालाई जीवित राख्न सवैभन्दा बढी बल पुऱ्याएको छ । संसारमा त्यसैवेलासम्म मानवता जीवित रहने छ जवसम्म विपत्तिमा परेकालाई बचाउने, आफूभन्दा पछि परेकालाई सहयोग गर्न पाउँदा आनन्दको अनुभव गर्ने यो सहृदयता, यो कोमल मन जीवित रहन्छ । आध्यात्मिक जगत्‌का सबै महामानवहरूद्वारा स्वीकारिएको यो हृदयपक्ष नै सन्त तुलसीदासको यो मार्मिक उद्‌गारभित्र अभिव्यक्त भएको पाइन्छ-

दया धर्मका मूल है पाप मूल अभिमान
तुलसी दया न छाडिए जब लगि घटमें प्राण ॥

सृष्टितिर दृष्टि दियो भने पनि परमात्माले दयाभावलाई नै स्थायी भाव तुल्याएर यस सृष्टिको रचना गरेझैं भान हुन्छ । संसाररूपी यस अमर काव्यको मूल रस नै करुणा हो कि जस्तो लाग्न खोज्छ । प्रकृतिका यावत् विधानभित्र दयाको अक्षुण्ण धारा बगिरहेझैं लाग्दछ । आकाशले दया गरेको देखिन्छ। धर्तीमाताले दया गरेको देखिन्छ । पहाड र समुद्रले दया गरेको देखिन्छ । नदी, खोला, नालाले दया गरेको देखिन्छ । लता, वृक्ष, वनस्पतिहरूले दया गरेको देखिन्छ । लाग्दछ सम्पूर्ण संसार नै दयैदयाभित्र बाँचेको देखिन्छ । पवनले, चन्द्रसूर्यले, रातौं दिन दयाको दान गरिरहेझैं लाग्दछ । सृष्टिभरि नै यत्रतत्र अरूको निम्ति बगेका उपकारधाराहरू दृष्टिगोचर हुन्छन् ।यस्तो दयैदयाको यो सृष्टिभित्र यसैको सर्वोपरि चेतना ओगटेर बसेको मानिस दयाहीन बन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गएमा सृष्टि नै एउटा विडम्बनापूर्ण बन्न जाने भएकोले मानिसको निमित्त दयाभावनाको महत्व यत्रतत्र गाइएको पाइन्छ । मनुष्य दयाहीन बन्न गएमा, परोपकारहीन बन्न गएमा ऊ पशुभन्दा पनि हेय बन्न पुग्ने तथ्य नीतिकार-हरूले सकारेका छन् । पशुहरूले त जीवनमा प्रशस्त परसेवा गरिकन पछि मरिसकेर पनि छाला र हाडद्वारा असाधारण लोककल्याण गर्न सक्छन् । तर मनुष्यले चाहिँ जीवनकालमा जे जति परसेवा गर्न सक्यो त्यही उसको विश्वको निम्ति योगदान हुन्छ । मरिसक्नासाथ मनुष्यको तर्फबाट प्राप्त हुने सबैकुरा सकिइसक्छन् । त्यसैले यदि जीवनकालमा अरुप्रति दयाको भावना, लोकहितको कार्य भएन भने मानिस पशुभन्दा उपेक्षायोग हुन जान्छ ।

नीति भन्छ– परोपकारहीनस्य धिङ मनुष्यस्य जीवितम्

धन्यास्ते पशवो येषां चर्माप्युपकरिष्यति ॥

उपनिषद्मा उल्लेख भए अनुसार, देवता, दानव र मानव तीनथरि शिक्षार्थीहरूलाई प्रजापतिले एउटै दकारको शिक्षा दिन्छन् द, द, द, जसको अर्थ दया, संयम र दान हुन्छ र आ–आफ्नो प्रकृति अनुसार तीनैथरिले एउटा एउटा प्रेरणा लिन्छन् । मानवको हिस्सामा दान पर्दछ । अरूको हितमा केही नदिई बाँच्नु मानवको निम्ति नसुहाउँदो जीवन हुन्छ । अर्थहीन जीवन हुन्छ ।

हाम्रो महान् धर्मले हामीलाई जीवमात्रमा दया गर्ने प्रेरणा दिन्छ । जीवलाई शिवकै स्वरूप संझेर प्राणीमात्रको सेवालाई परमात्माको प्रत्यक्ष सेवा मान्दछ । स्वयं परमेश्वर प्रकट भएर राज्य, स्वर्ग वा मोक्षसम्म दिन चाहँदा पनि आफ्ना निम्ति त्यो सब केही नचाहेर दीनदुःखीहरूको दुःखनिवारणमा सहयोगी बन्न पाउनुलाई नै वरदान मान्ने महान् हृदय भएका ईश्वरोपासकहरूको समुज्ज्वल परम्परा हाम्रो संस्कृतिको गौरवपूर्ण पक्ष नै रहिआएको छ ।

न त्वहं कामये राज्यं न स्वर्गं नापुनर्भवम्

कामये दुःखतप्तानां प्राणिनामार्तिनाशनम् ॥

यो जीवनसाधकहरूको शाश्वत रहर रहिआएको छ । आफूभन्दा पछि परेकाहरूको निम्ति दयापूर्ण व्यवहार गर्ने साँचो र सार्थक मनोभावना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वहुतै कम भाग्यशालीहरूको जीवनमा संभव हुन्छ । दयाजस्तो कोमल भावनाको विकास नभई मानिस आत्मविकासमा कहिल्यै अगि वढ्न सक्तैन । मानिसको हृदयगत कोमलताले जति ठूलो क्षेत्र बनाउँदै लैजान्छ त्यति मानिस आत्मिक विकासमा लम्किन सक्तछ । दयाको भावना मानिसमा केही सीमासम्म सधैं नै हुन्छ । तर त्यो रहेको दयाभावना "आफ्नो मात्र' भन्ने सानो घेरामा थुनिएको हुन्छ । त्यस घेरावाट वाहिर निस्केर जव सम्पूर्ण समाजप्रति क्षेत्र-विस्तार गर्दछ, जव समाजको विपत्तिलाई आफ्नै विपत्ति मानेर त्यसको निवारणमा सहयोगी बन्ने भाव जागरूक हुन्छ अनि व्यक्तिको जीवनमा पूर्णताप्राप्तिको लक्षण देखा पर्न थाल्दछ । दयाको भावनाले मानिस कसैको निम्ति एक कण खर्च गरोस्, एक क्षण लगाओस् त्यो प्रत्यक्षरूपले परमेश्वरको सेवा बन्दछ ।

दया शब्दलाई उल्टो पढौं त के हुन्छ ? 'याद" हुन्छ । जीवनभरि याद राख्ने कुरा केही छ भने त्यो हो अरूप्रतिको दया । जीवनमा हामी जे जति धन, वल, वुद्धि प्राप्त गर्दछौं त्यो सवै भगवान्‌को प्रसाद हो र प्रसादवाट केही अंश अरूलाई पनि छुट्याउनु अनिवार्य हुन्छ । भक्तहरू गाउँछन्–

सृष्टि छ प्रभुको शक्ति छ प्रभुको प्रभुकै व्याप्त विभूति यहाँ
जडचेतन सचराचर सव छन् प्रभुकै करुणापात्र यहाँ
करुणामय भैं दीनदुखीमा दुइ कण जसले दान दियो
दीनवन्धुको सेवाले नै उसको जीवन धन्य भयो ।

वगैंचामा काँडामा बोट पनि हुन्छन्, फलफूलका बोट पनि हुन्छन् । संसार पनि एउटा वगैंचा हो । काँडाको बोट वन्ने हो कि फलफूलको ? आफैं सोच्नु आवश्यक छ । जीवनलाई धन्य बनाउने, सधैं याद राख्नुपर्ने दयाको भाव विकसित गरेर फलवान् जीवन जिउन स्वयं भगवान्‌को आह्वान छ । दैवीसम्पत्ति अन्तर्गत प्राप्त हुने यस आह्वानलाई सकारेर समाजको निम्ति केही गर्ने सद्‌वुद्धि परमात्माले दिउन् र हाम्रो जीवन साँच्चिकै जीवन बनोस् परमात्मासंग सधैं हामीले प्रार्थना गर्नुछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्लोभता

हामी दैवीसम्पत्तिका मर्यादाहरूको चिन्तनक्रममा अगि बढ्दै छौं । निर्लोभता एउटाकठोर मर्यादा हो। यो सत्रौं दैवीसम्पत्ति हो । अरू धेरै कुरामाथि विजय प्राप्त गर्न सफल हुने साधकहरू पनि कहिलेकहीं लोभमाथि विजय पाउन असमर्थ नै रहन्छन् । धनको लोभ, सुखभोगको लोभ, मान, कीर्ति, प्रतिष्ठाको लोभ यी सबै प्रकारका लोभहरूले हामीहरूलाई जीवनमा कहिले यहाँ र कहिले उहाँ पुऱ्याउन खोज्द-छन् । लोभी मनोवृत्तिले मानिसलाई दीन, दुर्बल र पराश्रयी बनाउँछ । लोभमाथि जसले जतिमात्रामा विजय पाएको हुन्छ त्यसले त्यत्ति नै आफ्नो स्वाभिमान र स्वावलम्वी स्वभावद्वारा दीनता र पराश्रयबाट आफूलाई मुक्त तुल्याएको हुन्छ । त्यसैले धर्मप्रमुख मर्यादाहरूको उल्लेख गर्दा "अलोभ" लाई अवश्य लिइएको पाइन्छ । सार्ववर्णिक धर्मको निरूपण गर्दा मनुले "अकामक्रोध-लोभता" भनेर काम-कोधसंगै लोभबाट पनि मुक्त हुनुपर्ने कुरा बताएका छन् । त्यसैगरी धर्मका मूल ८ वटा मर्यादाहरूको क्रममा पनि "अलोभ" लाई विशेष गरी उल्लेख गरिएको छ । त्यसैले अलोभ के हो यसबारे विचार गर्नु आवश्यक छ ।

निर्लोभता भनेको आफूलाई सामान्य निर्वाहको निम्ति चाहिनेभन्दा बढीमा लोलुप नबन्नु हो । भगवद्गीताको भाषामा यसलाई "अलोलुप्त्व" भनिएको छ । आफ्नौं एकजना महान् सन्तको प्रेरक जीवनप्रसङ्गको चर्चा यहाँ गरौं । महाराष्ट्रको पण्ढरपुर भन्ने ठाउँमा सन्त तुकाराम नामका एकजना सन्त बस्दथे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनी गृहस्थ थिए, तर पनि उनको साधुपन, सौम्यता, त्याग र तपस्याको जीवनले गर्दा एउटा महान् सन्तको रूपमा उनी सुप्रसिद्ध बनेका थिए। सामान्य निर्वाहनायक मात्र थियो उनको पारिवारिक आर्थिक स्थिति। उनी-कहाँ सधैं सत्सङ्ग हुन्थ्यो र सत्सङ्गप्रेमी जिज्ञासुहरूको श्रद्धाको उपहार एवं वरपरका बालबालिकाहरूलाई पढाइदिंदा प्राप्त हुने गुरुदक्षिणा नै उनको जीवनको अवलम्बन थियो र जसैतसै घरव्यवहार चल्दथ्यो। "धन-सम्पत्ति जीवनविकासको साधन मात्र हो साध्य त मानिसको आध्यात्मिक-नैतिक विकास नै हो" भन्ने उनको स्पष्ट एवं निर्भ्रान्त धारणा थियो र उनी सत्सङ्गार्थीहरूलाई पनि यस्तै प्रेरणा दिन्थे। जीविका मात्र होइन जीवन पनि चाहिन्छ यही उनको जीवननिष्ठाको विषय थियो।

एकपटक सन्त तुकारामको साधुता, तपस्या र आध्यात्मिक निष्ठाको प्रसिद्धि सुनेर छत्रपति शिवाजीले उनलाई लिन भनी आफ्ना सेवकलाई पठाए। सेवकहरूले गएर सन्त तुकारामलाई भने- "सन्तजी, छत्रपतिले तपाईको दर्शन गर्ने इच्छा गर्नुभएको छ। पाल्नुहुनको लागि हात्ती, घोडा, पालकी जस्तो अनुकूल लाग्छ सवारी पनि हामीले ल्याएका छौं। कृपया स्वीकार गर्नुहोस् र हामीसंग पाल्नुहोस्।"

सन्त तुकारामले भने- "जानैपरे पनि मलाई परमात्माले दिएका दुइटा सशक्त गोडा छँदैछन्। यो निरीह प्राणीलाई भारी बोकाएर पाल्की-वाहकहरूलाई कष्ट दिएर म किन जाऊँ? बरू छत्रपतिलाई मेरो शुभाशीर्वाद निवेदन गरिदिनु। उहाँको सदा मङ्गल चिताउंछु भनिदिनु र यो निवेदन गरिदिनु कि मलाई भगवान् विठ्ठलनाथको सेवामा यहीं परमानन्द छ। कृपया बोलाउने कष्ट नभए नै राम्रो हुनेछ।"

शिवाजीका सेवकहरू फर्केर गए। मनमनै भन्दै गए- 'तुकाराम त कति न बुद्धिमान् होलान् भनेको त गएगुज्रेका अबुझ पो रहेछन्। घरमा अकस्मात् अनायास आइपुग्न लागेको समृद्धिलाई ठुक्र्याए। कुनै समझदारले घरमा आफैं भित्रिन आएकी लक्ष्मीलाई ठुक्र्याउला?"

सेवकहरूले शिवाजीलाई सन्त तुकारामको सन्देश सुनाए। सन्देश सुनेर उनको त्याग र साधुताबाट प्रभावित भएका छत्रपति स्वयं नै सन्त तुकारामको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्शन गर्न पण्ढरपुर गए । सन्तलाई प्रणाम गरेर असर्फीहरूको एउटा थैली सन्त तुकारामका पाउमा भेटी चढाए ।

सन्तले कोमल भाव र भाषामा भने– "छत्रपति ! हजुर स्वयं धर्मका रक्षक बनेर पनि मजस्ता भगवत्साधकलाई यस मोहबन्धनमा किन पार्न चाहनुहुन्छ ? यसले मेरो साधनामा बाधा पार्दछ । मलाई सामान्य निर्वाहको निमित्त भगवान्ले कृपा गर्नु भएकै छ । कृपया मभन्दा पनि केही नभएका-हरूको निमित्त काम लागुन्, यी असर्फीहरू फिर्ता लग्नुहोस् ।"

स्वयं सामान्य जीवननिर्वाहको मात्र स्थितिमा रहेर पनि स्वयं प्राप्त भएको धन आफू नलिई आफूभन्दा पछि परेकाहरूको हितको सम्झना गर्ने यी महान् सन्तको प्रेरणादायी निःस्पृहताबाट, अलोभबाट शिवाजी ज्यादै प्रभावित भए । अब शिवाजी प्रायः सधैंजस्तो एक पटक सन्ततुकारामको सम्पर्कमा सत्सङ्गनिम्ति पुग्ने गर्न थाले । उनलाई जीविकामाभन्दा जीवनमा बल दिने यी सन्तको सम्पर्कमा रहँदा जीवनको लक्ष्यपूर्ण स्वरूप मिल्दथ्यो र राष्ट्रको सञ्चालनमा चाहिने मानवीय दृष्टिकोण प्राप्त हुन्थ्यो ।

मानिस सम्पन्नताप्रति लोलुपता राख्तछ । तर सम्पन्नता केको लागि भन्ने बुझ्न नसकेर सम्पत्तिको अति लोभमा परेर स्वयंको र समाजको समेत विपत्ति मोल्दछ । सबै मानिस सन्त बन्न सक्तैनन् यो कुरा सत्य हो । तर सन्तुलित बन्न सक्तछन् । अति लोभ मानिसको निमित्त एउटा रोग सरह नै हुन्छ जसले सन्तुलन बिगार्दछ । लोभले अतिको रूप लिन थालेपछि व्यक्ति, समाज र राष्ट्रलाई नै क्षतिमा पार्दछ । समाजमा अनैतिकताको वृद्धि हुने कारण नै यही अतिलोभ हो । अतिलोभको रोग बढ्दै जाँदा मानिस असन्तुलित र तनाउपूर्ण बन्न जान्छ । वर्तमान विश्वका धेरैजस्तो समस्या-हरूको मूलमा आफ्नो क्षेत्रभन्दा परको अझ साँचोभन्दा अरूकै स्वत्व सोझै देखिने वस्तुमा समेत अतिलोभ गर्ने राष्ट्र–राष्ट्रको प्रतिस्पर्धा नै रहेको पाइन्छ । अतिलोभले गर्दा आफ्नो र अरूको मर्यादित सीमा समेतलाई मानिस केही गर्न छोड्दछ जसको परिणाम हुन्छ तनाव, कलह, सङ्घर्ष । के व्यक्ति, के परिवार, के समाज सबै स्तरमा असन्तुलित, उद्विग्न, सङ्घर्षरत वातावरणको सिर्जना गर्नमा जुन मनोवृत्तिहरूले भूमिका खेल्दछन् तिनमा अति–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोभ मुख्य रूपमा पर्दछ । त्यसैले दैवीसम्पत्तिमा "अलोलुप्त्व" लाई गणना गरेर भगवद्गीताले वैयक्तिक एव सामाजिक जीवनलाई संतुलित, शान्तिपूर्ण र सुव्यवस्थित तुल्याउने प्रेरणा दिएको छ ।

जीवननिर्वाहको लागि आवश्यक साधन नभई हुँदैन । अनि साधन जुटाउने क्रममा केही मात्रामा संग्रहवृत्ति पनि व्यावहारिक आवश्यकताभित्रकै कुरा हुन आउँछ । केही जुटाउनु पर्दछ, केही संग्रह गर्नु पर्दछ । तर लोभको मामला जहाँ आउँछ कुनै न कुनै विन्दुमा पूर्ण विराम नलाई हुँदैन । नत्र असीमित लोलुपता बढ्न थालेपछि मानिसको जीवनको गरिमा नै लुप्त हुन जान्छ । मानिसलाई सम्पत्ति चाहिएको साधनको रूपमा हो साध्यको रूपमा होइन । साध्य त मानवको आत्मविकास हो, आत्मलाभ हो। जब मानिस यस पवित्र साध्यलाई नै तिलाञ्जलि दिएर साधनको लागि जीवन आहूत गर्न थाल्दछ अनि सबै व्यवस्था भताभुङ्ग हुन थाल्दछ । नैतिकता जान्छ, सदाचार जान्छ। मानिस आदर्शहीन र खोक्रो बन्न पुग्दछ । शान्ति, सुव्यवस्था, सन्तुलन जस्ता शाश्वत स्थितिहरूको बदला अशान्ति, अव्यवस्था र असन्तुलन एवं तनाव मानिसका जीवनसाथी बन्न पुग्दछन् । त्यसैले आध्यात्मिक साधनाले हामीलाई उपभोगको पक्षमा, साधन जुटाउने पक्षमा अतिलोभी नहुने आह्वान गर्दछ । वाहिरवाट यसरी सन्तुलित र मर्यादित बन्न सक्दा मानिसको आन्तरिक निर्माणमा असाधारण योगदान पुग्दछ जुन आन्तरिक निर्माणमा नै मानिसको गौरवपूर्ण जीवन फुल्न र फल्न सक्तछ ।

त्यसैले अतिवाट हुने खतिलाई पन्छाउन भगवान्ले दैवीसम्पत्तिको रूपमा अलोलुपताको सन्देश दिनुभएको छ । यसको परिपालनद्वारा नै व्यक्ति, समाज र राष्ट्र लक्ष्यानुसार सफलतातिर अगि बढ्न सक्तछ । व्यक्ति व्यक्तिमा प्रामाणिकता, नैतिकता विकसित बन्नु नै समाज र राष्ट्रको विकासमा सहयोगी वातावरणको सिर्जना गर्ने बलियो आधार भएकोले यस साधनामय जीवनमा हामीले परमात्मासंग त्यही अन्तर्दृष्टि माग्नुपरेको छ जसले हामीलाई साधन र साध्य बीच विवेक राखी सन्तुलित जीवन जिउने शक्ति मिलोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृदुता

मृदुता बोलीले, सोचाईले र व्यवहारले अरूप्रति वर्तिने नम्रता एवं मधुरतामा प्रकट हुने अत्यन्त प्रभावकारी सद्गुण हो। जसमा यस दिव्य गुणको अस्तित्व हुन्छ त्यसले प्रभावित पार्न नसक्ने हृदय संसारमा दुर्लभ हुन्छ। महात्माहरूमा पाइने यही मृदुताको दिव्य गुणले ठूलाठूला वज्रहृदयहरूलाई पनि द्रवित पारेका प्रसङ्गहरू हामी पढ्न पाउँछौं। आफूलाई मार्ने दाउले आएका कुख्यात डाकू जगाई र मधाईप्रति चैतन्य महाप्रभुले वर्तिनुभएको यही मृदुताले तिनलाई हृदयपरिवर्तन गरिदिएर आजीवन उहाँका पाउको सेवक बनाइदिएको कुरा हामी पढ्न पाउँछौं। अंगुलिमालजस्ता नृशंस रक्तपिपासुको हृदय भगवान् बुद्धको यही मृदुतावाट सदासदाको लागि परिवर्तित भएको थियो। पछि ऊ पूर्ण अहिंसक बनेको थियो। महाभारतको कथामा परेवा र परेवीको यही मृदुताले गर्दा एउटा कठोरहृदय व्याधालाई सधैंको निम्ति हिंसाकर्म त्याग्न प्रेरित गरेको थियो। अरूकाप्रति वर्तिने यो मृदुताको व्यवहारमा विलक्षण जादू हुन्छ। मृदुताको गुण हुनेहरू नैसंसारमा मृदुभाषी, लोकहितैषी, आकर्षक व्यक्तित्व भएका सज्जनको रूपमा प्रतिष्ठित र सम्पूजित हुन पुगेको पाइन्छ। व्यावहारिक जीवनमै पनि मृदुताको स्वभाव हुने व्यक्तिहरूले नै लोकप्रियता पाएको देखिन्छ। अरूप्रतिको कठोरताले मानिसको व्यवसाय विग्रिन पुग्दछ, लक्ष्य गरेको महत्त्वपूर्ण कार्यमा विघ्न आइदिन्छ। पदपदमा अवरोध खडा हुन्छ। तर, मृदुताको स्वभाव भएको व्यक्ति आफ्नो लक्ष्य अनुसारको काम सजिलैसित मिलाइरहेको हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृदुता भन्नाले यहाँ मनले, वचनले र शरीरले समेत अरूप्रति कोमल व्यवहार गर्नुलाई लिइन्छ। मनमा अरूप्रति कठोर कल्पना नहोओस्, वाणीमा अरूलाई विझ्ने कठोरता नहोओस् र शरीरद्वारा गरिने व्यवहारमा अरूप्रति कठोरताको वर्ताव नहोओस् । यसरी मन, वचन र कर्म तीनै स्तरवाट हुने अरूप्रतिको व्यवहारमा कोमलता व्यक्त होओस्, यही यसमा अपेक्षित हुन्छ ।

सृष्टिको सम्पूर्ण विधानभित्र कोमलताको रक्षाको प्रयत्न भएको पाइन्छ। कुनै रूखलाई लिओं वाहिरको स्थूल र कडा आवरणले चुरीजस्तो भित्रको कोमल अंशलाई वचाएको हुन्छ। कुनै फललाई लिओं वाहिरको कडा वोक्रो, मोटो आवरण सबै भित्रको फलको कोमल गुदी वचाउन प्रकृतिले गरेको व्यापक व्यवस्थाको रूपमा सर्वत्र दृष्टिगोचर हुन्छ । फलको गुदीको अंश नष्ट हुँदा सम्पूर्ण फल नै निःसार बन्दछ। त्यस्तै जीवनको सर्वोपरि सार जीवनको सरल, सृदुल, सरस, कोमल भावना र व्यवहार नै बन्दछ । त्यसैले नीतिकारहरूले हृदयको सरसतालाई, व्यवहारको सरसतालाई जीवनकै सार बताएका छन् । व्यक्ति दुइ प्रकारको हुन्छ, साक्षर र सरस । व्यक्ति साक्षर बन्नै पर्दछ। व्यक्तिले अक्षर चिनेकै हुनुपर्दछ पढेका हुनै पर्दछ । तर साक्षारता उल्टो हुन जाँदा हानिकारक पनि हुन जान्छ । यदि साक्षर व्यक्ति,पढेलेखेको व्यक्ति विपरीत बन्न पुग्यो भने राक्षस बन्ने डर हुन्छ रावणले राक्षसता लिएझैं । पढाइमा कम छैन, सिकाइमा कम छैन । विद्याका विविध पक्षमा पारङ्गत छ परन्तु भित्रबाट अरूको अहित गर्नमा आफ्नो स्वार्थ साध्नमा जस्तोसुकै मोल चुकाउनु परे पनि तयार छ । अरूलाई सताउन, अरूको स्वत्व मेटाउने काम गर्न पाउँदा वडो आनन्द मान्दछ । सक्षम व्यक्ति यदि यस रूपमा परिणत हुन पुग्यो भने त्यो व्यक्ति राक्षस बन्न सक्तछ। 'सरस' रसिलो व्यक्ति भोलि विपरीत नै भएछ भने पनि सरस नै रहन्छ। किनभने रसमय व्यक्तित्व भएको मानिस उल्टेर अरू थोक बन्ने डर नै रहँदैन । नीतिश्लोक भन्दछ– 'सरस' लाई उल्टो पढ त 'सरस' नै हुन्छ । तर यदि 'साक्षारा' लाई उल्टो पढ त 'राक्षसा' बन्दछ । त्यसैले सरस बन साक्षर मात्र होइन । तिमीले साक्षर मात्र बनेर, पढ्न, लेख्न मात्र जानेर पुग्दैन । जीवनलाई बनाउन पनि जान्नु पर्दछ ।

सरसो विपरीतोऽपि सरसो भाति केवलम्
साक्षरा विपरीताश्चेद् राक्षसा भान्ति केवलम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्त कवीर भन्दछन्– "पढ्दा पढ्दा संसार मरिरहेको छ परन्तु पण्डित अथवा ज्ञानी वन्ने स्थितिमा चाहिं कोही पुग्दैन । वास्तवमा पण्डित वन्ने स्थितिमा को चाहिं पुग्दछ त भन्दा त्यो व्यक्ति पण्डित वन्न पुग्दछ जो 'प्रेम' शब्दका अढाई अक्षरलाई पढ्न समर्थ हुन्छ । 'पढता पढता जग मुआ पण्डित हुआ न कोय । ढाई आखर प्रेम के पढे सो पण्डित होय ।।" अरूप्रतिको व्यवहारमा प्रेम प्रकट गर्न सक्ने भएको दिन मानिस सरस हुन्छ, कोमल हुन्छ । प्रेमी, सरस, सरल व्यक्तित्व बनाउन सकेमा समाजको सेवामा हामी केही गर्न सक्छौं । सरस व्यक्तिमा, मृदुताशाली व्यक्तिमा पूर्वाग्रह रहन्न, एकोहोरो आफ्नो विचार कसैमा लाद्ने स्थितिमा ऊ हुँदैन । अरूको पनि कुरा सुन्न सक्ने उदार मन उसको हुन्छ । यस्तै व्यक्तिले समाजको निमित्त सामञ्जस्यपूर्ण, नीतियुक्त सेवा समर्पित गर्न सक्छ । जसको अन्तर्मनमा रूखोपन र कडापनको खडेरी लागेको हुन्छ वाहिर त्यस व्यक्तिको व्यक्तित्वमा उर्वरताको कहिल्यै कल्पना गर्न सकिन्न । जो स्वयं उर्वर छैन त्यसले समाजलाई के दिने ? त्यसैले गीतामाता भन्दछिन्– तिमीमा मार्दव हुनुपर्दछ व्यावहारिक कोमलता हुनुपर्दछ, वचनमा मनमा कोमलता हुनुपर्दछ ।

हाम्रो शरीरभित्रै परमात्माले एउटा अत्यन्त रोचक प्रवन्ध गरेर हामीलाई सिकाइरहेका छन् । कोमल वन र टिकाऊ होऊ, कडा वनेर घाँडै गल्ने वा खस्ने स्थितिमा नपुग, परमात्माको यो शिक्षा छ। हामी मुखभित्र हेरौं । यहाँ दुइटा अङ्ग वडो रहस्यपूर्ण स्थितिमा देखिन्छन्– जिब्रो र दाँत। हामी जन्मिदैदेखि जिब्रो वनिबनाऊ रूपमा प्रकट हुन्छ । दाँत चाहिं धेरै पछि मात्र प्रकट हुन्छन् । जिब्रो कोमल छ, सरल छ प्राण रहुन्जेल कायमै रहन्छ परन्तु दाँत कडा छन्, जे आइलागे पनि कडाइसाथ टोकिदिने काम गर्दछन् दाँतको जससित पनि कडाइकै मात्र वर्ताव हुन्छ । उता जिब्रो चाहिं जसप्रति पनि कोमल छ, सरल छ, नरम छ । जिब्रो पहिल्यै पैदा भएर पनि आखिरसम्म रहिरहन्छ तर दाँतचाहिं पछि पैदा भएर पनि जिब्रोभन्दा पहिल्यै फुक्लीवरी कहाँ पुगिसक्छन् । परमात्माको यस व्यवस्थाले वताइ-रहेको छ टिकाऊ वन्ने इच्छा छ भने सवैसंग नरम वनेर व्यवहार गर, सवैप्रति रूखै वर्ताव गर्ने नवन । दैवी सम्पत्तिमा कोमलतालाई समावेश गरेर भग-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वद्गीताले हामीलाई सफल जीवनको बाटो बताइरहेको छ। परिवार, समाज, राष्ट्र र विश्वमा नै हामी जति वढी सेवा पुऱ्याउन चाहन्छौं, मानवताको जति वढी रक्षा गर्ने हाम्रो सङ्कल्प जागरित हुन्छ त्यत्ति नै हामीले अरू-प्रतिको व्यवहारमा कोमलताको भाव प्रकट गर्न सक्नुपर्दछ । कोमलताभित्रै करुणा, मैत्री, स्नेह, सौजन्य जस्ता सद्गुणहरू मौलाउन सक्छन् । मानवतालाई बचाउने सम्पूर्ण गरिमाहरू कोमलतावाटै उब्जिन्छन् र कोमलतामै विकसित हुन्छन् । त्यसैले 'मार्दवम्' मृदुता यो दैवीसम्पत्ति मानिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकलज्जाको परिपालन

अब पालो छ लोकजज्जाको परिपालनको । यो दैवीसम्पत्तिको उन्नाइसौं मर्यादा हो । कुनै महान्भन्दा महान् प्रेरणा दिने, शिक्षा दिने सत्-शास्त्र होस् यदि विचारहीन, लक्ष्यहीन व्यक्तिको हातमा पर्ने हो भने केवल तर्कजालमा त्यो हराउँछ निरर्थक वाग्-जालमा झेलिन्छ परन्तु यदि दृष्टिसम्पन्न, साधनाममंज्ञ, लक्ष्यनिष्ठ व्यक्तिका हातमा पर्‍यो भने त्यस्तो प्रेरक शास्त्रले जीवननिर्माणमा क्षणक्षण अग्रगामी तुल्याउँछ, मानिस पदपदमा समुन्नतितिर लम्किरहेको हुन्छ । दैवी सम्पत्तिका यी पावन मर्यादाहरू यस्तै जीवननिर्माण गर्ने प्रेरणा दिने भावनात्मक उज्यालाहरू हुन् । समुन्नति, समृद्धि, विकास घात्मसमुत्थान यदि जीवनमा यी कुराहरू ल्याउनु छ भने दैवीसम्पत्तिको अनुसरण आवश्यक छ । दरिद्रता, रोग, पतन, यी दुर्दशाहरूलाई आमन्त्रित गर्नु छ भने आसुरी सम्पत्ति रोजे पुग्दछ । दैवीसम्पत्तिप्रति सही दृष्टिकोण विकसित नभएकोले नै समाजमा आज कर्मशक्तिको ह्रास भएको छ, समुन्नति के भौतिक के आध्यात्मिक दुवै रोकिएको छ, मन्थर भएको छ । दैवीसम्पत्तिका महान् मर्यादाहरूको विकास गर्न सके हामी र हाम्रो समाज आजको स्थितिभन्दर धेरै माथि उठ्न सक्छौं । उँभो उठ्न सक्छौं । उँभो लाग्ने प्रयत्न नै धर्म हो अध्यात्म हो । आओं दैवीसम्पत्तिको रूपमा समुन्नति र समृद्धिका प्रेरणादाता योगेश्वर भगवान् श्रीकृष्णबाट प्राप्त यी पावन शिक्षाहरूलाई जीवनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रहण गरौं र कर्मयोगीको जीवननिर्माण गरी स्वयंको र समाजको समेत समुत्थानमा सहयोगी बनौं । त अब पालो छ– लोकलज्जाको परिपालनको ।

कुनै अमिल्दो अनुचित कार्य आफूबाट हुन लाग्दा अरूले के भन्लान् भनेर जुन सङ्कोच र असजिलोपनको अनुभव हुने गर्दछ त्यसैलाई यहाँ लोक-लज्जाको रूपमा लिइएको छ र भगवद्गीताको भाषामा यसलाई 'ह्री' भनिएको छ । दैवीसम्पत्तिमा यसै नामले उल्लेख गरिएको छ । मनुष्यलाई सामान्य प्राणीबाट पृथक तुल्याएर मनुष्यको पंक्तिमा पुऱ्याउने अनेकौं आधारभूत तत्त्व-हरूमध्ये लज्जाको आफ्नै महत्त्वपूर्ण स्थान छ । लज्जाले नै मानिसलाई सभ्य बन्न सिकाएको छ । कतिपय कुरामा मानिस कहिलेकहीं पशुभन्दा पनि तल्लो स्थितिमा हुन्छ तर यही लज्जाको मनोभावले उसलाई मर्यादित र शिष्ट बनेर पशुजगत्भन्दा माथि रहने सौभाग्यपूर्ण स्थिति सम्भव गराएको हुन्छ । पशुमा लज्जा हुँदैन, लज्जाबाट पैदा हुने सङ्कोच पशुमा हुँदैन त्यसैले मर्यादा राखेर व्यवहार गर्ने प्रवृत्ति नै पशुमा हुँदैन । पशु जहाँ पनि जे पनि गर्न सक्छ । परन्तु मानिस त्यस्तो गतिछाडा हुन सक्तैन । उसले सभ्यताको निर्माण गरेको छ, शिष्टताको स्वरूप बनाएको छ । जहाँ पनि जे पनि गर्न नसक्ने यो स्थिति नै लज्जा हो र मर्यादाको आधार यही हो । जहां मानिसबाट लज्जा पर हुन्छ त्यसपछि मानिस मानिस रहँदैन । त्यसैले मानिस-लाई मानिस बन्न उत्प्रेरित गर्ने भावात्मक आधार लज्जा नै बनिदिन्छ ।

स्वार्थद्वारा प्रेरित मानिसले जहाँजहाँ गति छाड्न खोज्दछ त्यहाँ त्यहाँ उसलाई मर्यादित बन्न विवश बनाउने तत्त्व यही लोकलज्जा हुन्छ । उदाहरणको रूपमा कसैको घर सडकको किनारमा छ । आफ्नोमात्र स्वार्थ हेर्ने प्रवृत्तिले गर्दा मानिस चाहे जतिसुकै चल्तीको सडक होस् फोहोर गर्न बाँकी राख्तैन । तर यदि त्यसमा ओहोरदोहोर गर्नेहरूले के भन्लान् भन्ने अलिकति पनि उसका मनमा रहन सक्यो भने ऊ सार्वजनिक स्थल बिगार्ने लाजमर्दो कामबाट अलग हुन सक्तछ । आफूप्रतिको अरूको धारणा बिग्रिन नपाओस् भन्ने सतर्कता यही लज्जाबाट पैदा हुन्छ र मानिसलाई विभिन्न उपद्रो गर्न सक्ने संभावनाबाट बचाउँछ । हुन त यसरी अरूलाई मबारे के लाग्ला वा अरूले के भन्लान् भनेर गरिने मर्यादापालनभन्दा आफ्नै स्वविवेकले, आफ्नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्तव्यबुद्धिले गरिने मर्यादापालन उत्तम हुन्छ । तर त्यसरी विवेकशील मर्यादापालनमा पुग्न पहिले लोकलज्जाबाटै मद्दत पुग्दछ । महामनीषी भर्तृहरिको एउटा नीतिश्लोक छ, त्यसले भन्दछ– "बालक झैं केही जान्न बुझ्न चाहनेहरूलाई सिकाउन विभिन्न कल्पित उपायहरूको रूपमा अड्ने आधारहरू प्रदान गरिन्छन् । पहिले असत्यरूपबाटै भएपनि बाटो लाग्नुपर्दछ, त्यही विस्तारै सत्यमा पुऱ्याउने अवलम्वन बनिदिन्छ ।

उपायाः शिक्षमाणानां बालानामुपलालनाः ।
असत्ये वर्त्मनि स्थित्वा ततः सत्यं समीहते ॥

देख्ने मान्छे कोही छैन, एकान्तभन्दा एकान्त छ, त्यो स्थितिमा पनि मनमा अडिग कर्तव्यभावना राखेर मर्यादामा अड्ने धीर कति हुनन् ? हुन्छन् तर बहुतै कम हुन्छन् । जो आत्माराम हुन्छन्, जो परमात्माको प्रेममा समर्पित हुन्छन्, जसलाई आत्मिक सुखको अगाडि अन्य यावत् बाह्य सुखहरू नगण्य हुन्छन् त्यस्ता उच्चकोटिका भगवत्साधकहरू, आध्यात्मिक साधकहरू जस्तोसुकै एकान्तस्थलमा, जस्तोसुकै कसैले नदेख्ने ठाउँमा पनि अन्तर्विकारहरूबाट बच्न, स्वविवेकले श्रद्धासाथ मर्यादाको पालन गर्न समर्थ हुन्छन् । नत्र धर्म र अध्यात्मको ह्रास आइरहेको सामान्य स्थितिमा मानिसलाई अरूका आँखा छल्न पाए पुग्दछ । यदि अरू कोही देख्ने छैन भने पुग्दछ । यो मनःस्थितिमा जिउने मानिसलाई पनि अकृत्यबाट बचाउन आधार बनेर आउने को छ ? केवल लज्जामाता छिन् । शक्तिसाधनाको क्रममा संसारमा धर्मको रक्षाको लागि, दैवीभावनाको संरक्षणको लागि अवतीर्ण भइरहने पराम्बा शक्तिमाताको एउटा सक्रियरूप लज्जा मानिएको छ–

या देवी सर्वभूतेषु लज्जारूपेण संस्थिता
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥

लज्जामाताले नै मानिसलाई मानिस बनाएर मानवताको रक्षा गर्दछिन् । मानिसका यावत् सभ्यता, शिष्टता, शालीनता, सुशीलताको सम्बन्ध लज्जासंग छ । "आफ्नो कुलको, आफ्नो देशको लाज राखूँ" यो आत्मगौरवसाथ बाँच्न चाहने प्रत्येक स्वाभिमानी मानवको आकांक्षाभित्र फुर्ने शाश्वत सङ्कल्प हो ! लाज बर्बाद हुनु स्वाभिमानीको निमित्त जीवन जानुभन्दा पनि ठूलो कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ । त्यसैले आफ्नो लाज राख्नु सबै आत्मगौरवप्रेमीको सतत श्रद्धेय विषय हुन आउँछ । उपनिषद्मा एउटा प्रसङ्ग आउँछ जहाँ लोकहितको निमित्त दान दिनुपर्ने कुरा उल्लेख गरिएको छ । त्यहाँ सम्पन्न भएर कर्तव्यबुद्धिले दिने कुरा छ भने साथसाथै लाज राख्नको निमित्त दान दिने पनि उल्लेख आउँछ । किनभने कर्तव्यबुद्धिले, स्वविवेकले दिनैपर्ने हो भन्ने ठानेर दान गर्ने त कति हुन्छन् र ? तर धेरैले लाज राख्न पनि दान गरिरहेको देखिन्छ । त्यसैले दानको क्रममा जहाँ "श्रिया देयम्" आउँछ त्यहीं "ह्रिया देयम्" पनि आउँछ । यसरी यिनै लज्जामाताले मानिसलाई परहितको निम्ति आफ्नो थैली फुकाउन समेत प्रेरित गर्दछिन् र लोकसेवाको कार्यमा मानिसका पाउ अगि बढ्दछन् । जसले यस लज्जातत्त्वलाई पचाइसकेको हुन्छ, समाजको निम्ति केही गर्नुपर्ने र नगरी बाँच्नु मनुष्य नै नरहनु हो भन्ने भावना जसले छोडिसकेको हुन्छ त्यो मानिस मानिस पनि रहन्छ कि रहँदैन प्रश्न गर्नुपर्ने स्थितिमा हुन्छ । यसरी शक्तिकै एउटा प्रत्यक्ष रूप बनेर संसारको स्थितिलाई सञ्चालन गर्ने लज्जामाताको मानवतारक्षक गरिमालाई चिनेर मर्यादित जीवन जिउनेतर्फ अलिकति पनि प्रगति गर्न सके हाम्रा पाइला साँच्चि नै प्रगतितर्फ लम्किनेछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चञ्चलताको परित्याग (अचापलम्)

वास्तवमा मानिसमा जबसम्म जीवनको लक्ष्य, त्यसको प्राप्तिको निमित्त जीवनका क्षणहरूको सदुपयोगबारे पूर्ण स्थिरता प्राप्त भएको हुँदैन, उसले ज्ञान प्राप्त गऱ्यो, शिक्षित भयो भनेर भन्न मिल्ने स्थिति हुँदैन । प्राचीन समयको वैदिक संस्कृतिमा आधारित ऋषिकुल– परम्परामा दिइने शिक्षामा व्यक्तिनिर्माणको निमित्त सर्वैभन्दा पहिले जीवनको लक्ष्य निर्धारित गर्ने अन्तश्चेतनाको जागरण शिक्षार्थीमा गराइन्थ्यो । जीवनको निर्धारित लक्ष्यको परिपूर्तिको निमित्त योजनाबद्ध रूपमा जीवनका प्रत्येक क्षण र प्रत्येक कणको पूर्ण सदुपयोग गर्दै विवेकको उज्यालोमा जीवनयात्रा पूरा गर्ने उदात्त प्रवृत्ति मानिसमा विकसित हुन्थ्यो । कुन काम उचित हो कुन अनुचित विवेकको प्रकाशमा यात्रा गर्ने व्यक्तिलाई थाहा हुन्थ्यो । कुन काम जीवनको उच्च लक्ष्यको प्राप्तिमा सहयोगी छ कुन छैन व्यक्ति सुस्थिर अन्तश्चेतनाको उज्यालोमा राम्ररी पर्गेल्न सक्ने हुन्थ्यो । पछुतोमा पर्नुपर्ने गरी प्रमादको शिकार बन्नु-पर्ने खालको काम ऊ गर्दैनथ्यो । स्वयं जीवनको नियन्ताको रूपमा ऊ सुदृढ र लक्ष्यनिष्ठ हुन्थ्यो । २५ वर्षसम्मको अनुशासित एवं संयमी जीवनसाधना-साथ गरिएको विद्याभ्यासले भविष्यमा आउने गृहस्थाश्रमका सम्पूर्ण जटिलता-हरूको योग्यतासाथ समाधान गर्न सक्ने प्रबल व्यवहारकुशलता र दूरदर्शिताको निर्माण गरिदिएको हुन्थ्यो ।

आज जीवनमा त्यस लक्ष्यनिष्ठाको ह्रास हुँदै गएकोले जीवनयात्रा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकप्रकारले लक्ष्यहीन भीडमा धक्कमधुक्की गर्दै अगि बढ्नु सरह नं हुन पुगेको देखिन्छ। मानिस बूढो भइसकेको हुन्छ, केश पूरै पाकिसकेका हुन्छन् तर मनुष्यजीवन किन जिउने, त्यसको लक्ष्य के हो भन्ने बारेमा गंभीरतासित सोच्ने उसलाई अवकाशै मिलेको हुँदैन । पाइला अनवरत चलिरहेका छन् तर कता जाइँदैछ जानेलाई पनि थाहा छैन । न गन्तव्यको ज्ञान छ न सही र गलतको विवेक छ । जीवनमा भौतिकपक्षको के महत्त्व छ? आध्यात्मिकपक्षको कुन स्थान छ ? साध्य के हो, स धन के हो यी गम्भीर विषयहरूको चिन्तन त्यो लक्ष्यहीन भीडको यात्रामा सम्भव नै कहाँ हुन्छ र ? यो लक्ष्यनिष्ठ जीवन त त्यहीं सम्भव हुन्छ जहाँ मानिसले चञ्चलताको परित्याग गरेर "अचापल' को दिव्यगुण जीवनमा विकसित गरेको हुन्छ। यो साह्रै महत्त्वपूर्ण गुण हो । त्यसैले दैवीसम्पत्तिको क्रममा यहाँ यस महत्त्वपूर्ण गुणको समावेश भएको छ । लक्ष्यप्रतिको स्थिरता र त्यसको प्राप्तिको निमित्त गरिने साधना नै यहाँ "अचापल" शब्दले लिन खोजिएको छ। जीवनमा सफलसाधनाको निमित्त सर्वोपरि आवश्यक हुन्छ चञ्चलताको परित्याग। यसलाई दैवीसम्पत्तिको क्रममा उल्लेख गर्दा 'अचापलम्' भनेर उल्लेख गरिएको छ । चञ्चलता भनेको कुनै एक लक्ष्यप्रति लागिनपरी बीचबीचमा साधना र अध्यवसाय छोड्दै अस्थिर बनेर भौंतारिइरहनु हो । यस्तो अस्थिरतालाई नत्यागी, आफूले लक्ष्य गरेको कुराप्रति समर्पित नभई सिद्धिको द्वारमा पुग्न सकिन्न । त्यसैले कर्मयोगका प्रतिपादक भगवान् श्रीकृष्ण भन्नुहुन्छ– "चञ्चलता त्यागेर लक्ष्यसमर्पित बन, अध्यवसायी बन एकात्मक र स्थिर बुद्धिमा अड।" यही 'अचापलम्' शब्दले लक्ष्य गर्न खोजिएको विषय हो ।

एउटा प्रेरक प्रसङ्गको चर्चा यहाँ गरौं । एउटा किसान युवकलाई खेतमा पानी पटाउनु परेको थियो। खडेरी लागेर नदी नाला, कुलो सबै सुकेको बेला थियो । उसले खेतमै नयाँ कुवा खनेर पानी निकाल्ने विचार गर्‍यो र ठूलो मेहनतले खनाई शुरू गर्‍यो । ४–५ हात एक ठाउँमा खनिहेर्थ्यो, जब पानी आएन ऊ त्यो ठाउँ छोडेर अन्तै खन्न थाल्दथ्यो । त्यहाँ पनि ४–५ हात खन्थ्यो जब पानी आउन्नथ्यो ऊ अर्को ठाउँमा खन्न शुरू गर्दथ्यो, यसै गर्दा गर्दा दिनभरिमा १०–१२ ठाउँमा खनिसकेको थियो। पानी चाहिं कहीं पनि देखा परेको थिएन। दिनभरिको मेहनतपछि हैरान भएर विषादपूर्ण मनले निराशा र दुःख दुवैमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिल्सिएको अनुहार लिएर त्यो युवक खेतको आलीमा अडेश लागेर बसिरहेको थियो। दिन छिप्नै लागेका बेला एकजना वयोवृद्ध अनुभवी किसान त्यही बाटो त्यहाँ आइपुगे। युवकको हताश मुद्रा देखेर उनले सोद्धा युवकले दिनभरि लगाएर १०–१२ ठाउँमा कुवा खनेको तर पानी चाहिं कहीं ननिस्केको कुरा बताउँदै हैरानी प्रकट गऱ्यो। ती वयोवृद्ध अनुभवी किसानले संझाए– "बाबु, कुरा तिमीले नै बिगारेछौ। जति मेहनत आज तिमीले खर्च गऱ्यौ त्यसलाई १०–१२ ठाउँमा छरेर त्यसै खेर फालेछौ तिमीले। त्यो सम्पूर्ण मेहनत एउटै ठाउँमा पर्न पाएको भए पानी निश्चितरूपले निस्किसक्ने थियो। कल्पना गर त त्यहाँ ४–५ हात खन्यौ त्यहाँ ४–५ हात खन्यौ, १०–१२ ठाउँको जोड त कति खन्न सकेछौ तिमीले। त्यति खनाई एकै ठाउँमा परेको भए अगि नै पानी निस्किसक्थ्यो, तिम्रो लक्ष्य प्राप्त भइसक्थ्यो।" युवकका आँखा उघ्रे। उसले अलि ठूलो डोब बनाएर एकै ठाउँमा खन्न शुरू गऱ्यो। दिन छिप्न लागेको उसलाई न होशै थियो न त्यसनिम्ति पीर नै। पानी निकालेर मात्र विश्राम लिने उसले अठोट गरेको थियो। आखिर १५–२० हात के खनेको थियो, पानी निस्क्यो। सांझ बितिसक्दा नसक्दा उसले लक्ष्यप्राप्त गरेर संतुष्टिको सास लिइसकेको थियो। अनुभवी वृद्ध किसानको अर्तीप्रति आभार जनाउँदै परम सन्तुष्टिसाथ ऊ घरतर्फ लाग्यो।

सफल सार्थक जीवन जिउन त्यसैको लागि सम्भव हुन्छ जो आफ्नो लक्ष्यप्रति एकात्मक आस्था राख्तछ। आफ्नो श्रम र अध्यवसायलाई छरिन दिंदैन, स्थिरबुद्धि राख्तछ। भगवद्गीताले 'अचापलम्' भनेर यस्तै लक्ष्यनिष्ठ जीवनप्रति इशारा गरेको छ। जो छिनछिनमा विचार बदल्दछ, लक्ष्य बदल्दछ, साधना परिवर्तन गरिरहन्छ त्यस्तालाई सफलताको द्वारमा पुग्ने सौभाग्य जीवनमा गाह्रो हुन्छ। त्यसैले चञ्चलताको त्यागमाथि भगवद्–गीताले बल दिएको छ।

क्षेत्र चाहे जुन होस् सफलताको मूलमन्त्र हो लक्ष्यनिष्ठा, अध्यवसायशीलता। भगवद्गीताले जुन उत्पादक, प्रगतिगामी जीवनतिर डोऱ्याउन खोजेको छ त्यसको मूल प्रेरणाबिन्दु यही लक्ष्यनिष्ठ साधनाभित्र पाइन्छ। लक्ष्यनिष्ठाविना, आफ्नो साध्यप्रतिको समर्पण विना सफलता कहिल्यै प्राप्त हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामी प्रकृतिको सङ्केतलाई बुझौं । कुनै वनभित्रको तलाउ भएठाउँ गएर हेरौं त्यहाँ वरपरका वृक्ष-वनस्पतिहरूको प्रतिविम्ब परिरहेको हुन्छ, छाया देखिइरहेको हुन्छ । अरु रातको वेला होस् र त्यसमा पनि जुनेली रात होस् चन्द्रमाको आह्लादकारी पूर्णविम्ब त्यसमा प्रतिविम्बित हुन्छ । त्यसरी तलाउमा प्रतिविम्बित हुने ती वृक्षवनस्पति वा चन्द्रविम्बका दुइटा स्थिति हुन्छन्, एउटा सग्लो रूपमा, सिङ्गो रूपमा देखिने र अर्को टुक्राटुक्रा भएर खण्डित भएर देखिने । ती प्रतिविम्बित हुने पदार्थहरू कुन स्थितिमा पूर्ण सग्लो रूपमा देखिन्छन् ? जब त्यो तलाउको पानी अटल हुन्छ, विना हलचलको हुन्छ, स्तब्ध हुन्छ । त्यो स्थितिमा प्रतिविम्बित हुने प्रत्येक पदार्थ सग्लोरूपमा देखा पर्दछ । तर यदि त्यो तलाउको जलमा तरङ्गहरू छन्, हलचल छ भने त्यसमा प्रतिविम्बित हुने प्रत्येक पदार्थ टुक्रिएको देखिन्छ, खण्डित भएको देखिन्छ । त्यसैगरी यदि साधना गर्ने व्यक्तिको मनमा चञ्चलता छ, बुद्धिमा अस्थिरता छ भने उसले साधनाको फलस्वरूप प्राप्त गर्ने परिणाम पनि त्यस्तै टुक्राटुक्रा भएर खण्ड खण्ड भएर मात्र प्राप्त हुन्छ सग्लो रूपमा हुँदैन। चञ्चल मनले अस्थिर मनले अध्ययन गरोस्, टुक्रे ज्ञान प्राप्त हुन्छ, साधना गरोस्, टुक्रे परिणाम प्राप्त हुन्छ । त्यसैले लक्ष्यसमर्पित बन्नु अत्यावश्यक हुन्छ सफलताको लागि ।

समाजसेवी छ भने समाजसेवा नै जीवनको लक्ष्य, साधना सर्वत्र छाएको हुनुपर्दछ । कला, साहित्य जुन क्षेत्रको साधक होस् आफ्नो क्षेत्रमा नै श्रम, बुद्धि, शक्ति, अध्यवसाय सबै खन्याइदिनु आवश्यक हुन्छ । भगवद्गीतामै अन्यत्र उल्लेख भएको छ– जो आफ्नो आफ्नो क्षेत्रको विशिष्ट साधनामा संलग्न हुन्छन् तिनैले सिद्धि प्राप्त गर्दछन् । "स्वे स्वे कर्मण्यभिरतः संसिद्धि लभते नरः ।" तर रत मात्र रहेर हुँदैन, अभिरत नै बन्नुपर्दछ । सम्पूर्णरूपमा लागिपरेको हुनुपर्दछ । अनि मात्र सिद्धि प्राप्त हुन्छ । दैवीसम्पत्तिको रूपमा चञ्चलताको त्यागसम्बन्धी यो मर्यादाले यही लक्ष्यसमर्पणमा बल दिएको छ । बुद्धि र मनको अस्थिरता अवनतिको बाटो हो, स्थिरता उन्नतिको बाटो हो । त्यसैले यो दैवीसम्पत्ति हो ।

जीवनलाई सफल, सार्थक, कल्याणकारी बनाउन चञ्चलतापूर्वक दगुरि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेको लक्ष्यहीन भीडभाडबाट निकाली अचापलको स्थितितिर लम्किनु परमावश्यक छ । हामीले जीवनको सार्थकता एवं सफलताप्रति नै सम्पूर्ण शक्ति र सामर्थ्यको सदुपयोग गर्नु छ । सही वा गलत के हो त्यसको ख्यालै नगरी जस्तोतस्तो प्रवृत्तिको पुष्टिमा सहयोगी बन्दै बहकिने विशृङ्खल जीवनप्रवाहलाई छोडेर शुभकै निमित्त मात्र यो पवित्र जीवनको क्षणक्षण सदुपयोग होस् यतैतिर केन्द्रित बन्नु परमावश्यक छ। अनि मात्र हामीलाई जिउनुको पूर्ण आनन्द प्राप्त हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेजस्विता

अव उपस्थित छ तेजस्विता । यो एक्काइसौं मर्यादा हो । जहाँ दैवी-सम्पत्ति हुन्छ त्यहाँ तेजस्वी जीवन हुन्छ । तेजस्वी जीवन भन्नाले वाहिरवाट रङ्गरोकनद्वारा, कृत्रिम शृङ्गारद्वारा रातोपीरो देखिने भन्ने होइन । सादा, सौम्य, तपस्वी, संयमी जीवनद्वारा, धर्म, र सत्यको परिपालनद्वारा, स्वावलम्वन र आत्मनिर्भयताद्वारा स्वयं उठेको, अरूको निम्ति प्रेरक वन्ने ओजस्वी संकल्प, प्रभावकारी वानी र पवित्र एवं विश्वसनीय व्यवहार भएको जीवनलाई नै यहाँ तेजस्विजता शब्दले लक्ष्य गर्न खोजिएको छ । मानिस वाहिरवाट हेर्दा मामूली देखिन सक्तछ, परन्तु जसले कुनै विशिष्ट क्षेत्रमा लक्ष्यनिष्ठ रहेर साधना गरेको हुन्छ त्यस्तो आन्तरिक शक्तिसम्पन्न विशिष्ट साधकमा एउटा विलक्षण तेजस्विता हुन्छ । जो स्वयंप्रति विश्वास राख्तछ, आफ्नो निर्माता आफैं हूँ भन्ने पवित्र विचारद्वारा दृढ वनेको हुन्छ, त्यहाँ स्वावलम्वनको, आत्मनिर्भरताको विलक्षण ओज देख्न पाइन्छ ।

मानिसले रूढि र चलनचल्तीमा मात्र नअल्झेर यदि सत्यधर्मको परिपालनतर्फ पाइला चाल्ने हो भने यस्तै स्वावलम्वी, तेजस्वी जीवन प्राप्त गर्न सक्तछ । के व्यक्ति, के समाज, के राष्ट्र संसारमा तेजस्वी वनेर त्यसैवेला वाँच्न सक्तछ जव स्वयं आत्मनिर्भर वनेर समृद्धितिर, समुन्नतितिर लम्किन सक्ने गुण उसमा उदाउँछ । सधैं अरूको मुख ताक्नेको जीवनमा तेजस्विताको आशा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राख्न सकिन्न । भगवान् श्रीकृष्णले लक्ष्य गर्नुभएको जीवन समृद्धिको जीवन हो । स्वावलम्बनको जीवन हो । आफ्नै शक्ति र साधनको सदुपयोग गरेर मास्तिर उठ्ने कर्मयोगी जीवन हो । प्रारब्ध र भाग्यले दिइहाल्छ भनेर अकर्मण्य बनेर होइन प्रारब्ध र भाग्य समेत मेरै कर्मका खजाना हुन्, प्रारब्ध र भाग्य मेरा आफ्नै सिर्जना हुन्, मै आफ्नो निर्माता हूँ भन्ने दृढ अठोट लिएर अगि बढ्ने जीवनसाधना नै भगवद्गीताले निर्देश गरेको जीवनसाधना हो । मानिसमा कर्मशक्ति जागृत हुनुपर्दछ, प्रकृतिले दिएको सानोभन्दा सानो उप-हारलाई आफ्नो कर्मशक्तिले ठूलोभन्दा ठूलो बनाउन सक्ने कर्मक्षमता मानिसमा उदाउनुपर्दछ, अनि ऊ समृद्धिको बाटोमा अगि बढ्न सक्तछ। स्वावलम्बन र तेजस्विताको बाटोमा लम्कन सक्तछ ।

भगवद्गीताको अन्तिम श्लोकतिर दृष्टि दिऔं त ! त्यहाँ भनिएको छ– जहाँ योगेश्वर श्रीकृष्ण जस्ता मार्गदर्शक गुरु हुन्छन्, जहाँ अर्जुनजस्ता मनप्राणले समर्पित सुयोग्य कार्यकर्ता हुन्छन्, त्यहाँ त्यस परिवारमा, त्यस समाजमा, त्यस राष्ट्रमा श्री हुन्छिन्, विजयशक्ति हुन्छ, वैभव हुन्छ । संजय भन्दछन्– अनि त्यहीं समुन्नतितिर डोऱ्याउने अटल नीति हुन्छ– "यत्र योगेश्वरः कृष्णोयत्र पार्थो धनुर्धरः। तत्र श्रीर्विजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम ।।" आज हामी गरीबीको समस्याले चिन्तित छौं, हामीले धेरै कुरामा अरुप्रति निर्भर हुनुपर्ने पनि भएको होला । यी सबैको निदानचिकित्सा गर्ने, एउटै मूलमन्त्र छ, परमौषध छ त्यो हो कर्मशक्तिको जागरण । जीवनको एक कण पनि दुरुपयोग गर्नु पाप हो । अकर्मण्य बनेर भारभूत जीवन जिउनु महापाप हो । यो चेतना जब हाम्रो समाजमा पूर्णरूपले जागृत हुन्छ, जब हाम्रो जीवन विभिन्न किसिमका शिल्पहरूको विकासद्वारा परमात्माले प्रकृतिको काखमा हाम्रो निम्ति सुम्पिएका प्रत्येक पदार्थलाई उत्पादक रूपले प्रयोग गर्न सक्ने हुन्छ अनि हामी समुन्नतिको, विजयको र वैभवको बाटामा लम्किरहेका हुन्छौं । हामी गरीबीको प्रकोपबाट आफूलाई, आफ्नो परिवार, समाज र राष्ट्रलाई नै मुक्त गर्न सफल हुनेछौं । त्यसैबेला हामीलाई तेजास्विता प्राप्त हुन्छ ।

हामीलाई हाम्रो महान् धर्म संस्कृतिले सिकाएको छ सयौं वर्ष बाँचौं र दीन नभइकन बाँचौं । "अदीनाः स्याम शरदः शतम् ।" तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामीले आज घेरैंघेरैं कुरामा दीन बन्नुपरेको छ । निश्चय नै कहीं न कहीं बाटो बिरिएको छ। हामीले हाम्रो धर्मको सही प्रेरणालाई नै बिर्सिएका छौं जस्तो लाग्दछ। हाम्रो धर्मले भन्दछ- अभ्युदय र निःश्रेयस् यसै लोकमा समृद्धि र मुक्ति दुइटै तिमीलाई प्राप्त हुनुपर्दछ अनि मात्र तिमीले पूर्णरूपले धर्मको अनुसरण गरेको ठहर्छ- यतोऽभ्युदयनिःश्रेयसःसिद्धि स धर्मः । अभ्युदयलाई समृद्धिलाई प्राप्त नगरी पनि हुँदैन । निःश्रेयसलाई मोक्षलाई प्राप्त नगरी पनि हुँदैन । दुवै पक्षको सन्तुलित विकास भए मात्र वास्तवमा पूर्ण धर्मको अनुसरण भएको ठहर्छ । अनि धर्मको यसरी पूर्ण अनुसरण गरेर मात्र हामी तेजस्वितामा पुग्न सक्नेछौं ।

धनको गरीबीसंगसंगै मनको गरीबी गाँसिएर आउँछ र मनको गरीबीसंगसंगै धनको गरीबी टाँस्सिएर आउँछ । एउटा गरीबीले अर्को गरीबीलाई जित्न सकेमा अभ्युदय र निःश्रेयस दुवै हामीलाई प्राप्त हुन सक्ने छन् र यी दुवैलाई प्राप्त गरेर नै हामी पूर्णरूपले धर्मको बाटोमा हुनेछौं। हाम्रो शिर उच्च हुनेछ, हामीलाई तेजस्वी जीवन प्राप्त हुनेछ ।

सय वर्षसम्म टड्कारो गरी सुन्न सक्ने, टड्कारोसित देख्न सक्ने, स्पष्ट र ओजस्वितापूर्ण बोली बोल्न सक्ने, दीनतारहित स्वावलम्बी जीवन जिउने, तेजस्वितापूर्ण जीवनपद्धति हाम्रो धर्मको प्रेरक सन्देश हो । "पश्येम शरदः शतम्, शृणुयाम शरदः शतम्, प्रब्रवाम शरदः शतम्, अदीनाः स्याम शरदः शतम् ।" हामीले कर्मशक्ति जागृत गरेर दीनतामुक्त तेजस्वी जीवन फेला पार्नु छ । भगवद्गीताले हामीलाई यसैनिम्ति आह्वान गरेको छ ।

धनको, मनको दुवै सम्पन्नता भएमा हामी अरूलाई पनि दिएर बाँच्न सक्ने हुन्छौं । दिनेका हात सधैं माथि हुन्छन्, लिनेका हात सधैं तल हुन्छन् । यो धनको कुरा भयो । मनको कुरा गर्ने हो भने ज्ञान, विवेक, बुद्धि, भावना सबै मस्तिष्कमा हुन्छ । मस्तिष्कबाट पनि हामीले दिएर बाँच्न सक्ने हुनु छ, किनभने मस्तिष्कले पनि सधैं मागिरहनु पर्‍यो भने त हातमात्र होइन शिर नै तल पर्दछ, त्यसैले शिरलाई उच्च राख्न हामीले मस्तिष्कबाट पनि विश्वको सेवामा केही न केही दिंदै रहनुछ । धन दिनेको हात माथि हुन्छ, हामीलाई त्यो पनि चाहिएको छ, र ज्ञान दिनेको शिर माथि हुन्छ त्यो त झन् चाहिएको छ । यी दुवै काम गर्न हामीमा कर्म-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्तिको पूर्ण जागरण आवश्यक छ । कर्मशक्ति नै हाम्रो तेजस्वी जीवनको मूल बाटो हो । वैयक्तिक, सामाजिक एवं राष्ट्रिय स्तरमा तेजस्वी जीवन जिउन हामीले आ-आफ्नो साधनाक्षेत्रलाई कर्मशक्तिले जगाउनुपरेको छ । दैवीसम्पत्तिको पावन चिन्तनले हामीलाई भावनात्मक र भौतिक दुवै समृद्धि-तिर अगि बढ्न आह्वान गरेको छ । हामी अरूलाई दिन सक्ने बनौं, अरूबाट हामीले माग्नु नपरोस्, तेजस्वी जीवनको क्रममा हामीलाई हाम्रो धर्मसंस्कृतिले दिएको पाठ यही हो। "याचितारश्च नः सन्तु, मा याचिष्म कञ्चन" यो मन्त्र हो तेजस्विताको– स्वावलम्बी जीवनको, हामीले यतैतिर लम्किनु छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षमाशीलता

क्षमा के हो ? अरूले गरेका अपकारप्रति सहिष्णु बन्दै आफ्नो शक्ति र स्थिरतालाई टुट्न नदिने उदार स्वभावलाई यहाँ क्षमा शब्दले लिइएको छ । क्षमाशीलता बाइसौं दैवीसम्पत्ति हो । क्षमा एउटा शक्तिको रूप हो र यो विशाल सोचाइमा मात्र प्रकट हुन सक्ने एउटा दिव्यगुण हो । दुर्गा-सप्तशतीमा अनन्तकल्याणकारिणी शक्तिको रूपमा भगवतीको सञ्ज्ञना गर्दा क्षमाको रूपमा पनि संज्ञना गरिएको छ– "या देवी सर्वभूतेषु क्षमारूपेण संस्थिता । नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ।"

क्षमाको अभिव्यक्ति दुइ स्थितिमा हुन्छ । एउटा क्षमा लाचारीको हालतमा हुन्छ, असमर्थतामा हुन्छ र अर्को चाहिं समर्थतामा, शक्तिमा हुन्छ । कसैले आफूप्रति अपकार गर्‍यो, "त्यसको बदला दिन सके त दिन्थें के गर्नु आफ्नो केही लाग्दैन" जस्तो लाचारीको मनःस्थितिमा केही नलागेर गरिने क्षमा दुर्बलहरूको लागि एउटा अडिने उपाय हुन्छ । प्रतिशोध लिन सकिएन त्यसैले उपाय नै नभई क्षमा गरियो । तर अपकारको बदला लिन सक्ने अवस्थामा समेत चित्त बुझाएर शान्तिभङ्ग हुन नदिई गंभीरतासाथ क्षमाको पालना गर्नु चाहिं साँच्चि नै क्षमा हुन्छ र यो जीवनको भूषण समान हुन्छ । सूक्तिमा भनिएको छ– असमर्थको लागि, लाचारहरूको लागि क्षमा एउटा सहारा हो भने समर्थहरूको लागि, शक्तिशालीहरूको लागि क्षमा जीवनको भूषण हो– "क्षमा बलमशक्तानाँ शक्तानां भूषणं क्षमा ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षमाशील स्वभावले मानिसको विशाल हृदयको परिचय प्रदान गर्दछ। स-साना निहुँले कलहको आगो सल्काएर समाजको निम्ति अशान्तिमय वातावरण सिर्जिने जुन दुःखद प्रसङ्गहरू आजको स्थितिमा बढ्दै गएको हामी पाउँछौं त्यसको पछिल्तिर यही क्षमानामक उदात्त मर्यादाको कमी नै कारण बनेर रहेको हुन्छ। त्यसैले दैवीसम्पत्तिको क्रममा भगवद्गीतामा यस पवित्र मर्यादाको समावेश भएको हो। आओं एउटा महापुरुषको प्रेरणादायी क्षमाशील स्वभावको चर्चा यहाँ गरौं।

स्वामी समर्थ रामदास छत्रपति शिवाजीसंग भेट गर्न जाँदै हुनुहुन्थ्यो। साथमा एकजना शिष्य थिए। केही पछि अरू श्रद्धालुजनहरूको समूह त्यही बाटो गरी जाँदै थियो। बाटामा उखुको खेत थियो। समर्थ रामदासजी आफ्नै सुरमा जाँदै हुनुहुन्थ्यो। पछिपछि गइरहेका ती श्रद्धालुमध्ये कसैकसैले चुस्नुपर्‍यो भनेर उखुका लाँक्रा भाँचे। खेतको हेरचाह गर्ने मानिस दौडिँदै कराउँदै आएपछि मात्र समर्थ रामदासलाई थाहा भयो। उखु भाँच्नेहरू भागे। शिष्यले पनि भाग्ने सुर गरेको देखेर रामदासले भन्नुभयो— "हेर एउटा बिराउने शाखा पिराउने' भन्ने उखान तिमीलाई थाहै छ। साथमा रहेको मानिसले केही अपराध गरिदियो भने त्यसले अरूलाई पनि छुन्छ। हामीले केही नगरे पनि अब यो दोषले हामीलाई छुने भयो। तर भाग्नुहुन्न। जसले गल्ती गरेको छैन त्यो किन भाग्ने ? संसर्गको फल चुपचाप भोग।"

उखुको गोठालालाई लाग्यो "यिनैले भांचेका हुन् उखु" भन्ने। 'होइन' भन्दाभन्दै पनि उसले एक दुइ डण्डा हिर्काइछोड्यो। आफ्नो झोंक शान्त गरेर उखुको हेरचाह गर्ने मानिस फर्केपछि रामदास आफ्नो लक्ष्य अनुसार शिवाजीकहाँ पुग्नुभयो। छत्रपति शिवाजीलाई रामदास र उहाँका शिष्यको आकृतिबाट स्थिति पत्ता लगाउन केही बेर लागेन। उखुको खेती आखिर छत्रपतिकै अधीनमा थियो। त्यो उखुवाललाई शिवाजीको आदेश अनुसार मराठा सैनिकहरूले तुरन्त पक्रेर छत्रपति सामु हाजिर गराए। थरथर काँप्तै उखुवाल शिवाजी र सन्तको सामु उभियो। आफुले पिटेका साधुलाई शिवाजीका श्रद्धापात्र बनेको देखेर ऊ मनमनै पछुतो र डरले व्याकुल भैरहेको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवाजीले सोधे– "गुरुदेव ! यसलाई के डण्ड दिउँ ?" समर्थ स्वामी रामदासले मुस्कुराएर भन्नुभयो– "यसलाई ? यसलाई त्यो उखुको खेत इनाममा देऊ। त्यसबाट कर नलिनु। कम से कम यस गरीबको जीविका राम्ररी चलोस्। मलाई प्रसन्न पार्न चाहन्छौ भने यही गर।" छत्रपति शिवाजीले समर्थ स्वामीको आज्ञा पालन गरे। उखुवाल विचरो गहभरि आँसु पारेर समर्थ स्वामी रामदासका पाउमा पऱ्यो। साधुपुरुषप्रति त अपकार गर्दा पनि बदलामा उपकार नै पाइँदो रहेछ भन्ने उसले त्यसदिन राम्ररी संझियो।

मानिस झगडालु,असहिष्णु बनेर अरूप्रति प्रतिशोधको भावना लिएर पनि बाँच्न सक्तछ र क्षमावान्, उदार, शान्तिपूर्ण बनेर पनि बाँच्न सक्तछ। एउटाले आसुरीसम्पत्तिको पोषण गरेर सामाजिक जीवनलाई अस्तव्यस्त पार्नमा सघाउ पुऱ्याउँछ भने अर्काले दैवीसम्पत्तिको संवर्धन गरेर समाजलाई संयम, शान्ति र सुव्यवस्थाको स्थितितिर अगि बढ्न सघाउ पुऱ्याउँछ।

सम्पूर्ण साधनाको लक्ष्य हो स्वभावनिर्माण। मानिस सधैं अभाववारे सोच्तछ। अभाव, अभाव, अभाव। आज यो भएन, भोलि त्यो भएन। भौतिक पक्षका विभिन्न अभावहरूले उसलाई सताइरहेका हुन्छन्। अभावै अभावको यो भुमरीमा परेको मानिसले स्वभावतिर फर्केर हेर्ने फुर्सद पाएको हुँदैन। अनि ध्रुवसत्य चाहिं फेरि के छ त भने स्वभावनिर्माण ठीकसंग नगरी मानिस कहिल्यै अभावमुक्त हुन सक्तैन, सन्तुलित हुन सक्तैन,शान्तिपूर्ण हुन सक्तैन, व्यवस्थित हुन सक्तैन। स्वभावनिर्माणतिर मानिसलाई प्रेरित गरेरथोरै साधनले पनि बढी सन्तुष्टि र शान्ति अनुभव गर्ने जीवनकला सिकाउनु नै भगवद्गीताको लक्ष्य हो। यसैलाई भगवद्गीतामा 'योग' भनिएको छ। दैवीसम्पत्तिका यी पावन मर्यादाहरूले त्यस जीवनकलाको पुष्टि परेर जीवनलाई योगमय बनाउनमा सहयोग पुऱ्याउँछन्।

आध्यात्मिक क्षेत्रका साधकहरू भन्दछन्- "मानिसले कल्याण चाहने हो भने दुइ कुरालाई विर्सिदिनुपर्दछ। एउटा हो अरूले आफूप्रति गरेको अपकार, अर्को हो आफूले अरूप्रति गरेको उपकार। नारायणस्वामी भन्नुहुन्छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारायण दो बातको दीजे सदा विसार
करी बुराई औरने आप कियो उपकार ॥

अरूले आफूप्रति गरेको अपकार बिर्सिदिन सक्ने विशाल हृदय जीवनको साह्रै ठूलो गुण हो । अरूको त्रुटिलाई सहानुभूतिसाथ संझिदिन र सुधारको निम्ति अवसर दिन यस्तै विशालहृदय हुनेले मात्र सक्तछन् । प्राचीन वाङ्मयमा क्षमाका अत्यन्त प्रेरक प्रसङ्गहरू पढ्न पाइन्छन् । जुन वेला रावणको मृत्यु हुन्छ, विभीषण रावणको घृणास्पदरूपमा तिरस्कार समेत गर्दछन् तर भगवान् श्रीराम भन्नुहुन्छ– "विभीषण ! रावणको अन्तिम संस्कार श्रद्धासाथ राम्ररी गरिदेऊ । तिमी गर्दैनौ भने म स्वय पनि गरिदिन्छु। शत्रुता त नमरुन्जेल हुन्छ । विचरो रावणसित होइन, मेरो दुश्मनी त रावणमा रहेको आसुरी वृत्तिसित थियो । त्यसको अन्त भएकोले हाम्रो प्रयोजन पूरा भइसक्यो । विभीषण ! अब त रावण जस्तो तिम्रो, त्यस्तै मेरो पनि वन्धु हो! राम्ररी यसको संस्कार हुनुपर्छ ।"

मरणान्तानि वैराणि निवृत्तं नः प्रयोजनम्
क्रियतामस्य संस्कारो ममाप्येष यथा तव ॥

श्रीरामको यो क्षमाशीलता कति महान् छ ?

कौरवहरू पाण्डवलाई फुटेका आँखाले हेर्न चाहँदैनथे । विष खुवाउने, लाहाको घरमा जलाउने, जुवाको छलद्वारा पदच्युत गराएर वनमा लखेट्ने आदि के मात्र गरेनन् पाण्डवको विनाशको निमित्त ? अन्धा धृतराष्ट्र छोराको मोहमा परेर यी सबै कुकृत्यहरूलाई अनुमोदन गर्दथे । आखिर दुवै पक्षमा घमासान युद्ध भयो । पछि महाभारतसंग्राममा विजयी भएका युधिष्ठिर तिनै धृतराष्ट्र र गान्धारीलाई आफ्नै बाबुआमा मानेर श्रद्धासाथ सेवा गर्दछन् । क्षमाशीलताको कति उज्ज्वल उदाहरण हो यो ? क्षमाशीलताका यस्ता अनेकौं पवित्र प्रसङ्गहरू प्राचीन वाङ्मयमा पाइन्छन् । क्षमाशीलता मानवको शान्तिप्रियताको उज्ज्वल आधार हो । पृथिवीको नाम पनि क्षमा रहेको छ उनी सबैको धारण गर्दछिन् – खन्ने, जोत्ने, सुरुङ्ग बनाउने आदि आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जति नै कष्टदायी कार्यहरू आफ्ना काखमा होउन्, पृथिवी सबै सहिदिन्छिन् । सहिदिनेमात्र होइन तिनलाई फल नै समेत प्रदान गर्दछिन् । त्यसैले उनी 'क्षमा' को नामले प्रसिद्ध छिन् । 'सर्वंसहा' पनि उनको नाम छ । सबैका अपराध उनी क्षमा गरिदिन्छिन्, सहिदिन्छिन् । क्षमावान् बन्नु शान्तिको निमित्त प्रश्रय दिनु हो । त्यसैले क्षमालाई दैवीसम्पत्ति अन्तर्गत लिइएको छ । हामीले सधैं यस दिव्यगुणलाई आफूमा विकसित तुल्याउनुछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धृति (धैर्य)

दैवीसम्पत्तिको चिन्तनक्रममा अब हामी जुन मर्यादाबारे चर्चा गर्दैछौं त्यो हो धृति अर्थात् धैर्य । यो दैवीसम्पत्तिको तेइसौं मर्यादा हो । यो एउटा यस्तो मर्यादा हो जसले मानिसलाई सुखदुःखमा, हानिलाभमा, जयपराजयमा, उकालीओरालीमा, घामछायाँमा समान बनेर सधैं एकलक्ष्य रही जीवनसाधनामा अग्रसर बन्ने आत्मशक्ति प्रदान गर्दछ । जुन मूल धातुबाट धर्म शब्द निष्पन्न हुन्छ त्यसैबाट 'धृति' शब्द निष्पन्न हुन्छ । त्यसैले मानिसलाई तल झर्न नदिई धारण गरिराख्ने जुन साधनाशक्तिलाई धर्म भनिएको छ, प्रकारान्तरले त्यसैको कार्य गर्ने हुनाले यसलाई धृति भनिएको छ । धर्मकै रूपमा रहेर साधकको अन्तरात्मालाई विकृत बन्न नदिई जोगाइराख्ने विशिष्टशक्तिको रूपमा रहने हुनाले नै यसलाई शक्तिचिन्तनमा पनि समावेश गरिएको छ– "या देवी सर्वभूतेषु धृतिरूपेण संस्थिता । नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमोनमः ॥"

धृतिलाई नै धैर्यको साथै धारणशक्तिको रूपमा पनि लिइएको छ । मनुष्यको साधनास्तरको अनुसार धृति अथवा धारणशक्तिका पनि तीन स्तर हुन्छन् तामस, राजस, सात्त्विक । जसद्वारा मानिस दुर्बुद्धि बनेर अज्ञानरूप स्वप्न, भय, शोक, विषाद, घमण्डजस्ता आन्तरिक विकृतिहरूबाट मुक्त हुनै नसक्ने स्थितिमा पुग्दछ त्यो धृति तामसी धृति हुन्छ ।

यया स्वप्नं भयं शोकं विषादं मदमेव च ।
न विमुञ्चति दुर्मेधा धृतिः सा पार्थ तामसी ॥

जुन धारणशक्तिद्वारा मानिस धर्म, अर्थ र कामलाई अत्यन्त आसक्तिपूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएर, फलाशामा जेलिएर लिने गर्दछ त्यो धारणशक्ति अर्थात् त्यो धृति राजसी धृति कहलाउँछ ।

यया तु धर्मकामार्थान् धृत्या धारयतेऽर्जुन
प्रसङ्गेन फलाकाङ्क्षी धृतिः सा पार्थ राजसी ॥

जुन धृतिले मानिस मनका, प्राणका र इन्द्रियका सम्पूर्ण क्रियाकलापहरू-लाई योगस्थ अवस्थामा सम्पन्न गर्न सफल हुन्छ, फलाशामुक्त, निष्काम-भावनापूर्वक यसरी सम्पूर्ण क्रियाहरू निर्विकारस्थितिमा सम्पन्न गर्न सकिने अवस्थाको अव्यभिचारिणी धारणशक्ति नै सात्त्विक धृति कहलाउँछ ।

धृत्या यया धारयते मनःप्राणेन्द्रियक्रियाः
योगेनाव्यभिचारिण्या धृतिः सा पार्थ सात्त्विकी ॥

जब मानिसले साधनामा शुद्धरूपले संलग्न रहँदा रहँदा यो सात्त्विक धृतिलाई प्राप्त गर्न सफलता पाउँछ अनि ऊ जीवनको साधनामा लक्ष्य-प्राप्तिको सुखदस्थितिमा पुग्न सफल हुन्छ । यो सात्त्विक धृतिशक्तिलाई प्राप्त नगरुन्जेल जीवनको साधनामा सफलता पाउनु सधैं असंभव हुन्छ ।

स्तुति र निन्दा दुवैमा, मान र अपमान दुवैमा, सम्पत्ति र विपत्ति दुवैमा समान रहने योगको यो उच्चस्थितिमा त्यही पुग्दछ जसमा धृतिशक्तिको पूर्ण विकास हुन्छ र धृतिशक्तिको पूर्णविकास जसमा हुन्छ जीवको साधनामा सफलता पनि त्यसैले भेट्दछ । धर्मका दश मर्यादाहरूमा पनि पहिलो धृति नै पर्दछ । यसले पनि धृतिको महिमा सिद्ध गर्छ ।

जीवन त एउटा यात्रा हो । यात्रामा कहिले आँधी आउँछ कहिले वर्षा । कहिले घाम आउँछ कहिले छायाँ । धैर्यसाथ विवेकसम्पन्न बनेर जसले यी सबैलाई सामना गर्नसक्यो जीवनको मधुरफल त्यसैलाई प्राप्त हुन्छ । अधीर बनेर, सानो विपत्तिमा विचलित हुनेहरू, अधीर हुनेहरू असमय-मैं विनाशका भागी बन्न पुग्दछन् भने धीरतासम्पन्न, धृतिशक्ति भएका व्यक्तिहरू विपत्तिको जस्तं आँधी र हुरीमा पनि आफ्नो जीवनदीप निभ्न नदिई सधैं लक्ष्यनिष्ठासाथ उज्यालो छरेर बाँचिरहेका हुन्छन् । एउटा व्यावहारिक जगत्को उदाहरण लिऔं । दुइजना यात्री हतार हतार आफ्नो गन्तव्यस्थलतिर लम्कि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेका थिए । साँझ पर्न लागिरहेको थियो । भोक, प्यास र थकाइ दुवैले दुवैको मन:प्राण शिथिल भइरहेको थियो । यत्तिकैमा कालो मैलो भएर आकाशमा बादल मडारिँदै आए । पश्चिमदिशाबाट भयङ्कर आँधी आउन लागेको आभास दुवैलाई भयो । एउटा यात्रीले भन्यो– "हेर भाइ ! अब यो आँधीले हामीलाई नभेटी छोड्दैन । हामी विश्रामस्थलमा नपुग्दै यसले हामीलाई भेट्छ । त्यसैले एकैछिन बाटाको किनारको कुनै पाटीमा विश्राम गरौं । आँधी रोकिन्छ अनि जाउँला ।" दुइचार भोटा वढी फटाइसकेको अनुभवी थियो ऊ । विपत्तिको बेला कसरी त्यसको सामना गर्नुपर्दछ ऊ जान्दथ्यो । धैर्य भन्ने कुरा के हो उसलाई थाहा थियो । तर अर्को यात्रीको मन आँधीको कल्पनामात्रले हताश भइरहेको थियो । उसले सोच्यो–"के विश्वास, आँधी रोकिएला नरोकिएला । भोक र प्यासले यो हालत भएको छ, शरीर थकाइले चूरचूर छ । यहाँ पर्खिरहने धैर्य कहाँ ? जानुपर्छ बस्नुहुन्न ।" आखिर आँधी चलुन्जेल बस्ने र हिँड्दै गर्ने कुरामा दुइजनाको मतो मिल्न सकेन । एउटा धैर्यसाथ बाटाको पाटीमा ओत लागेर बस्यो र अर्कोचाहिं आँधीमै पनि भौंतारिँदै हिँड्न लाग्यो । आँधी त एकैछिनको थियो । आयो, एकैछिन मडारिको र आफैं शान्त भयो । पाटीमा ओत लाग्ने यात्री शान्ति र धैर्यसाथ पुनः आफ्नो गन्तव्यतिर लम्कियो । उता त्यो विचरो हताश यात्री अधीर भएर आँधीमै हिँड्ने हुँदा उडेको धूलोले आँखा दुवै छोपिए । ऊ हुत्तिँदै र पछारिँदै लम्किँदै थियो । आखिर अगाडि केही नदेखिने हुनाले आफूलाई सह्याल्न सकेन र गएर एउटा ठूलो खाडलमा खस्न पुग्यो । शरीरभरि चोटैचोट भयो । आँधी थामिएको एकछिनपछि अघिको अनुभवी सहयात्रीसंग उसको भेट भयो । पछुतो र दुःखले पीडित भइरहेको आफ्नो सहयात्रीलाई अनुभवी यात्रीले करुणापूर्वक डोऱ्याएर गन्तव्यमा पुऱ्याइदिए ।

जीवनमा यस्ता असंख्य व्यावहारिक प्रसङ्गहरू आइरहन्छन् जहाँ मानिसलाई धैर्यको सतत आवश्यकता पर्ने गर्दछ । धेरैजसो विपत्तिहरू जीवनमा अधीरताबाटै सिर्जिएका हुन्छन् । विपत्तिका बेला ठीकसित आफूलाई सह्याल्न नसक्नेहरू कल्पनै नगरेको विपत्तिमा हुत्तिन पुग्दछन् । जीवनमा विपत्ति नै नपरुन्, यो त कल्पना पनि गर्न सकिन्न र साँच्चै भन्ने हो भने विपत्तिविनाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवन रसिलो जीवन पनि हुँदैन । विपत्तिहरू बज्रिदै रहुन् तर धैर्यसाथ तिनको सामना पनि गर्दै अघि बढ्न सकियोस् अनि मात्र जीवनको मजा मिल्दछ। वास्तवमा जीवनको फूलमा गौरवको सुगन्ध तिनैलाई मिल्दछ जसले विपत्तिका काँडाहरूलाई नै फूलमा परिणत गर्न सिकेका हुन्छन् । विपत्तिको कल्पनामात्रले पहिल्यै धीरता त्याग्नेहरूले त स्वयं नै विपत्तिको भयङ्करतालाई आमन्त्रित गरिरहेका मात्र होइन जीवनलाई नै नीरस बनाइरहेका हुन्छन् । भारतका राष्ट्रकवि मैथिलीशरण गुप्तको एउटा सुन्दर कविता छ जो धैर्यप्रेमीहरूका निम्ति मननीय छ । कविता भन्दछ– जितने कष्ट-कण्टकों में है जिनका जीवन–कुसुम खिला । गौरवगन्ध उन्हें उतना ही यत्रतत्र सर्वत्र मिला ॥ "विपदि धैर्यम्" "विपत्तिका वेला धीरता" यो सत्पुरुषहरूको विशेषता मानिएको छ । एउटा सुभाषित भन्दछ– "सम्पत्तौ च विपत्तौ च महतामेकरूपता ।" अर्थात् महापुरुषहरू सम्पत्ति र विपत्ति दुवै स्थितिमा समान रहन्छन् । विचलित हुँदैनन् । जस्तोसुकै स्थितिमा पनि समानरूपले लक्ष्यनिष्ठ रहन सक्नु दैवीसम्पत्ति हो । यस सद्गुणको विकासमा हामी जति दत्तचित्त बन्न सक्छौं त्यत्ति नै सन्तुलित र व्यवस्थित जीवन हामीलाई प्राप्त हुन्छ । जीवननिर्माण हाम्रै हातमा छ ।

हामीलाई जीवनमा जति धैर्यशील स्वभाव प्राप्त हुन्छ, त्यत्ति नै सफलताले हामीलाई साथ दिन्छ । कुनै साधकले साधनामा कति सफलता प्राप्त गर्न सक्ला भनेर अगाडि नै जानकारी पाउन मन लागेमा उसमा रहेको धृतिको परिमाण कति छ त्यसबारे विचार पुऱ्याए हुन्छ । धृतिशक्तिको प्रसादविना ससाना विघ्नहरूको सामु घुँडा टेक्ने साधक सफलताको अग्लो चुचुरोमा पुग्न कहिल्यै सफल हुन सक्दैन । हामीले सधैं धैर्यवान् बन्न सिक्नु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पवित्रता

सर्वशास्त्रसाररूपा भगवद्गीताभित्रको अत्यन्त सारपूर्ण अंश हो दैवीसम्पत्ति । दैवीसम्पत्तिको पनि साररूप मर्यादाहरू अब अन्तिम चरणमा आइरहेका छन् र पवित्रता तीमध्ये एक हो । यसलाई दैवीसम्पत्तिको उल्लेखको क्रममा "शौचम्" भनिएको छ । यस पवित्रताभित्र मनको पवित्रता, शरीरको पवित्रता र अर्जनको पवित्रता तीनथरी पवित्रता लिइएको छ । मनमा शुभ-सङ्कल्पमात्र फुरोस्, अशुभसङ्कल्पले मनलाई दूषित पार्न नपाओस् यो मनको पवित्रता भयो । नुहाईधुवाईदेखि लिएर शास्त्रले बताएका अभिषेकादि विधि एवं शारीरिक सफाई र स्वच्छतासम्बन्धी यावत् कार्यहरू शारीरिक पवित्रताभित्र पर्दछन् । घरआँगन, बाटोघाटो आदिको स्वच्छता र सरसफाईसमेत प्रत्यक्षरूपले शरीरको स्वस्थतासंग गाँस्सिने हुनाले यी सबै कुरा शारीरिक पवित्रतासंग गाँस्सिएर आउँछन् । अर्को पवित्रता हो व्यावहारिक पवित्रता । यसमा अरूप्रति गरिने व्यवहारको निश्छलता, निष्कपटताको पनि प्राणतत्त्व बनेर अर्जनको अर्थात् कमाईको पवित्रता आउँछ । मानिस अरू मानेमा अरूप्रति त्यति कपट नराख्न पनि सक्तछ परन्तु आफ्नो स्वार्थको कुनै प्राप्तिप्रसङ्ग आयो भने अरूको जीवनसंगै खेलबाड गर्न पनि बाँकी राख्तैन । कमाईको मामलामा मानिस जति पवित्रता बर्तिन सक्तछ उसको जीवन समाजको निम्ति त्यति प्रेरणादायी र प्रभावकारी हुन्छ । तर मानिसको सबैभन्दा ठूलो कमजोरी बस्ने ठाउँ हो लोभ र यसैले मानिसलाई कमाईको क्षेत्रमा पवित्रता कायम राख्न नसक्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बनाइरहेको हुन्छ । अनि फेरि पवित्रताको प्रसङ्ग उठ्नासाथ अरू पवित्रताभन्दा पनि बढी ध्यान दिनुपर्ने भनेर हामीलाई नैतिक प्रेरणा दिने सत्शास्त्रहरूले इङ्गित गरेको विषय यही कमाईको पवित्रता हुन आउँछ । आध्यात्मिक नीतिनिर्माताहरूको भनाई छ- "मानिस अरू स्वच्छता र सफाईबाट त्यसवेलासम्म पूर्ण पवित्र हुन सक्तैन जुनवेलासम्म ऊ आर्थिक आम्दानीको मामलामा पवित्र बन्दैन । योऽर्थे शुचिः स हि शुचि र्न मृद्वारिशुचिः शुचिः ।" कमाउँदा इमान्दारीसाथ कमाउने, कमाएकोवाट पनि परहितको निम्ति केही छुट्याउने र जुन कुरा आफ्नो हुँदैन त्यसप्रति लोलुप दृष्टि नै नराख्ने यो अर्जनको शुद्धिको निमित्त आधारभूत भावना हुन्छ । हामीलाई धर्मले सिकाएको कुरा यही हो- "तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद् धनम् ।"

पवित्रता ! पवित्रता जीवनको तीव्रतम आध्यात्मिक रहरबाट मात्र सम्भव हुन्छ । जीवनको सम्पूर्ण गरिमालाई प्राप्त गर्ने उद्दामभावना नजागिकन, परमात्माप्रतिको अनन्य प्रेम प्रबुद्ध नभैकन, जीवनका शाश्वत मूल्यहरूप्रति, मर्यादाहरूप्रति दिव्य आस्था नउदाइकन यो पवित्रतालाई प्राप्त गर्नु सम्भव हुँदैन । यो एउटा विश्वासको विषय हो । विश्वास जत्ति बलियो, जति पवित्र हुन्छ जीवनका नैतिक मूल्यहरूप्रतिको मानवको आस्थामा त्यत्ति नै पवित्रता भरिन पुग्दछ । मनको पवित्रता, वचनको पवित्रता अनि कर्मको पवित्रता अर्को रूपमा भनौं मनको, धनको र तनको पवित्रता यी तीनैथरि पवित्रताहरू जब जीवनमा प्रकट हुन्छन् सम्पूर्ण जीवन नै तीर्थमय बनिरहेको हुन्छ । त्यसवेला बाहिरको तीर्थयात्राले पनि यस जीवनको साधनातीर्थको सामु त्यत्ति महत्त्व राख्तैन । एउटा दोहा सन्त–साहित्यमा प्रसिद्ध छ । दोहा भन्दछ– शरीरको पवित्रता अरूको सेवाद्वारा हुन्छ, धनको पवित्रता अरूको कल्याण हुने कार्यमा दान गरेर हुन्छ अनि मनको पवित्रता परम पिता परमात्माको उपासनाबाट हुन्छ । यसरी सबै दृष्टिबाट कल्याणैकल्याण हुन्छ ।

तन पवित्र सेवा किये धन पवित्र किये दान
मन पवित्र हरिभजन ते होत त्रिविध कल्याण ॥

पवित्रताप्रतिको यो उद्दीप्त रहर जब प्राप्त हुन्छ मानिस जुन कुलमा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन जातिमा, जुन वर्णमा जन्मेको होस्, स्त्री होस् वा पुरुष होस् समाजको लागि प्रेरणादायी व्यक्तिको रूपमा प्रतिष्ठित बन्न पुग्दछ । पवित्रताप्रतिको यो साधना–रहर परमात्मालाई प्राप्त गर्न जति आवश्यक हुन्छ, समाजको सेवामा केही गरौं भन्ने सदिच्छा राख्नेको निमित्त आफ्नो सदिच्छाको परिपूर्तिको निम्ति त्यत्ति नै आवश्यक हुन्छ । स्वयंको मन, वचन र व्यवहारमा पवित्रता, निश्छलता, शुद्धता राख्न नसक्नेले समाजको निम्ति केही दिन सकेको कहीं पाइन्न । जहाँ पवित्रता हुन्छ त्यहीं साधुता हुन्छ र जहां साधुता रहन्छ समाजको निम्ति समर्पित बन्ने निश्छल भावनाको मूर्त्त रूप त्यहीं देख्न सकिन्छ ।

के पवित्रताप्रतिको यो प्रेम लिएर आजको युगमा मानिस सुखी र समृद्ध जीवन जिउन सक्तछ ? यो एउटा धर्मप्रति "किन्तु–परन्तु" गर्ने बेलामा प्रायः उठाइने गरेको प्रश्न हो । दुर्भाग्यवश आज कतैकतै नैतिकताको परिपालन अथा पवित्रताको वर्ताव र सुख-समृद्धि दुई विपरीत ध्रुवसमान परस्पर विरुद्ध छन् भन्ने भ्रामक एवं दुःखदायी विचारले घर जमाउन खोजेको अनुभव हुन्छ । सत्यता, ईमानदारी, पवित्रता राखेर सम्पन्नताको बाटोमा पाइलै सार्न नसकिने गुनासाहरू प्रायः सुनिने गर्दछन् । परन्तु सच्चाई यसको बिलकुल विपरीत हुन्छ । मानिसको साँचो र दिगो समृद्धि उसको पसीनाको सदुपयोगबाट, उद्योग र अध्यवसायबाट मात्र प्राप्त हुन्छ । जुन व्यक्ति, परिवार, समाज वा राष्ट्रमा ईमानदारीसाथ कर्मशक्तिको सदुपयोग गर्ने पवित्र भावना रहन्छ, कहिल्यै क्षीण नहुने समृद्धि र सुखको भागी बन्ने व्यक्ति, परिवार र समाज तिनै हुन्छन् । त्यसैले पवित्रता, प्रामाणिकता, शुद्धताप्रतिको विश्वासले दिगो र भरिलो सम्पन्नता र सुख ल्याउनमा मद्दत गर्ने मात्र होइन मानिसलाई साँचो शान्तिपूर्ण जीवन समेत मन, वचन र कर्मको पवित्रतासाथ आफ्नो मिहिनेतमा विश्वास राखी आफ्नो कर्मशक्तिको क्षणक्षण सदुपयोग गर्ने सद्भावनाले नै दिन सक्तछ ।

पवित्रता जीवनको सुन्दरतम व्यवस्थित रूपको आधारशिला हो । हाम्रा देवालयहरूको वातावरण पवित्र होस्, हाम्रा बाटाघाटा र यस्तै सार्वजनिक उपभोगका ठाउँहरू स्वच्छ र सुन्दर होउन्, हाम्रा घर आँगनमा पवित्रता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र स्वच्छता छाओस्, यो जति आवश्यक छ त्यत्ति नै आवश्यक छ हाम्रो मन, वचन र व्यवहारको पवित्रता । पवित्रताप्रतिको यो उदात्त आकाङ्क्षा जागेको दिन मानिस पतितभन्दा पतित स्थितिबाट पावनभन्दा पावन स्थितिमा पुग्न सक्तछ । हो, व्यापक आध्यात्मिक आस्थाविना यो सम्भव हुँदैन । साँच्ची नै पवित्रताको परिपालन गाह्रो छ । गाह्रो छ त्यसैले यसको महत्त्व पनि छ । त्यसैले त यसलाई साधना अन्तर्गत लिइएको छ. दैवीसम्पत्ति-भित्र गणना गरिएको छ । दुर्व्यसनले नसताओस्, बल, बुद्धि, वैभव जे जस्तो सम्पन्नता आफूसंग छ, सदैव कल्याणकारी कार्यमा तिनको सदुपयोग होओस्, आन्तरिक र वाह्य दुवै पवित्रता जीवनमा जागोस्, जीवन वरदान बन्दछ, तीर्थ बन्दछ, मुक्तिको द्वार बन्दछ । यस्तै जीवनप्रतिको रहर यहाँ दैवी-सम्पत्तिको निरूपणद्वारा भगवद्‌गीतामा व्यक्त भएको छ । यो रहर जागेको दिन पशुजगत्‌बाट छुटयाएर मानिसलाई मात्र परमात्माले दिएको यो चेतनामय जीवनरूप सर्वोच्च वरदानको क्षणक्षण, कणकण सदुपयोग गर्ने सङ्कल्प उदाउँछ र यस्तो सङ्कल्पले मनःप्राण पावन भएको मानिस स्थितिवश चाण्डालकै कुलमा जन्मन पुगेको भए पनि सर्वपूज्य बन्न सक्तछ । भगवान् भन्नुहुन्छ– 'ममा साँचो भक्ति उदाएको दिन मानिस सदासदाको लागि विकृतिहरूको बन्धनबाट मुक्त हुन्छ, मप्रतिको साँचो भक्तिले, श्वपाकलाई–चाण्डाललाई पनि पावनतम बनाउन सक्तछ– "भक्तिः पुनाति मन्निष्ठा श्वपाकानपि संभवात् !" आध्यात्मिक साधनाको पवित्र रहर जागेको मानिसको निम्ति कुनै यस्तो स्थिति रहन्न जहाँबाट ऊ पावन बन्न नसकोस् । पवित्रताप्रतिको रहरले नसुध्रिने मानिस संसारमा जन्मेको हुँदैन । त्यसैले यो दैवीसम्पत्तिको अमर-आध्यात्मिक निधि हो । यस निधिको उत्तरोत्तर विकास गर्ने रहर हाम्रो मनमा सधैं जागरूक रहनुपर्दछ । पावन बन्ने रहर हाम्रो मनमा जति संदीप्त रहन्छ हामी त्यति "पतितपावन" को नजिक पुग्दछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राणीमात्रप्रति अद्रोह

अब हामी पच्चीसौं अमृतबिन्दुमा पुगेका छौं । जसको जीवनमा बन्नुप्रति कुनै रहर छैन, आस्था र विश्वासको उज्यालो छैन, अगि बढ्ने आकाङ्क्षा छैन त्यस्ताको निमित्त हुन सक्तछ यी अमृतमय चिन्तन बिन्दु-हरूभित्र पनि केही फेला नपरोस्, तर जसमा जीवनलाई जीवन बनाउने रहर छ, जो निर्माणमा विश्वास राख्तछ, सुधारमा आस्थावान् छ, माथि उठौं भन्ने उदात्त आकाङ्क्षा जसको छ उसका निम्ति यी अमृतका घुड्काहरू सावित हुन्छनु, भएका छन् । त्यसैले त आज भगगद्गीता संसारका असंख्य जीवनसाधकहरूका निमित्त पथदर्शक ग्रन्थ बनेको छ । जहाँ सम्प्रदायको पूर्वाग्रह छैन, जाति, वर्ण, लिङ्ग आदि वाह्य उपाधिहरूको छेको छैन, जहाँ जीव-जगत्लाई परमात्माको साझा आवाहन छ । आत्मलाभको निम्ति, जीवनको पूर्णता निम्ति त्यो अमर ग्रन्थ हो भगवद्गीता । "कर्तव्यको परिपालन नै परमेश्वरको सर्वोत्तम पूजा हो" सद्गुणसम्पन्न कर्ममय जीवन नै परमात्माप्रतिको आराधना हो" यो मूलमन्त्रलाई टड्कारो रूपमा बताउने सद्ग्रन्थ हो भग-वद्गीता । पश्चिमका मूर्धन्य विद्वान् हक्सलेको भनाई छ– "संसारमा निर्मित भएका जीवनका शाश्वतदर्शनसम्बन्धी सद्ग्रन्थहरूमा सबैभन्दा क्रमबद्ध र गंभीर सन्देश दिने ग्रन्थ हो भगवद्गीता । त्यसैले यसको मूल्य केवल हिन्दूजगत्-को निमित्त मात्र होइन सम्पूर्ण मानवजातिको निम्ति छ ।" यसैगरी अरू असंख्य चिन्तक एवं जीवनसाधकहरूले भगवद्गीताको गरिमा गाएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामी त्यही अमर ग्रन्थबाट यो अमृतमय प्रसङ्ग लिइरहेका छौं दैवीसम्पत्तिको। यस क्रममा अब आइपुगेको छ 'अद्रोह'। यसलाई हामी सकारात्मक रूपमा लिंदा प्राणीमात्रप्रतिको प्रेम पनि भन्न सक्तछौं। द्रोहको अर्थ हुन्छ कसैप्रति अहितको भाव राख्न, कसैको बन्न लागिरहेको स्थितिमा असहिष्णुतावश बिगारिदिनु। अरूप्रतिको यो दुर्भावलाई नै यहाँ द्रोह मानिएको छ। त्यसो भए असहिष्णुता र द्रोह एउटै हुन् त ? प्रश्न उठ्तछ। तर यी एउटै होइनन्। असहिष्णुतामा विचारमात्र कसैप्रति असहिष्णु हुन्छ तर द्रोहमा त त्यो विचार कार्यान्वित नै हुन थाल्दछ। त्यस्तो विकृत स्थितिबाट बच्नु अद्रोह हो। त्यसोभए कार्यमा परिणत चाहिं गरिनहालेर मनमा असहिष्णुता राख्नुलाई स्वीकृति दिइएको हो त ? अर्को प्रश्न उठ्तछ। तर यसको उत्तर अहिंसासम्बन्धी चिन्तनक्रममा पहिले नै परिसकेको छ। मनले कसैको अहित सोच्नु मानसिक हिंसाभित्र पर्दछ त्यसैले त्यसबाट बच्नु आवश्यक छ। अब अद्रोहबारे सोचौं। अध्यात्मजगत्का पारदर्शी ऋषिहरूले अद्रोह नामक यस महान् मर्यादाको पालनको महत्त्व बताउँदै सम्पूर्ण प्राणीप्रति अद्रोहको वर्ताव गर्न सक्नेले आफ्नो यावत् पूर्वजन्मवृत्तान्तको ज्ञान गर्न सक्ने कुरा बताएका छन्। निरन्तर वेदाभ्यास, निरन्तर मन, वचन र कर्मले पवित्रताको परिपालन र यिनका साथै प्राणीमात्रप्रति अद्रोहको भाव राखेर बाँच्न सकेमा आफ्नो जीवनमा यस जन्मभन्दा पहिले के के स्थितिहरू भए सबै स्मृतिपटका अङ्कित हुन सक्तछन्। स्मृतिशास्त्रको उद्घोष छ–

वेदाभ्यासेन सततं शौचेन तपसैव हि
अद्रोहेण च भूतानां जातिं स्मरति पौर्विकीम् ॥

– मनुस्मृति

अरूप्रतिको द्रोह आसुरी वृत्तिभित्र पर्दछ र यसले मानिसलाई उत्तरोत्तर स्थूल बुद्धिको बनाउँदै लगेर अन्तमा अज्ञानको, मोहको भयावह अन्धकारमा पारिदिन्छ। त्यसैले द्रोहबाट बचेर यस पवित्र मर्यादाको परिपालनबाट ज्ञानको चेतनाको मार्गमा अगि बढ्न दैवीसम्पत्तिको यस क्रममा साधकलाई आह्वान गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वाधिक जडताको स्थितिमा द्रोह हुन्छ भने सर्वाधिक चेतनामय, सर्वाधिक प्रकाशमय स्थितिमा 'प्रेम' अर्थात् अद्रोह हुन्छ । त्यसैले अद्रोह अथवा प्रेम दैवीसम्पत्ति मानिएको छ । सन्तहरू भन्दछन्– "पढ न जीवनभर तर त्यसबेलासम्म जानेकोचाहिँ केही हुँदैन, जबसम्म प्रेमको पढाई तिम्रो पूरा हुँदैन । प्रेमका अढाई अक्षर नपढुन्जेल तिमीले पढेको पूर्ण छैन । प्रेमका अढाई अक्षर पढ अनि मात्र तिमी पण्डित ज्ञानी हुन्छौ ।"

महान् दार्शनिक मधुसूदन सरस्वती भन्नुहुन्छ– "सबै रसहरू र सबै भावहरू जहाँ समुद्रमा तरङ्गहरू खेलेझैं खेलिरहन्छन्, चलिरहन्छन् उन्मग्न र निमग्न भइरहन्छन् त्यो मूलभूत विशाल भावसमुद्र नै प्रेम कहलाउँछ ।

सर्वे रसाश्च भावाश्च तरङ्गा इव वारिधौ
उन्मज्जन्ति निमज्जन्ति यत्र स प्रेमसंज्ञकः ॥

सबैप्रति प्रेम राख्ने, सबैप्रति सद्भाव राख्ने यस जीवनसाधनालाई नै यहाँ 'अद्रोह' शब्दले उल्लेख गरिएको छ । मानिसमा जब द्रोहको प्रवृत्ति बढ्न थाल्दछ सम्पूर्ण परिवार, समाज क्षुब्धतातिर धकेलिन विवश हुन्छ । द्रोहरूप आसुरीवृत्तिले कसैलाई परस्पर विश्वस्त र शान्तिपूर्ण बनेर बस्न दिँदैन । यसको विपरीत अद्रोहको, प्रेमको सत्प्रवृत्ति बढेको स्थितिमा मानिस परस्पर विश्वासी बन्दछ, शान्तिसाथ जिउन सक्तछ र परिवार तथा समाजमा सुव्यवस्थाको जीवन देख्न पाइन्छ । द्रोहले असुरतातिर लैजान्छ भने प्रेमले दिव्यतातिर, शान्तितिर, प्रेमतर्फ डोऱ्याउँछ । अद्रोहको यस दैवी गुणले हामीलाई सिकाउँछ हामी यस्तो रहर लिएर बाचौं, यस्तो साधनालाई जीवनमा विकसित गरौं कि कलह र वैरभावको ढढेलो सल्किरहेको ठाउँमा हामी प्रेमको, अद्रोहको शीतलता पुऱ्याउन सकौं, द्रोहको भावनाले टुक्राटुक्रा पारेको जीवनलाई हामी अद्रोहको, प्रेमको रसायन लगाएर जोडिदिन सकौं । अशान्तिमा शान्ति, घृणामा प्रेम, वैरभावनामा मित्रता र सद्भाव पुऱ्याएर बाँच्न सकेमा हामी वास्तवमा प्रभुको कार्य गरिरहेका हुनेछौं जीवनको साँचो सदुपयोग गरिरहेका हुनेछौं ।

कसैको पनि जीवनमा आफ्नै भाग्यको फलमात्र मिल्दछ अरूको भाग्यको एक दाना पनि कसैले खोस्न सक्तैन । न त कसैको भाग्यको एक दाना कसैले लगिदेला भन्ने पीर नै रहन्छ । यो सृष्टिविधानको मूल सत्य हो । सबैले आ-आफ्नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्जनको मात्र उपभोग गर्न पाउँछन् । त्यसैले कसैप्रति असहिष्णु बनेर उसको अहित गर्ने इच्छा गर्नु व्यर्थ छ । व्यर्थमात्र होइन वास्तवमा आफ्नैनिम्ति हानि–कारक छ ।

यस सत्यको ज्ञान गराएर आज समाजको प्रत्येक तहमा अद्रोहको, प्रेमको यो अमृतमय रसायन पुऱ्याउनुपरेको छ । भावनात्मक समुत्थानविना हाम्रा सम्पूर्ण उत्थानप्रयत्नहरू अधूरा हुन्छन्, अलफल हुन्छन् । अरूप्रतिको द्रोहबाट अरूको जति अहित साध्न सकिन्छ त्योभन्दा वढी अहित आफ्नै हुन्छ । किनकि द्रोहको मलिन मानसिकताले अज्ञानको अन्धकार थपिंदा थपिंदा जीवनविकासको उज्यालो परिकल्पना नै हराउन पुग्दछ । अनासक्त रूपले, निर्दोष रूपले, निर्भय बनेर स्वकर्मको दृढ निष्ठासाथ पालन गर्दै अन्तमा मृत्युको सामुसमेत निर्भयतासाथ खडा हुन सक्ने पूर्ण निर्भय जीवन–लौकिक दृष्टिले निर्भय, नैतिक, आध्यात्मिक सबै दृष्टिले पूर्ण निर्भय जीवन प्राप्त गर्नु दैवीसम्पत्तिको लक्ष्य हो । अद्रोहको, प्रेमको भावनाले त्यस निर्भयताको प्राप्तिमा हामीलाई सफलता प्रदान गर्दछ । जो कसैप्रति द्रोहको भाव राख्तैन त्यसलाई पनि द्रोह हुँइन, सद्भावकं प्राप्ति हुन्छ । द्रोहले भयतिर लैजान्छ, अद्रोहले निर्भयतातिर । निर्भय समाजको सिर्जना गर्नु नै सत्य धर्मको परम लक्ष्य हो । मानवमात्रको अन्त-रात्माको शाश्वत आकाङ्क्षा हो । यसको परिपूर्ति त्यसैदिन सम्भव हुनेछ जब मानिसमा अद्रोहको पवित्र मर्यादाले प्रतिष्ठा पाउने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निरभिमानता

अब हामी दैवीसम्पत्तिको चिन्तनक्रममा यस्तो महान् मर्यादामा आइ-पुगेका छौं जसले हामीलाई टुक्रे जीवनबाट माथि उठेर अनन्त जीवनको अनुभूतितर्फ लम्कन प्रेरित गर्दछ । सानो 'म' को परिधिलाई छिचोलेर विशालतम 'म' लाई अनुभूत गर्ने भावनात्मक जागरण दिन्छ। मरणशील सीमित सत्ताबाट पारि पुगी अमर आत्माको अनुभूतिद्वारा असीमलाई आत्म-सात् गर्ने दिव्य चेतना प्रदान गर्दछ । पच्चीस वटा विभिन्न मर्यादाहरूलाई क्रमश: पार गर्दै अब हामी दैवीसम्पत्तिको अन्तिम मर्यादा निरभिमानतामा आइपुगेका छौं । यसलाई दैवीसम्पत्तिको शब्दावलीमा "न अतिमानिता" भनिएको छ । यो छब्बीसौं र अन्तिम मर्यादा हो ।

अभिमान आध्यात्मिक समुन्नतिको सबैभन्दा ठूलो तगारो हो। यसको अर्को रूप हो अहङ्कार। शक्तिसाधनाको क्रममा सबैभन्दा पहिले जुन दानवको संहार आवश्यक मानिएको छ त्यो हो महिषासुर । महिषासुर यही अभिमान अथवा अहङ्कारको प्रतीक हो । जबसम्म अहङ्कारको नाश हुँदैन तबसम्म जीवनको पूर्ण विकास सम्भव हुँदैन । अहङ्कारले नै मानिसलाई, वैरभाव, फूट, कलह, युद्धतिर अगि बढाउँछ । अहङ्कार एकताको, शान्तिको, पारस्परिक मेलको शत्रु हो । मानिस संसारको लागि उज्यालो बनेर बाँच्न सक्तछ परन्तु यस अहङ्कारले उसको दृष्टिलाई खण्डित तुल्याइदिन्छ,चिन्तनलाई टुक्रे बनाइदिन्छ। भावनालाई चोइट्याइदिन्छ र मानिसलाई कुण्ठित पारिदिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधनासंसारमा दुईटा सप्तशती छन् । एउटा सप्तशती चण्डी हो भने अर्को सप्तशती भगवद्गीता हो । यी दुवै सप्तशतीहरूले एउटै स्वरमा शान्तिको विकासमा सबैभन्दा अनिष्ट गर्ने मानिसभित्रको अहङ्कार हो भन्ने तथ्यलाई इङ्गित गरेका छन् । मानिसको आन्तरिक इच्छा शान्तिको हुन्छ परन्तु उसको अहङ्कारले उसलाई अशान्तितिर, सङ्घर्षतिर धकेलिरहन्छ । यो आसुरी वृत्तिको सबैभन्दा ठूलो मुहान हो । त्यसैले दैवीसम्पत्तिमा यसबाट बच्न आह्वान गरिएको छ ।

हामी अहङ्कारबाट बच्न सक्ने स्थितिमा कुन बेला हुन्छौं ? जब यस असीम सृष्टिको अनन्त विस्तारभित्र, सप्तकल्पान्तजीवी मार्कण्डेयको आयुलाई पनि क्षणिक सिद्ध गर्ने महाकालको प्रवाहभित्र आफ्नो अस्तित्वको यथार्थ रूप स्पष्ट हुन्छ अनिमात्र हामीलाई अहङ्कारबाट बच्ने होश आउन सक्तछ । सृष्टिको अनन्त विस्तारतिर दृष्टि दिऔं हामी जसमा जीवनयापन गरिरहेछौं, यो ब्रह्माण्ड स्वयं नै यस असीम सृष्टिको एउटा सानो अंशमात्र हो । ब्रह्माण्डको असंख्यता र सृष्टिको अनन्ततावारे आजको विज्ञानजगत् स्वयं पनि विस्मयपूर्ण उत्सुकता लिएर अनुसन्धानरत छ । सृष्टिको यस अपरिमित सत्ताको नयाँ बोधले विज्ञानका सम्पूर्ण अनुसन्धानप्रक्रियाहरू र तिनको मान्यता एवं अवधारणालाई नयाँ दिशानिर्देश गरिरहेको छ । प्राच्य आध्यात्मिक अनुसन्धानले अति प्राचीनकालमा नै यस अनन्त सृष्टिको बोध गरिसकेको कुरा यसमा पाइने विभिन्न सारपूर्ण अभिव्यक्तिहरूले बताउँछन् "अस्य ब्रह्माण्डस्य समन्ततः स्थितानि एतादृशानि अनन्तकोटिब्रह्माण्डानि सावरणानि ज्वलन्ति" अर्थात् 'यस ब्रह्माण्डका चारैतिर कोटिकोटि ब्रह्माण्डहरू आ-आफ्ना विशिष्ट पर्यावरणहरूसहित प्रकाशमान छन्' जस्ता जीवनजगत्को स्वरूपबारे व्यक्त भएका सारपूर्ण उद्गारहरूले तपोधन ऋषिहरूको ऋतम्भरा प्रज्ञाको असीम चेतनाको महिमा गाउँछन् । मानिस सृष्टितिर एक प्रकारले हेर्दै हेर्दैन भनिदिए हुन्छ । आँखा खुलेकै होउन् तैपनि सृष्टिको यस अनन्त सत्ताप्रति उसका भावनाका आँखा बन्दै हुन्छन् । अनन्त सृष्टिको सामु स्वयं एउटा सानो अंश बनेको यो ब्रह्माण्ड, यस ब्रह्माण्डभित्र सानो धूलिकण समान बनेको यो भू-मण्डल, अनि त्यस भू-मण्डलको पनि अति सूक्ष्म अंशको रूपमा परिचित हामी बाँचेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो धर्ती ! त्यसको पनि एक छेउमा, एक कुनामा जन्म लिएर केही वर्ष बाँचेर समयको अथाह प्रवाहमा विलीन भएर जाने हाम्रो जीवन ! वास्तवमा यस सृष्टिको विशाल संरचनाभित्र हामी कुन रूपमा कहाँ हुन्छौं गंभीरता-साथ सोच्नै भ्याएका हुँदैनौं हामीले । अहङ्कारको आवरणले छोपेर तैपनि मानिस भनिरहेको हुन्छ मबाहेक को छ यो जगत्मा ? सबै गर्ने त म पो त ! म जस्तो को होला ? के के हो के के अहङ्कारको व्यामोहपूर्ण भाषामा मानिस यस्तै यस्तै कुरा बोलिरहेको हुन्छ , सोचिरहेको हुन्छ । यत्रो अनन्त-कोटि ब्रह्माण्डको अपरिमित सृष्टिरचनाभित्र चलिरहेका सञ्चालनप्रक्रियाहरू-चन्द्र, सूर्य, पवन, पृथिवी, समुद्र, नक्षत्रहरू सबैको यो अनन्त अपरिमित विस्तृत व्यवस्था कसको प्रेरणाबाट, कसको स्पन्दनबाट भइरहेको हुन्छ मानिस सोच्तै सोच्तैन । जीवनमा एक सेकेण्डपछि उसैलाई के आइपर्ने हो थाहा छैन तर अहङ्कारको जालोले छोपिएर ऊ संसारको सबैभन्दा जान्नेमा आफूलाई मानिरहेको हुन्छ । उसैका जस्ता इच्छा र आकाङ्क्षा बोकेर, उसैकाजस्ता सुखदु:खका अनुभूतिहरू सङ्गालेर सबै प्राणीले जीवन जिउँछन् । सबैको मूल अवलम्बन एउटै छ यो सत्यको बोध पनि मानिसमा हुन पाउँदैन । अभि-मानले अहङ्कारले विभेदका पर्खाल खडा गर्दा गर्दा उसको चिन्तन, अनुभव सबै टुक्रिइसकेको हुन्छ ।

सृष्टिको यस विशाल परिवेशभित्र आफ्नो कुनै पूर्वयोजनाविना कुनै परोक्ष महाशक्तिको प्रेरणाले हामी आइपुग्दछौं । सृष्टिको अङ्गअङ्ग सञ्चालित भइरहेको हुन्छ त्यही परोक्ष महाशक्तिबाट । हामी जुन साधनभूत शरीरलाई अति प्यारो गर्दा गर्दा त्यसैलाई आफू मानिरहेका हुन्छौं त्यसको सानोभन्दा सानो अंश पनि हामीबाट बनेको हुँदैन । एउटा बनिबनाउ यन्त्र प्राप्त छ हामीलाई । त्यसलाई बरू बिगारौंला, भत्काऔंला तर हामी त्यसको सानो-भन्दा सानो अङ्ग पनि बनाउन सक्ने स्थितिमा हुँदैनौ । यस्तो कोही मानिस होला संसारमा जसले आफ्नो शरीरको एउटा रौंसम्म पनि आफूले बनाएर आएको भनेर दावी गर्न सक्तछ ? सृष्टिका रचयिताको कौशललाई नै कण-कणबाट व्यक्त गर्ने यो सुन्दर शरीरप्रति हामी केवल प्रयोक्ता छौं । यसको सानोभन्दा सानो उपकरण पनि हाम्रो सिर्जना भन्न मिल्ने स्थितिमा छैन । त्यत्तिमात्र पनि होइन यसलाई चाहिने टेक्ने थलो, फेर्ने सास, खाने अन्न,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिउने पानी, बाँच्ने आकाश सबै उपकरण हामीलाई त्यस परोक्ष महाशक्तिबाट उधारो रूपमा प्राप्त भएका हुन्छन् । नाम त त्यसलाई जे दिऔं न । परमेश्वर भनौं अथवा त्यसो भन्नुभन्दा अरू थोक नै भन्न मन लागे प्रकृति भनौं फरक पर्दैन । एउटा परोक्ष महाशक्ति छ जसको सामु हाम्रो सम्पूर्ण कर्तापन स्वतः निःसार सावित हुन्छ । हामी कर्ता हौंला तर उसको सत्ताभित्र रहेर, हामी स्रष्टा पनि हौंला परन्तु उसैको सिर्जनाको एउटा अणुतुल्य अङ्ग बनेर ।

जब यो विशाल सृष्टि र यसभित्र यापन गरिने हाम्रो जीवनको यो यथार्थ स्थिति हाम्रा सामु छर्लङ्ग हुन्छ अनिमात्र अर्थ लाग्दछ अभिमानले, अहङ्कारले हाम्रो जीवनमा कति अनर्थ गरेको रहेछ भन्ने । हामीलाई यो सुन्दर शरीरसहित जीवन दिएर हाम्रा वरपर आवश्यक उपकरणहरूको कृपा नै कृपा, सहयोग नै सहयोगको वृष्टि गरिदिने त्यस अनन्त शक्तिकेन्द्रको कणकण-व्यापी सहायतालाई जब अनुभव गर्दछ हाम्रो चिन्तनले अनिमात्र हामी निर-भिमानताको, निरहङ्कारताको मूल्य बुझ्न, अर्थ बुझ्न सक्तछौं । सम्पूर्ण दृष्टिशक्ति र चिन्तनशक्तिलाई नै कुण्ठित तुल्याइदिने, जीवनप्रतिको तात्त्विक चिन्तनलाई नै अवरुद्ध तुल्याइदिएर उद्देश्यहीन र भावनाशून्य बनाइदिने यस आसुरी-विकृतिबाट नबची संसारमा कसैले मानवसमाजको लागि स्थायी कल्याणको कार्य गर्न सकेको पाइन्न । हामी जुनसुकै महामानवको जीवनतिर दृष्टि दिऔं, जसले सृष्टिरचयिताको त्यस व्यापक सञ्चालनकौशलको सामु आफूलाई विनम्र दर्शकको रूपमा अनुभव गरे, त्यसको गरिमाको सम्मान गर्ने भावना पाए तिनैले मानवमात्रको निम्ति अनुसरणीय पदचिन्ह छोडेका छन् । विश्वका महान् साहित्य-कारको रूपमा बहुचर्चित भएका एकजना महामनीषीले व्यक्त गरेको प्रार्थनालाई यहाँ सम्झौं । प्रार्थना गीताञ्जलिको हो । प्रार्थना भन्दछ– "हे विश्वात्मन् ! तिम्रा अनन्त सृष्टिसञ्चालनको कौशलपूर्ण परमसत्ताको सामु हाम्रो मस्तक सधैं अवनत गराइदेउ । तिम्रो चरणधूलिको सामु हाम्रो शिर झुकिरहोस् । तिम्रो अनन्त सत्ताको सामु आफ्नो पृथक सत्ताको खण्डित अस्तित्वको परिकल्पना गर्ने हाम्रो सम्पूर्ण अहङ्कार तिम्रो पावन स्मृतिमा हाम्रा आँखाबाट बग्ने प्रेमाश्रुको प्रवाहमा पखालिदेउ । हाम्रो आफ्नो बारेमा प्रचार गर्नुपर्दा लौकिक नाम, थर वा यस्तै अन्य उपाधिले आफूलाई घेरेर प्रचार नगरौं । तिम्रा हौं हामी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामीलाई तिमी आपनो यन्त्र बनाऊ । हामीभित्रबाट तिमी आपनो इच्छा पूर्ण गर ।

आमार माथा नत करे दाओ हे तोमार चरणधूलार तले
सकल अहङ्कार हे आमार डुवाओ चोखेर जले ॥
आमारे नायेन करि प्रचार आमार आपन काजे
तोमारि इच्छा करो हे पूर्ण आमार जीवनमाझे ॥

जव साधक आत्मानुभूतिको उच्चतहमा पुग्दछ उसलाई अभिमानले मैल्याएको, अहङ्कारले टुक्र्याएको खण्डित अस्तित्वभन्दा माथि उठेर अनन्त जीवन फेला पार्ने उद्दाम सङ्कल्पले घच्घच्याउँछ । संकीर्ण अहङ्कारको स्वार्थपूर्ण घेराभित्र समाप्त हुनुभाभन्दा सम्पूर्ण मानवसमाजको, सम्पूर्ण विश्वजीवनको सेवामा योगदान दिएर जिउने विशालभावनातिर अगि वढाउँछ । दैवी सम्पत्तिको अन्तिम मर्यादाको रूपमा भगवद्गीताले चर्चा गरेको निरभिमानता त्यही विशाल भावनाको द्योतक हो । सवैका समान अवलम्बन बनेका परमात्माको अनन्त करुणामय शक्तिद्वारा सञ्चालित यस विश्वव्यवस्थाप्रति सम्मान जनाउँदै निरभिमान र निरहङ्कार मनःस्थिति लिएर सुशीलता, विनय, प्रेम, शान्ति, सद्भावनाद्वारा मानवमात्रको हितकर वनेर वाँच्ने सौभाग्य जसले पाउँछ जीवनको आनन्द त्यसैलाई मिल्दछ ।

दैवीसम्पत्तिका नयाँ नवजीवनदायी पवित्र सद्गुणरत्नहरूबारे हामीले क्रमिक चिन्तन पूरा गर्‍यौं । अव हामीले मनमा विशेष सत्सङ्कल्प जगाउनु परेको छ । "हामी स्वयं दैवीसम्पत्तिका यी पावनमर्यादाहरूको परिपालन गर्ने र समाजमा यिनको परिपालन गर्ने भावना जगाउन सहयोग गर्नेछौं" यो पवित्रसङ्कल्प हामीले हृदयमा दृढतासाथ जगाउनु छ । यो प्रत्यक्ष भगवत्सेवा हो । आज्ञापालन स्वामीको सेवाको पहिलो मर्यादा हो । गति, भर्ता, प्रभु, साक्षी, निवास, शरण र मित्र सबै सम्वन्धबाट हाम्रा परमहितैषी स्वामी भगवान्को साँचो सेवा उहाँले हाम्रो कल्याणको निमित्त दिनुभएका यी पवित्र आज्ञाहरूको परिपालन गरेर नै सम्पन्न गर्न सक्नेछौं । हामी र हाम्रो समाजलाई विभिन्न विकृतिहरूको बन्धनबाट मुक्त गर्न दैवीसम्पत्तिको परिपालन नै समर्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । हामीलाई अज्ञानको गाढ अन्धकारबाट छुटाएर ज्ञानको निर्मल प्रकाशमा पुऱ्याउन दैवीसम्पत्तिप्रतिको जीवननिष्ठाले नै सक्नेछ । दैवीसम्पत्तितिर कदम चाल्नु भनेको मुक्तितिर पाइला चाल्नु हो । यसलाई छोड्नेबित्तिकै घोर बन्धनदायी आसुरीसम्पत्तिको पञ्जा हाम्रो सामु फैलिइरहेको हुन्छ । "दैवीसम्पद् विमोक्षाय निबन्धायासुरी मता ।' हाम्रो दैवीसम्पत्तिको सम्पूर्ण चिन्तन स्वयंको निमित्त फलदायी बन्न सकोस् र हाम्रो जीवन समाजको निमित्त कल्याणकारी बन्न सकोस्, प्रभुसंग यही प्रार्थना गर्नु छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शान्तिको निम्ति जीवन– दैवीसम्पत्तिको पावन प्रेरणा

हामीले गत २६ शीर्षकहरूमा दैवीसम्पत्तिका एक एक मर्यादाहरूबारे चिन्तन गऱ्यौं। अभय अथवा निर्भयताबाट थालनी भएको यो चिन्तन निरभिमानतामा पुगेर टुङ्गियो। भगवद्गीताको सोह्रौं अध्यायको यो अमृतमय अंश जीवनमा केही गरेर बाँचौं भन्ने सोच्नेहरूको निम्ति, जीवनको यात्रालाई सफल, सार्थक एवं कल्याणकारी बनाउन चाहनेहरूको निम्ति त्यसअनुकूल बन्न पाइला–पाइलामा अनुसरण गर्नुपर्ने पवित्र जीवनमूल्यहरू भएको अत्यन्त सारवान् अंश हो। जसलाई जीवनमा मोक्ष चाहिएको छ, बन्धनहरूबाट मुक्ति चाहिएको छ त्यसले यिनैको अनुसरण गर्नुपर्दछ। जसलाई विकृतिहरूमाथि विजय चाहिएको छ, जो बन्न चाहन्छ र त्यसको शक्ति जुटाउन चाहन्छ त्यसका निम्ति दैवीसम्पत्तिको अनुसरण अनिवार्य छ। जीवनमा उन्नतिशील बन्नको निमित्त, उँभो लाग्नको निमित्त कसैले पनि यी २६ मूल्यहरू अनुसरण गरेरै अगि लम्कन सक्तछ। जीवनमा नभै नहुने ठानिएका मूल्यहरू हुन् यी। जीवनमा आइपरेका यावत् पछौटेपनहरूबाट मुक्ति पाउन यिनको अनुसरण अपरिहार्य छ। मानिस स्वस्थ मनमस्तिष्क लिएर अगि नबढी, सम्झनु पर्ने जीवनलक्ष्य नसम्झी, जागृत बन्न सक्तैन। जसले भगवद्गीता पढ्न सकेका छैनन्, सोह्रौं अध्यायका यी पवित्र मर्यादाहरूबारे चिन्तन गर्न भ्याएका छैनन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर जीवनमा प्रगति गरेका छन् तिनीहरूतिर हेरौं, तिनको प्रगतिको पछाडि रहेको मूलप्रेरणा र अवधारणा बुझौं, यिनै पवित्र भावनात्मक आधारहरूबाट कुनै न कुनै रूपमा प्रेरणा र बल लिएर अगि बढेको स्पष्ट हुनेछ।

संसारमा मानिसलाई भित्रबाट हेर्ने हो भने ऊ एउटै छ। बाहिरबाट हेर्दा मानिस देशैपिच्छे भिन्न छ, भाषैपिच्छे भिन्न छ, रहनसहनै पिच्छे भिन्न छ, जातिपिच्छे भिन्न छ, वर्णपिच्छे भिन्न छ। यो बाहिरको कुरा भयो, तर यदि भित्रबाट हेर्‍यो भने मानिस एक छ। संसारका सम्पूर्ण धर्मको माध्यमबाट मानिसले नैतिक बन्ने प्रेरणा पाउँछ। संसारको सम्पूर्ण मानव-जातिभित्र उन्नतिका आधारभूत भावनाहरू समान छन्, अवनतिका आधारभूत कारणहरू समान छन्। जुन नैतिक मूल्यहरू, मर्यादाहरू कुनै एक धर्मले, संस्कृतिले मानिसको निर्माणको निम्ति प्रस्तुत गरेको हुन्छ, प्रकारान्तरले तिनै मूल्यहरू, मर्यादाहरू अरू धर्ममा पनि हुन्छन् र त्यसैले जसले गीताका यी पवित्र भावनात्मक मूल्यहरूबाट, मर्यादाहरूबाट लाभान्वित बन्ने अवसर पाएका हुँदैनन् तिनले पनि अरू कुनै प्रेरकस्रोतबाट यिनीहरूबारे चेतना पाइसकेका हुन्छन्। आखिर भावनात्मक चेतना विकसित नभई विश्वको कुनै कुनाको मानिस पनि अगि बढेको हुँदैन। यो बिर्सन नहुने ध्रुवसत्य हो। त्यसैले दैवी सम्पत्तिको बारेमा सोच्ने यो माध्यम नभएकाहरू पनि त संसारमा प्रगतिशील हुनन् भनेर तर्क गर्नु केवल तर्कमात्र हो। जुन धर्मबाट होस्, जुन मान्यताबाट होस्, जुन दर्शनबाट होस् वा जुन संस्कृतिबाट होस् मानिसले केही दिव्य-प्रेरणा अवश्य पाएको हुन्छ अनिमात्र ऊ अगि बढ्न सक्तछ। बढिरहेको पाइन्छ पनि। भगवद्गीताका दैवीसम्पत्तिसम्बन्धी यी पवित्र प्रेरणाहरूले कुनै वर्ग–विशेष, सम्प्रदायविशेष वा जातिविशेषको परिच्छिन्न घेरामा सीमित नरही मानवलाई सिङ्गो मानवको रूपमा लिएर सबैको निम्ति समान रूपले मूल्यवान् ठहर्ने पवित्र भावनात्मक जागरण प्रदान गर्दछन्। भगवद्गीताको लोकप्रियताको कारण पनि यही हो।

दैवीसम्पत्तिले हामीलाई मुक्तितिर लैजान्छ। दैवी सम्पद् विमोक्षाय यो मुक्ति केवल मरेर पाइने मुक्ति होइन। जीवनमै पाइने मुक्ति हो। अज्ञानबाट मुक्ति, दरिद्रताबाट मुक्ति, अस्वस्थ मानसिकताबाट मुक्ति यी सबै प्रकारका दुरवस्थाहरूबाट हामीलाई जुन व्यापकरूपले मुक्ति चाहिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ त्यसको लागि दैवीसम्पत्तिको अनुसरण अनिवार्य छ। जसले जीवनकालमा मुक्ति पाउन सकेन त्यसको लागि मरेपछि पाइने मुक्ति पनि संभव छैन। किनभने सम्पूर्ण जन्म-जन्मान्तरको उत्थान वा पतन जीवनमा गरिने साधना-स्वरूप शुभकर्मबाटै संभव हुने गर्दछ। त्यसैले जसले दुर्गुणहरूबाट, दुर्व्यसनहरूबाट जिउँदै मुक्ति पाउन सक्यो त्यसैलाई मुक्तिगामी मृत्यु संभव हुन्छ। जे जति उन्नति गर्नु छ त्यो यस जीवनको प्रयत्नमा नै निर्भर हुन्छ।

आज मानिसलाई सबैभन्दा बढी भयमुक्ति चाहिएको छ। आज संसारभरि मानिस भयत्रस्त छ। युद्धको भयले, पारस्परिक रागद्वेषको भयले, सङ्घर्षमय वातावरणको भयले संसारभरि मानिस आक्रान्त भएको छ। आसुरी सम्पत्तिको प्रकोपले गर्दा मानिस आफैं युद्धको, सङ्घर्षको स्थितितिर धकेलिन पुगिरहेको हुन्छ। संसारमा व्यक्तिस्तरका कलहदेखि लिएर जाति-जाति, सम्प्रदाय-सम्प्रदाय र राष्ट्र-राष्ट्रका बीच सल्किन पुग्ने भयङ्कर युद्ध र सङ्घर्षसम्मका सम्पूर्ण संग्रामहरूको पछिल्तिर बसेर मानवसमाजमा विपत्ति सिर्जन सकेकोमा आसुरीसम्पत्ति, दानवीप्रवृत्ति मुस्कुराइरहेको हुन्छ। आसुरीसम्पत्तिको लक्षण भगवद्गीतामा दिइएको छ। आसुरीसम्पत्तिमा ६ वटा दानवीप्रवृत्तिहरूको गणना गरिएको छ।

दम्भो दर्पोऽभिमानश्च क्रोधः पारुष्यमेव च
अज्ञानं चाभिजातस्य पार्थ संपदमासुरीम् ॥

दम्भ, शेखी, अभिमान, क्रोध, निष्ठुरता र अज्ञान यी ६ वटालाई आसुरीसम्पत्तिमा गनिएको छ। शक्तिसाधनाको क्रममा यिनै ६ वटा दानवहरूलाई संहार गरिएको कुरा आउँछ। महिषासुर, रक्तबीज, चण्ड-मुण्ड, शुम्भ-निशुम्भ। शक्तिसाधनामा आउने मुख्य दानवहरू यिनै हुन्। बाँकी त यिनका सेनामेना हुन्। त्यहाँ पनि यी ६ वटै छन्। आध्यात्मिक साधनाको क्रममा लिइने काम, क्रोध आदि आन्तरिक विकृतिहरूको संख्या पनि ६ नै छ। यिनै ६ वटा दानवी प्रवृत्तिहरूले मानिसभित्र पसेर आज संसारभरि भयैभयको स्थिति सिर्जेका छन्। प्रकृतिप्रकोप, भूकम्प, आँधीबेरी, पैरो, बाढी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतिवृष्टि, अनावृष्टि जस्ता प्रकृतिबाट अप्रत्याशित रूपमा आइपर्ने यस्ता विपत्ति-हरूको बारेमा त मानिस यसै लाचार थियो, अब नचाहँदा नचाहँदै पनि आसुरी-सम्पत्तिको प्रकोपले मानिसलाई आफैंभित्रबाट भयंभयले भरिदिएको छ। यी सबै भयहरूबाट मुक्त भएर निर्भयताको स्थितिमा पुग्न मानिसलाई दैवीसंपत्तिको अनुसरण अनिवार्य भएको छ। जब मानिस निर्भयताबाट प्रारंभ भएर, अन्तिम परिणतिमा व्यक्ति, समाज, राष्ट्र र विश्व सबै स्तरमा निर्भयताको वातावरण सिर्जिदिने, अहिंसा, करुणा, संयम, अक्रोध शान्ति जस्ता यी पवित्र जीवनमूल्यहरूको विकास गर्न सक्तछ अनिमात्र संसारमा साँचो शान्ति, साँचो कल्याण, दिगो रूपमा परिकल्पना गर्न सकिनेछ।

आसुरीसम्पत्तिको लपेटमा छउन्जेल मानिस बन्धनैबन्धनमा पर्न लाचार हुन्छ। 'निबन्धाय आसुरी मता।' अज्ञानको बन्धन, निष्ठुरताको बन्धन, क्रोधको बन्धन, अभिमानको बन्धन, शेखीको बन्धन, दम्भको बन्धन, विकृतिहरूको बन्धन, दुर्व्यसनहरू र दुर्गुणहरूको बन्धन, दरिद्रताको बन्धन, मानिस जकडिन्छ बन्धनै-बन्धनमा। आसुरीसम्पत्तिले मानिसलाई शान्तिको खुला आकाशमा पुग्न दिँदैन।

मानिसका सम्पूर्ण शक्ति, सम्पन्नता, बुद्धि सबैलाई विनाशकारी प्रवृत्तितिर होमिन विवश तुल्याउने आसुरीप्रवृत्तिको यी दुःखदायी पञ्जाबाट मानिसलाई मुक्ति दिने एउटै अवलम्बन छ- उपाय छ, मानिसमा दैवीसम्पत्तिका सद्गुण-हरूको विकास, आध्यात्मिक चेतनाको विकास। सङ्घर्षलाई कसरी आमन्त्रित गर्न सकिन्छ भन्ने अभिमानपूर्ण मानसिकताबाट मानिसलाई बचाई शान्तिको सिर्जना कसरी गर्न सकिन्छ भन्ने पवित्र रहर मानिसमा जगाउनु आज संसारकै अस्तित्वको निमित्त मानवमात्रको पहिलो र पवित्रतम कर्तव्य सिद्ध हुन आएको छ। आफ्नो जागृति र सत्प्रयत्नबाट मानिसले स्वयको, समाजको, राष्ट्रको र विश्वको नै निमित्त स्थायी कल्याण र शान्तिको सिर्जना गर्न सक्तछ। हामीलाई दैवीसम्पत्तिका यी पावन जीवनमूल्यहरूले यतैतिर इङ्गित गर्दछन्, आह्वान गर्दछन्। हामी प्रत्येक दिन एक पटक चाहे उठ्नेबित्तिकै अथवा राती सुत्ने वेलामा यी पवित्र मर्यादाहरूलाई हेरेर, मनन गरेर उठ्ने वा सुत्ने गरौं। यो हाम्रो दैनिक अभ्यास होस्। हामी तमाम दुर्वलताहरूबाट माथि उठ्न सक्नेछौं। हाम्रो महान् धर्मले व्यक्तिनिर्माणलाई सर्वोपरि महत्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिएको छ । किनभने व्यक्ति–व्यक्तिको निर्माणबाटै समाजको निर्माण हुन्छ । व्यक्ति–व्यक्तिमा कल्याणकारी प्रवृत्तिको विकास भएमा नै समाजमा कल्याणकारी प्रवृत्ति विकसित हुन सक्तछ । आओँ विश्वका परमपिता परमात्मासंग यो पावनवेलामा प्रार्थना गरौं । भगवन् ! हामीलाई शान्तिको निम्ति, सद्भावनाको निम्ति, प्रेमको निम्ति बाँच्न सक्ने सौभाग्यपूर्ण जीवन दिनुहोस् । ॐ असतो मा सद् गमय, तमसो मा ज्योतिर्गमय, मृत्योर्मा अमृतं गमय ।

ॐ शान्तिः, शान्तिः, शान्तिः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

लेखकका अन्य कृतिहरू

१) जीवनगङ्गाका केही तरङ्ग ।

२) स्वधर्म र स्वराष्ट्र ।

३) हर्षचरित नेपाली अनुवाद ।

४) सत्यदर्शन ।

५) नेपाली साहित्यमा भक्तिपरम्परा र कवि गुणराज उपाध्याय ।

६) अन्तर्जगत् ।

७) आफैंतिर नियाल्दा ।

८) समर्पण (भक्तिरचनाहरूको संगालो) ।

९) आवाहन (कवितासङ्कलन) ।

१०) नित्यवन्दना (संस्कृतमा नेपालका विशिष्ट तीर्थस्थल एवं विभूतिहरूको वन्दना)

११) नैतिक शिक्षा (कक्षा ५–९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu